# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषयपरिचय

झमक घिमिरेको जन्म वि.स. २०३७ आषाढ २१ गते शुक्रबारका दिन धनकुटा नगरपालिका ३ कचिँडेमा भएको हो । बाबु कृष्णबहादुर घिमिरे र आमा आशादेवी घिमिरेकी जेठी छोरीको रुपमा जन्मिएकी झमकले नेपाली कला र साहित्यको क्षेत्रमा खुट्टाको माध्यमबाट कलम समाती आफ्नो विचारलाई साहित्यमार्फत प्रस्तुत गरेकी छिन् । झमकका कृतिहरू नेपाली साहित्यमा मात्र नभएर विश्वसाहित्य समक्ष पुगिसकेका छन् । मस्तिष्क पक्षघातसँग साक्षतकार गरिरहेकी झमकको बाल्यकाल अति कष्टकर रह्यो र मृत्युसँग संघर्ष गर्दै बाँचेको परिस्थिति नै उनको जीवनमा साहित्य सिर्जनाको प्रेरणा स्रोत बन्न पुग्यो । औपचारिक शिक्षाबाट वञ्चित भएकी झमकले आफ्नै प्रयासबाट शिक्षा प्राप्त गरिन् । उनले किशोरावस्थाबाटै आफ्नभावनात्मक अभिव्यक्ति पोख्न सकिने साहित्यलाई आफ्नो जीवनको आधार बनाइन् । यसरी साहित्य सिर्जनामा समर्पित भएकी झमकले २०५५ सालमा आफ्नो पहिलो कृति **सङ्कल्प** कविता सङ्ग्रह लिएर पाठक सामु देखा परिन् । २०६७ सालमा मदन पुरस्कार प्राप्त गर्न सफल आत्मजीवनीपरक निबन्ध **जीवन काँडा कि फूल** लेखेर विश्व साहित्यसँग परिचित भएकी झमकका विभिन्न बाह्रवटा पुस्तकाकार कृतिहरु प्रकाशित भइसकेका छन् ।

झमक घिमिरेका हालसम्म प्रकाशित भएका पुस्तकाकार कृतिका रूपमा **सङ्कल्प** (२०५५) कविता सङ्ग्रह, **आफ्नै चिता अग्निशिखातिर** (२०५७) कविता सङ्ग्रह, **मान्छे भित्रका योद्धाहरू** (२०५७) कविता सङ्ग्रह, **अवसान पछिको आगमन** क्वाँटी सङ्ग्रह (२०५७), **सम्झनाका बाछिटाहरू** (२०५७) लेख सङ्ग्रह, **नौलो प्रतिबिम्ब** (२०६२) कविता सङ्ग्रह, **पर्दा समय र मान्छेहरू** (२०६२) कथा सङ्ग्रह, **बेमौसमका आस्थाहरू** (२०६३) निबन्ध सङ्ग्रह (२०६३), **झमक घिमिरेका कविताहरू** (२०६५) कविता सङ्ग्रह, **रात र भूतप्रेतहरूको सन्त्रास** (२०६७) लेख सङ्ग्रह, **जीवन काँडा कि फूल** (२०६७) आत्मजीवनीपरक निबन्ध , **समय बिम्ब** (२०७१) डायरी, **प्रेमिल आकाश** (२०७३) कवितासङ्ग्रह रहेका छन् । यसका अलावा यिनका थुप्रै फुटकर कविता, निबन्ध, गजल, लेख, गीत जस्ता विभिन्न रचनाहरू पत्र-पत्रिकामा प्रकाशित भएका छन् । विशेष गरी यिनका कृतिहरूमा सामाजिक, सांस्कृतिक, राजनैतिक, धार्मिक विषयवस्तुमा आधारित भई समाजलाई तिखो व्यङ्ग्य प्रस्तुत गर्दै समाज परिवर्तनको विचार

व्यक्त भएको पाइन्छ । नेपाली साहित्यको क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएकी झमकले २०६७ सालको मदन पुरस्कार, सम्मान तथा पदक प्राप्त गर्नुले पनि उनलाई असाधारण व्यक्तित्वका रूपमा चिन्न सकिन्छ ।

## १.२ शोधसमस्या

झमक घिमिरे मनमा भएका विचारलाई साहित्यका माध्यमबाट अभिव्यक्त गरी साहित्यिक क्षेत्रमा योगदान पुऱ्याउने सिर्जनशील व्यक्तित्व हुन् । नेपाली साहित्यमा कविता, लेख, कथा, जीवनी, निबन्ध, आत्मसंस्मरण जस्ता  विधामा उनको लेखनी अघि बढेको छ । घिमिरेका बारेमा विभिन्न चर्चा, परिचर्चा, समालोचना भएको पाइन्छ । विभिन्न चर्चा परिचर्चा भएपनि झमक घिमिरेको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन नै यस शोधकार्यको मुख्य समस्या रहेको छ । त्यसैले उक्त मुख्य समस्यासँग सम्बन्धित निम्नलिखित शोध प्रश्नहरूको समाधान खोज्ने कार्यतर्फ नै प्रस्तुत शोधकार्य उन्मुख रहेको छ ।

क) झमक घिमिरेको जीवनी के कस्तो रहेको छ ?

ख) झमक घिमिरेको व्यक्तित्वका पाटाहरू के कस्ता रहेका छन् ?

ग. झमक घिमिरेका कृतिहरू केकस्ता छन् ?

## १.३ शोधकार्यका उद्देश्य

नेपाली साहित्यका क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउने साहित्यकार र तिनका कृतिहरुको अध्ययन अनुसन्धानको परम्परा निरन्तर चलिरहेको छ । समस्या कथनमा उठेका समस्याहरूको समाधान गर्न  झमक घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वका विविध पाटाबाट विस्तृत र व्यवस्थित अध्ययन विश्लेषण गर्नु नै यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । माथि शोधसमस्यामा प्रस्तुत गरिएका मूलभूत समस्यामा केन्द्रित रही प्रस्तुत शोधमा निम्न लिखित उद्देश्यहरु राखिएका छन् :

क) झमक घिमिरेको जीवनीको अध्ययन गर्नु,

ख) झमक घिमिरेको व्यक्तित्वका विविध पाटाहरूको अध्ययन गर्नु,

ग) झमक घिमिरेको कृतिहरूको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली कला साहित्यको क्षेत्रमा योगदान पुऱ्याउनु हुने झमक घिमिरेले कविता, लेख, कथा, जीवनी, निबन्ध आत्मसंस्मरण जस्ता विधामा आफ्नो खुट्टाको माध्यमबाट मनमा भएका आवेग संवेगहरुलाई कलमद्वारा साहित्यमा अभिव्यक्ति गरी विश्व साहित्य समक्ष नेपाली साहित्यलाई पुऱ्याएकी छन् । यस्ता प्रतिभाहरुको बारेमा प्रस्तुत गर्नु निश्चय नै महत्त्वपूर्ण कार्य हो । नेपाली साहित्यमा आफ्नो छुट्टै व्यक्तित्व बनाइसकेकी घिमिरेका बारेमा विभिन्न समालोचकहरुले टीका - टिप्पणी गरे तापनि उनका बारेमा शोध कार्य भएको छैन् र उनका बारेमा लेखिएका विभिन्न लेखहरू, पुस्तिका, पत्र-पत्रिका, इन्टरनेट लगाएतका सञ्चार माध्यमहरूमा प्रकाशित भइसकेका छन् । तिनै प्रतिभाशाली साहित्यकारका सम्बन्धमा विभिन्न विद्वान्, लेखक कविहरू, समालोचकहरूले चर्चा गरेका विषयहरूलाई कालक्रमिक रूपमा पूर्वकार्यको समीक्षाका रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

रमेशप्रसाद भट्टराईले **सम्झनाका बाछिटाहरू** (२०५७) लेख-सङ्ग्रहमा 'झमक घिमिरे र सम्झनाका बाछिटाहरू' शीर्षकको भूमिका लेखेका छन् । भट्टराईका अनुसार यो निबन्धमा झमकका मानवीय संवेदनाहरू पोखिएका छन् । रूढिवादी सोचद्धारा गुज्रिएका परम्परागत सामाजिक मूल्यमान्यताप्रति झमक विद्रोह गर्न चाहान्छिन् । तर्कशीलता, प्रवाहशीलता र प्रश्नात्मक भाषाको प्रयोग गरिएको यस निबन्ध सङ्ग्रहमा शब्द चयन र वाक्य गठनमा आवश्यक सुधार गर्नुपर्ने विचार आफ्नो भूमिकामा प्रस्तुत गर्छन् ।

वासुदेव ढकालले **आफ्नै चिता अग्निशिखातिर कवितासङ्ग्रह** (२०५८) को भूमिकामा 'कृतिकार र कृतिका बारेमा दुई शब्द' भन्ने शीर्षकमा छोटो समीक्षा प्रस्तुत गरेका छन् । उनका अनुसार प्रकृतिको क्रुरताबाट शारीरिकरूपबाट अशक्त झमकलाई आफ्ना बाबुआमाका अतिरिक्त अन्य धेरै पाठकहरूले पनि माया गर्न थालेका छन् । उनका कविताहरूले भने समाजमा रहेका सामाजिक, आर्थिक भेदभावका पर्खाल भत्काउन कम्मर कसेर दौडिएको जस्तो लाग्दछ । झमक देशमा भएका राजनीतिक, सामाजिक विकृतिविसंगति, सामाजिक शोषण अन्यायका विरुद्ध कृतिमार्फत आवाज उठाउने सशक्त नारी प्रतिभा हुन् भनेर चर्चा गरेका छन् ।

नरेन्द्रबहादुर श्रेष्ठले **नौलो प्रतिबिम्ब** (२०६०) को 'भूमिका' शीर्षकको समीक्ष्यात्मक लेखमा नौलो प्रतिबिम्ब कविताको सँगालो नेपाली साहित्यको फाँटमा एउटा नौलो प्रस्तुति रहेको कुरा चर्चा गरेका छन् । यस सङग्रहभित्रका कविताहरु आजका राजनैतिक परिवेश, विसंगति र विकृतिविरुद्ध सचेत आवाज, विभिन्न परिस्थितिले जन्माएका कुरीति र कुसंस्कारविरुद्ध सबल विद्रोह स्वर, विभिन्न भावभंगिमा जनताका पीडा र व्यथाको प्रतिनिधित्व गर्ने विषय र निराशा, पश्चाताप, असन्तोष र विरहका पीडा जन्य अनुभूतिहरु यस कवितासंग्रहका मूल विषयहरु हुन् भनि विश्लेषणात्मक टिप्पणी गरिएको छ ।

जलेश्वरी श्रेष्ठले **बेमौसमका आस्थाहरू निबन्धसंग्रह** (२०६३) को भूमिकामा 'झमक घिमिरे मेरो दृष्टिमा' शीर्षकमा समीक्ष्यात्मक लेख प्रस्तुत गरेकी छन् । यस धर्तीमा सरस्वतीको अवतारका रुपमा जन्मिएकी झमक नेपाली साहित्यको मार्गदर्शक बनेकी छिन् । लामो कालखण्डपछि नेपाली साहित्यले एउटा चम्किलो ताराका रुपमा झमकलाई पाएको छ भनी चर्चा गरेकी छन् ।

सुलोचना मानन्धरले **बेमौसमका आस्थाहरु निबन्धसंग्रह** (२०६३) को भूमिकामा 'बेमौससमका आस्थाहरुभित्र मौसमी आस्था खोज्दा' शीर्षकमा झमकबारे आफ्नो दृष्टिकोण प्रस्तुत गरेकी छन् । उनले झमक र पारिजात नेपाली साहित्यका दुई चर्चित साहित्यकार हुन् भनी तुलना गरेकी छन् । घिमिरे अभाग्यमा भाग्य खोज्दै गरेकी संघर्षशील नारी स्रष्टा हुन् । मानवतावादी, नारीवादी स्वर बोकेकी झमक बेमौसमको समयमा फुलेकी एक सुन्दर फूल हुन् भनी स्रष्टाप्रतिको उदारभावना व्यक्त गरेकी छन् ।

मोदनाथ प्रश्रितले **झमक घिमिरेका कविताहरू** (२०६५) को 'झमक घिमिरे र कविता यात्रा' शीर्षकको भूमिका लेखेका छन् । उनले यस काव्यकृतिका विषयवस्तुहरूमा .... वेद पुराणका ठेलिहरूभित्र लुकेका कुरादेखि विज्ञानका नयाँ नयाँ सूत्र र निष्कर्षसम्म जंगलको एकान्तमा भेटेर प्रेम र यौनका अन्तरंग कुरा गर्ने आधुनिक युगल देखि राजनीतिक दलका संघर्ष र दरवारका गुप्त प्रपञ्चहरूसम्म इतिहासका अदृश्य गुजुल्टादेखि विश्वराजनीतिकसम्म झमकका विचार दृष्टिहरू पुगेका छन् भनी काव्यकृतिका समग्र विषयलाई एकमुष्ठ रूपमा प्रस्तुत गरेका छन् । झमक रुढी, अन्धविश्वास, भाग्यवाद विरुद्ध चिन्तनमा क्रमशः परिपक्क र सुदृढ हुँदै गएकी छन् । समाजको अव्यवस्था, अन्याय, अत्याचार र जातीय, लैङ्गीक भेदभाव विरुद्ध उनी दार्शनिक प्रश्न उठाउने शिल्पी कवि हुन भनी चर्चा गरिएको छ ।

श्यामप्रसादले **झमक घिमिरेका कविताहरु** (२०६५) को 'मात्रात्मक र गुणात्मक फड्को' शीर्षकको भूमिका लेखनमा झमक घिमिरेका कविताहरुमा जनगणतन्त्रवादी स्वर पाइन्छ । जीवनप्रति कहिल्यै कत्ति निराश नभएर सधै आशावादी नै रहनुर्पे र भविष्य सुन्दर बन्दै जाने कुराको सन्देशमूलक चर्चा समेत गरिएको छ । मानवतालाई नै वास्तविक धर्म मान्नु पर्ने, शोषित पीडित र अन्याय अत्याचारमा परिआएकाहरुको पक्षमा झमकका कविताहरु बोल्छन् । स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय स्तरका तथा प्राकृतिक एव सामाजिक आदि समेत गरी थरीथरीका र विभिन्न क्षेत्रहरुबाट प्रस्तुत गरिएका विषयवस्तुहरू बहुसन्देश प्रदान गर्ने प्रकतिका छन् भनेर  श्यामप्रसादले चर्चा गरेका छन् ।

साझा प्रकाशनले **रात र भूतप्रेतहरूको सन्त्रास** (२०६७) 'प्रकाशकीय' शीर्षकको भूमिका लेखनमा यो कृति विविध क्षेत्रका लेखहरूको सङ्ग्रह हो । बाल्य मानसपटलमा परेका नराम्रा छापहरूले गर्दा बालबालिकाहरूमा दीर्घ समयसम्म असर रहने हुँदा त्यस कार्यमा जोगिनुपर्छ । यस सङ्ग्रहका अधिकांश लेखहरूले सामाजिक असमानता र अन्यायका विरुद्धमा सचेत गराउने र विश्वास गरेर पठाएका जनप्रतिनिधिहरू नै सामाजिक, आर्थिक, राजनीतिक क्षेत्रमा आएर समाज र राष्ट्रलाई नै धोका दिएका छन् भन्ने समसामयिक विषयवस्तुको उठान यस कृतिमा गरिएको छ भनी चर्चा गरिएको छ ।

गोपाल गुरागाईंले **जीवन काँडा कि फूल**  (२०६८) मा आफ्नो मन्तव्य व्यक्त गर्दै अबका दिनमा नेपाली साहित्यका शोधकर्ता तथा समालोचकहरुका लागि मात्रै होइन समाज विज्ञान र मानव शास्त्रका अध्येता, अनुसन्धानकर्ताका लागि समेत यो जीवन कथा कृतित्व र व्यक्तित्व अध्ययन अनुसन्धानको विशाल क्षेत्र बन्दै जानेछ । भविष्यमा यसले विश्व कै शोधकर्तालाई आकर्षित गर्नेछ भन्ने विश्वास लिन सकिन्छ  भनी प्रस्तुत गरेका छन् ।

डा. गोविन्दराज भट्टराई **जीवन काँडा कि फूल** (२०६८) को बाह्य  आवरणमा आफ्नो विचार प्रस्तुत गर्ने क्रममा यो एक शक्तिशाली सिर्जना हो । झमकको भावना, विचार र दर्शनको उत्सर्गका रुपमा यो कृतिलाई लिन सकिन्छ ।  यसभित्र सारा विकार बढार्ने आँधी छ । मन भत्काउने आँसुका ढिका छन् । यसले जीवनका धेरै सत्यहरुलाई पखा लगाइदिएको छ । नर-नारीभन्दा माथि उठेर उनी विश्वमानवतावादी विचारधारामा रहेर साहित्य सिर्जना गर्ने नारी प्रतिभा हुन् भनी सामान्य टिप्पणी गरेका छन् ।

लेखनाथ काफ्लेले **समय-बिम्ब** (२०७१) दैनिकी सङ्ग्रहको 'संसारकी छोरी झमक' शीर्षकको भूमिका लेखनमा झमक घिमिरे वास्तवमा आफ्नो पीडा भुलेर अरुको लागि सोच्नु उनको दिनचर्या हो । उनी मानवतावादी विचार राख्छिन् । उनले मानव जातिको कल्याणलाई सबैभन्दा ठूलो धर्म मान्छिन् । आफ्ना विचार र सोचाइहरू दुनियालाई भन्न चाहान्छिन् । उनी प्रेम, विवाह र अन्तरजातीय सम्बन्धबारे सामाजिक, विकृतिबारे, अन्धविश्वासबारे, राजनीतिक अस्तित्ववारे, भ्रष्टचारबारे, महिला शोषणबारे विद्रोही स्वर तथा घटनालाई दैनिकीका रूपमा प्रस्तुत गर्ने एक बहुप्रतिभाकी प्रतिमूर्ति हुन् भन्ने चर्चा गरिएको छ । उल्लेखित भूमिका लेखनले झमकको जीवनी, व्यक्तित्व, विचार तथा दैनिकी सङ्ग्रहको विश्लेषणका लागि सहयोगी सामग्री बनेको छ ।

मध्पश्चिमाञ्चल विश्वविद्यालय वीरेन्द्रनगर सुर्खेतले (विशेष दीक्षान्त समारोह) **साहित्यकार झमक घिमिरे जीवनवृत्त, कृतित्व र योगदानको संक्षिप्त परिचय** (२०७३) नामक एउटा कार्यपत्र प्रस्तुत गरेको छ । यस कार्यपत्रमा साहित्यकार झमक घिमिरेको जन्म र बाल्यकाल, शिक्षादिक्षा, प्रेरणा, रुचि, स्वभाव, लेखन प्रारम्भ, प्रकाशित कृतिहरू, सम्मान तथा पुरस्कारहरू भने छुट्टाछुट्टै उपशीर्षक दिएर संक्षिप्त विवरण प्रस्तुत गरेको छ । यस अध्ययन उक्त समाहरोहमा विद्यावारीधिको उपाधि प्रदान गर्दा स्रष्टाको जीवनवृत्तिको संक्षिप्त रेखाङ्कनबारे जानकारी होस् भन्ने हेतुले मात्र लेखिएको छ । यो र्काले यस शोधपत्रमा जीवनी, व्यक्तित्व र योगदानको चर्चा गर्नका लागि सहयोगी सामग्री सिद्ध हुनेछ ।

सुलोचना मानन्धरले **प्रेमिल आकाश** (२०७३) को 'प्रेमिल आकाशको उचाइमा जीवन गीत' भन्ने शीर्षकको भूमिका लेखनमा घिमिरेले यस कृतिमा आकाशलाई प्रेमिल बनाउँन चाहेकी छिन् । कुनै ठिटो प्रेमिल कल्पनामा चुर्लुम्म डुबेर गुनगुनाइ रहेको छ । त्यस्तै गरी झमक भित्रको विद्रोही पीडाभित्र उत्सवका वीज खोज्ने अन्वेषक क्षमता रहेको छ । विद्रोही स्वरको वकालत गर्ने क्रममा मातृत्व प्रेम र करुणा एकाकार भएर आएका छन् भन्दै मानन्धरले कविताभित्रका विषयवस्तुलाई संक्षिप्त रूपमा विश्लेषण गरेकी छन् ।

उपर्युक्त विवरणबाहेक झमक घिमिरेका बारेमा विस्तृत अध्ययन भएको देखिँदैन भने प्रस्तुत विवरणले घिमिरेका बारेमा समग्र जानकारी दिन नसक्ने देखिन्छ । यसरी उनका बारेमा विस्तृत चर्चा नभएकाले यस अभावलाई पूर्ति गर्ने उद्देश्यले प्रस्तुत शोध पत्रमा झमक घिमिरेकाको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा समग्र अध्ययन एवम् विश्लेषण गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

साहित्य सिर्जनामा छोटो समयमा नै नेपाली साहित्यमा विविध विधामा कलम चलाउदै साहित्यभित्रै जीवनका विचारहरु व्यक्त गर्ने झमक घिमिरेका बारेमा विभिन्न लेखक समालोचकहरुले चर्चा परिचर्चा गरे बाहेक लेखक विस्तृत अध्ययन अनुसन्धान भएको छैन । त्यसैले घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा सर्वप्रथम विस्तृत, व्यवस्थित तथा सुनियोजित ढंगबाट तथ्यपरक अध्ययन गरिएको छ । घिमिरेको बारेमा जानकारी राख्न चाहने हरेक अध्येताहरुका लागि यो शोधकार्य सहयोगी र मार्गदर्शक बन्ने देखिन्छ । यसका साथै यो शोधकार्य समवर्ती र उत्तरवर्ती साहित्यकारका लागि पनि उनको जीवनी, व्यक्तित्व र कवित्वले प्रेरणादायी भूमिका खेल्ने र नेपाली साहित्यिक अनुसन्धान परम्पराको विकासमा पनि यसले सहयोग गर्ने हुँदा यसको औचित्य, महत्त्व र उपयोगिता सिद्ध हुन्छ ।

**१.६ शोधकार्यको सीमाङ्कन** प्रस्तुत शोधकार्य झमक घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा सीमित रहेको छ । यसमा उनको जन्मदेखि हालसम्मको समयावधिलाई सीमाङ्कन गरिएको छ । उनको जीवनी, व्यक्तित्व प्रष्ट्याउँदै प्रकाशित कृतिहरु र फुटकर कृतिहरुको परिचयात्मक विश्लेषण यसमा समावेश गरिएको छ । समग्रमा यो अध्ययन झमक घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्व सँग नै सम्बन्धित रहेको छ ।

## १.७ शोध विधि

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यको सामग्री सङ्कलनका सन्दर्भमा मुख्य रूपमा सम्बन्धित स्रष्टाबाट प्राप्त जानकारी र विषयवस्तुलाई आधार बनाइएको छ । यसका साथै सामग्री सङ्कलनका क्रममा पुस्तकालयीय अध्ययन पद्धति, विभिन्न पत्रिका र अन्य सम्बन्धित व्यक्तित्वसँगको सम्पर्कबाट तथा उनका आफन्त, परिवारका सदस्यहरू र समकालीन व्यक्तिसँग पनि आवश्यक परामर्श लिई यस शोधका निम्ति सामग्री सङ्कलन गरिनेछ । यस क्रममा सम्वद्ध क्षेत्रका विभिन्न विद्वान, लेखक, साहित्यकार तथा उनका बारेमा जान्ने बुझ्ने व्यक्तिसँग पनि मौखिक रूपमा तथा विभिन्न सञ्चारका माध्यमबाट सोधपुछ गर्दा प्राप्त भएका सूचनाको उपयोग पनि यसमा गरिएको छ । कृतित्व पक्षका सम्बन्धित सामग्री घिमिरेका साहित्यिक कृति र विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर लेख रचना नै रहेको कुरा स्वत : स्पष्ट छ ।

### १.७.२. विश्लेषण विधि

प्रस्तुत शोध सामग्रीको विश्लेषणको मूल आधार जीवनीपरक र विधातात्त्विक समालोचनालाई बनाइनेछ । साथै यसमा पुस्तकालयीय तथा क्षेत्रीय अध्ययन विधिबाट सङ्कलित सामग्रीहरूको अध्ययन विश्लेषणमा पूर्वीय साहित्य तथा पाश्चात्य साहित्यमा चलेका सिद्धान्त र वाद आदिलाई आधार बनाइएको छ । यसका साथै परम्परित सैद्धान्तिक र व्यवहारिक समालोचना विधिको उपयोग गरी तथ्यपरक ढंगले अध्ययन गरिएको छ । सामग्रीको सङ्कलन पछि त्यसलाई सूचीकरण गरी सामान्य वर्गीकरण र विश्लेषण गरिएको छ ।

### १.८ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधकार्यलाई निम्नानुसार परिच्छेदहरुमा सङ्गठित गरिएको छ ।

१. पहिलो परिच्छेद - शोध परिचय

२. दोस्रो परिच्छेद - झमक घिमिरेको जीवनी

३. तेस्रो परिच्छेद - झमक घिमिरेको व्यक्तित्व

४. चौथो परिच्छेद - झमक घिमिरेका कविताको विश्लेषण

५. पाँचौ परिच्छेद -  झमक घिमिरेका कथाको विश्लेषण

६. छैटौं परिच्छेद - झमक घिमिरेका निबन्धको विश्लेषण

७. सातौं परिच्छेद -  सारांश तथा निष्कर्ष

उपर्युक्त सात परिच्छेदलाई आवश्यक्ताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरिएको छ । प्रस्तुत शोधकार्यको अन्त्यमा सन्दर्भग्रन्थ सूची राखिएको छ ।

# दोस्रो परिच्छेद

# झमक घिमिरेको जीवनी

## २.१ जन्म र जन्मस्थान

झमक घिमिरेको जन्म वि.सं. २०३७ साल अषाढ २१ गते शुक्रबारका दिन कोशी अञ्चलको धनकुटा जिल्ला कचिँडेमा भएको थियो । उनी पिता कृष्णबहादुर र माता आशादेवी घिमिरेका कोखबाट जेठी पुत्रीका रुपमा जन्मेकी थिइन् । उनीभन्दा पछाडि चार सन्तान अर्थात् उनका तीन बहिनी र एक भाइ रहेका छन् (शोध नायिकाबाट प्राप्त जानकारी) । उनको न्वारानको नाम झमक कुमारी घिमिरे भए तापनि उनी आफैले कुमारी हटाएर झमक घिमिरे लेख्न थालेको पाइन्छ । झमक घिमिरे जन्मेको ठाउँ पुग्न धनकुटा जिल्लाको सदरमुकामदेखि लगभग २ कि. मि. उत्तर धनकुटा नगरपालिका ३ कचिँडेतर्फ जानुपर्छ ।

## २.२ बाल्यकाल

झमक घिमिरेको बाल्यकाल पूर्णतः जन्मस्थान मै बितेको पाइन्छ । घिमिरेको बाल्यकाल अत्यन्तै कष्टकर दुखद रूपमा बितेको थियो । मस्तिष्कको पक्षघात रोगबाट ग्रसित भएकी घिमिरका शारीरिक अङ्गहरू नचल्ने अवस्थामा थिए । आफूले होस पाउँदा उनका हात खुट्टाहरु नचल्ने, बोली नआउने शरीर हलचल नगर्ने भए तापनि मस्तिष्क पूर्णतः चेतनशील र श्रवणशक्ति चुस्त भएको कुरा उनले भेटमा जानकारी गराइन् । अत्यन्तै कष्टकर, अपहेलित, विभेद र दुर्वचन सहन बाध्य तिरस्कृत नारीका रूपमा झमकको बाल्यकाल गुज्रिएको कुरा उनकै 'जीवन काँडा कि फूल' कृतिबाट सार्वजनिक भइसकेको छ । उनको त्यो जीवनगाथा अत्यन्त कारुणिक र मर्मस्पर्शी रहेको छ । पारिवारिक आर्थिक अवस्था अत्यन्तै कमजोर भएको र चेतनाको कमीले पनि उनको उपचार असम्भव भएकाले कउनको बाल्यकाल कष्टमय बितेको पाइन्छ ।

झमक घिमिरेको बाल्यकालीन जीवनलाई सरल बनाउन उनकी हजुरआमाले महत्त्वपूर्ण योगदान दिएकी थिइन् । हजुरआमाको असमायिक मृत्यु भएपश्चात उनको जीवन अझ कष्टकर तरिकाले बितेको थियो । शारीरिक असक्षमताका कारण परिवारले शिक्षाबाट बञ्चित गरायो । तर असाधारण क्षमताका कारण आफ्नै प्रयासबाट अक्षर चिन्न उनी सफल भइन् । बहिनीलाई बुबालाई

सिकाएको हेरेर धुलोमा आफ्नो दाहिने खुट्टाको बुढी औँलाको सहायताले अक्षारम्भ गरेकी थिइन् (जीवन काँडा कि फूल) । यसरी आफ्नै प्रयत्नबाट लेख्न थालेकी झमकको साहसिक कार्य देखेर बाबुआमा र बहिनीको स्नेह र प्रेरणाले अघि बढ्न सहयोग गऱ्यो ।

घिमिरेको बाल्यकाल पूर्णतः तिरस्कृत र अवहेलित रुपमा बित्यो । हिँडडुल गर्न नसक्ने भएपछि समाजले सापे भनेर हेला गर्ने गर्थ्यो । उनले आफ्नो सम्पूर्ण इच्छा चाहनाहरू मनभित्रै कुण्ठित बनाएर बाल्यकाल बिताएको पाइन्छ । तर उनको प्रतिभाको सम्मानार्थ हौसला र प्रेरणा दिने व्यक्तिहरूको सहयोगले उत्तरबाल्यकालीन जीवनलाई सहजतातर्फ डोऱ्याएको कुरा उनले उल्लेख गरेकी छन् ।


## २.३ शिक्षादीक्षा

झमक घिमिरेले आफ्नै प्रयत्नले अनौपचारिक शिक्षा प्राप्त गरेकी थिइन् । दुबै हात नचल्ने, शरीर नचल्ने भए तापनि चुस्त श्रवणशक्ति र प्रवल दृढ इच्छाशक्ति भएकै कारण उनी शिक्षा हाँसिल गर्न सफल भइन् । उनका अनुसार प्रथमतः उनले आँखाले हेरेर अक्षरको आकृति दिमागमा राखिन् । मनमस्तिष्कमा भरिएका ती अक्षर लेखेर उनी अरूलाई देखाउन चाहन्थिन् । हात चल्दैन थिए, हिँडडुल गर्न नसक्ने भए तापनि गोडा भने चल्थे । त्यसैले उनी गोडाका बुढी औँला र चोरी औँलाले सिन्का च्यापेर धुलामा लेख्ने, शीतका थोपा बटुकामा टिपेर ढुङ्गामा लेख्ने, अँगारले सिकुवामा लेख्ने र शुन्यतामा टाउको घुमाएर अक्षर लेख्न थालेको सन्दर्भहरूलाई उनले जीवन काँडा कि फूलमा उल्लेख गरेकी छन् । घिमिरेको शिक्षा आर्जनमा असाधारण क्षमता नै मूल कारकका रूपमा देखिन्छ । अक्षर चिन्नसक्ने र लेख्न सक्ने भए तापनि उनलाई औपचारिका शिक्षाका लागि कतै विद्यालय भर्ना गरिएको पाइँदैन । शिक्षा आर्जनमा उनलाई विभिन्न साहित्यकार र तिनका कृति, विभिन्न पत्रपत्रिका, विश्वचर्चित पुस्तक, लेख, टेलिभिजन र सामाजिक सञ्जालले सहयोग पुऱ्याएको छ । यसर्थ विद्यालय र विश्वविद्यालयको औपचारिक शिक्षा प्राप्त नगरे तापनि उनले नेपाली भाषा साहित्यका क्षेत्रमा पुऱ्याएको योगदान स्वरूप मध्यपश्चिमाञ्चल विश्वविद्यालय वीरेन्द्रनगर, सुर्खेतले विशेष दिक्षान्त समारोह गरी २०७३ भाद्र २० गतेका दिन उनलाई मानार्थ विद्यावारिधिको उपाधि प्रदान गरेको छ । (शोध नायिकाबाट प्राप्त जानकारी) ।

## २.४ पारिवारिक पृष्ठभूमि

झमक घिमिरेका पिता एक सामान्य परिवारका थिए । धनकुटा ३ कचिँडे मै पुर्खादेखि बसोबास गर्दै आएका कृष्णबहादुर जिल्ला हुलाक कार्यालय धनकुटामा खरिदार तहमा कार्यरत भएर पारिवारिक उत्तरदायित्व पुरा गर्दै आएका थिए । घरमा कृषि पेसालाई पनि साथमा अगाँल्दै आएको पाइन्छ । यसरी घरको मुख्य आर्थिक स्रोतको रूपमा हेर्दा झमकका बाबुको सामान्य रोजगारी र नगदे कृषि आम्दानीका रुपमा सुन्तला, जुनार, कागती र अम्रिसो जस्ता वस्तु नै आर्थिक स्रोतका रुपमा रहेको देखिन्छ (शोध नायिकाको आमाबाट प्राप्त जानकारी) । प्रस्तुत पृष्ठभूमिलाई हेर्दा झमकको आर्थिक, सामाजिक, शैक्षिक लगायतका सबै पारिवारिक पृष्ठभूमि सामान्य किसिमको रहेको देखिन्छ ।

झमक घिमिरेको वंशपरम्परालाई यसरी वृक्षरेखमा प्रस्तुत गरिएको छ :




## २.५ बसोबास र आजीविका

कृष्णबहादुर घिमिरेकी जेठी सुपुत्री झमक घिमिरेको जन्मथलो एवम् पुर्ख्यौली थलो दुवै धनकुटा जिल्लाको कचिँडे गाउँ हो । उनी मध्यम वर्गीय आर्थिक अवस्था भएको परिवारमा जन्मिएकी थिइन् । त्यसैले घिमिरेको आर्थिक अवस्था त्यति सहज भने थिएन । उनको परिवारमा जम्मा आमाबुबा र भाइबहिनी गरी ७ सदस्य रहेको देखिन्छ । परिवास संख्या र आर्थिक आम्दानीको स्रोतलाई हेर्दा परिवार

सञ्चालनमा कठिनाइ हुने देखिन्छ । हाल उनकी बहिनी मीनाको विवाह भइसकेको छ भने अन्य भाइबहिनी पढाइकै क्रममा रहेका छन् ।

झमकको आजीविकाको स्थितिलाई हेर्दा उनका बाबु २०२७ सालमा धनकुटा हुलाक कार्यालयमा जागिरे पेसामा आबद्ध भएका थिए । आजीविकाको मुख्य स्रोत भनेकै बाबुको जागिरे पेसा थियो । २०५३ सालदेखि जागिरे पेसालाई छाडेर परिवार सञ्चालनका लागि कृषि पेसालाई आत्मसाथ गरेको पाइन्छ । दुई बर्ष अघिदेखि शारीरिक अशक्तताका कारण कृष्णबहादुर घिमिरे समेत कुनै पनि काम नसक्ने अवस्थामा छन् ।क जग्गा जमिनका हिसाबले १२ रोपनी जग्गा रहेपनि उचित तवरबाट कृषि पेसा सञ्चालन गर्न सकेको देखिदैन । सुन्तला, जुनार, कागति, घिउफल जस्ता नगदे बालीको सामान्य आम्दानीले गर्दा घरमा आवश्यक नुन तेल, चामल तरकारी किन्नलाई सहयोग पुगेको देखिन्छ । भाइबहिनीको पढाइ खर्चका लागि आवश्यक रकम प्रायः अभावका बावजुत अगाडि बढेको छ । हाल मूलतः झमक घिमिरे साहित्य सिर्जनामा सक्रिय रही रहेको र पहिले लेखिएका कृतिबाट आउने रोयल्टी बापतका रकम, विभिन्न संघसस्थाले गरेका सहयोगार्थ धनराशीले पनि उनको पारिवारिक जीविका सञ्चालनलाई सहज बनाएको छ (शोध नायिकाको बाबुबाट प्राप्त जानकारी) ।

विभिन्न साहित्यिक कार्यक्रममा सहभागी भइरहने झमक घिमिरेको बसोबास मूलतः अस्थाई प्रकृतिको रहेको छ । गृहजिल्ला धनकुटामा बढी समय बिताए पनि काठमाडौं, विराटनगरमा पनि उनी केही महिना समय बिताउने गर्छिन् । शारीरिक रूपमा अशक्त रहे पनि नेपाली समाज, भाषा साहित्य र अन्तराष्ट्रिय स्तरमा समेत काम गर्ने इच्छा भए कुनै शक्तिले पनि बाधा गर्न नसक्ने कुराको ज्वलन्त दृष्टान्त दिन सक्ने घिमिरेको योगदान सम्झेर पशुपति विकास क्षेत्र कोषले २०७२ साल मङ्सिर २३ गते भक्तपुरको गोठाटारमा आवास निर्माण गरिदिएको छ । त्यस्तै गरी २०७३ बैशाख १७ गते बसेको नेपाल सरकारको मन्त्री परिषद्को बैठकले उनको जीवन गुजराका लागि सहज होस् र उनको असाधारण प्रतिभाको सम्मान र प्रगतिको कामना स्वरूप आजीवन रूपमा मासिक पच्चीस हजार रुपैंया प्रदान गर्दै आइरहेको छ (एभिन्यूज टेलिभिजन, जुन २६, २०१६) सशक्ति कार्यक्रमबाट प्राप्त जानकारी) । यसर्थ झमक घिमिरेको बसोबास र आजीविकाको स्थितिलाई हेर्दा पहिलाभन्दा वर्तमान समयसम्म आइपुग्दा सहज हुँदै गएको देखिन्छ ।

## २.६ व्यक्तिगत रुचि

सामान्यतः साधारण मानिस जस्तै उनको पनि विभिन्न क्षेत्रमा अभिरुचि भए तापनि शारीरिक दुर्वलता भएका कारण उनी आफ्ना इच्छा चाहनालाई मनमै सीमित गर्न बाध्य छिन् । जीवन जगत्सँग जोड्ने उनको साथी भनेकै कलम र कापी भएको कारणले निरन्तर कलम चलाउनु तथा अध्ययन गर्नु नै उनको मुख्य अभिरुचि हो । विभिन्न साहित्यकारहरूको जीवनी अध्ययन गर्न र साहित्यिक रचनाहरू अध्ययन गर्न मन पराउने झमक सधैँ आफ्ना अग्रज तथा संघर्षशील व्यक्तिहरूको अनुशरण गर्छिन् । आफूलाई समयसँगै रुपान्तरण गर्ने झमक विज्ञान प्रविधिका साधनहरू मोबाइल, इन्टरनेट, ल्यापटप चलाउन मन पराउँछिन् । नयाँ नयाँ ठाउँको अवलोकन गर्न, घुमफिर गर्ने रुचि भए तापनि उनी शारीरिक अशक्तताको कारणले असक्षम रहन्छिन् ।

विशेषतः कविता लेखनमा रूचि राख्ने झमक गीत, मुक्तक, कथा, निबन्ध जस्ता साहित्यिक कृति लेख्न रूचाउँछिन् । साहित्यकारका रूपमा ख्याति कमाए तापनि चित्रकलामा पनि उत्तिकै रूचि राख्ने उनका प्रायः आफ्ना प्रकाशित पुस्तकहरूमा बाह्य आवरणको चित्र कोर्ने गर्छिन् । सादा जीवनशैली निर्वाह गर्न रूचाउने झमक सामान्य लुगाकपडा लगाउन मन पराउँछिन् । झमकलाई सामान्य दाल, भात तरकारी मन पर्छ । आफ्नो शारीरिक अवस्थाका कारण धेरै कुरामा सचेत रहनुपर्ने भएकाले पनि अनावश्यक भद्दा खानेकुरा उनलाई मन पर्दैन ।

## २.७ व्यक्तिगत स्वभाव

सामाजिक शोषण अन्याय अत्याचारका विरुद्ध निर्भिक चेतनाका साथ नेपाली समाजको अग्रगमन र रुपान्तरणका लागि सदैब क्रियाशील रहनु उनको मुख्य स्वभाव हो । निरन्तर अध्ययन गर्ने, लेख्ने र समाजलाई केही दिउँ भन्ने रुचि, आकाङ्क्षा र उनको साहित्य साधनामा तल्लिन रहने स्वभावकै कारण उनी सबैको मन मस्तिष्कमा रहन सफल छिन् । उनको कसैसँग नझुक्ने, कसैले अपहेलना गरेको र हेयको दृष्टिले हेरेको पटक्कै नसहने प्रवृति छ । संघर्ष नै जीवन हो भन्ने विचारले ओतप्रोत भएकी झमक पूनर्जन्म, पूर्वजन्म, भाग्यवाद र रुढीवादी विचारमा विश्वास गर्दिनन् । सामाजिक कुरीति, अन्धविश्वास, रुढीवादी सोचको विरोध गर्नु, सामाजिक, आर्थिक, लैङ्गिक, वर्गीय, जातीय एवम् साम्प्रदायिक सबै खाले विभेदका विरुद्ध आफूलाई प्रखर रूपमा प्रस्तुत गर्नु नै उनको अर्को स्वभावगत विशेषता हो । साथीभाइ, छरछिमेक र घरपरिवारसँग सधैँ मिलेर बस्नुपर्ने सोच राखे तापनि

बाल्यकालमा विभिन्न रुढी सोचका कारण आफ्ना बाल्यकालीन साथी नभएको कुरा उनी स्विकार्छिन् । मूलतः उनको व्यक्तिगत स्वभावलाई हेर्दा उनी निर्भिक, कर्मशील, धैर्यवान, बुद्धिमता, यथार्थवादी, संघर्षकी प्रतिमूर्ति, भौतिकवादी, कुसंस्कारको विरोधी चेतना भएकी स्पष्टवक्ता हुन् ।

## २.८ भ्रमण

शारीरिक दुर्वलताका कारण पनि जीवनमा एक ठाउँबाट अर्को ठाउँमा जाने झमक भ्रमण गर्न एकदमै रुचाउँछिन् । पन्ध्र वर्षको उमेरसम्म आफ्नो घर र करेसामा मात्र सीमित भएकी झमकलेसाहित्यिक लेखनको आरम्भ र सफलता पश्चात नेपालका विभिन्न ठाउँहरू भ्रमण गर्ने अवसर प्राप्त गरेकी छिन् । उनले आमाको बुइ र ह्वीलचियर मै भए पनि स्वदेशका धरान, विराटनगर, बिर्तामोड, काठमाडौं, सुर्खेत, भैरहवा, विरगञ्ज जस्ता ठाउँको भ्रमण गरेकी छन् । विदेशको भ्रमणमा पनि उनी उपचारार्थका क्रममा ताइवानको राजधानी ताइपेइमा सन् २०१२ मा पुगेकी थिइन् । झमकले नेपालभित्रका भ्रमण गर्दाका विभिन्न विषयवस्तु र घटनालाई **जीवन काँडा कि फूल** कृतिमा समावेश गरेकी छन् ।

## २.९ सुखका क्षण

जीवनलाई सृष्टिकै सुन्दर फूलका रुपमा लिने झमकको जीवनमा थुप्रै आरोह अवरोह आए तापनि सुखका अनुभूति थुप्रै भएको उनी बताउँछिन् । उनले दुःख, कष्ट, पीडा र संघर्षलाई सुखका रूपमा लिने गरेकी छन् । शारीरिक अशक्तता, अपहेलित जीवन, विवशता र बाध्यतामा बाल्यकाल बिताए तापनि आफूमा चेतना र विवेक आएपश्चात झमकले कहिल्यै पनि जीवनलाई दुःख र कष्ट भएको महसुस गरिनन् । दुःखलाई नै सुखमा परिणत गर्ने सामर्थ्य भएकै कारण उनी अन्य साधारण व्यक्तिभन्दा पृथक र अद्भुत रहेकी छन् ।

झमक घिमिरेलाई आफूमा चेतनाको विकाससँगै अक्षारम्भ गर्दा आफ्नै प्रयत्नले क लेख्दाको क्षण सबैभन्दा ठूलो खुसीको क्षण लाग्छ । त्यस्तै मनका भावना अभिव्यक्तिको माध्यम कलम भएकाले प्रथम पटक प्रकाशित **संकल्प** कवितासङ्ग्रह (२०५५ बैशाख १ गते) प्रकाशन हुँदा अर्को खुसीको क्षण भएको उनी बताउँछिन् । आफू पनि परिवारको एउटा हिस्सा भएको हुनाले पारिवारिक दायित्व पूरा गर्न आफ्नै हातले कमाएको पैसा बाबुलाई दिँदा खुसी तथा सुखको अनुभूति भएको बताउने झमक अन्य पुस्तककार कृति प्रकाशन हुँदा त्यति नै खुसी र हर्षित भएको बताउँछिन् । आफ्नो सिर्जनाले नेपालकै

ठूलो पुरस्कार मदन पुरस्कार पाउँदा अझै वढी खुसीको क्षण प्राप्त भएको उनी बताउँछिन् । त्यसैगरी २०७३ साल भदौ २० गते मध्यमाञ्चल विश्वविद्यालयले मानार्थ विद्यावारिधिको उपाधि दिएको क्षण अविस्मरणीय भएको कुरा उनी बताउँछिन् (शोध नायिकाबाट प्राप्त जानकारी) । धनकुटा, भैरहवा र विर्तामोडमा भएका नागरिक अभिनन्दनबाट रथ यात्रासहित नगर परिक्रमा गरी नगरबासीसँग अभिनन्दन हुन पाउँदाको क्षण आफूलाई हालसम्मको ठूलो र अविस्मरणीय उपलब्धी भएको उनको भनाइ छ । यी विभिन्न उपलब्धीबाट पाएको खुसीका कारण उनी वास्तवमा मान्छेको जीवन सृष्टिकै सुन्दर फूल रहेछ भन्ने विचार व्यक्त गर्न सफल हुन्छिन् ।

### २.१० दुःखका क्षण

जीवन सृष्टिको सुन्दर फूल हो, भन्ने उनको मूल विचारका साथ जीवन जिउने झमकका साथमा कयौं दुःख र कष्ट आइपरेको देखिन्छ । दुःखकष्टलाई नै सुखानुभूतिको रूपमा लिने उनलाई आफ्नो हजुरआमाको वियोग नै सबैभन्दा बढी दुःखको क्षण लाग्छ । समाज र सामाजिक मूल्यमान्यताले तिरस्कृत पात्रका रूपमा अपहेलित गर्दाको क्षणले उनलाई अझ मर्माहत बनाएको बताउँछिन् । उनलाई समाज र बाह्य व्यक्तिले दयाको पात्र बनाए तापनि अन्तर हृदयमा आफू सँधै खुसी भएको बताउँछिन् । दुःख, कष्ट र वेदनाको पर्यायका रूपमा रहेकी झमक आफ्नो साहारा भनेकै दुःख पछिको सुखानुभूति रहेको उल्लेख गर्छिन् ।

### २.११ जीवन दर्शन

जीवनलाई सृष्टिकै सुन्दर फूल भनेर अर्थ्याउने झमक संघर्ष, मेहेनत र कर्मशीलतामा विश्वास राख्छिन् । जस्तोसुकै आपतविपत्मा पनि धैर्यधारण गरी सकारात्मक सोचद्वारा असल कर्मको सुरुवात गर्दा आएको खुसी नै जीवन हो भनी उनी जीवनलाई परिभाषित गर्छिन् (शोध नायिकाबाट प्राप्त जानकारी) । धार्मिक, सामाजिक अन्धविश्वास तथा पुरातनवादी सोचबाट माथि उठी समता, न्याय र शान्तिको जीवन प्रत्येक नागरिकले जीउनुपर्छ भन्ने भाव उनका कृतिमा पाइन्छ । तसर्थ व्यक्तिमा विश्वबन्धुत्व, एकता, मानवता, सहयोगी, मिलनसार, स्वतन्त्रता, धैर्यता, सहनशीलता तथा दुःखको सामना गर्ने क्षमता जस्ता गुणको विकास गर्नु नै वास्तविक जीवन हो भन्ने उनको ठहर छ ।

## २.१२ साहित्यिक दृष्टिकोण

कला, विचार र अभिव्यक्तिको सुन्दर संयोजन नै साहित्य हो जुन जीवन भोगाइको क्रममा शब्द संयोजन भएर बाहिर प्रष्फुटित हुन्छ (शोध नायिकाबाट प्राप्त जानकारी) । साहित्यलाई यसरी परिभाषित गर्ने झमक आफ्नो जीवन **काँडा कि फूल** कृतिले मदन पुरस्कार पाउँदा आफ्नो मन्तव्यमा भन्छिन् : साहित्य सिर्जना भनेको मान्छेका लागि, जीवनका लागि र बाँच्न बचाउनका लागि हुनु पर्छ, भय, निराशा र कुण्ठाभित्र बाँचेका मान्छेलाई जगाउने हुनुपर्छ । हिजोको इतिहासलाई आत्मसाथ गर्दै आजको इतिहास पनि भोलिको दिनमा उत्कृष्ट बन्न सकोस् । दबेको र झुकेको इतिहास नबनोस् । युगयुगान्तसम्म समाजलाई सजीव बनाउने भनेकै साहित्य हो । साहित्यले व्यक्ति समाज, राष्ट्र तथा कुनै कालखण्डको जीवन भोगाइलाई प्रतिबिम्बित गरेको हुन्छ । यसले समाजका यथार्थ विषयवस्तु, इतिहास, भाषा, कला, संस्कृति, धर्म र चालचलनलाई नियालेर भाषामा अभिव्यक्त गर्छ । तसर्थ संसारका जुनसुकै कुनामा अनुभव गरिने भाषिक अभिव्यक्ति हो साहित्य । साहित्य संसारका सबै मानिसहरूको भावनाको भाषा हो । मान्छेको दुःख सुखको अनुभूति प्रकट गर्ने विशिष्ट भाषिक अभिव्यक्ति साहित्य हो । यसले समाज, राष्ट्र र मानवीय चरित्रलाई सुधार गर्दै आउँदो पुस्तालाई हौसला प्रदान गर्दछ (**जीवन काँडा कि फूल** कृतिले मदन पुरस्कार प्राप्त गर्दाको मन्तव्यबाट) ।

## २.१३ साहित्यिक क्षेत्रमा संलग्नता

झमक घिमिरे विभिन्न साहित्यिक क्षेत्रका संघसंस्थामा संलग्न भएकी छिन् । उनी संलग्न भएको संघसंस्थाको विवरणलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

- झमक घिमिरे साहित्य कला प्रतिष्ठान धनकुटा - प्रमुख संरक्षक २०६३
- नेपाल प्रज्ञा प्रतिष्ठानको प्राज्ञ सदस्य २०७३
- कान्तिपुर दैनिक पत्रिका, स्तम्भकार (२०६०)

## २.१४ लेखन तथा प्रकाशन

झमक घिमिरेले साहित्यका कविता, मुक्तक, निबन्ध, कथा, बालकविता, डायरी, लेख तथा फुटकर रचनाहरू प्रकाशन गरेकी छन् भने विभिन्न पत्रपत्रिकामा समीक्षात्मक लेखहरू पनि प्रकाशित गरेकी छन् । लेखन तथा प्रकाशनलाई विभिन्न उपशीर्षकमा राखेर अध्ययन गरिएको छ ।

### २.१४.१ लेखनका लागि प्रेरणा र प्रभाव

झमक घिमिरेले आफ्नै प्रयत्नबाट अक्षराम्भ गरेकी थिइन् । पुराना किताव तथा कापीहरूबाट लेखन सुरुवात गरेकी झमकले बहिनी मीनाका पुस्तकहरू अध्ययन गरी लेखन कार्यलाई अघि बढाएकी थिइन् । बाह्र बर्षको उमेरमा उनको आग्रहमा प्रथम पटक बाबुले लक्ष्मीप्रसाद देवकोटाको मुनामदन खण्डकाव्य किनिदिनु भएको थियो । त्यस्तै गरी बाबुले पढेको रामायण सुनेर पनि उनलाई साहित्य लेखनको प्रेरणाको मार्ग निर्माण भएको देखिन्छ । अरुले गाउने गरेका कविताका लयबाटे प्रभाव ग्रहण गर्दै अक्षर चिन्ने र लेख्ने प्रयास गरेको साथै कवितात्मक लयका हरफ निर्माण हुन पुगेको उनी बताउछिन् । झमकले साहित्य लेखन आरम्भका लागि विभिन्न लेखकबाट प्रेरणा र प्रभाव ग्रहण गरिन् । उनलाई लैनसिंह बाङ्देल, लिलबहादुर क्षेत्री, श्यामप्रसाद शर्मा, बालकृष्ण सम, पारिजात, मोदनाथ प्रश्रित, खगेन्द्र संग्रौला, रमेश विकल तथा स्थानीय साहित्यकारहरूको प्रभाव र प्रेरणा मिलेको पाइन्छ । त्यसै गरी रुसी साहित्यकार गोर्की, चिनिया साहित्यकार लु सुन याङ्मो तथा भारतीय साहित्यकार रविन्द्रनाथ ठाकुर र प्रेमचन्दको विशेष प्रभाव परेको कुरा उनी बताउँछिन् (शोध नायिकाबाट प्राप्त जानकारी) । यसै क्रममा उनले चिन, रुस, भियतनाममा भएका क्रान्ति र परिवर्तन एवम् तिनसँग सम्बन्धित संघर्ष र साहसका कथालाई पढेर पनि प्रेरणा लिएकी छन् ।

### २.१४.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी

झमक घिमिरेको साहित्य लेखनको प्रारम्भ अनौपचारिक तवरबाट अगाडि बढेको हो । उनका अनुसार आफूले थाहा पाएसम्म पशुपंक्षीका बारेमा लेखिएको चार हरफे कविता नै उनको पहिलो रचना हो । जुन कविता अहिले प्राप्त भने छैन । उनलाई उक्त विषयवस्तुबारे लेखिएको कवितात्मक रचना हो भन्ने कुराको मात्र अवगत छ । बाह्र वर्षको उमेर छँदा आठ नौं हरफे **आमा** शीर्षकको कविता लेखे पनि सो कविता पनि अहिले प्राप्त नहुने कुरा उनी बताउँछिन् (शोध नायिकाबाट प्राप्त जानकारी) । वि.सं. २०५३ भदौ को *नवयुवा* मासिक पत्रिकामा प्रकाशित “नेता” शीर्षकको कविताबाट नै झमकको औपचारिक साहित्य लेखनको आरम्भ भएको देखिन्छ (शोध नायिकाबाट प्राप्त जानकारी) ।

## २.१५ प्रकाशित पुस्तकाकार कृतिहरू

झमक घिमिरे नेपाली साहित्यमा २०५० को दशकदेखि हालसम्म निरन्तर सक्रिय भइरहेकी छन् । यस अविधिमा उनले साहित्यका कविता, कथा, लेख, निबन्ध, दैनिकी जस्ता विधागत कृतिहरूको रचना

गरी प्रकाशनमा ल्याएकी छन् । प्रकाशन कै हिसावले २०५५ सालमा प्रकाशित **संकल्प** कवितासङ्ग्रह उनको पहिलो पुस्तकाकार कृति हो । उनका प्रकाशित कृतिहरुको विवरण निम्न अनुसार प्रस्तुत गरिएको छः

- **संकल्प** (२०५५) कवितासङ्ग्रह
- **आफ्नै चिता अग्निशिखातिर** (२०५७) कविता सङ्ग्रह
- **मान्छे भित्रका योद्धाहरु** (२०५७) कविता सङ्ग्रह
- **अवसान पछिको आगमन** क्वाँटी सङ्ग्रह (२०५७)
- **सम्झनाका बाछिटाहरु** (२०५७) लेख सङ्ग्रह
- **नौलो प्रतिबिम्ब** (२०६२) कविता सङ्ग्रह
- **पर्दा समय र मान्छेहरु** (२०६२) कथा सङ्ग्रह
- **बेमौसमका आस्थाहरु** (२०६३) निबन्ध सङ्ग्रह
- **झमक घिमिरेका कविताहरु** (२०६५) कविता सङ्ग्रह
- **रात र भूतप्रेतहरुको सन्त्रास** (२०६७) लेख सङ्ग्रह
- **जीवन काँडा कि फूल** (२०६७) आत्मजीवनीपरक निबन्ध
- **समय बिम्ब** (२०७१) डायरी
- **प्रेमिल आकाश** (२०७३) कवितासङ्ग्रह ।

माथिको विवरणअनुसार हालसम्म झमक घिमिरेका १३ वटा पुस्तकाकार कृतिहरु प्रकाशित भएका छन् ।

### २.१६ सम्मान तथा पुरस्कारहरू

झमक घिमिरेले विभिन्न साहित्यिक र सामाजिक संघसंस्थामा पुऱ्याएको योगदान स्वरूप उनलाई गरिएको सम्मानपत्र, कदरपत्र, प्रशंसापत्र तथा पुरस्कारहरूको विवरण निम्न लिखित रहेको छ ।

- कविताराम बाल साहित्य पुरस्कार २०५५
- अस्वीकृति विचार साहित्य पुरस्कार २०५६
- क्याप्टेन गोपालप्रसाद जनकल्याण पुरस्कार २०५७
- गुञ्जन महिला साहित्यिक संस्था सम्मान २०५७

- स्वर्ण शिक्षा इङ्गिलिस सेकेण्डरी स्कुलद्वारा अभिनन्दन २०५७
- थापाथली जनकल्याण परिवार सम्मान २०५७
- कौशिकी साहित्य प्रतिष्ठान, काठमाडौंद्वारा अभिनन्दन २०५७
- थापाथली महिला कल्याण परिवार, काठमाडौं सम्मान २०५७
- अपाङ्ग प्रतिभा पुरस्कार २०५७
- प्रवल गोरखा दक्षिणबाहु चौथो २०५७
- ने.वि.सं. जिल्ला समिति, धनकुटा सम्मान २०५७
- नरोत्तरम दास इन्दिरादेवी श्रेष्ठ गुठी, ललितपुर प्रशंसापत्र २०५७
- नेपाल नारी साहित्य सेवा, काठमाडौं मेडल २०५७
- इन्द्रपुर जेसिस इन्द्रपुर, विराटचोक-मोरङ्ग सम्मान २०६०
- डा. विमला बाणी पुरस्कार २०६२
- नेपाल बुद्धिजीवि परिषद्द्वारा अभिनन्दन) २०६२
- नेपाल सरकारबाट सम्मान २०६३
- प्र.रा.यु संघद्धारा सम्मान २०६३
- नवरङ्ग साहित्य प्रतिष्ठान झापा २०६४
- अनाम मण्डली मलेसिया सम्मान २०६४
- क्षेत्रीय प्रतिभा पुरस्कार २०६५
- धनकुटा प्रतिभा पुरस्कार २०६६
- सम्पर्क विशेष समन्वय कमिटि सम्मान २०६६
- राष्ट्रिय जनसंस्कृति युवा प्रतिभा पुरस्कार २०६६
- राष्ट्रिय महिला आयोग सम्मान २०६६
- अनेरास्ववियुद्धारा सम्मान २०६६
- रमाकृष्ण सिर्जना सम्मान २०६७
- खेमलाल हरिकला लामिछाने -पद्मश्री सम्मान २०६७
- डिल्लीराज उप्रेती स्मृति पुरस्कार २०६७
- भ्रदकुमारी व्यक्तित्व पुरस्कार २०६७
- गुञ्जन प्रतिभा पुरस्कार २०६७

- शंकर लामिछाने युवा निबन्ध पुरस्कार २०६७
- अनेसास उत्कृष्ट कृति पुरस्कार २०६७
- उत्तम शान्ति पुरस्कार २०६७
- पद्यमश्री सम्मान २०६७
- मदन पुरस्कार २०६७
- कर्मचारी मिलन केन्द्र, धनकुटा सम्मान २०६७
- प्रेमवाद युवा प्रतिभा पुरस्कार २०६८
- नागरिक अभिनन्दन, धनकुटा २०६८
- नागरिक सम्मान, भैरहवा २०६८
- हाम्रो संस्कार समाज, सिरान बजार धनकुटा, अभिनन्दन २०६८
- महिला बचत तथा ऋण सहकारी संस्था, इटहरी अभिनन्दन २०६८
- कवि बिमल गुरुङ्ग स्मृति पुस्तकालय, धरान सम्मान २०६८
- नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान काठमाडौं, सम्मान २०६८
- साहित्यकार झमक घिमिरे नागरिक अभिनन्दन समारोह समिति धनकुटा (.अभिनन्दन) २०६८
- स्वर्गिक मार्ग संघ नेपाल काठमाडौंद्धारा विशेष सम्मान २०६८
- नेपाल भाषामिषा संघ, धनकुटाद्धारा सम्मान २०६८
- अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज सर्वोत्कृष्ट पुरस्कार २०६८
- उत्तम कुँवर स्मारक पुरस्कार २०६८
- रमाकृष्ण सिर्जना प्रतिष्ठानद्धारा सम्मान २०६८
- भद्रकुमारी घले व्यक्तित्व पुरस्कार २०६८
- मनोक्रान्ति अभियान अभिनन्दन २०६८
- नेपाल अर्वुदरोग निवारण संस्था, धनकुटाद्धारा सम्मान २०६९
- हिमाली प्रकाशन सिक्किमद्धारा अभ्यर्थना २०१२
- स्वर्णीम साहित्य समाज भरौलद्धारा सम्मान २०६९
- देवर्षि प्रतिष्ठान (सम्मान) २०६९
- अनाममण्डली मलेसिया, (सम्मान) २०६९
- फारमोसा नेपाली साहित्य  ताइवान पुरस्कार २०६९

- द फिप्टिन लव अफ लिब्स अवार्ड ताइवान  २०६९
- नरेन्द्र चापागाईँ स्मृति पुरस्कार २०७०
- निसहाय सहयोग परिषद सुनसरीद्धारा अभिनन्दन २०७०
- युवा तथा खेलकुद मन्त्रालय काठमाडौंद्धारा सम्मान २०७०
- क्रियाशील पत्रकार महिला सुनसरीद्धारा सम्मान २०७०
- द डुके अफ इडनवर्ग इन्टरनेसनल् अवार्ड नेपाल- व्रिटिस एमएसी काठमाडौं २०१३
- साहारा समूह धरानद्धारा सम्मान २०७१
- राधेश्याम महिला जागरण समूह धरानद्धारा सम्मान २०७१
- पिण्डेश्वर विद्यापीठ धरानद्वारा सम्मान २०७१
- घिमिरे कृलवरा प्रतिष्ठान मोरङ्गद्वारा सम्मान २०७१
- अनेमसंघ सुनसरीद्वारा अभिनन्दन २०७१
- नगरस्तरीय बालक्लब सञ्जाल धनकुटाद्वारा अभिनन्दन २०७१
- घिमिरे कुलवंश समाज धनकुटा २०७२
- प्रतिभा प्रेरणा परिषद् दार्जिलिङ्गद्वारा सम्मान २०७२
- महिला तथा बालबालिका कार्यलय धनकुटाद्वारा सम्मान २०७२
- लैनसिंह वाङ्देल साहित्य, कलकत्ता भारतद्वारा सम्मान २०७२
- केवलपुरे किसान जनमत साहित्यिक सम्मान २०७३
- रेडियो मकालु धनकुटा सम्मान २०७३
- निर्भय अवार्ड सिलिगुढी २०१६
- मारवाडी महिला संघ धरानद्वारा सम्मान २०७३
- विश्वआदर्श उच्च मा.वि इटहरीद्वारा सम्मान २०७३
- दृष्टि समाज धरानद्वारा सम्मान २०७३
- विर्तामोड नागरिक समाज विर्तामोड झापा सम्मान २०७३

  (मध्यपश्चिमाञ्चल विश्वविद्यालय वीरेन्द्रनगर सुर्खेत, **साहित्यकार झमक घिमिरे :जीवनवृत, कृतित्व र योगदानको संक्षिप्त परिचय** (विशेष दीक्षान्त समारोह २०७३ भाद्र २०) पृष्ठ ८-९ ।

- दमक पुरस्कार (२०७५)

- कीर्तिमय राष्ट्रदीप चतुर्थश्रेणी पदक २०७५
- प्रा. टीकाप्रसाद शर्मा वस्ती पुरस्कार २०७५
- सिद्धिकर्ण प्रतिभा + शारा थापा पुरस्कार २०७५
- स्व. किशोरी खतिवडा स्मृति पुरस्कार २०७५

## २.१७ निष्कर्ष

झमक घिमिरे धनकुटा जिल्लाको कचिँडे भन्ने गाउँमा वि. सं. २०३७ असार २१ गते मध्यमवर्गीय परिवारमा जन्मिएकी हुन् । जन्मदै शारीरिक रुपमा अशक्त झमक घिमिरेको बाल्यकाल निकै कष्टमय व्यतित भएको थियो । शारीरिक रुपमा अशक्त भएर जन्मनु अनि हुर्कनु नेपाली समाजमा अलि गाह्रो रहेछ भन्ने विचार उनका विभिन्न लेख रचनामा पाइन्छन् । खाने मुखलाई जुँगाले छेक्दैन भने झैँ शारीरिक दुर्बलतालाई सहज स्वीकारेर पनि स्वअध्ययनमा अरूले पढेको देखेर आफूभित्र पनि पढ्ने र लेख्ने अभिरुची क्रमशः बढ्दै गएको कुरा शोधनायिकाको जीवनीको अध्ययनबाट थाहा पाउन सकिन्छ । घिमिरे आफूलाई समयसँगै विज्ञान प्रविधिका साधनहरू मोबाइल, इन्टरनेट, ल्यापटप चलाउन, नयाँनयाँ ठाउँको अवलोकन गर्न, घुमफिर गर्न रुचाउँछिन् । सामाजिक शोषण अन्याय अत्याचार, विकृतिविसङ्गतिको विरोध गर्दै नेपाली समाजको अग्रगमन रुपान्तरका लागि सदैव क्रियाशील रहिरहन रचाउने विचार उनको छ । पूनर्जन्म, पूर्वजन्म, भाग्यवाद र रूढीवादी विचारमा विश्वास नगर्नु, सामाजिक, आर्थिक, लैङ्गिक, वर्गीय, जातीय एवम् साम्प्रदायिक सबै खाले विभेदको विरुद्ध आफूलाई स्पष्ट विचार राख्न मन पर्ने स्वभाव उनको जीवनी र साहित्यिक कृतिको विषयवस्तुबाट स्पष्ट हुने देखिन्छ । जीवनलाई सृष्टिकै सुन्दर फूल भनेर अर्थ्याउने झमक संघर्ष, मेहेनत र कर्मशीलतामा विश्वास गर्नु पर्दछ भन्ने उनको जीवन दर्शन रहेको छ ।

# तेस्रो परिच्छेद

# झमक घिमिरेको व्यक्तित्व


## ३.१ विषयपरिचय

व्यक्तित्व शब्दले व्यक्तिमा हुने वैयक्तिक विशेषता, गुण वा निजीपनलाई बुझाउँछ । कुनै पनि व्यक्तिको व्यक्तित्व उसले आफ्नो जीवन अवधिमा गरेका विभिन्न कार्यहरू तथा जीवनका आरोह-अवरोह र जीवनभोगाइका आधारमा निरूपण गर्न सकिन्छ । व्यक्तित्व निर्माणमा व्यक्तिको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक पृष्ठभूमिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, साथसङ्गत र जीवनजगत् प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई प्रकारको हुन्छ । बाह्य व्यक्तित्व उसको रूप, रङ्ग, बनोट अर्थात् समग्रमा उसले जीवनमा गरेका महत्वपूर्ण कार्यहरूसँग सम्बद्ध हुन्छ (सुबेदी, २०७२ : १४२) । व्यक्तित्वबाट नै व्यक्ति समाजमा परिचित हुन्छ । कुनै व्यक्तिले गरेका विकासात्मक र रचनात्मक कार्यमा आफ्नो व्यक्तित्वको छाप समाजमा छोडेको हुन्छ । एउटै व्यक्ति साहित्य, समाज, शिक्षा, पेसा आदि क्षेत्रमा समर्पित हुँदा उसको व्यक्तित्वका भिन्न पाटाहरूको निर्माण हुन्छ ।

झमक घिमिरेको व्यक्तित्वलाई बाह्य र आन्तरिक गरी दुई भागमा छुट्याएर अध्ययन गरिएको छ । विशेषतः शारीरिक बनोट र उनले गरेका विविध कार्यहरूका आधारमा उनको व्यक्तित्व बहुआयमिक देखिन्छ । विभिन्न क्षेत्रमा गरेका कार्य र योगदानका आधारमा झमक घिमिरेको बहुआयामिक व्यक्तित्वका पाटाहरूको चर्चा तल गरिएको छ ।

## ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

झमक घिमिरे बहुआयमिक व्यक्तित्व भएकी व्यक्ति हुन् । उनी साहित्यिक र साहित्येतर क्षेत्रमा संलग्न रहेकी छन् । घिमिरेमा बाल्यकालदेखि नै साहित्य सिर्जना गर्नेतर्फको झुकाव रहेको देखिन्छ । मिलनसार, सहयोगी, स्पष्टवक्ता, निर्भिक, दुःखमा पाएका उपलब्धीभित्र नै जीवनका सुखका अनुभूति भेटिने विचार भएकी व्यक्ति हुन् । त्यसैले घिमिरेले विभिन्न क्षेत्रमा रहेर गरेका कामको आधारमा उनको व्यक्तित्वका विभिन्न पाटाहरूमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।




### ३.२.१ शारीरिक व्यक्तित्व

कृष्णबहादुर घिमिरे र आशादेवी घिमिरेको प्रथम सन्तानका रुपमा झमक घिमिरेले जन्म लिएकी हुन् । जन्मदा उनी अन्य शिशु झैं देखिन्थिन् तर उनलाई मस्तिष्क पक्षाघात जस्तो गम्भीर रोग लागेको थियो । यसकै असरले हुर्कदै जादा अरु शिशु सरह उनका हातगोडा सक्रिय हुन सकेनन् । उनको बोली पनि आएन र उनी बहु अपाङ्गताका अवस्थामा रहन पुगिन् । बाल्यकाल छँदा आफैं हिँड्डुल, दिसा पिसाब गर्न र खान समेत नसक्ने झमकलाई सबै कुरामा अरुको सहयोग चाहिन्छ । तर हाल भने आँफै खान र सामान्य रुपमा घिस्रिएर आफुले सुत्ने खाट, आफ्नो पुस्तकालय मिलाएर अध्ययनका लागि आवश्यक सामग्री आफैं खोजी गरी कार्य सम्पन्न गर्न सक्छिन् । उनका हातहरु चल्दैनन् भने गोडा चाहिँ सामान्य तवरले चल्दछन् । उनले गर्न सक्ने जति काम सबै गोडाका माध्यमबाट गर्छिन् । उनमा श्रवण शक्ति र बुझ्न सक्ने क्षमता भने निकै असाधारण रहेको छ । शारीरिक रुपमा सामान्य मानिसले सोचेभन्दा उनको क्षमता बिल्कुलै भिन्न प्रकृतिको रहेको छ । उनको असाधारण व्यक्तित्वले गर्दा नै उनको जीवनमा बहुआयामिक व्यक्तित्व रहेको छ ।

झमक घिमिरे शारीरिक रुपमा जति अशक्त देखिन्छिन् तर उनको प्रवृत्ति र कर्मले अन्य मानिसभन्दा बिछट्ट क्षमताकी छिन् । ५ फिट २ इन्च उचाइ र लगभग ६५ के. जी. वजन भएकी झमक गहुँगोरो वर्णकी छिन् । हेर्दा जतिखेर पनि हँसिलो चेहेरा देखिएपनि उनमा रहेको शारीरिक अशक्तताका कारण मुखबाट र्‍याल बगिरहन्छ ।

### ३.२.२ साहित्यिक व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व त्यस व्यक्तिद्वारा सिर्जित कृतिका आधारमा निर्धारित हुन्छ । भाषिक कलाका रूपमा चिनिने साहित्य क्षेत्रमा कलम चलाएपछि कुनै पनि व्यक्तिको

साहित्यिक व्यक्तित्व निर्माणको जग बस्न थाल्छ । कविता कथा, नाटक, निबन्ध, समालोचना आदि विधागत योगदानबाट नै साहित्यिक व्यक्तित्वको निमार्ण हुन्छ (फुयल, २०७३ : ३९) । साहित्य लेखनमा सानै उमेरदेखि रुचि राख्ने झमक घिमिरेको साहित्य लेखनको प्रारम्भ २०५३ सालमा कविता विधाबाट सुरु भएको हो । यसपछि उनको साहित्यिक लेखन एउटै विधामा केन्द्रित नभई कथा, निबन्ध, दैनिकी डायरी जस्ता विविध विधाहरूमा विस्तार भएको देखिन्छ । झमकले विभिन्न साहित्यिक विधागत सिर्जनालाई २०५५ सालबाट पुस्तकाकार कृतिको रूपबाट प्रकाशनमा ल्याएकी छन् । तसर्थ यिनै माथिका साहित्यिक लेखनको आधारबाट घिमिरेको विभिन्न साहित्यिक व्यक्तित्वलाई विभिन्न उपशीर्षक दिएर तल चर्चा गरिएको छ ।

### ३.२.२.१ कवि व्यक्तित्व

कविता झमक घिमिरेको सुजनाको मूल विधा हो । उनका हालसम्म ६ वटा कविता सङ्ग्रहहरु प्रकाशित भएका छन् । त्यस्तै गरी उनको एउटा अवसान पछिको आगमन नामक क्वाँटी संग्रह भनि नामकरण दिएको कृतिभित्र पनि केही कविताहरु सङ्ग्रहीत भएका छन् । उनका छ वटा कवितासङ्ग्रह र क्वाँटी सङ्ग्रहभित्र समेत गरी ४०० भन्दा बढी कविता प्रकाशित भएका छन् । उनले फुटकर कविताका साथै गीत, मुक्तक र हाइकुको समेत सिर्जना गरेकी छन् । उनी बाल कवितामा पनि कलम चलाउँछिन् ।

समकालीन जीवनका यथार्थहरुलाई विषयवस्तु बनाएर मुक्तलयमा लेखिएका झमकका कवितामा राजनीतिक, सामाजिक, विकृति, विसङ्गति र अव्यवस्थाप्रतिको तिखो आलोचना रहेको छ । सङ्कल्प कवितासङ्ग्रहदेखि प्रेमिल आकाशसम्मका उपर्युक्त सङ्ग्रहभित्रका कविताहरुको अध्ययन गर्दा सुरुदेखि नै उनमा आलोचनात्मक चेत रहेको छ र त्यो चेतभित्र समाज परिवर्तनको आकाङ्क्षा प्रस्ट रुपमा अभिव्यक्त भएको पाइन्छ । मान्छेका बाध्यता, विवशता, आशा, निराशा, पलायन, सङ्घर्ष, जिजीविषा आदि अनेक भावहरुले कवितामा प्रश्रय पाएका छन् । राजनीतिक, सामाजिक परिवर्तन एवं समाज र राष्ट्रको समृद्धि नै उनका कविताको अभीष्ट हो । अन्धविश्वास, सामाजिक कुरीति र विभेदप्रति उनले यत्रतत्र प्रहार गरेकी छन् । राष्ट्रियता, देशप्रेम, नारी चैतन्य, मानववाद र मानवतावादका साथै वर्गीय चिन्तन र चेतना पनि उनका कवितामा पाइन्छ । सुरुका कविता आभ्यासिक नै देखिए पनि यात्राका क्रममा तिनमा स्तरीयताका साथै कवित्व शक्ति र सामर्थ्य पनि प्राप्त हुँदै गएको छ । प्रकृति,

संस्कृति र समाजबाट टिपिएका नयाँनयाँ बिम्ब र तिनीहरुको प्रयोगले कवितालाई सुस्वाद बनाएका छन् । स्वाभाविक भाषिक विन्यास एवं विचारको प्रस्ट अभिव्यक्तिले गर्दा कविता सरल, सहज र बोधगम्य पनि बनेका छन् (मध्यपश्चिमाञ्चल विश्वविद्यालय वीरेन्द्रनगर सुर्खेत, **साहित्यकार झमक घिमिरे : जीवनवृत, कृतित्व र योगदानको संक्षिप्त परिचय, पृ.११**) ।

### ३.२.२.२ कथाकार व्यक्तित्व

झमक घिमिरेको एक मात्र कथा सङ्ग्रह पर्दा, समय र मान्छेहरु हो । यसबाहेक अवसानपछिको आगमनमा पनि एउटा अनूदित एवं केही कथा र बालकथा समेटिएका छन् । पर्दा, समय र मान्छेहरुमा लामा र छोटा गरी एघारवटा कथाहरु समेटिएका छन् । खै मेरो स्वतन्त्रता ? वेश्याहरुको आन्दोलन, परिवर्तन र सङ्घर्ष, पर्दा, समय र मान्छेहरु, प्रजातन्त्रको सहिद जस्ता शीर्षक रहेका यी कथामा झमकले मानवीय मूल्य, मान्यता र जन जीवनका भोगाइहरुलाई कथावस्तुको रुप दिएकी छन् । यिनमा खासगरी तथाकथित प्रजातन्त्रका विकृति र विसङतिप्रति तिखो व्यङ्ग्य गरिएको छ । कथानक, पात्र र परिवेशको समुचित विकास र सन्तुलन हुन नसके पनि र विधागत हिसाबले यी एक प्रकारले कलात्मक निबन्ध जस्ता लागेपनि यिनले समाजमा सकारात्मक सन्देश दिन्छन् । **साहित्यकार झमक घिमिरे : जीवनवृत, कृतित्व र योगदानको संक्षिप्त परिचय, पृ.१३**) । झमक घिमिरेलाई कविता र निबन्धमा जुन सफलता प्राप्त भएको छ कथामा त्यस्तो सफलता प्राप्त छैन तापनि यसले झमकमा रहेको साहित्यका सबै विधाप्रतिको रुचि र क्रियाशीलतालाई उजागर गरेको छ ।

### ३.२.२.३ निबन्धकार व्यक्तित्व

निबन्ध र प्रबन्ध झमक घिमिरेको कवितापछिको लेखनको अर्को विधा हो । उनी ललित निबन्ध र प्रबन्ध (लेख) दुबै किसिमको लेखनमा सिद्धहस्त छिन् । उनको बेमौसमको आस्थाहरु र जीवन काँडा कि फूल निबन्धात्मक कृति हुन् भने सम्झनाका बाछिटाहरु र रात र भूतप्रेतहरुको सन्त्रास प्रबन्धात्मक कृति हुन् । पछिल्ला दुईलाई लेखसङ्ग्रह भने पनि यी वस्तुपरक निबन्ध नै हुन् । उनले कान्तिपुर लगायतका पत्रिकामा स्तम्भ लेखन मार्फत जुन सिर्जनाहरु प्रस्तुत गरेकी छन् ती समसामयिक विषयवस्तुमा आधारित विचारोत्तेजक वस्तुपरक निबन्ध हुन् । तिनमा आफ्ना दृष्टिकोण र तर्कलाई समावेश गरेर विषयको प्रतिवादन गरिएको छ । समकालीन युग जीवनका राष्ट्रिय अन्तराष्ट्रिय विषयहरु यिनमा प्रस्तुत भएका छन्  र यिनले पाठकको मनलाई सजिलैसँग प्रभाव पार्ने क्षमता राख्छन् ।

झमक घिमिरेको बेमौसमको आस्थाहरु आत्मपरक वैचारिक निबन्ध सङ्ग्रह हो भने जीवन काँडा कि फूल आत्म संस्मरणात्मक निबन्ध हो । यसलाई आत्म जीवनी वा आत्मकथा पनि भनिएको पाइन्छ । अवसानपछिको आगमन सङ्ग्रहमा केही संस्मरणात्मक बैचारिक निबन्धहरु समाविष्ट छन् । झमकले जीवन काँडा कि फूल कृतिमा आफ्ना जीवनसँग सम्बन्धित स्मृतिलाई नढाँटिकन खुलस्त ढङ्गले अभिव्यक्ति दिएकी छन् । यसबाट झमकको जीवनीलाई खुला रुपमा बुझ्न सकिन्छ । ४७ वटा शीर्षकमा विभाजित यस कृतिमा उनले आफ्नो बाल्यकाल, किशोर र युवावस्था, जीवनका भोगाइ अनि सङ्घर्ष, उपलब्धि लगायतका विषयलाई यथार्थ रुपमा प्रस्तुत गरेकी छन् । **साहित्यकार झमक घिमिरे : जीवनवृत, कृतित्व र योगदानको संक्षिप्त परिचय, पृ.१२**) । यस क्रममा नेपाली समाजमा व्याप्त अन्धविश्वास, कुरीति, घर परिवारको अवस्था, सोचाइ, व्यवहार र तिनप्रति आफूले गरेका सङ्घर्ष आदिको पनि प्रस्तुति छ ।

### ३.२.२.४ डायरी वा दैनिकी लेखक व्यक्तित्व

डायरी वा दैनिकी लेखन पनि झमक घिमिरेको सिर्जनाको अर्को एउटा उर्वर पाटो हो । घिमिरेले जहिलेदेखि कविता सिर्जना गर्न थालेकी हुन् त्यसबेलादेखि नै डायरी पनि लेख्न थालेको पाइन्छ । २०५३ सालदेखि २०५५ सालमा लेखिएका दैनिकीलाई अवसानपछिको आगमन सङ्ग्रहमा समाविष्ट गरिएको छ भने २०६० र २०६१ सालको दैनिकीलाई समय बिम्ब कृतिमा समेटिएको छ । डायरीबाट पाठकसँग दोहोरो संवाद स्थापित हुन्छ भने यसबाट डायरी लेखकको दिनचर्या, दृष्टिकोण र मूल्य, मान्यतालाई बुझ्न् पनि सहयोग पुग्दछ ।

झमकले आफ्ना डायरीमा नितान्त व्यक्तिगत प्रसङ्गलाई मात्र लेखेकी छैनन् । उनी बाँचेको समयका बिम्ब प्रतिबिम्बहरुलाई पनि सजीव रुपमा उतारेकी छन् । उनका डायरीमा पीडादायी भावनाहरु छन भने कहीँ खुसी र आनन्दको भावहरु प्रकटित भएका छन् । शिक्षा, साहित्य, संस्कृति, धर्म, दर्शन आदि विविध पक्षहरुले यसमा अभिव्यक्ति पाएका छन् । **साहित्यकार झमक घिमिरे : जीवनवृत, कृतित्व र योगदानको संक्षिप्त परिचय, पृ.१३**) ।

समाजका कुरुप पक्षको आलोचना र रुपान्तरण गर्ने विचार प्रस्तुत गुर्न उनका डायरीगत लेखनको मूल वैशिष्ट्य हुन् ।

#### ३.२.२.५ समीक्षक व्यक्तित्व

झमक घिमिरेले समीक्षा सम्बन्धी हुँदै कृति प्रकाशन नगरे पनि उनमा समीक्षा सम्बन्धी चेत भने निकै प्रखर देखिन्छ । उनले अवसानपछिको आगमनमा प्रतिक्रिया शीर्षकमा पारिजातका कृतिहरुको अत्यन्त सङ्क्षिप्त र सटीक समीक्षा गरेकी छिन् । यसबाट उनमा विधागत चेतना र सौन्दर्य शास्त्रीय दृष्टिकोण पनि छ भन्ने स्पष्ट हुन्छ । उनका निबन्ध र प्रबन्धमा पनि समीक्षात्मक चेत रहेको छ । कुनै पनि वस्तुलाई हेर्ने, बुझ्ने र पारख गर्ने उनको दृष्टि र त्यस सम्बन्धीको सौन्दर्य बोधमा प्रगतिशील चेतना पाइन्छ । उनी हरेक वस्तुलाई जीवनवादी र प्रयोजनपरक दृष्टिले हेर्छिन् । श्रम, सिप र पसिनाको मूल्यको खोजी उनका लेखनमा पाइन्छ । उनी समाजलाई परम्परागत रुढिग्रस्त मानसिकता र मूल्य मान्यताका कोणबाट हेर्न रुचाउँछिन् । यसले गर्दा उनका रचनामा अग्रगमन र परिवर्तनको स्वर प्रस्ट रुपमा अभिव्यक्त भएको हुन्छ । उनी मूलतः स्रष्टा व्यक्तित्व हुन् तापनि उनमा द्रष्टा व्यक्तित्व पनि छ जसले गर्दा उनका रचनाहरुमा आलोचनात्मक दृष्टि प्रखर रुपमा प्रकट भएको छ । **साहित्यकार झमक घिमिरे : जीवनवृत, कृतित्व र योगदानको संक्षिप्त परिचय, पृ.१४**) । आफ्ना रचनामा समाजका असङ्गति र विद्रूपताहरुको आलोचना गरी एउटा आदर्शपूर्ण वैज्ञानिक समाजको निर्माण गर्ने चेतनालाई प्रस्तुत गर्नु समीक्षात्मक दृष्टिकोण नै हो ।

#### ३.२.२.६ चित्रकार व्यक्तित्व

झमक घिमिरेले चित्रकलाको पनि सृजना गरेर चित्रकार व्यक्तित्वको पहिचान निर्माण गरेकी छन् । २०६४ सालमा काठमाडौंमा उनका चित्रहरुको प्रदर्शनी पनि भएको थियो । उनका पानी चित्रहरू छन् र उनले अधिकांश चित्रहरू आफ्नै कविताका भावमा आधारित भएर सृजना गरेकी छन् । आफ्ना प्रकाशित कृतिहरुको बाह्य आवरणमा प्रस्तुत गरिएको चित्रहरू प्राय उनी आफैँले निर्माण गरेकी हुन् । यो उनको लुकेको पाटो हो । यसले उनमा चित्रकलाप्रति पनि अभिरुचि रहेको छ भन्ने प्रस्ट पार्दछ ।

### ३.३ निष्कर्ष

झमक घिमिरे आधुनिक नेपाली साहित्यका क्षेत्रमा औपचारिक रुपमा वि. सं. २०५५ मा संकल्प कवितासङग्रहको प्रकाशन भएसँगै प्रवेश गरेकी हुन् । त्यसपछि आजको समयसम्म आइपुग्दा उनका तेह्रवटा साहित्यिक कृतिहरु प्रकाशनमा आएका छन् । **जीवन कि काँडा फूल** नामक आत्म जीवनीपरक निबन्धले २०६७ सालमा मदन पुरस्कार पाउन सफल कृति हो । झमक घिमिरेका हालसम्म छ वटा कवितासङ्ग्रह, एउटा कथासङ्ग्रह र छवटा लेखसङ्ग्रह तथा निबन्धसङ्ग्रह प्रकाशित भइसकेका छन् ।

हालसम्म पनि झमक नेपाली साहित्यको उन्नयनका लागि सक्रिय रुपमा लागिरहेकी छन् । उनका साहित्यिक रचनाबाट व्यक्तित्वको पहिचान गर्दा कवि व्यक्तित्व, निबन्धकार व्यक्तित्व, कथाकार व्यक्तित्व, समीक्षक व्यक्तित्व, दैनिकी व्यक्तित्व र चित्रकार व्यक्तित्व रहेको छ । झमकका साहित्यिक कृतिगत विशेषतालाई संक्षिप्तमा उल्लेख गर्नुपर्दा मानवतावाद, राष्ट्रपेमी, नारी पक्षधरता, सामाजिक विकृतिविसङ्गतिको चित्रण, विद्रोही चेतना, अस्थिर राजनीतिक व्यवस्थाप्रतिको विरोधी चेतना, बाल्यकालीन समयप्रतिको मोह, अन्धविश्वास र कुप्रथाप्रति विद्रोह र समाज सुधारको कामना, क्रान्तिकारी चेतना, शान्तिको कामना, आशावादी स्वर आदि हुन् । उल्लिखित विवरणले झमक घिमिरे एक बहुप्रतिभाशाली व्यक्तित्व र समाज र राष्ट्रको उन्नति चाहाने व्यक्ति प्रतिभा हुन् ।

# चौथो परिच्छेद

# झमक घिमिरेका कविताको  अध्ययन र विश्लेषण

## ४.१ विषयप्रवेश

झमक घिमिरेका **सङ्कल्प** (२०५५), **आफ्नै चिता अग्निशिखातिर** (२०५७), **मान्छेभित्रका योद्धाहरू** (२०५७), **नौलो प्रतिबिम्ब** (२०६०), **झमक घिमिरेका कविताहरू** (२०६५) र **प्रेमिल आकाश** (२०७३) गरी हालसम्म छ ओटा कविता सङ्ग्रह प्रकाशित भएका छन् । यस परिच्छेदमा खगेन्द्रप्रसाद लुइटेलद्वारा लिखित **नेपाली काव्य समालोचना** नामक कृतिलाई मुख्य आधार बनाइएको छ । यहाँ कविताका संरचक घटकहरू अन्तर्गत आउने विषयवस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैली जस्ता पक्षबाट काव्य कृतिहरुको विश्लेषण गरिएको छ ।

## ४.२ सङ्कल्प कवितासङ्ग्रहको विश्लेषण

### ४.२.१.विषयपरिचय

वि.सं. २०५५ साल वैशाख १ मा  झमक घिमिरेको **संङ्कल्प** कवितासङ्ग्रह प्रकाशित भएको हो । यस सङ्ग्रहभित्र जम्मा २५ वटा कविता सङ्गृहीत छन् भने जम्मा ३८ पृष्ठ रहेको छ । प्रस्तुत कवितासङ्ग्रह हुलाक कर्मचारी कल्याण समिति विराटनगरले प्रकाशन गरेको हो  भने मुद्रक ईश्वरी छापाखाना, विराटनगर र आवरण के.एन. श्रेष्ठले गरेका हुन् । । डिमाइ आकारमा रहेको यो कृतिको बाह्य आवरण गाढा सेतो रङ्को र त्यसको अघिल्लो आवरणमा कवि स्वयमको खुट्टाले लेख्दै गरेको फोटो राखिएको छ । लेखक स्वयमको भूमिका, प्रकाशकीय भूमिका, हुलाक कर्मचारी कल्याण समिति मोरङ, विराटनगरका तत्कालिन महासचिव भीम कोइरालाको भूमिका लेखनहरु समावेश गरिएको छ । घिमिरेको साहित्य लेखन यात्राको पहिलो प्रकाशनमा आएको यस कृतिको महिमा निकै रहेको छ । यस कवितासङ्ग्रहभित्र समावेश गरिएका कविताहरुमा  **संङ्कल्प, अन्तिम सलाम, सम्मान, जीवन र जल, प्रकृतिका बज्रपातहरू, लुटिएको अस्मिता, आधारशिला, अनुभूतिको सपथग्रहण, यहाँ मान्छे, छि: शहर, अझ आकाङ्क्षा मरेको छैन, फेशन, प्रतिभाको आत्महत्या, मुसुक्क हाँसेकी छु, ती प्रतिमूर्ति पारिजातहरू, कहाँ छ शान्ति, यहाँ बाल-अधिकार रोइरहेछ, जबान शक्तिहरू, आकाङ्क्षाको मैन ? ऋतु, पौढ, छ्याक, जनताको गाउँ, एउटा रोगी र इतिहास नं. - १** जस्ता कविताहरू यस सङ्ग्रहभित्र सङ्गृहीत छन् ।

**संङ्कल्प** शीर्षकको कवितालाई सिङ्गै कविता सङ्ग्रहको नेतृत्व गर्ने गरी कविले सुरुमै राखेकी छिन् भने प्रत्येक कविताहरू आदि, मध्य र अन्त्यको संरचना विधानमा संरचित छन् ।

घिमिरेका यस सङ्ग्रहका कविताहरू मौलिक छिन् । समाज, जीवनजगत र विशेषतः आत्मानुभूतिको भावनालाई काव्यकृतिमा उतार्ने प्रयास गरिएको छ । समसामयिकताप्रतिको तीखो व्यङ्ग्य यस कवितासङ्ग्रहको थप मौलिक वैशिष्ट्य हो । उनका प्रायः कविताहरूमा कतै व्यक्तिका आत्मग्लानी, कतै व्यक्तिका भावविह्वलता, कतै व्यक्तिका संवेदनशीलता तथा क्रान्तिकारी भावनाहरू प्रकट भएका छन् । अतः प्रस्तुत सङ्ग्रहका कविताहरूमा घिमिरेले मनमा उत्पन्न भावनाहरूलाई इमान्दारीपूर्वक प्रस्तुत गर्ने क्रममा उनले समाजमा देखेका, भोगेका र अनुभव गरेका यथार्थ विषयवस्तुलाई सरल भाषा शैलीमा प्रयोग गरेकी छिन् ।

### ४.२.१.१ विषयवस्तु

कृतिमा बाह्य प्रकाशनको सारवस्तु अंश वा सारतत्व तथा आन्तरिक सत्व वा गुदीलाई वस्तु भनिन्छ । यो जुनसुकै कृतिलाई अस्तित्व प्रदान गर्ने सर्वप्रमुख तत्व हो (लुइटेल, २०६७ :१५) । कृतिमा वस्तुको प्रकृति अनुरूप कृति फरक फरक हुने भएकाले प्रगीतात्मक कविताको पहिलो आधारभूत संरचक घटक मानिने भाव वा विचार मूलवस्तु वा मूल कथ्य हो र यो कार्यव्यापारमा अर्न्तनिहित हुन्छ । त्यस्तैगरी आख्यानात्मक कवितामा घटना, प्रसङ्ग वा कथानक र नाटकीय कवितामा कार्यव्यापार वा द्वन्द्वका रूपमा वस्तुको उपस्थिति रहन्छ । कविता सिर्जनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ । काव्य सिर्जनाका लागि विषयवस्तुको चयनमा कवि स्वतन्त्र हुने भएकाले पृथक-पृथक विषयवस्तुको चयन गरी कविले संसारका जुनसुकै वस्तु, प्रकृति, संस्कृति, प्रेम, भूगोल, इतिहास, राजनीति, धर्म, मानवीय स्वभाव, अनुभूति तथा तात्कालिक यथार्थ वस्तुस्थिति आदिको बिम्ब काव्यमा उतार्दछ । यिनै विषयवस्तुमा कविताको बीज विचार वा प्रमुख भाव नै नैतिक, औपदेशिक, भावात्मक, रागात्मक, सौन्दर्यमूलक आदि जे पनि भएको हुन्छ (लुइटेल, २०६७ : १६) ।

घिमिरेका यस सङ्ग्रहका कविताहरू मौलिक छिन् । समाज, जीवनजगत र विशेषतः आत्मानुभूतिको भावनालाई काव्यकृतिमा उतार्ने प्रयास गरिएको छ । समसामयिकताप्रतिको तीखो व्यङ्ग्य यस कवितासङ्ग्रहको थप मौलिक वैशिष्ट्य हो । उनका प्रायः कविताहरूमा कतै व्यक्तिका आत्मग्लानी, कतै व्यक्तिका भावविह्वलता, कतै व्यक्तिका संवेदनशीलता तथा क्रान्तिकारी भावनाहरू

प्रकट भएका छन् । अतः प्रस्तुत सङ्ग्रहका कविताहरूमा घिमिरेले मनमा उत्पन्न भावनाहरूलाई इमान्दारीपूर्वक प्रस्तुत गर्ने क्रममा उनले समाजमा देखेका, भोगेका र अनुभव गरेका यथार्थ विषयवस्तुलाई सरल भाषा शैलीमा प्रयोग गरेकी छिन् । विभिन्न विषयवस्तु वा भाव भएका कविताहरूलाई तल विभिन्न उपशीर्षकमा राखेर अध्ययन तथा विश्लेषण गरिएको छ :

**(क) राष्ट्रप्रेम**

**सङ्कल्प** नामक कवितासङ्ग्रहमा सङ्कलित कतिपय कविताहरू राष्ट्रप्रेमको भावले ओतप्रोत छन् । ती कविताहरूमा *अन्तिम सलाम, सम्मान, लुटिएको अस्मिता, रगतको निसानी, मेरो आफ्ना गीतहरू, रक्तनदी, मेरो भमिसेनको वीभत्स मृत्युपछि गिद्धहरू, मेरो हराएको छायाँ* हुन् । यी कविताहरूमा कविले देश व्यक्तिको पहिचान हो । चिनारी हो । कुनै पनि व्यक्तिलाई चिनाउने मूल आधार भनेकै देश भएकाले देशको रक्षातर्फ लाग्नु प्रत्येक नागरिकको दाहित्व हो । आफ्नो देश र जनताको लागि ज्यान दिन समेत तयार हुनु राष्ट्रवादी नागरिकको कर्तव्य हो । राष्ट्रभक्ति भएको मानिस कुनै पनि समय र परिस्थितिबाट भाग्न सक्दैन् । अन्तिम क्षणसम्म पनि देशकै लागि लडिरहन्छ भन्ने भाव बोकेको *अन्तिम सलाम* कविताको एक अंशका माध्यमबाट कवि घिमिरे भन्छिन् :

मैले जीवन - यथार्थमा,
जति गर्नुपर्ने यात्रा गरिसकेको छु ।
अब नरोक तिमी मलाई,
मेरो प्राणको अन्तिम सलाम ठोकिसकेको छु ।
अब नरोक मलाई ..................... ।

**(अन्तिम सलाम, पृ.७)**

माथिको कवितांशमा कवि घिमिरेले राष्ट्रको उद्धारका लागि युद्धभूमिमा गएको योद्धालाई कसैले रोक्न र छेक्न नसक्ने भाव व्यक्त गरेकी छन् । यतिमात्र नभएर अन्तिम समय आएपछि प्रत्येक देशका लागि मर्न र मार्न तयार हुने क्रममा कसैले कसैलाई रोक्न नहुने, आफ्नो लक्ष्यमा पुग्न दिनुपर्ने भाव यस कवितांशले दिएको छ ।

प्रत्येक नागरिक आफ्नो जन्मभूमिमा रमाएर बाँचिरहेको हुन्छ । जतिसुकै दुःख र पीडा आए पनि त्यसलाई सहेर देशको विकास र संरक्षणमा लागिरहन्छ । यो एक असल देशभक्ति नागरिकको कर्तव्य हो भन्ने भाव बोकेको *सम्मान* कविताको एक अंशका माध्यमबाट कवि भन्छिन् :

खटपटाउँछु मेरी जननी माताको शवासनमा ।

रमाउँछु यो जन्मस्थलको भाउमा ।

म पलाउँछु वसन्तको याममा ।

म मरी बाँच्छु चन्द्र र सूर्य ध्वजाको सम्मानमा ।

**(सम्मान, पृ.८)**

यस कवितांशमा कविले म आफ्नै जन्मभूमिमा रमाउँछु, बाँच्छु र अरूलाई बचाउने काममा लागिरहन्छु । वसन्तको याममा जताततै फैलन्छु । हरियाली हुन्छु । यसैमा नै मेरो जीवन रमाइरहेको हुन्छ । मरेर गए पनि चन्द्र र सूर्यको सम्मानमा युगौं युगसम्म बाँचिरहने भाव व्यक्त गरेकी छन् ।

सगरमाथा प्रत्येक नेपालीको चिनारी हो । त्यसैले प्रत्येक नेपालीको धुकधुकीमा सगरमाथा धड्कीरहनुपर्छ । पासाङ र तेन्जिनले जस्तै सगरमाथा चुम्ने शाहस बोकेर जीवनलाई सार्थक बनाउने काममा लाग्नुपर्छ भन्ने भाव बोकेको *अनुभूतिको शपथग्रहण* कविताको माध्यमबाट कवि घिमिरे भन्छिन् :

कलमका खम्बाको सहारामा

पासाङ र तेन्जिङ्का चाहनाहरूले

सगरमाथा आरोहण गर्नेछन् ।

सेतो वस्त्र पहिरिएको सगरमाथा

शिरमा रातो चन्द्र र सूर्य ध्वजा

पहिरी मुसुक्क हाँसेको ।

**(अनुभूतिको सपथग्रहण, पृ.१०)**

प्रस्तुत कवितांशमा कविले कलम र खम्बाको सहारामा पासाङ र तेन्जिङ जस्ता कयौं नेपालीहरूले नेपाललाई विश्वमा चिनाएका छन् । आफ्नो छातीमा आफ्नै सन्तानलाई टेकाउन पाउँदा

सेतो पहिरन र शिरमा रातो चन्द्र र सूर्यको ध्वजा पहिरी मुसुक्क हाँसेको सगरमाथा दङ्ग छ । खुसीले रमाएको छ । गौरवले छाती दरिलो बनाएको छ ।

**(ख) राजनीतिक व्यङ्ग्य**

**सङ्कल्प** नामक कवितासङ्ग्रहमा सङ्कलित कतिपय कविताहरूमा राजनीतिक व्यङ्ग्य हानिएको छ । यस्ता कविताहरूमा *छि शहर, फेशन, जबान जनशक्तिहरू, जनताको काट्टो, गाईजात्रे कुकुर बिरालाहरू, रक्त नदी, चट्टानभित्रको दर्पण* आदि हुन् । राजनीतिक व्यङ्ग्यको उत्कृष्ट प्रयोग भएका यी कविताहरूले नेपालमा १० वर्षसम्म चलेको जनयुद्ध र त्यस पछिका समयमा राजनीतिक क्षेत्रमा देखिएका विकृतिहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । सत्ता र भाषणको फेसनले गर्दा वर्तमान समयमा राजनीतिक क्षेत्रमा फरक फरक प्रकृतिका विकृतिहरू देखापरेकोप्रति व्यङ्ग्य भाव प्रस्तुत गर्न आएको कवितांशलाई तल उल्लेख गरिएको छ :

यहाँ कहीं सत्ताको फेसन,

यहाँ कहीं भाषणको फेसन ।

थरी-थरीका फेसन,

उफ् ! कति फेसन ?

**(फेशन, पृ.१५)**

प्रस्तुत कवितांशमा कविले राजनीतिक क्षेत्रमा फेसनले आफ्नो स्थान कायम राख्न पुगेको कुरालाई मूल भावका रूपमा प्रस्तुत गरेकी छन् । राजनीतिक क्षेत्रमा देखिएको फेसनका कारणले आजको मान्छे दिनप्रतिदिन आर्थिक मोहमा फस्दै गएको छ । जुनसुकै क्षेत्रमा पनि नातावाद र कृपावादले स्थान पाएका छन् ।

नेताहरू चुनावको समयमा म्याउँ-म्याउँ गरी भोग माग्न आउने, चुनावपछि गाउँबाट सुइँकुच्चा ठोक्ने खालका भएकोप्रति व्यङ्ग्य हानिएको अर्को कविताको एक अंशलाई तल उल्लेख गरिएको छ :

म्याउँ-म्याउँ, गरी-गरी

जनताको मत खोसौं

चुनाव पछि,

गाउँबाट सुइँकुच्चा ठोकौं ।

जनताले खोज्दा फुर्सद छैन भनी,

भाग्ने दाउपेज मिलाई चम्पट ठोकौं ।

चुनाव हुने एक दुई दिन अघि,

लुरु-लुरु गाउँ पसौं ।

**(जबान जनशक्तिहरू, पृ.२३)**

प्रस्तुत कवितांशमा कवि घिमिरेले चुनाव आएपछि गाउँमा म्याउँ-म्याउँ गर्दै आउने तर चुनाव जितेर गएपछि जनताले खोज्दा फुर्सद छैन भनेर भाग्ने चैते नेताहरूप्रति व्यङ्ग्य प्रहार गरेको छ । यसका साथै आफ्नो स्वार्थ पूरा भएपछि जनतालाई एक आँखाले पनि नहेर्ने, चुनाव आएपछि मात्र गाउँमा बिरालोझैं म्याउँ-म्याउँ गर्दै आउने वर्तमान समयका नेताहरूको प्रवृत्तिलाई कविताले व्यङ्ग्य हानेको छ ।

**(ग) प्रकृति प्रेम**

**सङ्कल्प** नामक कवितासङ्ग्रहमा सङ्कलित कतिपय कविताहरू प्रकृति प्रेममा आधारित छन् । प्रकृतिलाई मानवीकरण गरेर तथा प्रकृतिलाई नै मूल पात्र बनाएर रचना गरिएका यस्ता कविताहरूमा *ऋतु, जीवन र जल, प्रकृतिका बज्रपातहरू, खडेरी परेको मन* आदि छन् । प्रकृतिको सुन्दर प्रयोग गरेर लेखिएका केही कविताहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

मुर्छा परी हेरिन् प्रकृतिले

सौन्दर्यमा खिचिन् हरियाली तिनले

जयजयकार गऱ्यो सारा जगत्‌ले

नाच्यो उमङ्गले

भरियो सारा जगत् उमङ्ग र हरियालीले

पायो निश्चल मुस्कान प्रकृतिको

परिश्रमीहरू रमाए रमाए बडो चयनले

गुञ्जियो सारा गगन त्यो खुशीको गानाले ।

**(ऋतु, पृ. २७)**

माथिको कवितांशमा कवि घिमिरेले वसन्त ऋतुको आगमनसँगै प्रकृतिमा आउने अनेकन परिवर्तनको चर्चा कवितामा गरिएको छ । वसन्त ऋतुको आगमनसँगै प्रकृतिमा हरियाली छाउने, प्रकृतिमा देखिएको सौन्दर्य चेतनाको जयजयकार हुने, यस समयमा सम्पूर्ण प्राणी तथा मानव जाती नै आनन्दले रमाउने गरेको कुराको वर्णन गरिएको छ ।

समय क्रममा आउने विभिन्न प्राकृतिक विभक्तिका कारणले मानिसलाई समय-समयमा सताइरहने, प्राकृतिक घटनाहरूलाई कसैले रोक्न नसक्ने कुरा कवितामा व्यक्त गरिएको छ । यस कुरालाई कवितामा यसरी देखाइएको छ :

अब त कति खाउँ ?

ती तिम्रा शोषक लातहरू ।

अब त कति सहुँ ।

प्रकृतिका वज्रपातहरू ।

**(प्रकृतिका वज्रपातहरू, पृ.५)**

मथिको कवितांशमा कविले प्राकृतिक प्रकोपको सामु कसैको कही नचल्ने भाव व्यक्त गरेकी छन् । समय-समयमा प्रकृतिमा आउने प्राकृतिक विपत्तिका कारणले कयौंको मृत्यु हुने, कयौं आफन्त विहिन हुने, कयौं अपाङ्ग हुने जस्ता समस्याहरूको चर्चा पनि कवितामा गरिएको छ ।

### ४.२.१.२ सहभागी

सामान्यतया साहित्यिक सन्दर्भबाट हेर्दा साहित्यिक कृतिमा प्रयुक्त व्यक्ति पात्र वा चरित्रलाई सहभागी भनिन्छ । सहभागी वा पात्रहरू मानवका अतिरिक्त अमानव, जनावर तथा निर्जीव वस्तुहरू पनि हुनसक्छन् (लुइटेल, २०६७ :२०) । यस्ता गैर मानव वा मानवेतर वस्तुलाई लेखकले मानवीय व्यक्तित्वमा आरोपित गरी प्रस्तुत गर्छ । अतः साहित्यिक विधाका अनेक कृतिहरूमा प्रस्तुत गरिएका विभिन्न नामहरूलाई नै सहभागी भनिन्छ । साहित्यिक कृतिमा प्रयुक्त सहभागीहरूको वैयक्तिक गुण र कार्यव्यापार तिनले घटनावलीमा गर्ने कार्यका आधारमा निर्धारित हुन्छ । सहभागी कथानकमा आबद्ध हन्छन् र तिनैले कथानकलाई गतिशील तुल्याउँछन् । कृतिमा सहभागीहरूको सहभागिता वक्ता-श्रोता, सम्बोधक-सम्बोधित, प्रेषक-प्रापक आदिका रूपमा हन्छ । सहभागीहरूले यीमध्ये कुनै एकका रूपमा निर्दिष्ट भूमिका निर्वाह गर्छन् र परिस्थितिअनुसार यिनका भूमिकामा परिवर्तन आउन पनि सक्छ (लुइटेल, २०६७ : २१) ।

यस सङ्ग्रहका कविताहरूमा सहभागीका रूपमा मानव तथा मानवेत्तर पात्रहरू आएका छन् । कवितामा आएका मान्छे, जनता लगायतका सहभागीहरू मानवेत्तर पात्रका रूपमा आएका छन् भने प्रकृति, शहर, शान्ति, पारिजातहरू, ऋतु आदिलाई राख्न सकिन्छ । विभिन्न कविताहरूमा आएका सहभागीलाई उदाहरणका रूपमा उल्लेख गरिएको छ :

कस्तो अत्याचार,

कस्तो हैकमवाद !

शहर गाउँलाई फोहोरी लाटाहरूको

वस्त्र ठान्छ :

शहर गाउँको श्रम र पसिनाको

फाइदा उठाई,

आफ्नो शोषक भुँडी भर्छ ।

**(छि : शहर, पृ.१३)**

माथिको कवितांशमा कविले मानवेत्तर पात्र वा सहभागी शहरलाई मानवीकरण गरेर त्यसका नराम्रा पक्षहरूको यथार्थ चित्रण गर्ने काम गरेकी छिन् । यहाँ शहरलाई अरुलाई अत्याचार गर्ने, आफ्नो हैकम लाद्ने, गाउँलाई फोहोरी लाटाहरूको वस्त्र ठान्ने, गाउँको श्रम र पसिनाको फाइदा उठाउने शोषकका रूपमा चिनाइएको छ ।

वसन्त ऋतुको आगमनसँगै प्रकृतिको चारैतिर बैंसालु पारिजातहरू फुलेर मुस्कुराउँछन् । सबैका मनै लोभ्याउँछन् । आफ्नै मूल्य र मान्यतामा रमाएर खित्का छोडी हाँस्न चाहान्छन् पारिजातहरू भन्ने कुरालाई यहाँ अर्को कवितामा यसरी देखाइएको छ :

फुल्छन् यो वसन्तको आगमनसँगै,

ती बैंसालु पारिजातहरू ।

मुस्कुराउँछन् संघर्षका प्रवाहसँगै

ती कलमभित्र लुकेका प्रगतिवादी पारिजातहरू ।

(**ती प्रतिमूर्ति पारिजातह**रू, पृ.१७)

माथिको कवितांशमा कवयत्री घिमिरेले मानवेत्तर पात्र फूललाई मानवीकरण गरेर उसका अर्न्तर मनका चाहनाहरूलाई बाहिर प्रकट गराउने काम गरेकी छन् । फूल स्वयम् आफू हाँसेर अरूलाई हँसाएको हुन्छ भन्ने भावलाई मूल रूपमा कवितामा प्रस्तुत गरेकी छन् ।

### ४.२.१.३ परिवेश

कृतिमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई परिवेश भनिन्छ । अर्थात परिवेश भनेको देश, काल र वातावरण हो । देशले कार्यव्यापार सम्पन्न हुने स्थान, कालले कार्यव्यापार सम्पन्न हुने समय तथा वातावरणले कार्यव्यापारबाट उत्पन्न पाठकीय प्रभावलाई जनाउँछ (लुइटेल, २०६७ : २१) । कृतिका घटना र सहभागीलाई सहज, स्वाभाविक र विश्वसनीय तुल्याउन परिवेशले महत्वपूर्ण भूमिका खेल्दछ । परिवेशले कृतिमा वर्णित कार्यव्यापारप्रति

वास्तविकताको अनुभूति गराउन, वस्तु तथा सहभागीलाई सार्थक र जीवन्त र समग्रमा विशिष्टता प्रदान गर्दछ । आञ्चलिकता र ऐतिहासिक भावभूमिकमा  वर्णन गरिएका कृतिमा यसले बढी स्थान प्राप्त गर्दछ । परिवेश बाह्य र आन्तरिक गरी दुई प्रकारका हुन्छन् । बाह्य परिवेशलाई भौतिक तथा आन्तरिक परिवेशलाई मानसिक परिवेश पनि भन्न सकिन्छ । परिवेशभित्र वस्तु र सहभागीका अतिरिक्त विचारको पनि प्रस्तति हुनसक्छ । सहभागीको मानसिकतामा सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक आदि विभिन्न कुराहरू पैदा गर्न सक्ने सन्दर्भहरू पनि परिवेशभित्रै पर्दछन् (लुइटेल, २०६७ : २१) । प्रगीतात्मक, आख्यानात्मक र नाटकीय संरचना भएका तीनै खाले कविताकृतिमा कुनै न कुनै तवरबाट परिवेशले स्थान पाएका हुन्छन् ।

यस सङ्ग्रहका कविताहरूमा नेपालको सामाजिक, सांस्कृतिक, राजनीतिक, मानवीय विकृतिजन्य वातावरणको चित्रण नै परिवेशका रूपमा देखापरेका छन् । उनका यस सङ्ग्रहका कविताहरूमा मुख्य गरेको नेपालको अस्थिर राजनीतिक पद्धति र त्यसले समग्र देशको अर्थतन्त्रमा पारेको प्रभावलाई मूल रूपमा देखाइएको छ । यतिमात्र नभएर कुनै कवितामा जातीय भेदभावबाट माथि उठ्न नसकेको नेपाली समाजको चित्रण पाइन्छ भने कतिपय कवितामा समाजमा लामो समयसम्म चलनचल्ती रहँदै आएका चाडपर्व, रीतिरिवाज, परम्परा, मूल्यमान्यताका कारणले सिर्जित समस्याका कारण उत्पन्न परिवेश तथा वातावरणलाई पनि कवितामा मूल रूपमा परिवेशका रूपमा चिनाइएको छ । तल परिवेशलाई चिनाउने केही कविताका अंशलाई मूल रूपमा देखाइएको छ :

अब त कति खाउँ ?

ती तिम्रा शोषक लातहरू ।

अब त कति सहुँ ।

प्रकृतिका वज्रपातहरू ।

**(प्रकृतिका वज्रपातहरू, पृ.९)**

माथिको कवितांशमा मूल रूपमा प्राकृतिक विपत्तिका कारण मानवले व्यहोर्नुपर्ने विभिन्न समस्याहरूप्रति संकेत गर्न खोजिएको छ । अनाहकमा समय समयमा आउने प्राकृतिक वज्रपातहरूकै

कारण कयौँ मानिसले अनाहकमै जयान गुमाउनुपर्ने अवस्था सिर्जना हुने, कतिका घरवास नै नास हुने जस्ता कुराहरूको चित्रणले प्राकृतिक परिवेशलाई दर्शाएको छ ।

शान्ति - शान्ति भन्दै हिड्ने,

नाङ्गा पाइताला त्यो बुद्ध कहाँ छ ?

जहाँ हिंस्रक क्रान्ति,

त्यो हिंस्रक बुद्ध त्यहाँ छ ।

**(कहाँ छ शान्ति, पृ.१९)**

प्रस्तुत कविताांशमा नेपालमा लामो समयसम्म चलेको द्वन्द्व र त्यसले जनजीवनमा पारेको असरका माध्यमबाट हिंसात्मक परिवेश तथा वातावरणलाई मूल रूपमा देखाउन खोजिएको छ ।

### ४.२.१.४ उद्देश्य

उद्देश्यले साहित्यको अपेक्षित परिणाम तथा प्रयोजनका लागि हुने सहभागितालाई समेत बुझाउँछ । निरुद्देश्य वा निष्प्रयोजन साहित्यको रचना नगरिने हुँदा त्यो साहित्यको कुनै न कुनै उद्देश्य तथा प्रयोजन अनिवार्य हुन्छ (लुइटेल, २०६७ : २३) । साहित्यको रचना गर्नुको प्रयोजन र उद्देश्यका सन्दर्भमा पूर्वमा भरतमुनिदेखि पश्चिममा प्लेटोसम्मका विद्वान् समेतले  विशेष महत्वका साथ चर्चा गरिएको पनि पाइन्छ । काव्य तथा साहित्य आनन्दप्राप्ति, नीतिसापेक्ष, लोकमङ्गल, मनोरञ्जन, शिक्षा तथा यथार्थको प्रकटीकरणको प्रयोजनका लागि लेखिदै आएकाले र आधुनिक कविता लेखनको सर्वप्रमुख उद्देश्य यथार्थको प्रकटीकरण रहेकाले पनि उद्देश्य कविताको अनिवार्य घटक हो (लइटेल, २०६७ : २३) ।

कवयत्री झमक घिमिरेका कविताहरूमा मुख्य गरेर नेपालको राजनीतिक पक्ष र त्यहा देखिएका विकृतिजन्य अवस्थाको चित्रण, लामो समयसम्म समाजमा जरो गाडेर बसेको जातीय विभेदका कुरा, सामाजिक सांस्कृतिक चालचलन र त्यसले निम्त्याएका समस्याहरू आदिलाई देखाउनु नै मूल विषय बनेर आएका छन् । तल विभिन्न उद्देश्य बोकेका कविताहरूलाई उदाहरणका रूपमा देखाइएको छ :

जब म हराउँछु बादल कणमा

रमाउँछु मेरै पवित्र तीर्थस्थलमा ।

हराउँछन् मेरा लालसी चर्मचक्षुहरू

त्यो हिमगिरी अनि चन्द्र - गिरि सूर्य ध्वजामा ।

**(सम्मान, पृ.८)**

माथिको कवितांशमा यदि कोही कसैले स्वर्ग छ भन्छ भने त्यो आफ्नो जन्मभूमि नै हो । आफू जन्मेको, हुर्केको, खेलेको ठाउँ सबै मानिसका लागि प्राणभन्दा पनि प्यारा हुन्छन् । आफ्नी आमा जस्तै प्राणप्रिर्य हुन्छिन् । त्यसैले हामी आफ्नै पवित्र तीर्थस्थलमा रमाउँन सिक्नुपर्छ । मनमा भएका लोभलालसलाई त्यागेर सही मार्गमा लाग्नुपर्छ भन्ने कुरालाई जोड दिनु नै प्रस्तुत कवितांशको मूल उद्देश्य बनेको छ ।

समयको परिवर्तनसँगै मानवमा धेरै खालका विकृतिहरू भित्रिएका छन् । मान्छेले आफ्नो नैतिकता र इमान गुमाएको छ । मान्छे बाहिरी दुनियाँमा रमेको छ, रमाएको छ, तर उसले आफ्नो भूतलाई स्मरण गरेको छैन् । आफ्नो इमान र नैतिकताको ख्याल गरेको छैन भन्ने कुरालाई देखाउन आएको अर्को कवितांशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

आधुनिकताको युगसँगै

आफ्नो मूल्य र मान्यता बिर्सिएको छ ।

नैतिकताको मूल्यसँगै

यो युगको न्यास्रो चेहरा मलिन देखिएको छ ।

यहाँ कहाँ खोज्ने शान्ति ?

नैतिकताको मूल्य ।

अनि कहाँ खोज्ने ?

आदर्शका पलायन खुड्किला ।

**(आधारशिला, पृ.१०)**

आधुनिकताको नक्कल र झक्कलसँगै मान्छेले आफ्नो पहिचान वा चिनारीका रूपमा रहेका संस्कार संस्कृति बिर्सिएका छन् । इमान र नैतिकता गुमाएका छन् । मान्छे पशु जस्तै बन्न आँटेको छ भन्ने कुरालाई देखाउनु नै प्रस्तुत कविताांशको मूल उद्देश्य रहेको छ ।

### ४.२.१.५ दृष्टिविन्दु

कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका वा उपस्थापन पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । यो कृतिलाई पाठकसामु कृतिको प्रस्तुतिकरणसँग सम्बन्धित संरचक घटक हो । यसले कृतिका सहभागी, कार्यव्यापार, परिवेश, विषयवस्तु, उद्देश्य आदिलाई पाठक वर्गमा सम्प्रेषणीय र संवेदनशील बनाउन सहयोग गर्दछ । कवितामा कविले जीवनमा भोगेका, अनुभव गरेका र देखेका विषयवस्तुलाई अभिव्यक्त गर्ने शीलशीलामा लेखक स्वयं वा अन्य सहभागीका माध्यमबाट प्रस्तुत हुने भएकाले दृष्टिबिन्दु मूलतः प्रथम पुरुष र तृतीय पुरुष गरी दुई प्रकारका हुन्छन् भने कतिपय कृतिमा मिश्रित दृष्टिबिन्दुको पनि प्रयोग गरिएको हुन्छ (लुइटेल, २०६७ : २३) ।

कवितामा कविका भाव, विचार, अनुभूति, वस्तु आदिलाई पाठक सामु प्रस्तुत गर्न उभिएको ठाँउ वा तरिका नै दृष्टिबिन्दु हो । यो सहभागीको मानसिकता, भावना, अनुभूति, संवेदना, चिन्तनजस्ता आन्तरिक मानसिक प्रक्रियासँग पनि सम्बद्ध हुन सक्छ । कुनै पनि कृतिलाई पाठक समक्ष प्रस्तुत गर्न उभिएको ठाउँमा कहिले कवि वा साहित्यकार (समाख्याता) ऊ, त्यो, तिनी, उनी वा नाम भएको पात्रका माध्यमबाट समाख्यान गरिएमा तृतीय पुरुष दृष्टिबिन्दु र कृतिको समाख्याता म, हामी पात्रका माध्यमबाट समाख्यान गरिएको भए प्रथम दृष्टिबिन्दु हुन्छ (लुइटेल, २०६७ : २४) ।

यस सङ्ग्रहका प्रार्यः कविताहरू प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छन् । *संकल्प, अन्तिम सलाम, सम्मान, जीवन र पानी, प्रकृतिका वज्रपातहरू, लुटिएको अस्मिता* लगाएतका सबैजसो कविताहरू प्रथम पुरुष दृष्टिविन्दुमा संरचित छन् । यहाँ केही कविताका मूल अंशलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

यो जिन्दीको पथमा

मलाई हिंडिरहुँ जस्तो लाग्छ ।

मलाई जिन्दगीमा एक सङ्कल्प बोकी

बाँचिरहुँ जस्तो लाग्छ ।

सधैं सधैं .............. ।

**(संकल्प, पृ.६)**

माथिको कवितांशमा मलाई भन्ने शब्दले प्रथम पुरुष दृष्टिविन्दुलाई संकेत गरेको छ । यहाँ कवि स्वयम् प्रथम वक्ताका रूपमा प्रकट भएर कविता वाचन गरिहेकी छन् । यस सङ्ग्रहमा द्वितीय दृष्टिविन्दुको पनि केही ठाउँमा प्रयोग भएको पाइन्छ । जसलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

आफ्नै मूल्य र मान्यतामा

अनि आफ्नै भौतिकवादको आदर्शमा

खित्का छोडी हाँस्न चाहान्छन्

ती धर्तीमा झुकेका पारिजातहरू !

माथिको कवितांशमा समाख्याता वा कथावाचक कथा भन्दा बाहिर बसेर दोस्रो वक्तालाई कथा भन्न लगाइरहेको छ । पारिजातहरूलाई ती का नामबाट चिनाउँदै समाख्याताले कवितालाई अगाडि बढाएकी छिन् ।

### ४.२.१.६ भाषाशैली

सुव्यवस्थित ढङ्गले क्रमबद्ध रूपमा राख्ने कार्यलाई विन्यास भनिन्छ । सुहाँउदिलो रूपले मिलाएर व्यवस्थित गर्ने वा योजनाबद्ध रूपमा राख्ने तरिका पनि विन्यास हो । कृतिको संरचक घटकका सन्दर्भमा भाषा (संकेतक, संकेतित), शैली, अग्रभूमिकरण (विचलन, समानान्तरता), बिम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थापनलाई समग्रमा भाषाशैलीय विन्यास भनिन्छ । प्रगीतात्मक, आख्यानात्मक र नाटकीय संरचना भएका कविता कृतिमा भाषाशैलीय विन्यासअर्न्तगत आउने यी सबै

एकाइहरूको व्यवस्थापन विभिन्न ढङ्गले गरिएको हुनाले कवितामा भाषाशैलीय विन्यास अनिवार्य घटक हो (लुइटेल, २०६७ : २५) ।

भाषा भनेको कृतिलाई प्रस्तुत गर्ने माध्यम हो । कवितामा पनि यसको प्रयोग हुन्छ भने भाषाले कवितालाई साकार र मूर्त तुल्याउने साधन हो । अन्य गद्य विधाका तुलनामा कविताका भाषा कलात्मक, लयात्मक, रागात्मक, ध्वन्यात्मक, सौन्दर्यमूलक, आलङ्कारिक, भावोपयागी, विचलनयुक्त र सुगठित हुने गर्छ । छन्दोबद्ध (पद्य कविता) र छन्दमुक्त -गद्य कविता) कवितामा भाषिक विन्यास भिन्नता रहन्छ (लुइटेल, २०६७ : २६) ।

भाषाशैलीका दृष्टिले हेर्दा प्रस्तुत सङ्ग्रहका सबै कविताहरू सहज र सरल छन् । नेपाली जनजिब्रोमा प्रचलित कोमल पद र पदावलीको प्रयोगका कारणले प्रस्तुत सङ्ग्रहका कविताहरू निकै सुन्दर र बोधगम्य बन्न पुगेका छन् । यस सङ्ग्रहका सबै कविताहरू गद्य लयमा आधारित भएकाले पनि सामान्य पाठकका लागि पनि बोधगम्य बन्न पुगेका छन् । यस सङ्ग्रहका कविताहरूमा तत्सम र आगन्तुक दुवै खाले शब्दहरूको प्रयोग भएको छ । तत्सम शब्दहरूमा गिरि, रवि, समीर, यज्ञ लगाएतका शब्दहरू आएका छन् भने आगन्तुक शब्दहरूमा सलाम, फेशन, पोष्टर, कन्टेनर जस्ता थुप्रै शब्दहरू आएका छन् । कवितामा आगन्तुक शब्दहरूको प्रयोग भएको कवितांशलाई उदाहरणका रूपमा तल देखाइएको छ :

यहाँ कन्टेनर होस् या

डुङ्ग-डुङ्ग ग्यास आउने ढल,

एउटा निर्दोष प्राणी

भोक प्यासमा दौडिरहेछ ।

**(यहाँ बालअधिकार रोइरहेछ, पृ.२०)**

माथिको कवितांशमा कन्टेनर, ग्यास जस्ता आगन्तुक शब्दहरूको प्रयोग भएको छ । गद्य कविता भएकाले यहाँ कुनै त्यस्तो लयात्मकता पाइदैन् । त्यस्तै तत्सम शब्दको प्रयोग भएको कविताको अर्को अंशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

छटपटिन्छु जीवन-जगत्मा

अपहरिन्छु यमराजको आँचलमा ।

समातिन्छु जीवनको अन्त्य संघारमा

हराउँछु नर्वदा-जलको आवेगमा ।

**(जीवन र जल, पृ.८**

माथिको कवितांशमा यमराज, आँचल, नर्वदा, जल जस्ता तत्सम शब्दहरूको प्रयोग भएको छ । त्यस्तै यस कवितांशमा जीवन-जगत्मा, आँचलमा, संघारमा, आवेगमा जस्ता अन्त्यानुप्रास भएका शब्दको प्रयोगले कवितामा श्रुतिमाधुर्यता थपेको छ ।

अतः सामाजिक र राजनैतिक विकृतिविसङ्गति, हत्या, हिंसा, आर्थिक असमानता, राष्ट्रियता, नारीचेतना, मानवीय जीवनका नैराष्य, कुण्ठा, शान्तिको कामना आदि विषयवस्तु **संङ्कल्प** कवितासङ्ग्रहमा आएका छन् । यसका साथसाथै **संङ्कल्प** सङ्ग्रहका कविताहरूमा द्वन्द्वको अन्त्यको चाहना, मानवीय जीवनजगतका यावत् पक्षहरूको चित्रण, प्राकृतिक घटना तथा परिघटनाका कुराहरू, हराउँदै गएको मानवीय भावनाप्रतिको व्यङ्ग्य, सहरिया परिवेशको दुर्दशा, हाम्रो संस्कार तथा संस्कृतिमा आएको विकृति, बालबालिकाहरू माथि हुने विभिन्न शोषणप्रतिको व्यङ्ग्य जस्ता विशेषताहरू पाउन सकिन्छ । यिनै कुराहरू नै कविताका विषयवस्तु बनेर आएका छन् । मूलतः यस सङ्ग्रहमा सामाजिक र राजनीतिक विकृतिविसङ्गतिको कारणबाट देखिएका मानवीय जीवनमा देखापरेका समस्याहरूलाई यथार्थताका साथ प्रस्तुत गरिएको छ ।

यसरी सामाजिक, राजनीतिक विसङ्गतिजस्ता विभिन्न तवरबाट मानवीय जीवन र द्वन्द्वको अन्त्यको चाहना, मानवीय जीवनजगतका यावत् राम्रा तथा नराम्रा पक्षहरूको चित्रण, प्राकृतिक घटना तथा परिघटनाले निम्त्याएका समस्याहरू, हराउँदै गएको मानवीय भावनाप्रतिको व्यङ्ग्य, सहरिया परिवेशको दुर्दशा, नेपाली समाज र संस्कृतिमा आएको विकृति, बालबालिकाहरू माथि हुने विभिन्न शोषणप्रतिको व्यङ्ग्य, देशको आर्थिक, भौगोलिक र सांस्कृतिक जनजीवनमा परेको असरलाई विभिन्न विषयवस्तुको प्रस्तुतिले काव्यात्मकता प्रदान गरिएको हुनाले यस **संङ्कल्प** सङ्ग्रहका कृतिको विषयवस्तुमा विविधता पाइन्छ ।

## ४.३ आफ्नै चिता अग्निशिखातिर कवितासङ्ग्रहको विश्लेषण

### ४.३.१ विषयपरिचय

वि.सं. २०५७ साल वैशाखमा  झमक घिमिरेको **आफ्नै चिता अग्निशिखातिर**  कवितासङ्ग्रह प्रकाशित भएको हो । यस सङ्ग्रहभित्र **संकल्प** कविता सङ्ग्रहका २५ वटा अन्य ३६ वटा कविता गरी जम्मा ६१ वटा काव्यकृतिहरू सङ्गृहीत छन् भने जम्मा ६९ पृष्ठ रहेको छ । प्रस्तुत कवितासङ्ग्रह वासुदेव ढकालले प्रकाशनमा ल्याउनु भएको हो भने मुद्रक पि.वि. प्रिन्टिङ प्रेस, ढोकाटोल काठमाडौंले गरेको हो । । डिमाइ आकारमा रहेको यो कृतिको बाह्य आवरण रातो रङ्को र त्यसको अघिल्लो आवरणमा अग्निशिखाको फोटो राखिएको छ । लेखक स्वयमको भूमिका, प्रकाशकीय भूमिका, हेमराज 'हिमकर' गौरीघाट काठमाडौंको भूमिका लेखनहरु समावेश गरिएको छ ।  घिमिरेको साहित्य लेखन यात्राको दोस्रो प्रकाशनमा आएको यस कृतिको महिमा निकै रहेको छ । यस कवितासङ्ग्रहभित्र समावेश गरिएका कविताहरुमा घिमिरेले सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक, लैङ्गिक, जातीय विभेद तथा समुदायमा अपाङ्ग व्यक्तिहरूप्रति गरिने अमानवीय व्यवहार जस्ता विविध विषयवस्तुलाई यथार्थ रूपमा उतारेकी छिन । यसका साथसाथै सामाजिक, सांस्कृतिक, राजनीतिक र आर्थिक क्षेत्रमा दिनप्रतिदिन बढ्दै गएको विकृति र त्यसले मानवीय मनोभावमा पारेको नकारात्मक प्रभावलाई यस सङ्ग्रहका कविताहरूमा प्रस्तुत गरिएको छ । यसरी घिमिरे शिक्षा, सुविधा, अवसरहरूबाट बञ्चित र शारीरिक रूपमा अशक्त भए तापनि साहित्य लेखनको माध्यमबाट समाज रूपान्तरणको कार्यमा निरन्तर लागिरहेकी छिन् । त्यसैले उनका अन्य कवितासङ्ग्रहका कविता जस्तै यस सङ्ग्रहमा सङ्कलित कविताहरू पनि सन्देश वाहक बनेर आएका छन् ।

वि.सं. २०५७ सालमा कवि झमक घिमिरेको **आफ्नै चिता अग्निशिखातिर** नामक कवितासङ्ग्रह प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र **संङ्कल्प** कवितासङ्ग्रहमा प्रकाशित २५ वटा कविता पनि सङ्ग्रहीत छन् । **संङ्कल्प** कवितासङ्ग्रहमा प्रकाशित २५ वटा कविता र अन्य ३६ वटा गरी ६१ वटा कविता रहेका यस **आफ्नै चिता अग्निशिखातिर** संग्रहमा **संङ्कल्प, अन्तिम सलाम, सम्मान, जीवन र जल, प्रकृतिका बज्रपातहरू, लुटिएको अस्मिता, आधारशिला, अनुभूतिको सपथग्रहण, यहाँ मान्छे, छिः शहर, अझ आकाङ्क्षा मरेको छैन, फेशन, प्रतिभाको आत्महत्या, मुसुक्क हाँसेकी छु, ती प्रतिमूर्ति पारिजातहरू, कहाँ छ शान्ति, यहाँ बाल-अधिकार रोइरहेछ, जबान शक्तिहरू, आकाङ्क्षाको मैन ? ऋतु,**

**पौढ, छ्याक, जनताको गाउँ, एउटा रोगी र इतिहास नं. - १, एकादेशको कथा, जनताको काट्टो, मेरो ऐना, खडेरी परेको मन, आफ्नै चिता अग्निशिखातिर, प्यारो जेल, मलाई नसराप, स्मृतिका पानाहरू, अनिंदो पहाडशून्य, नौजवान शिख, गाईजात्रे कुर बिरालाहरू, पागल प्रेमिकाका प्रेतात्माहरू, धर्तीको छोरो, मैले तिमीलाई जीवित ठानिन, चराहरू र स्वतन्त्रता, यमराजले चट्याङ्ग हान्नुअघि, चिहान उधिनेर ज्वालामुखी विस्फोट र विलियम हार्वे, हिम चितुवा, कुकुर भुकेको रात, रगतको निशानी, मेरो आफ्ना गीतहरू, मलाई याद छैन, युग र म, रक्तनदी, गाइने दाइ र धर्मयुद्ध, सिद्धि खोज्ने मेरा सिद्धिचरणहरू, अव्यक्त योद्धा, मेरो हराएको छाया, अपरेशन डेजर्ट फक्स, नकावधारी, मेरो भिमसेनको वीभत्स मृत्युपछि गिद्धहरू, नववर्ष, भीमनारायण : जिउँदो प्रजातन्त्र, सर्वोच्च विज्ञापन, चट्टानभित्रको दर्पण र एक चम्चा विलास** जस्ता कविताहरू यस सङ्ग्रहभित्र सङ्गृहीत छन् ।

### ४.३.१.१ विषयवस्तु

कृतिमा वस्तुको प्रकृति अनुरूप कृति फरक फरक हुने भएकाले प्रगीतात्मक कविताको पहिलो आधारभूत संरचक घटक मानिने भाव वा विचार मूलवस्तु वा मूल कथ्य हो र यो कार्यव्यापारमा अर्न्तनिहित हुन्छ । त्यस्तैगरी आख्यानात्मक कवितामा घटना, प्रसङ्ग वा कथानक र नाटकीय कवितामा कार्यव्यापार वा द्वन्द्वका रूपमा वस्तुको उपस्थिति रहन्छ । मावनजीवनका यावत् विषयवस्तुलाई मानवचेतनाभित्र अनुभव र अनुभूतिको लयात्मक, रागात्मक र कलात्मक निष्कर्षलाई भावले समेटेको हुन्छ । कविता सिर्जनाका लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ । काव्य सिर्जनाका लागि विषयवस्तुको चयनमा कवि स्वतन्त्र हुने भएकाले पृथक-पृथक विषयवस्तुको चयन गरी कविले संसारका जुनसुकै वस्तु, प्रकृति, संस्कृति, प्रेम, भूगोल, इतिहास, राजनीति, धर्म, मानवीय स्वभाव, अनुभूति तथा तात्कालिक यथार्थ वस्तुस्थिति आदिको बिम्ब काव्यमा उतार्दछ ।

सामाजिक, राजनीतिक विसङ्गतिजस्ता विभिन्न तवरबाट मानवीय जीवन र द्वन्द्वको अन्त्यको चाहना, मानवीय जीवनजगतका यावत् राम्रा तथा नराम्रा पक्षहरूको चित्रण, प्राकृतिक घटना तथा परिघटनाले निम्त्याएका समस्याहरू, हराउँदै गएको मानवीय भावनाप्रतिको व्यङ्ग्य, सहरिया परिवेशको दुर्दशा, नेपाली समाज र संस्कृतिमा आएको विकृति, बालबालिकाहरू माथि हुने विभिन्न शोषणप्रतिको व्यङ्ग्य, देशको आर्थिक, भौगोलिक र सांस्कृतिक जनजीवनमा परेको असरलाई विभिन्न विषयवस्तुको

प्रस्तुतिले काव्यात्मकता प्रदान गरेका छन् । विभिन्न विषयवस्तु वा भाव भएका कविताहरूलाई तल विभिन्न उपशीर्षकमा राखेर अध्ययन तथा विश्लेषण गरिएको छ :

**(क) राष्ट्रप्रेम**

**आफ्नै चिता अग्निशिखातिर** नामक कवितासङ्ग्रहमा सङ्कलित कतिपय कविताहरू राष्ट्रप्रेमको भावले ओतप्रोत छन् । ती कविताहरूमा *अन्तिम सलाम, सम्मान, लुटिएको अस्मिता, रगतको निसानी, मेरो आफ्ना गीतहरू, रक्तनदी, मेरो भमिसेनको वीभत्स मृत्युपछि गिद्धहरू, मेरो हराएको छायाँ* हुन् । यी कविताहरूमा कविले देश व्यक्तिको पहिचान हो । कुनै पनि व्यक्तिलाई चिनाउने मूल आधार भनेकै देश भएकाले देशको रक्षातर्फ लाग्नु प्रत्येक नागरिकको दाहित्व हो । आफ्नो देश र जनताको लागि ज्यान दिन समेत तयार हुनु राष्ट्रवादी नागरिकको कर्तव्य हो । राष्ट्रभक्ति भएको मानिस कुनै पनि समय र परिस्थितिबाट भाग्न सक्दैन् । अन्तिम क्षणसम्म पनि देशकै लागि लडिरहन्छ भन्ने भाव बोकेको *अन्तिम सलाम* कविताको एक अंशका माध्यमबाट कवि घिमिरे भन्छिन् :

मैले जीवन - यथार्थमा,

जति गर्नुपर्ने यात्रा गरिसकेको छु ।

अब नरोक तिमी मलाई,

मेरो प्राणको अन्तिम सलाम ठोकिसकेको छु ।

अब नरोक मलाई ..................... ।

**(अन्तिम सलाम, पृ.७)**

माथिको कवितांशमा कवि घिमिरेले राष्ट्रको उद्धारका लागि युद्धभूमिमा गएको योद्धालाई कसैले रोक्न र छेक्न नसक्ने भाव व्यक्त गरेकी छन् । यतिमात्र नभएर अन्तिम समय आएपछि प्रत्येक देशका लागि मर्न र मार्न तयार हुने क्रममा कसैले कसैलाई रोक्न नहुने, आफ्नो लक्ष्यमा पुग्न दिनुपर्ने भाव यस कवितांशले दिएको छ ।

प्रत्येक नागरिक आफ्नो जन्मभूमिमा रमाएर बाँचिरहेको हुन्छ । जतिसुकै दुःख र पीडा आए पनि त्यसलाई सहेर देशको विकास र संरक्षणमा लागिरहन्छ । यो एक असल देशभक्ति नागरिकको कर्तव्य हो भन्ने भाव बोकेको *सम्मान* कविताको एक अंशका माध्यमबाट कवि भन्छिन् :

खटपटाउँछु मेरी जननी माताको शवासनमा ।

रमाउँछु यो जन्मस्थलको भाउमा ।

म पलाउँछु वसन्तको याममा ।

म मरी बाँच्छु चन्द्र र सूर्य ध्वजाको सम्मानमा ।

(**सम्मान, पृ.८**)

यस कवितांशमा कविले म आफ्नै जन्मभूमिमा रमाउँछु, बाँच्छु र अरूलाई बचाउने काममा लागिरहन्छु । वसन्तको याममा जतातत्तै फैलन्छु । हरियाली हुन्छु । यसैमा नै मेरो जीवन रमाइरहेको हुन्छ । मरेर गए पनि चन्द्र र सूर्यको सम्मानमा युगौं युगसम्म बाँचिरहने भाव व्यक्त गरेकी छन् ।

सगरमाथा प्रत्येक नेपालीको चिनारी हो । त्यसैले प्रत्येक नेपालीको धुकधुकीमा सगरमाथा धड्कीरहनुपर्छ । पासाङ र तेन्जिनले जस्तै सगरमाथा चुम्ने शाहस बोकेर जीवनलाई सार्थक बनाउने काममा लाग्नुपर्छ भन्ने भाव बोकेको *अनुभूतिको शपथग्रहण* कविताको माध्यमबाट कवि घिमिरे भन्छिन् :

कलमका खम्बाको सहारामा

पासाङ र तेन्जिङ्का चाहनाहरूले

सगरमाथा आरोहण गर्नेछन् ।

सेतो वस्त्र पहिरिएको सगरमाथा

शिरमा रातो चन्द्र र सूर्य ध्वजा

पहिरी मुसुक्क हाँसेको ।

(**अनुभूतिको सपथग्रहण, पृ.१०**)

प्रस्तुत कवितांशमा कविले कलम र खम्बाको सहारामा पासाङ र तेन्जिङ जस्ता कयौं नेपालीहरूले नेपाललाई विश्वमा चिनाएका छन् । आफ्नो छातीमा आफ्नै सन्तानलाई टेकाउन पाउँदा सेतो पहिरन र शिरमा रातो चन्द्र र सूर्यको ध्वजा पहिरी मुसुक्क हाँसेको सगरमाथा दङ्ग छ । खुसीले रमाएको छ । गौरवले छाती दरिलो बनाएको छ ।

### (ख) राजनीतिक व्यङ्ग्य

**आफ्नै चिता अग्निशिखातिर** नामक कवितासङ्ग्रहमा सङ्कलित कतिपय कविताहरूमा राजनीतिक व्यङ्ग्य हानिएको छ । यस्ता कविताहरूमा *छि शहर, फेशन, जबान जनशक्तिहरू, जनताको काट्टो, गाईजात्रे कुकुर बिरालाहरू, रक्त नदी, चट्टानभित्रको दर्पण* आदि हुन् । राजनीतिक व्यङ्ग्यको उत्कृष्ट प्रयोग भएका यी कविताहरूले नेपालमा १० वर्षसम्म चलेको जनयुद्ध र त्यस पछिका समयमा राजनीतिक क्षेत्रमा देखिएका विकृतिहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । सत्ता र भाषणको फेसनले गर्दा वर्तमान समयमा राजनीतिक क्षेत्रमा फरक फरक प्रकृतिका विकृतिहरू देखापरेकोप्रति व्यङ्ग्य भाव प्रस्तुत गर्न आएको कवितांशलाई तल उल्लेख गरिएको छ :

यहाँ कहीं सत्ताको फेसन,

यहाँ कहीं भाषणको फेसन ।

थरी-थरीका फेसन,

उफ् ! कति फेसन ?

**(फेसन, पृ.१५)**

प्रस्तुत कवितांशमा कविले राजनीतिक क्षेत्रमा फेसनले आफ्नो स्थान कायम राख्न पुगेको कुरालाई मूल भावका रूपमा प्रस्तुत गरेकी छन् । राजनीतिक क्षेत्रमा देखिएको फेसनका कारणले आजको मान्छे दिनप्रतिदिन आर्थिक मोहमा फस्दै गएको छ । जुनसुकै क्षेत्रमा पनि नातावाद र कृपावादले स्थान पाएका छन् ।

नेताहरू चुनावको समयमा म्याउँ-म्याउँ गरी भोग माग्न आउने, चुनावपछि गाउँबाट सुइँकुच्चा ठोक्ने खालका भएकोप्रति व्यङ्ग्य हानिएको अर्को कविताको एक अंशलाई तल उल्लेख गरिएको छ :

म्याउँ-म्याउँ, गरी-गरी

जनताको मत खोसौं

चुनाव पछि,

गाउँबाट सुइँकुच्चा ठोकौं ।

जनताले खोज्दा फुर्सद छैन भनी,

भाग्ने दाउपेज मिलाई चम्पट ठोकौं ।

चुनाव हुने एक दुई दिन अघि,

लुरु-लुरु गाउँ पसौं ।

**(जबान जनशक्तिहरू, पृ.२१)**

प्रस्तुत कवितांशमा कवि घिमिरेले चुनाव आएपछि गाउँमा म्याउँ-म्याउँ गर्दै आउने तर चुनाव जितेर गएपछि जनताले खोज्दा फुर्सद छैन भनेर भाग्ने चैते नेताहरूप्रति व्यङ्ग्य प्रहार गरेको छ । यसका साथै आफ्नो स्वार्थ पूरा भएपछि जनतालाई एक आँखाले पनि नहेर्ने, चुनाव आएपछि मात्र गाउँमा बिरालोझैं म्याउँ-म्याउँ गर्दै आउने वर्तमान समयका नेताहरूको प्रवृत्तिलाई कविताले व्यङ्ग्य हानेको छ ।

नेपालमा १०४ वर्षे जहानिया राणा शासनको अन्त्य भएर प्रजातन्त्र आएपछि पनि नेपालको राजनीतिक व्यवस्थामा केही परिवर्तन नभएको झन-झन विकृतिका क्रियाकलाप बढीरहेकोप्रति कविले व्यङ्ग्य प्रहार गरेकी छन् । यस कुरालाई देखाउन कवि घिमिरेले *जनताको काट्टो* नामक कविताको रचना गर्न पुगेकी छिन् । राजनीतिक क्षेत्रमा देखिएको विकृतिलाई देखाउन आएका कवितांशलाई तल उदाहरणका रूपमा उल्लेख गरिएको छ :

प्रजातन्त्र नाउँ राखेर

जनताको मासु लुछेर भुँडी फुटाएको छु ।

जनतन्त्रको मन्त्र घोकेर

आफ्नो दुनो सोझ्याएको छु ।

स्यावास ! सम्माननीय जनजातीहरू,

फेरि मलाई चाहनुभयो भने

म तपाईंहरूको काट्टो घिच्न आउनेछु ।

लुगा बेर्न नपुगेर तपाईंहरूको कात्रो समेत

तान्न आउनेछु ।

साँच्चै म आउनेछु जनताको श्राद्ध खान ।

धोती खुकुल्याई - खुकुल्याई,

म आउनेछु जनताको काट्टो घिच्न ।

**(जनताको काट्टो, पृ. ३१)**

प्रस्तुत कवितांशमा कवि घिमिरेले नेपालमा प्रजातन्त्र आएपछि नेताहरूमा देखिएको परिवर्तन, नातावाद, कृपावाद, भष्टाचार गर्ने प्रवृत्तिलाई मूल रूपमा देखाएकी छन् । यसका साथसाथै नेपालका नेताहरूले गरिब जनताको रगत र पसिनामा पौडी खेलेर मोजमस्ती गरेको, साना-साना काममा पनि भष्टाचार गरेको प्रसङ्गलाई कवितामा मूल रूपमा देखाइएको छ ।

**(ग) प्रकृति प्रेम**

**आफ्नै चिता अग्निशिखातिर** कवितासङ्ग्रहमा सङ्कलित कतिपय कविताहरू प्रकृति प्रेममा आधारित छन् । प्रकृतिलाई मानवीकरण गरेर तथा प्रकृतिलाई नै मूल पात्र बनाएर रचना गरिएका यस्ता कविताहरूमा *ऋतु, जीवन र जल, प्रकृतिका बज्रपातहरू, खडेरी परेको मन* आदि छन् । प्रकृतिको सुन्दर प्रयोग गरेर लेखिएका केही कविताहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

मुर्छा परी हेरिन् प्रकृतिले

सौन्दर्यमा खिचिन् हरियाली तिनले

जयजयकार गऱ्यो सारा जगत्ले

नाच्यो उमङ्गले

भरियो सारा जगत् उमङ्ग र हरियालीले

पायो निश्चल मुस्कान प्रकृतिको

परिश्रमीहरू रमाए रमाए बडो चयनले

गुञ्जियो सारा गगन त्यो खुशीको गानाले ।

**(ऋतु, पृ.२३)**

माथिको कवितांशमा कवि घिमिरेले वसन्त ऋतुको आगमनसँगै प्रकृतिमा आउने अनेकन परिवर्तनको चर्चा कवितामा गरिएको छ । वसन्त ऋतुको आगमनसँगै प्रकृतिमा हरियाली छाउने, प्रकृतिमा देखिएको सौन्दर्य चेतनाको जयजयकार हुने, यस समयमा सम्पूर्ण प्राणी तथा मानव जाती नै आनन्दले रमाउने गरेको कुराको वर्णन गरिएको छ ।

समय क्रममा आउने विभिन्न प्राकृतिक विभक्तिका कारणले मानिसलाई समय-समयमा सताइरहने, प्राकृतिक घटनाहरूलाई कसैले रोक्न नसक्ने कुरा कवितामा व्यक्त गरिएको छ । यस कुरालाई कवितामा यसरी देखाइएको छ :

अब त कति खाउँ ?

ती तिम्रा शोषक लातहरू ।

अब त कति सहुँ ।

प्रकृतिका वज्रपातहरू ।

**(प्रकृतिका बज्रपातहरू, पृ.९)**

मथिको कवितांशमा कविले प्राकृतिक प्रकोपको सामु कसैको कही नचल्ने भाव व्यक्त गरेकी छन् । समय-समयमा प्रकृतिमा आउने प्राकृतिक विपत्तिका कारणले कयौंको मृत्यु हुने, कयौं आफन्त विहिन हुने, कयौं अपाङ्ग हुने जस्ता समस्याहरूको चर्चा पनि कवितामा गरिएको छ ।

### ४.३.१.२ सहभागी

यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा सहभागी दुई किसिमले देखिएका छन् । एक खालका सहभागी मानवका रूपमा आएका छन् भने अर्को खालका सहभागी मानवेत्तर सहभागीका रूपमा आएका छन् । जनता, नौजवान, छोरो, गाइने दाइ, सिद्धिचरण, भीमसेन, भीमनारायण जस्ता कवितामा मानवीय सहभागी आएका छन् भने मेरो ऐना, प्यारो जेल, गाईजात्रे कुकुर बिरालाहरू, चराहरू र स्वतन्त्रता, हिम चितुवा, कुकुर भुकेको रात, युग र म, नकावधारी, नववर्ष, चट्टानभित्रको दर्पण जस्ता कविताहरूमा मानवेत्तर सहभागी आएका छन् । यस सङ्ग्रहका विभिन्न कविताहरूमा आएका मानवीय तथा मानवेत्तर सहभागीलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

म फुलेको माटो कसैको होइन,

नेपाली जनताको रगतको हो ।

यो एकलासको बाटो कसैको होइन,

नेपाली नौजवान शिखाको हो ।

**(नौजवान शिखा, पृ.४२)**

माथिको कवितांशमा माटो सबैको साझा सम्पत्ति हो । नेपाली जनताको रगतको हो । यो एकलासको बाटो कसैको होइन भन्ने कुरालाई नौजवानका माध्यमबाट प्रस्तुत गरिएको छ । यहाँ नौजवान मानवीय पात्रका रूपमा आएको छ । कवितामा सहभागीलाई चिनाउने अर्को कविताको केही अंशलाई तल उल्लेख गरिएको छ :

हो हजूर

यहाँ बाख्रीको गर्भाशयबाट,

राँगाहरू जन्मिँदैछन् ।

अनि भैंसीको गर्भाशयबाट,

बोकाहरू जन्मिदैछन् ।

**(गाईजात्रे कुकुर बिरालाहरू, पृ. ४३)**

माथिको कवितांशमा कविले बाखी, राँगाहरू, भैंसी, बोकाहरूलाई मानवेत्तर सहभागीका रूपमा चिनाएकी छिन् । यस कवितामा मानवेत्तर सहभागीका माध्यमबाट वर्तमान समय विज्ञानको युग भएकाले नयाँ नयाँ आविष्कार हुँदै गएका, बाखीको गर्भाशयबाट राँगाहरू जन्मिएका, भैंसीको गर्भाशयबाट बोकाहरूको जन्म भएको कुरा कवितामा मूल रूपमा देखाइएको छ ।

### ४.३.१.३ परिवेश

**आफ्नै चिता अग्निशिखातिर** कविता सङ्ग्रहका कविताहरूले मुख्य गरेर राजनीतिक विकृति र त्यसले आम मानव जीवनमा पारेका नकारात्मक प्रभाव र त्यसबाट निर्मित परिवेश, नेपाली समाजमा लामो समयदेखि चलनचल्तीमा रहँदै आएको सामाजिक, सांस्कृतिक विकृति, जातीय विभेद र त्यसबाट निर्मित परिवेश, समसामयीक गतिविधि, सामाजिक सांस्कृतिक चलनचल्ती र त्यसबाट सिर्जित परिवेशलाई मूल रूपमा देखाइएको छ । यहाँ परिवेशलाई संकेत गर्ने केही कविताका अंशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

यहाँ कहीं सत्ताको फेसन,

यहाँ कहीं भाषणको फेसन ।

थरी-थरीका फेसन,

उफ् ! कति फेसन ?

**(फेसन, पृ.१५)**

माथिको कवितांशले राजनीतिक परिवेशलाई मूल रूपमा देखाएको छ । राजनीतिक क्षेत्रमा भित्रिएको फेसनका कारणले कुनै पनि काम समयमा नै हुन नसकेका, नेताहरू कहिले के कहिले के नामले सत्ताको खेलमा लागिरहेका, देशले विकासको बाटो समात्न नसकेको, यसको मूल कारण भनेको राजनीतिक क्षेत्रमा देखिएका विभिन्न विकृतिजन्य क्रियाकलाप र भष्टचार नै मुख्य हुन् भन्ने कुरालाई कवितामा मूल रूपमा देखाइएको छ । त्यस्तै गरेर चुनावी परिवेशले सिर्जना गरेका विभिन्न समस्याहरूलाई कवितामा यसरी देखाइएको छ :

म्याउँ-म्याउँ, गरी-गरी

जनताको मत खोसौं

चुनाव पछि,

गाउँबाट सुइँकुच्चा ठोकौं ।

जनताले खोज्दा फुर्सद छैन भनी,

भाग्ने दाउपेज मिलाई चम्पट ठोकौं ।

चुनाव हुने एक दुई दिन अघि,

लुरु-लुरु गाउँ पसौं ।

(**जबान जनशक्तिहरू, पृ.२१**)

माथिको कवितांशमा कविले चुनावको बेलामात्र नेताहरू जनताको घरदैलोमा भोट माग्न जाने र चुनाव जितिसकेपछि जनतालाई भुल्ने कुरालायृ मूल रूपमा देखाइएको छ । यसले चुनावी वातावरण तथा परिवेश र त्यसबाट उत्पन्न विभिन्न समस्याहरूलाई मूल रूपमा देखाइएको छ ।

### ४.३.१.४ उद्देश्य

सामाजिक संरचनामा अडेको सांस्कृतिक रहनसहन, चालचलन, रीतिरिवाज, धर्म संस्कृतिकका कारणले उत्पन्न विभिन्न समस्याहरू, राजनीतिक क्षेत्रमा देखिएका विभिन्न विकृतिका कारणले आम मानवमा राजनीति गर्नेप्रति परेको नकारात्मक छाप, समाजमा युगौंदेखि चलनचल्तीमा रहँदै आएको जातीय विभेदको समस्या र त्यसले मानव मानवका बिचमा ल्याइदिएको फाटोलाई मूल रूपमा देखाउनु नै घिमिरेका यस सङ्ग्रहका कविताहरूको मुख्य उद्देश्य बनेर आएको छ । तल केही कविताका अंशलाई उदाहरणका रूपमा देखाइएको छ :

प्रजातन्त्र नाउँ राखेर

जनताको मासु लुछेर भुँडी फुटाएको छु ।

जनतन्त्रको मन्त्र घोकेर

आफ्नो दुनो सोझ्याएको छु ।

स्यावास ! सम्माननीय जनजातीहरू,

फेरि मलाई चाहनुभयो भने

म तपाईंहरूको काट्टो घिच्न आउनेछु ।

लुगा बेर्न नपुगेर तपाईंहरूको कात्रो समेत

तान्न आउनेछु ।

साँच्चै म आउनेछु जनताको श्राद्ध खान ।

धोती खुकुल्याई - खुकुल्याई,

म आउनेछु जनताको काट्टो घिच्न ।

**(जनताको काट्टो, पृ. ३१)**

आफ्नो स्वार्थ पूरा गर्नका लागि विभिन्न बहाना बनाएर जनताको रगत र पसिना चुस्न पल्केका चैते नेताहरूको चाप्लुसीपूर्ण व्यवहारलाई देखाएर आम जनतालाई सचेत बनाउँन खोज्नु नै प्रस्तुत कवितांशको मूल उद्देश्य हो । त्यस्तै नेपाल प्राकृतिक सम्पदाले धनी छ । नेपालमा रहेको प्राकृतिक सम्पदा र त्यसको संरक्षणले समग्र देशको अर्थतन्त्र नै बलियो हुने कुरा व्यक्त गरिएको कविताको एक अंशलाई तल उल्लेख गरिएको छ :

मुर्छा परी हेरिन् प्रकृतिले

सौन्दर्यमा खिचिन् हरियाली तिनले

जयजयकार गऱ्यो सारा जगत्ले

नाच्यो उमङ्गले

भरियो सारा जगत् उमङ्ग र हरियालीले

पायो निश्चल मुस्कान प्रकृतिको

परिश्रमीहरू रमाए रमाए बडो चयनले

गुञ्जियो सारा गगन त्यो खुशीको गानाले ।

**(ऋतु, पृ.२३)**

माथिको कविताांशमा कविले नेपाल प्राकृतिक सम्पदाले पूर्ण छ । यही प्रकृतिको काखमा जन्मेको, हुर्केको नेपालीको जयजयकार विश्वले गरिरहेको छ । फरक फरक मौसमका कारणले प्रकृतिले आफ्नो रुप परिवर्तन गर्ने गर्दछिन् । प्रकृतिको यो सौन्दर्य देखेर परिश्रमीहरू रमाउने गर्दछन् भन्ने कुरालाई देखाउनु नै प्रस्तुत कविताको मूल उद्देश्य रहेको छ ।

### ४.३.१.५ दृष्टिविन्दु

कवितामा कविका भाव, विचार, अनुभूति, वस्तु आदिलाई पाठक सामु प्रस्तुत गर्न उभिएको ठाँउ वा तरिका नै दृष्टिबिन्दु हो । यो सहभागीको मानसिकता, भावना, अनुभूति, संवेदना, चिन्तनजस्ता आन्तरिक मानसिक प्रक्रियासँग पनि सम्बद्ध हुन सक्छ । कुनै पनि कृतिलाई पाठक समक्ष प्रस्तुत गर्न उभिएको ठाउँमा कहिले कवि वा साहित्यकार (समाख्याता) ऊ, त्यो, तिनी, उनी वा नाम भएको पात्रका माध्यमबाट समाख्यान गरिएमा तृतीय पुरुष दृष्टिबिन्दु र कृतिको समाख्याता म, हामी पात्रका माध्यमबाट समाख्यान गरिएको भए प्रथम दृष्टिबिन्दु हुन्छ (लइटेल, २०६७ : २४) ।

यस सङ्ग्रहका प्रार्यः कथाहरूमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । *एक चम्चा विलास, भीमनारायण : जिउँदो प्रजातन्त्र, नववर्ष, नकाबधारी, मेरो हराएको छाया, मलाई याद छैन, मेरा आफ्ना गीतहरू* लगाएतका कविताहरूमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ भने *हिम चितुवा, चराहरू र स्वतन्त्रता, घर्तीको छोरो, अनिंदो महाशून्य, एकादेशको कथा* लगाएतका कविताहरूमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । तल केही कविताका अंशलाई उदाहरणका रूपमा देखाइएको छ :

समाएको थिइन

मैले परास्त शीतहरू

आज आएछन्

मलाई चुनौति दिन

मेरै आफ्ना गीतहरू ।

**(मेरा आफ्ना गीतहरू, पृ.५४)**

माथिको कवितांशमा समाख्याता स्वयम् म का रूपमा आएर कथा वाचन गरिहेको हुँनाले प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग हुन आएको छ । कवितांशमा आफूले नसोचेका कुराहरू पनि आज आफैलाई चूनौति दिन आइरहेका छन् । आफ्नै गीतहरू पनि आफ्ना लागि चूनौति तबनेर आएका छन् भन्ने कुराले कवितामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ भन्ने कुरालाई दर्शाएको छ ।

जसरी चराहरू स्वतन्त्रता खोज्न माथि - माथि जान्छन् त्यसै गरी यो पृथ्वीमा रहेका हरेका प्राणीले स्वतन्त्रता चाहान्छन् । स्वतन्त्र भएर आफ्ना काम अगाडि बढाउँन चाहान्छन् भन्ने कुरालाई *चराहरू र स्वतन्त्रता* कवितामा तृतीय दृष्टिविन्दुका रूपमा यसरी देखाइएको छ :

चराहरू यडिरहेछन्,

त्यो सुनसान गगन चुम्न ।

हो चराहरू उडिरहेछन्,

स्वतन्त्रताको लागि ।

उनीहरू स्वतन्त्रतालाई आह्वान गर्दै

शीतयुद्ध लडिरहेछन् ।

**(चराहरू र स्वतन्त्रता, पृ. ४८)**

माथिको कवितांशमा त्यो, उनीहरू जस्ता शब्दहरूले तृतीय पुरुष दृष्टिविन्दुलाई दर्शाएका छन् । आफ्नो स्वतन्त्रताको लागि चराहरू शीतयुद्ध लडिरहेका छन् । सुनसान गगन चुम्ने प्रयासमा लागिरहेका छन भन्ने कुरालाई तृतीय पुरुष दृष्टिविन्दुका माध्यमबाट देखाइएको छ ।

### ४.३.४ भाषाशैली

भाषाशैलीका दृष्टिले हेर्दा प्रस्तुत सङ्ग्रहका सबै कविताहरू सहज र सरल छन् । नेपाली जनजिब्रोमा प्रचलित कोमल पद र पदावलीको प्रयोगका कारणले यस सङ्ग्रहका कविताहरू निकै सुन्दर र बोधगम्य बन्न पुगेका छन् । साथै यस सङ्ग्रहका सबै कविताहरू गद्य लयमा आधारित भएकाले पनि सामान्य पाठकका लागि पनि बोधगम्य बन्न पुगेका छन् । यस सङ्ग्रहका केही कविताहरूमा तत्सम तथा आगन्तुक शब्दको पनि प्रयोग भएको छ । जसलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

अग्राख पलाएको ठाउँ

निसार शून्य त्यो गाउँ

सिद्धि खोज्दै हिंड्ने बटुवाहरूलाई

मैनटोल र टर्चबत्तीको उज्यालोमा सिद्धिका पुजारी चरणहरूलाई

'यता पाल्नुहोस्' भनिरहेछन् ।

**(सिद्धि खोज्ने मेरा सिद्धिचरणहरू, पृ.५८)**

माथिको कवितांशमा अग्राख, निसार, शून्य, पुजारी लगायतका शब्दहरू तत्सम शब्द हुन् भने टर्च लगाएतका शब्दहरू आगन्तुक शब्दहरू हुन् । त्यस्तै पलाएको ठाउँ, त्यो गाउँ, बटुवाहरूलाई, चरणहरूलाई जस्ता अन्त्यानुप्राश्रित शब्दहरूले कवितांशमा थप सौन्दर्य सिर्जना गरेका छन् । मान्छे जन्मेपछि यस भवसागररुपि नर्क फस्ने गरेको तथ्यलाई सरल भाषामा तल उदाहरणका रूपमा यसरी प्रस्तुत गरिएको छ :

आस्थाको भुमरीमा

फँसेर बाँचेको छ यहाँ मान्छे

जमेको भवसागरमा

डुबेर फुत्केको छ यहाँ मान्छे ।

**(यहाँ मान्छे, पृ.१२)**

माथिको कवितांशमा मान्छे जन्मेपछि विभिन्न आस्था र विश्वासको भुँमरीमा फसेर बाँच्छ । यहाँबाट बाहिर निस्कन उसलाई निकै हम्मेहम्मे पर्छ भन्ने कुरालाई फँसेर बाँचेको छ यहाँ मान्छे, डुबेर फुत्केको छ यहाँ मान्छे जस्ता अन्त्यानुप्रास प्रयोग भएका वाक्यहरूका माध्यमबाट जटिल कुरालाई सहज रूपमा देखाइएको छ ।

निष्कर्षमा भन्दा घिमिरेको यस आफ्नै चिता अग्निशिखातिर कवितासङ्ग्रहका कविताहरूमा पनि नेपालको समसामयिक विषयवस्तुको चयन, आधुनिकताका नाममा फैलिएका विभिन्न सामाजिक, सांस्कृतिक र राजनीतिक विकृतिमाथिको व्यङ्ग्य चेत, राष्ट्रप्रेम र मानवीय स्वतन्त्रताका मुख्य विषयवस्तुलाई मूल रुपमा देखाइएको छ । आफ्नै चिता अग्निशिखातिर कवितासङ्ग्रहका कविताहरूमा द्वन्द्वले निम्त्याएका समस्याहरूको पर्दाफास, मानवीय जीवनजगतका यावत् पक्षहरूको चित्रण, प्राकृतिक घटना तथा परिघटनाका कुराहरू, हराउँदै गएको मानवीयताप्रतिको व्यङ्ग्य, सहरिया जनजीवनमा फैलिएका विकृतिको पर्दाफास, नेपाली संस्कार तथा संस्कृतिमा देखिएका विकृति, बालबालिकामाथिको श्रमशोषण जस्ता विषय नै विषयवस्तु बनेर आएका छन् । आफ्नै चिता अग्निशिखातिर कवितासङ्ग्रहका कवितामा मूल रुपमा सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रका विविध कुराहरूलाई विषयवस्तुका रुपमा उतारिएको छ ।

## ४.४ नौलो प्रतिबिम्ब कवितासङ्ग्रहको विश्लेषण

### ४.४.१ विषयपरिचय

वि.सं. २०६० सालमा कवि झमक घिमिरेको **नौलो प्रतिबिम्ब** नामक कवितासङ्ग्रह प्रकाशित भएको हो । वर्तमान युगको क्रान्तिकारी दर्शनमा उभिएकी कवि झमकको यो चौथो कवितासङ्ग्रह हो । यस सङ्ग्रहभित्र जम्मा १२१ वटा कविता सङ्गृहीत छन् । १२२ पृष्ठमा तयार भएको प्रस्तुत कवितासङ्ग्रह पारुप्रेस डिल्लीबजारले प्रकाशनमा ल्याएको हो । यस कवितासङ्ग्रहभित्र समावेश गरिएका कविताहरूमा **ज्यामीहरूमा काठमाडौं खोज्छु, स्पर्शहरू, सानो जात, मान्छेले जन्माएका देवताहरू, वसन्त तिमी आउनुपर्छ, काकाकुल पानीको रङ, कालो क, 'म' हरूको पुष्पाञ्जली, जीवन, मान्छे, बूढीबजुलाई अवकाशपत्र, हेलो काठमाडौं !, उ मेरो कविता हो, म तिम्रो सन्तान होएन र ?, मान्छेभित्रको मान्छे सहिद, मान्छेका मर्स्याङ्दीहरू, अर्ध ....... ?, पर्खाइ, मान्छेसँग च्यातिएको कविता,**

**बिटुलो जात, म पनि त मान्छे नै हुँ, आग्रह, पोखिएको मान्छे, दाम, घर; धर्ती, यो शताब्दीको कैदी, यसपालिको दशैं, मातृत्व, नौंलो प्रतिबिम्ब, मौन युद्ध, देशलाई आह्वान, नटुक्रिएको मन, कालिगडहरू, ब्लाइन्ड विश्व र सहिद आँखा, प्रत्याक्रम, बाँकी उत्खनन, मान्छेहरू कविता, युगवोध र शिशुहरू, स्त्री सम्भोग, चितामा नजलेको नेपाल, प्रेमको वाटिका, झमक, मूर्ति; अस्तित्व, मौरीहरू, स्यारोङ दोर्जेका सपनाहरू, भरिया दाज्यै र भाग्य, पाशविक पैतालाहरू, उज्यालोका सपनाहरू, सपनाको विभत्स मृत्यु, बैंसालु लालीगुराँस, सुनगाभाहरू, शून्य; निर्जीव उ, सन्नाटाभित्रका यात्राहरू, अस्मिता, मुक्तिप्रसादहरू, कालो कुहिरो, वर्तमान; सन्दर्भ, फूल प्रेम, आदित्य, समय र नयाँ गणेशमानहरू, अतृप्त भोकहरू, क्लिष्ट मन, याम, सौन्दर्य र रुख, गुइँठे कान्छाका रहरहरू, रित्तिएकी आमा, बादलका मुत्तिका यात्राहरू, दशैं विडम्बना र चाहानाहरू, तिहार र माया** जस्ता कविताहरू सङ्ग्रहभित्र सङ्गृहीत छन् ।

यस सङ्ग्रहका कविताहरूमा घिमिरेले मुख्य गरेर समाजमा भएका कुरीति र कुसंस्कार तथा त्यसले निम्त्याएका समस्या, आजका नेपालीहरूले आफ्नी आमाको दूधको मूल्यसम्म बिर्सिसकेको यथार्थता, आफ्नै सिद्धान्तमा एकोहोरिएका राजनीतिज्ञहरू देश विकासको साट्टो कुर्सीको मोहमा फसेको वर्तमान यथार्थ तथा देशको वर्तमान स्थितिप्रति चिन्तित भएकी कवि घिमिरेले यस कवितामा जनताका पीडा तथा भावना, समाजमा रहेको वर्गीय विभेदको समस्यालाई देखाउने काम गरेकी छन् ।

### ४.४.१.१ विषयवस्तु

**नौलो प्रतिबिम्ब** सङ्ग्रहका कविताहरू विविध विषयवस्तुमा आधारित छन् । सानो जात कवितामा नेपाली समाजमा रहेको जातीय विभेद र त्यसले समाजमा निम्त्याएको समस्यालाई मूल रुपमा देखाइएको छ । वसन्त तिमी आउनुपर्छ कवितामा नराम्रा पक्षलाई त्यागेर राम्रा पक्षलाई आत्मसाथ गरेर वसन्तलाई पुनः आउन आग्रह गरिएको छ । आग्रह कवितामा वीर सन्तानको चाहना राखिएको छ । पोखिएको मान्छे कवितामा मान्छेका सपनाहरू लथालिङ्ग तथा भताभुङ्ग भएको यथार्थतालाई देखाइएको छ । दाम कवितामा आर्थिक विभेदले निम्त्याएको धनी र गरिब बिचको विभेदलाई देखाइएको छ । प्रेमको वाटिका कवितामा प्रेमको वाटिकामा बसेर नयाँ नयाँ फूलहरू फुलाउन प्रेमिकालाई आग्रह गरिएको छ । उज्यालोका सपनाहरू कवितामा अँध्यारोबाट पीडित बन्न पुगेका वा अँध्यारोको सिकार बन्न पुगेका आजका मान्छेको यथार्थतालाई देखाइएको छ । याम, सौन्दर्य र रुख कवितामा समय अनुसार हरेक कुराहरू परिवर्तन भएर जान्छन भन्ने कुरालाई देखाइएको छ ।

यसरी विषयवस्तुका दृष्टिले यस सङ्ग्रका कविताहरू विविध विषयवस्तुमा आधारित छन् । विभिन्न विषयवस्तु वा भाव भएका कविताहरूलाई तल विभिन्न उपशीर्षकमा राखेर अध्ययन तथा विश्लेषण गरिएको छ :

**(क) अन्याय, अत्याचार तथा कुसंस्कारको पर्दाफास**

समाजमा युगौंदेखि नारीमाथि हुँदै आएका अन्याय, अत्याचार, दमन, शोषणको खुलेर विरोध गर्ने तथा समतामुलक समाजको निर्माणमा जोड दिने जस्ता कार्यहरूको पर्दाफास घिमिरेले यस **नौलो प्रतिबिम्ब** कवितासङ्ग्रहमा गरेकी छन् । देश सबैको आधार हो । नेपाल रहे नेपाली रहन्छ । आज देश अशान्त र र आक्रान्त अव्यवस्थाको जालमा परेको छ । देशको स्थिति ह्रासोन्मुख देखेर कवि निकै आक्रोशित बन्न पुगेकी छन् । कवि घिमिरे अराजकता र अत्याचारको विरुद्धमा, शोषणको विरुद्धमा यसरी आवाज उठाउँछन् :

विचारा मुक्तिप्रसादहरूलाई

भोक, शोक, रोगले गाँजेको छ

बिचरा बुद्धप्रसादहरू

शान्तिको कामना गर्दै मरिरहेछन्

जनताप्रसादहरूलाई भोजप्रसादहरूको सन्त्रास छ ।

बिहान सखारै पल्लो डाँडाबाट

घामले टाउको नउठाउँदै

मुक्तिप्रसादहरूको हत्या भइरहेछ ।

**(मुक्तिप्रसादहरू, पृ. ९७)**

कविहरू समाजमा भएका कुरीति र कुसंस्कारविरुद्ध आवाज उठाउँछन् । आजको समाजमा आमाको दूधको मूल्यसम्म बिर्सिसके । सामाजिक विसङ्गतिविरुद्ध आफ्नै सन्तानहरू लागिसके । समाजका नराम्रा पक्षहरूलाई उजागर गर्दै यसरी आफ्ना भावना व्यक्त गर्दछिन् :

त्यही आमाका रगतहरूमा

सन्तान आज होली खेल्दैछ

निर्बल मातृत्वमाथि

निर्मम कोर्रा लाउँदै छ ।

**(रित्तिएकी आमा, पृ. ११३)**

यसरी झमकका केही काव्य कृतिहरूले सामाजिक अराजकता, अन्याय, अत्याचार तथा कुसंस्कारको पर्दाफास गरेका छन् । समाजमा हुने गरेका दमन शोषणका क्रियाकलापको खुलेरै विरोध जनाएकी छन् । समनतामुलक समाज निर्माणको चाहना राखेकी छन् । समाजमा रहेका नराम्रा पक्षहरूलाई निमिट्यान्न पार्ने लक्ष्य राखेकी छन् ।

**(ख) प्रकृति चित्रण**

झमक घिमिरेका केही कविताहरूमा प्रकृतिको पनि चित्रण पाइन्छ । प्रकृतिमा देखिने परिवर्तन तथा त्यसले सिङ्गो धर्तीमा ल्याउने नयाँ उमङ्गलाई विषयवस्तु बनाएर पनि कतिपय काव्यकृतिहरूको रचना भएको छ । प्रकृतिको चित्रण गर्ने क्रममा उनले *वसन्त तिमी फेरि आउनुपर्छ, हेलो काठमाडौँ, बैँसालु लालीगुराँस, सुनगाभाहरू, याम, सौन्दर्य र रूख* जस्ता कविताहरूको रचना गर्न पुगेकी छिन् । कवि घिमिरे प्रकृतिलाई सबै कुराको जड मान्दछिन् । प्रकृतिबाट मानवको सृष्टि हुने र प्रकृतिमा नै गएर विलिन हुने कुरा व्यक्त गर्दछिन् । यतिमात्र नभएर उनका कविताहरूमा प्रकृति र मानवलाई तुलना गरेर हेरेको पनि पाइन्छ । प्रकृतिबाट नै शब्दहरू टिपेर सिर्जनाहरू बुन्न थाल्दिछिन् । आफ्नो देश, जन्मभूमिप्रति आघात प्रेम गर्दछिन् । प्रकृति आफैमा पूर्ण छ । त्यसमा मानिसले विभिन्न अनुभव र कल्पना भरेर पूर्णता दिने काम गर्दछ । यस कविता सङ्ग्रहका कविताहरूमा कवि घिमिरेले कतै वसन्तलाई आमन्त्रण गरेकी छिन् भने कतै विभिन्न स्थान र परिवेशलाई मूल विषय बनाएकी छिन् ।

उजाड र उदास बनेको प्रकृतिलाई पूर्णता दिन आग्रह गर्दै वसन्त ऋतुलाई आमन्त्रण गरि लेखिएको *वसन्त तिमी फेरि आउनुपर्छ* कविताको एक अंशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

वसन्त तिमी फेरि आउनुपर्छ

रित्ता खहरेहरूमा मनसुन भएर

रित्ता जिन्दगीहरूमा नवजात सदाबहार भएर आउनुपर्छ ।

मौसमबिनाको उजाड मन

शिशिरले बलात्कार गरेको जवानी धरतीमा

लत्रिसकेको सुकुमार जवानी

पुनः नवजीवन तिमी आउनुपर्छ ।

**(वसन्त तिमी फेरि आउनुपर्छ, पृ.८)**

प्रस्तुत कवितांशमा कवि घिमिरेले वसन्तलाई रित्ता खडेरीका प्यास मेटाउन मनसुन भएर आउन आग्रह गरेकी छिन् । यसका साथै रोग, भोक र शोकमा डुबेको मानव मनलाई हरियाली बनाउन, मौसमविनाको उजाड मनलाई हरियाली बनाउन वसन्त आग्रह गरेकी छिन् ।

कुनै समयमा काठमाडौँको छाती चिरेर बग्ने बागमती अहिले मानवीय क्रियाकलापका कारण ढलमतीमा परिणत भएको छ । मान्छेका अनैतिक क्रियाकलापले गर्दा सुन्दर जल बग्ने हिँजोको बागमती आज फोहोरै फोहोरले ढाकिएको प्रसङ्गलाई *हेरो काठमाडौँ* कवितामा यसरी व्यक्त गरिएको छ :

उसको छाती चिरेर बग्ने

एक जमानाको वागमती, विष्णुमती

हाम्रो युगका ढलमती रछ्यानमतीहरूको

आथित्य शिरोपण गर्दै

गतिशून्य पदचापहरूले

उसको छातीमा कुल्चेर भन्दैछु

Hello काठमाडौं !

**(हेलो काठमाडौं, पृ.१८)**

प्रस्तुत कवितांशमा कविले एक जमानामा काठमाडौंको छाती चिरेर बग्ने बागमती र विष्णुमती आज आएर अमानवीय क्रियाकलापका कारण प्रदूषित बन्दै गएका छन् । नदी किनारमा फोहोरका थुप्राहरू थोपारिएका छन् । जता हेऱ्यो त्यतै दुर्गन्ध फैलिएको छ । जसले गर्दा विभिन्न रोगहरू दिनप्रतिदिन देखापर्दै गएका छन् । त्यस्तै प्रकृतिको कापबाट निस्किएर फर्किएका लालीगुराँस र सुनगाभाहरू मौसमी सुहागरातपछि प्रकृतिलाई नै सौन्दर्य प्रदान गर्ने कार्यमा लागेको कुरालाई देखाउन आएको एक अंशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

सेपिला रातहरूबाट

फर्किएका बैंशालु लालीगुराँस, सुनगाभाहरू

मौसमी सुहागरापछि

आफूसँग पूर्णताको आभास गर्दैछन् ।

**(बैंसालु लालीगुराँस, सुनगाभाहरू, पृ.९०)**

माथिको कवितांशमा कविले प्रकृतिमा मौसम अनुसार फुल्ने फूलहरू र तिनले प्रकृतिलाई दिने सौन्दर्यलाई मूल रूपमा देखाएकी छिन् । यतिमात्र नभएर प्रकृति विविध सुन्दरताको खानी हो । समयक्रममा यहाँबाट अनेकन जीव तथा वनस्पतिको सृष्टि हुन्छ । जसले सिङ्गो धर्तीलाई नै सुन्दर बनाउने काम गर्दछ । त्यस्तै याम वा समयले सौन्दर्य खोसेपछि प्रकृति नै नाङ्गो देखिने कुरा कवि घिमिरे *याम, सौन्दर्य, रूख* कवितामा यसरी व्यक्त गर्दछिन् :

यामले सौन्दर्य खोसेपछि

रूख नाङ्गो आङ जिङ्ग्रिङ्ग देखाउँदै

वसन्तको प्रतीक्षा गर्दैछ ।

**(याम, सौन्दर्य, रूख, पृ.१०९)**

प्रस्तुत कवितांशमा कविले प्रकृति सधैँ एकनासको नहुने कुरा मूल रूपमा आएको छ । प्रकृतिका आ-आफ्नै नियम र क्रम छन् । त्यही नियम र क्रमसँगै प्रकृतिमा अनेकन परिवर्तनहरू देखापर्दै जान्छन् । यस क्रममा प्रकृति कहिले सुख्खा त कहिले पुरै हरियाली बन्छ । कहिले जाडो हुन्छ त कहिले गर्मी हुन्छ । यी सबै प्रकृतिको कोखमा देखिने विशेषता हुन् । वसन्त ऋतुको अन्त्यसँगै प्रकृतिमा रहेका विभिन्न वनस्पति, बोटविरूवा नाङ्गो आङ जिङ्ग्रिङ्ग देखाउँदै पुनः वसन्तकै आगमनमा प्रतीक्षारत हुने कुरालाई कवितामा मूल रूपमा देखाइएको छ ।

**(ग) जातीय विभेद**

झमक घिमिरेको **नौलो प्रतिबिम्ब** कविता सङ्ग्रहमा सगृहित कविताहरूमा जातीय विभेदका कुराहरूलाई पनि मूल रूपमा देखाइएको छ । जातीय विभेदका कारण समाजमा सृजित विविध कुराहरूको पर्दाफास कविले यस सङ्ग्रहका कविता गरेकी छन् । जातीय वभेदलाई मूल विषय बनाएर रचना गरिएका कविताहरू अन्तर्गत *सानो जात, बिटुलो जात, म पनि त मान्छे नै हुँ,* पर्दछन् । मान्छे सबैको रगत रातो भएर पनि किन असमानताको खाडल देखापर्‍यो । मान्छेले मान्छेलाई किन जातकै आधारमा विभेद गर्ने परम्पराको सुरु भयो । किन सबैलाई मान्छेको समानता दिइएन भन्ने कुरालाई प्रष्ट पार्न आएको *सानो जात* शीर्षकको कविताको एक अंशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

भुन्टे दाइको के दोष थियो र ?

उनलाई मान्छेको समानता दिइएन ?

रातो रगत हरौँ त !

उनमा पनि त्यसको संयोजन छ कि छैन ?

मानव पुरातन युगमै छ ।

त्यस युगले जन्माएको मानव सैतान सजीव छ ।

**(सानो जात, पृ.४)**

माथिको कविताांशमा कवि घमिरेले भुन्टे दाइ जस्ता गरिब र सोझासाझा मान्छे के मान्छे नै होइन त ? मान्छे भएर पनि मानवताको व्यवहार पाउनु उनी र उनी जस्ता नागरिकको कर्तव्य होइन र ? के फरक छ र उनीमा र अन्य मानिसमा । अन्य मान्छेका जस्तै उनमा पनि रातै रगत छ । अन्य मान्छेमा जस्तै सोच्ने क्षमता पनि उनमा छ । के पुरानै संस्कार र संस्कृतिमा रहेर मान्छेलाई अमानवीय व्यवहार गर्नु मानवता हो ? आजको २१ औँ शताब्दीको विज्ञान र प्रविधिको युगमा आएर मान्छेले मान्छेलाई पाश्वत् व्यवहार गर्नु उचित हो ? भन्ने जस्ता प्रश्नको जिज्ञासा खोज्ने काम कविले यस कविताका माध्यमबाट गरेकी छिन् । त्यस्तै तल्लो जात भएकै कारण समाजबाट अपहेंलित हुनुपर्ने, कसैको घरको आगनमा टेक्न नहुने, कसैको ढोका र सँघारबाटै बाहिर रहनुपर्ने कुरालाई व्यक्त गर्न आएको *विटुलो जात* शीर्षकको कविताको एक अंशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

त्यसैले त म कथित

सानो जात लोकले तल्लो दर्जा दिएको

तिम्रो ढोकाबाटै निस्कासित छु

म विटुलो जात

तिम्रो सँघारबाटै निलम्बित छु

किनकी म सानो जात हुनुको एउटा बिडम्बना बोकेर

अनि भासिनुको विषाक्त

पीडा बोकेर अपराधविनाको

कैदी जो अपरिवर्तनशील

संस्कारको झ्यालखानमा

एउटा बिलकुल निर्धो

जीवन बिताइरहेछु

अझै शक्तिविहीन पीडा बोकेर

परिवर्तनशील सपनाहरू

आँखाभरि झुन्ड्याएर

कठोर जिन्दगी बाँचिरहेछु ।

थाहा छैन यो पीडा कति

पुस्ताले भोग्नुपर्ने हो ।

**(बिटुलो जात, पृ.३२)**

प्रस्तुत कवितांशमा कविले सानो जात भएकै कारण अर्काको घरभित्रै पस्नै नहुने, यदि पसिहाले पनि घर नै बिटुलो हुने, कसैको घरको सँघार र आगन समेत टेक्न नहुने परम्परावादी कुसंस्कारजन्य सामाजिक नीति नियमको पर्दाफास गरेकी छिन् । युगौंदेखि चलनचल्तीमा रहँदै आएको यस खालको संस्कारको अन्त्य हुनका लागि शक्तिविहीन पीडा बोकेर, परिवर्तनका सपनाहरू बोकेर कठोर जिन्दगी म पात्रले भोगिरहेको र यो पीडा कति पुस्ताले भोग्नुपर्ने हो भन्ने अन्त्यहीन प्रश्न कवितामा आएको छ । त्यस्तै तिमी र म मा केही अन्तर छैन् । आखिर म पनि त यसै धर्तीको कुनै कुनामा जन्मिएको हुँ भन्ने भाव *म पनि त मान्छे नै हुँ* कविताका प्रस्तुत गरिएको छ । केही कवितांशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

म पनि त मानछे नै हुँ !

तिम्रो जस्तै मेरो मन पत्थर जडिएको छैन

यो मन कहिलेकाहीँ दुख्ने गर्छ

सन्तप्त भई बग्ने गर्छ

अनि, आम मान्छेहरूको झैँ

समवेदनामा पग्लने गर्छ

तर पनि

मेरो मन पृथक् छ !

**(म पनि त मान्छे नै हुँ, पृ.३५)**

मन भन्ने कुरा सबैको एकै हुन्छ । समाजले निर्धारण गरेको जातीय विभेदले मानिसको मानसिकतामा नकारात्मक छाप पार्दछ । मानिस मानिसका बिचमा सानो जात र ठूलो जातको भन्ने मानसिकता जन्माइदिन्छ । जातीय आधारमा गरिने विभेद अमानवीय छ । सबैको मन समान खालको हुने भएकाले कसैले कसैलाई तँ सानो जातको, म ठूलो जातको भनेर होच्याउने काम गर्नु हुँदैन् । यसो गर्नु नराम्रो हो । जातीय विभेदको अन्त्यका लागि सबैको आवाज एकै हुनु आवश्यक छ । यसो गरेको खण्डमा मात्र समतामुलक समाजको निर्माण हुन्छ ।

**(घ) राजनीतिक विकृति**

कवि झमक घिमिरे बहुआयामिक कवि हुन् । उनका कविताहरूमा कुनै एउटा पक्षको मात्र चित्रण नगरेर विविध विषयवस्तुको चयन गरिएको हुन्छ । तिनै विषयवस्तुमध्ये राजनीतिक विषय पनि एक हो । यस सङ्ग्रहका *कालो क, मान्छेभित्रको मान्छे सहिद, देशलाई आह्वान, चितामा नजलेको नेपाल, मौरीहरू, कालो कुहिरो* लगाएतका कविताहरू राजनीतिक विषयवस्तुलाई समेटेर रचना गरिएका कविता हुन् । कवि घिमिरेले आ-आफ्नो सिद्धान्तमा एकोहोरिएका राजनीतिज्ञयहरू देश विकासको साटो कुर्सीको मोहमा ग्रसित भएर शक्तिको पहिचान गर्न सकेनन् । त्यसको फाइदा अन्यले उठाए भनेर *मौरीहरू* कवितामा यसरी आक्रोस पोख्दछिन् ।

मौरीहरू आपसमा टोकाटोक गर्दै रहे

आफूमा निहित शक्तिको पहिचान गर्न सकेनन्,

निर्बल मौरीहरू शासनको विहीनतामा

गृह्युद्धको सितन बनिरहेछ ।

(**मौरीहरू, पृ.७७**)

राजनीतिक क्षेत्रमा देखिएका विभिन्न खाले विकृतिहरूको पर्दाफास गरी समतामुलक समाजको निर्माणमा जोड दिनु घिमिरेको विशेषता नै हो । राजनीतिक क्षेत्रमा आएका काला दिन र तिनले जनतालाई दिएको दु:ख, पीडाजन्य अवस्थाको चित्रण उनी आफ्ना कविताका माध्यमबाट गर्दछिन् । राजनीतिक क्षेत्रमा भनिएका काला दिनलाई कविले आफ्ना लागि सुकिला दिन भएको उल्लेख *कालो क* कवितामा उल्लेख गरेकी छिन् । जसलाई यस कविताका केही कवितांशहरू लिएर उदाहरणका रूपमा देखाउन सकिन्छ :

म कालो दिनको उल्लासमा

काला मान्छेहरूको भीडमा

कालो क को गीत गाउँछु ।

काला गीतहरू कति सुरिला हुन्छन् ?

तिम्रो लागि अप्रिय होला ।

मेरो लागि कालो शब्द प्रिय छ ।

(**कालो क, पृ.११**)

नेपालमा दस वर्षसम्म चलेको लामो जनयुद्ध र त्यसले नेपाली जनतामा पारेको नकारात्मक प्रभावलाई कवितामा यथार्थ रूपमा देखाइएको छ । त्यतिबेलाको समयमा कयौँ नेपाली जनताले अनाहकमा ज्यान गुमाए, कयौँका बालबच्चाले आमाबाबु गुमाए, कयौँ नारीका सिन्दुर पुछिए, कयौँले

अपाङ्ग भएर बाँच्नुपऱ्यो, कयौँ घरबार विहिन भए भन्ने कुरालाई कविले *मान्छेभित्रको मान्छे सहिद* कविताका माध्यमबाट राजनीतिक पक्षलाई मूल रूपमा प्रस्तुत गरेकी छिन् :

मान्छे अर्को मान्छेको डङ्गुर

लागेको हूलमा, त्यसै भीड

सडकमा, चोकमा अनायास

आवाज गोली कतै पड्कँदैछ ।

**(मान्छेभित्रको मान्छे सहिद, पृ.२४)**

झमक घिमिरे एक प्रगतिवादी लेखक हुन् । उनका काव्यकृतिहरूले फरक फरक विषयवस्तु ओगटेका हुन्छन् । तिनै विषयवस्तुको चयनबाट नै कविताहरूको रचना हुन्छ । आफ्नो देश, आफ्नो माटोसँग भोग्दै आएका परिवेश तथा समयलाई अभिव्यक्ति दिनु झमकको सबल पक्ष हो । राजनीतिक क्षेत्रमा देखिएका विभिन्न विकृतिहरूलाई यथार्थ रूपमा देखाउने काम झमकका कविताले गरेका छन् ।

### ४.४.१.२ सहभागी

गैरमानव वा मानवेतर वस्तुलाई लेखकले मानवीय व्यक्तित्वमा आरोपित गरी प्रस्तुत गर्छ । साहित्यिक विधाका अनेक कृतिहरूमा प्रस्तुत गरिएका विभिन्न नामहरूलाई नै सहभागी भनिन्छ । साहित्यिक कृतिमा प्रयुक्त सहभागीहरूको वैयक्तिक गुण र कार्यव्यापार तिनले घटनावलीमा गर्ने कार्यका आधारमा निर्धारित हुन्छ । सहभागी कथानकमा आबद्ध हन्छन् र तिनैले कथानकलाई गतिशील तुल्याउँछन् । कृतिमा सहभागीहरूको सहभागिता वक्ता-श्रोता, सम्बोधक-सम्बोधित, प्रेषक-प्रापक आदिका रूपमा हुन्छ । सहभागीहरूले यीमध्ये कुनै एकका रूपमा निर्दिष्ट भूमिका निर्वाह गर्छन् र परिस्थितिअनुसार यिनका भूमिकामा परिवर्तन आउन पनि सक्छ (लुइटेल, २०६७ : २१) ।

**नौलो प्रतिबिम्ब** सङ्ग्रहका कविताहरूमा सहभागीहरूको सहभागिता वक्ता-श्रोता, सम्बोधक-सम्बोधित, प्रेषक-प्रापक आदिका रूपमा भएको छ । *ज्यामीहरूलाई काठमाडौं खोज्छु, सानो जात, मान्छेले जन्माएका देवताहरू, 'म' हरूको पुष्पाञ्जली, मान्छे, बूढीबजूलाई अवकास पत्र, उ मेरो कविता हो, म तिम्रो सन्तान होइन र ?, मान्छेहरू कविता, झमक* लगाएतका कविताहरूमा मानवीय पात्रहरू

आएका छन् भने *वसन्त तिमी आउनुपर्छ, काकाकुल पानीको रङ, घर : धर्ती, यसपालीको दशैं, देशलाई आह्वान, मौरीहरू, बैंसालु लालीगुराँस, सुनगाभाहरू, कालो कुहिरो, फूल प्रेम, याम, सौन्दर्य र रुख, बादलका मुक्तिका यात्राहरू, दशैं विडम्बना र चाहानाहरू, तिहार* लगाएतका कविताहरूमा मानवेत्तर सहभागी आएका छन् । यस सङ्ग्रहका विभिन्न कविताहरूमा आएका मानवीय तथा मानवेत्तर सहभागीलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

यो मान्छेहरूको सहरमा

अरे, मान्छे नै बेपत्ता छ ।

यो मान्छेहरूको सगरमाथामा

अरे मान्छे नै पासाङको अस्तित्वझैँ बेपत्ता छ ।

यहाँ म खै कता बेपत्ता छु ?

कतै काला चस्माहरूमा आफूलाई भित्रबाट खोज्छु ।

कतै सेता चस्माहरूमा आफूलाई खोज्छु ।

**(ज्यामीहरूमा काठमाडौँ खोज्छु, पृ.१)**

माथिको कवितांशमा मान्छेहरू, पासाङ मानवीय सहभागीका रूपमा र सगरमाथा, चस्मा, सहर मानवेत्तर पात्रका रूपमा आएका छन् । यहाँ कविले सहभागीलाई सम्बोधक-सम्बोधितका रूपमा राखेर चिनाएकी छिन् । यस्तै केही मानवेत्तर सहभागीको प्रयोग भएका केही कविताका अंशलाई तल उल्लेख गरिएको छ :

पानीको कुनै रङ्ग हुँदैन रे ।

तर पनि, काकाकुलले पानीको रङ्ग

रातो देख्छ रे किन ?

उसले सारा पानीका मुहानहरू

रगत जस्तै रातो देख्छ रे ।

त्यसैले त काकाकुल वर्षौंदेखि

पानीको प्यासमा तडपिएको,

हजारौं वर्षदेखि श्रापित प्राण धानिरहेको छ ।

**(काकाकुल, पानीको रङ्ग, पृ.९)**

माथिको कवितांशमा समाख्याताले मानवेत्तर पात्रका रूपमा काकाकुल, पानी, मुहान चिनाएकी छिन् । यिनै विभिन्न पात्रहरूलाई मानवीकरण गरेर कवितामा काव्यात्मकता प्रदान गरिएको छ ।

### ४.४.१.३ परिवेश

परिवेश बाह्य र आन्तरिक गरी दुई प्रकारका हुन्छन् । बाह्य परिवेशलाई भौतिक तथा आन्तरिक परिवेशलाई मानसिक परिवेश पनि भन्न सकिन्छ । परिवेशभित्र वस्तु र सहभागीका अतिरिक्त विचारको पनि प्रस्तति हुनसक्छ । सहभागीको मानसिकतामा सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक आदि विभिन्न कुराहरू पैदा गर्न सक्ने सन्दर्भहरू पनि परिवेशभित्रै पर्दछन् (लुइटेल, २०६७ : २१) । आफ्नो देश, आफ्नो माटोसँग भोग्दै आएका परिवेश तथा समयलाई अभिव्यक्ति दिनु झमकको सबल पक्ष हो । यसका साथै देशको वर्तमान स्थितिप्रति अत्यन्त व्यङ्ग्य गर्दै घिमिरे जनताका पीडा, व्यथासँग गाँसिएका कुरालाई जोड दिन्छिन् । उच्चवर्ग र निम्नवर्गको भेदभावको दुहाइ दिंदै आजका युवा जंगल पसेर आफ्नै बिरुद्ध युद्ध लडेकोमा उनी यसरी आक्रोस भाव पोख्दछिन् :

हाऊ भरिया दाज्यै !

तिम्रा फाटेका दौरासुरुवालहरूमा

अर्दानो भाग्य देखिरहेछु ।

नच्यातिएका भाग्यहरू

नफुटेका भाग्यहरू खोज्न अस्ति

तिम्रो साने जंगलतिर पसेको छ ।

**(भरिया दाज्यै र भाग्य, पृ.८१)**

माथिको कवितांशमा कविले नेपालको ग्रामीण परिवेश एवम् त्यहाँका जनताको जीवन चर्यालाई मूल रूपमा देखाएकी छिन् । यहाँ आएको तिम्रो साने जंगलतिर पसेको छ भन्ने वाक्यले नेपालको द्वन्द्वकालीन समय तथा परिवेशलाई कवितांशमा देखाइएको छ । यस कवितांशमा कविले आत्मज्ञानका माध्यमबाट मनमनै गमेर विभिन्न कुराहरू व्यक्त गरेको हुनाले आन्तरिक वा मानसिक परिवेशको चित्रण यहाँ भएको पाइन्छ । त्यस्तै जातीय विभेद र त्यसले निम्त्याएका समस्याबाट उत्पन्न परिवेशलाई कवितामा यसरी देखाइएको छ :

भुन्टे दाइको के दोष थियो र ?

उनलाई मान्छेको समानता दिइएन ?

रातो रगत हरौँ त !

उनमा पनि त्यसको संयोजन छ कि छैन ?

मानव पुरातन युगमै छ ।

त्यस युगले जन्माएको मानव सैतान सजीव छ ।

**(सानो जात, पृ.४)**

माथिको कवितांशमा नेपाली समाजमा लामो समयदेखि चलनचलतीमा रहँदै आएको जातीय विभेद र त्यसले निम्त्याएका विभिन्न समस्याहरूलाई परिवेशका रूपमा देखाइएको छ । मानव पुरातनवादी सोच र त्यसले मानव मानवका बिचमा निम्त्याएको फाटो मुख्य विषय बनाएको छ ।

### ४.४.१.४ उद्देश्य

मजदुर वर्गका समस्या, जातीय विभेदका कारण समाजमा मानव मानवका बिचमा उत्पन्न समस्या, प्राकृतिक सम्पदा र त्यसले मानव जीवनलाई दिने सौन्दर्यको वर्णन, मानव आफैले सिर्जना गरेका गतिविधिका कारण उत्पन्न समस्याहरू, राजनीतिक क्षेत्रमा हुने गरेका विकृति, शहरी तथा ग्रामीण परिवेशमा आधुनिकताका नाममा हुने गरेका विभिन्न विकृतिजन्य अवस्थाको यथार्थ रूपमा चित्रण गर्नु नै कवि झमक घिमिरेका यस सङ्ग्रहका कविताहरूको मूल उद्देश्य रहेको छ । तल केही कविताहरूलाई उदाहरणका रूपमा देखाइएको छ :

भर्खरै बैंस फर्किएकी कुमारी

बासन्ती ऋतुहरू

सानो गमलामा नफुल्दै

सतीत्वको अपहरणमा खेद मिश्रित आँसुहरू

एउटा नाम नभएको खुल्ला बगरमा

बेवारिसे अवस्थामा तप्किरहेछन् ।

आमाका आर्तनादका स्वहरू

उस्तै हालतमा बोकेर

उही बेवारिसे ठाउँमा गुञ्जिरहेछन् ।

**(चितामा नजलेको नेपाल, पृ.६९)**

माथिको कवितांशमा कविले मूल रूपमा नारी समस्यालाई देखाउँने काम गरेका छन् । भर्खरै बैंस फर्किएकी कुमारीहरू आफ्नो कुमारित्व गुमाउँन बाध्य छन् । पुरुषबाट विभिन्न हिंसामा पर्दै आएका छन् । यसको अन्त्यका लागि सबैले आ-आफ्नो स्थानबाट सक्दो सहयोग गर्नुपर्छ भन्ने सन्देश दिन खोज्नु प्रस्तुत कविताको मूल उद्देश्य रहेको छ । त्यस्तै नेपाली जनताले आफूमा रहेको शक्तिको

पहिचान गर्न नसकेकै कारण आज आएर यो अवस्थामा पुगेका हुन भन्ने कुरालाई देखाउन कवि घिमिरेले *मौरीहरू*, शीर्षकको कवितामा यस्तो आक्रोश भाव व्यक्त गर्दछिन् :

मौरीहरू आपसमा टोकाटोक गर्दै रहे

आफूमा निहित शक्तिको पहिचान गर्न सकेनन्,

निर्बल मौरीहरू शासनको विहीनतामा

गृहृयुद्धको सितन बनिरहेछ ।

**(मौरीहरू, पृ.७७)**

माथिको कवितांशमा जनताहरू एकआपसमा मिलेर बस्नुपर्ने ठाउँमा एकअर्कालाई टोकाटोक गरेर बसेकै कारण देशमा द्वन्द्वको अवस्था सिर्जना भएको हो भन्ने कुरालाई मूल रूपमा देखाइएको छ ।

### ४.४.१.५ दृष्टिविन्दु

यस सङ्ग्रहमा सङ्कलित *ज्यामीहरूमा काठमाडौं खोज्छु, मान्छेले जन्माएका देवताहरू, कालो क, जीवन, म तिम्रो सन्तान होइन र ?, मान्छेहरूसँगै च्यातिएको कविता, बिटुलो जात* लगाएतका कविताहमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ भने *स्पर्शहरू, वसन्त तिमी फेरि आउनुपर्छ, काकाकुल, पानीको रङ्ग, हेलो काठमाडौं, उ मेरो कविता हो, मान्छेभित्रको मान्छे सहिद* लगाएतका कविताहरूमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । तल केही कविताहरूका अंशलाई उदाहरणका रूपमा देखाइएको छ :

म कालो दिनको उल्लासमा

काला मान्छेहरूको भीडमा

कालो क को गीत गाउँछु ।

काला गीतहरू कति सुरिला हुन्छन् ?

तिम्रो लागि अप्रिय होला ।

मेरो लागि कालो शब्द प्रिय छ ।

**(कालो क, पृ.११)**

माथिको कवितांशमा समाख्याताले कविता वाचनका लागि रोजेको स्थान आन्तरिक रहेको छ । कवि स्वयम् म पात्रका रूपमा उपस्थित भएर कवितामा आएको हुनाले यहाँ प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । त्यस्तै कवितामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको कवितांशलाई तल उदाहरणका रूपमा देखाइएको छ :

उनमा पनि त्यसको संयोजन छ कि छैन ?

मानव पुरातन युगमै छ ।

त्यस युगले जन्माएको मानव सैतान सजीव छ ।

**(सानो जात, पृ.४)**

माथिको कवितांशमा समाख्याता स्वयम् कथा वाचकका रूपमा नआएर दोस्रो वक्तालाई स्थान दिइएको छ । ऊ पात्र कविता वाचकका रूपमा कवितामा देखिएको छ । त्यसैले यहाँ तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ४.४.६ भाषाशैली

सरल, सहज भाषाशैलीको प्रयोग गरिएको **नौलो प्रतिबिम्ब** कविता सङ्ग्रहका कवितामा सामान्य पाठकका लागि पनि बोधगम्य छन् । हेलो, फ्रेन्ड, एक्सिडेन्ट, सलाम, लेन्स जस्ता शब्दहरू आगन्तुक शब्दका रूपमा आएका छन् । यिनले कवितामा श्रुतिमाधुर्यता प्रदान गरेका छन् । सजिला र छोटा वाक्य गठनको प्रयोगले यस सङ्ग्रहका कविताहरू बोधगम्य हुन आएका छन् । *पर्खाइ* शीर्षकको कवितामा कविले कसैलाई पर्खदा पर्खदा थाकिसकेको तर पनि ऊ आउने आशामा रहेको कुरालाई सहज भाषाशैलीका माध्यमबाट यसरी देखाइएको छ :

उसले त्यो मन कसैलाई दिने छैन भनेदेखि

मलाई उसको बाटो हेरी बस्ने बानी परिसक्यो ।

कति युग बिताइसके उसले माया गर्छु भनेदेखि

यस जुनीमा मैले उसलाई पाउने आशाहरू ढलिसक्यो ।

**(पर्खाइ, पृ.२९)**

माथिको कविताांशमा कुनै प्रेमीकाले आफुले माया गर्ने मान्छेलाई दिएको वचनको पर्खामा उसको जीवन नै अन्तिम अवस्थामा पुगेको, अब उसमा पर्खाले सीमा नाघिसकेको कुरालाई परिसक्यो, ढलिसक्यो जस्ता अन्त्यानुप्राशको प्रयोगले श्रुतिमाधुर्य बनाएको छ । आफ्नो देश र माटोसँग भोग्दै आएका परिवेश तथा समयलाई अभिव्यक्ति दिनु झमकको सबल पक्ष हो । उनका कवितामा नेपालीको माया र आकांक्षा सलबलाउन खोज्छ । आ-आफ्नो सिद्धान्तमा एकोहोरिएका राजनीतज्ञहरू देश विकासको साटो कुर्सीको मोहमा ग्रसित भएर शक्तिको पहिचान गर्न सकेनन् । खाली जनतालाई मात्र लडाउने खेलमा लागिरहे भन्ने कुरालाई बिम्बात्मक भाषाशैलीको माध्यमबाट तल उदाहरणका रूपमा उल्लेख गरिएको छ :

मौरीहरू आपसमा टोकाटोक गर्दै रहे

आफूमा निहित शक्तिको पहिचान गर्न सकेनन्,

निर्बल मौरीहरू शासनको विहीनतामा

गृह्ययुद्धको सितन बनिरहेछ ।

**(मौरीहरू, पृ.७७)**

मथिको कविताांशमा मौरीहरू बिम्बात्मक रूपमा आएका छन् । यहाँ मौरीहरू साँच्चीकैका मौरी नभएर जनतालाई मौरीहरूका रूपमा देखाइएको छ । सरल र सहज भाषाशैलीको माध्यमबाट आफूमा

भएको शक्तिको पहिचान गर्न नसक्दा नेपाली जनताहरू एक आपसमा लडिरहेका छन् भन्ने कुरालाई माथिको कवितांशमा देखाइएको छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने- प्रस्तुत कविता सङ्ग्रहले समकालीन नेपाली समाजको बहुआयामिक पक्षलाई उजागर गर्नुको साथै कविको व्यक्तिगत जीवन भोगाइको अनुभूति पारिवारिक र सामाजिक पीडा, मुलुकमा दसवर्ष लामो जनयुद्धले पारेको नकारात्मक प्रभाव, युद्धको अन्त्य र शान्तिको संस्थागत विकास, चरम गरिबीको चपेटामा पिल्सिएको नेपाली समाजको यथार्थ प्रस्तुति र राजनीतिक विकृति र विसङ्गतिको यथार्थतालाई देखाएको छ ।

## ४.५ झमक घिमिरेका कविताहरूको विश्लेषण

### ४.५.१ विषयपरिचय

**झमक घिमिरेका कविताहरू** सङ्ग्रहभित्र जम्मा १३९ वटा कविता सङ्गृहीत छन् । २१५ पृष्ठमा तयार भएको प्रस्तुत कवितासङ्ग्रह पसिना प्रकाशनले प्रकाशन गरेको हो । यस कवितासङ्ग्रहभित्र समावेश गरिएका कविताहरुमा **स्वतन्त्रता खोसिएको म, पर्खालभित्रका आवाजहरू, भाइटीका, यात्रा र सपनाहरू, समयसँग बाँचेको मान्छे, सर्पहख र शताब्दी बाँच्नेहरू, भोका पेटहरू, जीवन, प्रहरहरू र बक्ररेखाहरू, जालो र आँखाहरू, मुर्दा शब्द र चिता, सडक, मृत्युसँग जन्मिएको युग, विश्वासका कुराहरू, सत्य, प्रेम, देश, म र आकाङ्क्षा, झन्डामुनिको आस्था, विवशताभित्रको दशैं, आवाज, इतिहासभित्र ..... ?, देवताहरूको राज्यभित्र ........ ?, पीडाभित्रको धनकुटा, युगक्रीडा, उज्यालो, आस्था, मानव धर्म, कन्याङकुरुङहरूको यात्रा, प्रलय, सञ्जीवनी, पानी, सपनाको रङ, सूर्य, दृष्टि, आमा सेतो युगको कथा सुनाउँदिनौ ? सद्दाम, मृत्यु र मानवता, जिन्दगी, सेतो गुलाफका बोटहरू, रात, धरती, जिन्दगी र पीडा, जीवनचक्र, बैंस मातृत्व फूल सपना, सपना, लाज, जन्मोत्सव, ज्यामीहरूमा काठमाडौं खोज्छु, स्पर्शहरू, बसन्त तिमी फेरि आउनुपर्छ, काकाकुल पानीको रङ, कालो क, बूढीबजूलाई अवकाशपत्र, म तिम्रो सन्तान होइन र ? बिटुलो जात, दाम, घर : धरती, यसपालीको दशैं, मातृत्व, नौलो प्रतिबिम्ब, मोन युद्ध, देशलाई आह्वान, नटुक्रिएको मन, कालीगढहरू, ब्लाइन्ड विश्व र सहिद आँखा, प्रत्याक्रमण, मान्छेहरू कविता, स्त्री सम्भोग, चितामा नजलेको नेपाल, प्रेमको बाटिका, मूर्क्ति : अस्तित्व, स्यारोङ दोर्जेका सपनाहरू, भरिया दाज्यै र भाग्य, पाशविक पाइतालाहरू, उज्यालोका सपनाहरू, सपनाको वीभत्स मृत्यु, बैंशालु लालीगुराँस सुनगाभाहरू, शून्य : निर्जीव ऊ, सन्ननटाभित्रका**

**यात्राहरू, अस्मिता, अतृप्त भोकहरू क्लिष्ट मन, याम सौन्दर्य र रुख, गुइँठे कान्छाका रहरहरू, माया, मध्यस्थ मैदानतिर, शोषित ज्वालामुखी, जीर्ण मस्तिष्कहरू, रातो आकाश, चित्कारबाट जन्मिएको आह्वान, दीपावली, पातहरू निश्चित वर्तमान, सडक बालकको प्रश्न बाबुको अस्तित्वप्रति, हाम्रा गोठाला शेक्सपियरहरू, मेरो संगार्मा अभिवादन, हृदयाकाशको आफ्नो जागृत नारा, असन्तुष्टिहरू, धमिराहरू, अवाक् ज्वाला, आकृति, स्वप्ना पुतलीहरू, शेर्पे दाइ बुद्धको कर्मयोगी पुत्र, च्याउँकी जुखुरीका गोठाले दाउरे गीतहरू, रोशनी, समवेदना श्रद्धाञ्जलि, आधुनिक भूत, धुवाँको द्वन्द्व, नयाँ सहस्राब्दीको परिभाषा के श्र अज्ञात आगो, प्रियसीको सोधाई, जिउँदा अरस्तु, नसिब, प्रतिकूल बिम्बहरू, एउटा यस्तो स्वतन्त्रता, बिकल्पहीन मान्छे र शुभकामना, मान्छे सार्थक जीवन, शोषणविरुद्ध जनता, अन्धकारमा उज्यालोको खोजी, मेरो स्नानघर, यो संग्राममा तँ नडरा, सङ्गीन र चाहनाहरू, समय, जिन्दीका बाउसेहरू, रूख, मन, आस्था र देवताहरू, मान्छेको हृदय, दाउ, संकल्प, रक्तनदी, गाइने दाइ र धर्मयुद्ध, चराहरू र स्वतन्त्रता, धर्तीको छोरो, नववर्ष, यहाँ मान्छे, छि ? शहर, जनताको गाउँ, एउटा रोगी, इतिहास नं. १, सर्वोच्च विज्ञापन, चट्टानभित्रको दर्पण र एक चम्चा विलास** जस्ता कविताहरू यस सङ्ग्रहभित्र सङ्गृहीत छन् । अतः यस सङ्ग्रहका कविताहरू कुनै पदावलीका रुपमा, कुनै लघु आकारमा रचना गरिएका छन् ।

झमक घिमिरेको साहित्यिक यात्राको पछिल्लो कृतिका रूपमा **झमक घिमिरेका कविताहरू** सङ्ग्रह वि.सं. २०६५ सालमा प्रकाशित भएको हो । वर्तमान युगको क्रान्तिकारी दर्शनमा उभिएकी कवि झमकको यो चौथो कवितासङ्ग्रह हो । **झमक घिमिरेका कविताहरू** शीर्षकको कवितालाई सिङ्गै कविता सङ्ग्रहको नेतृत्व गर्ने गरी कविले सुरुमै राखेका छन् भने प्रत्येक कविताहरू आदि, मध्य र अन्त्यको संरचना विधानमा संरचित छन् ।

### ४.५.१.१ विषयवस्तु

यस सङ्ग्रहमा रहेका घिमिरेका कविताहरू सरल, सहज एवम् मौलिक छन् । समाज, जीवनजगत र विशेषतः आत्मानुभूतिको भावनालाई काव्यकृतिमा उतार्ने प्रयास कविले यहाँ गरेकी छिन् । देशमा राजनीतिक चेतना र जनसंगठन, मानवअधिकार, नारी जागरण, जनजातीय र दलित उद्बोधन, तराई र दुर्गम क्षेत्रको समस्या, सामाजिक रुढिका रुपमा रहेका सामाजिक नीतिनियमहरू, २०६२/०६३ को जनआन्दोलले निम्त्याएका समस्याहरू जस्ता फरक फरक विषय यस सङ्ग्रहका कवितामा आएका छन् । अघिल्ला समयमा प्रकाशनमा आएका सङ्ग्रहहरू भन्दा यस सङ्ग्रहका कविताहरू भाषा, शैली,

सोच र अभिव्यक्तिका हिसाबले परिष्कृत र परिमार्जित भएर आएका छन् । पछिल्लो अवधिमा निरंकुश राजतन्त्रबिरुद्ध लोकतान्त्रिक गणतन्त्रको पक्षमा मुक्त रूपले अभिव्यक्त भएकी झमकले जीवन र जगतका यावत् पक्षमा कलम कुदाएकी छिन् । शारीरिक रूपमा अशक्त भए पनि यिनी मानसिक रूपमा भने तेजस्वी छिन् ।

झमक रूढि, अन्धविश्वास, भाग्यवाद र परलोकवादविरुद्ध चिन्तकमा यहाँ आइपुग्दासम्म परिपक्क र सुदृढ हुँदै आएकी छिन् । त्यसैले समाजको अव्यवस्था, अन्याय, अत्याचार र जातीय-लिंगीय भेदभावविरुद्ध उनी लागिपरेकी छिन् । समाजमा रहेका यस्ता नराम्रा कुराको अन्त्यको चाहना राखेकी छिन् । वर्तमान समयमा अनेकन पीडा र छट्पटाहमा बाँचिरहेको मानव दिनप्रतिदिन स्वतन्त्रताको खोजिमा लागिरहेको छ । समाजमा रहेको वर्गीय विभेदले गर्दा मानवका बीचको दुरी टाढा-टाढा हुँदै गएको छ । आफ्ना सपनाहरूसँगै आजको मान्छे समयको दासी बन्दै गएको छ । आफ्नो परिवार, समाज, राष्ट्रबाट टाढा रहेर एक्लो निस्सार र निरर्थक जीवन बिताइरहेको छ । आजको समाज तथा परिवार दिनप्रतिदिन समस्याहरूको खाडलमा फस्दै गएको छ । यसको मूल कारण भनेको आधुनिकताप्रतिको मोह र परम्पराप्रतिको घृणा तथा आफ्नोपन बिर्सिएर अर्काको राम्रो मान्ने प्रवृत्ति हो । यिनै विविध कारणहरूले गर्दा आजको मान्छेमा दया माया भन्ने कुरा नासिदै गएको हो । आफ्नो भन्ने कुरा गुम्दै गएका जस्ता विभिन्न कुराहरू नै विषयवस्तुका रुपमा आएका छन् । फरक-फरक विषयवस्तु वा भाव बोकेका कविताहरूलाई तल विभिन्न उपशीर्षकमा राखेर अध्ययन तथा विश्लेषण गरिएको छ :

**(क) जातीय विभेदको विरोध**

नेपाल बहुभाषा, बहुधर्म भएको मुलुक हो । यहाँ जातीयताका नाममा गरिने दमन युगौँदेखि रहँदै आएको छ । मान्छे सबैको रगत रातै हुन्छ । कुसंस्कारजन्य सामाजिक नीतिनियमलाई आधार मानेर मान्छेले मान्छेलाई गर्ने पशुसरहको व्यपहारले नै जातीय विभेदका समस्याहरू दिनानुदिन बढ्दै छन् । आजको मान्छे आफैमा शिक्षित र बौद्धिक भए पनि अझसम्म जातीय विभेदको अन्त्य गर्न सकेको छैन् । कुसंस्कारजन्य सामाजिक नियमबाट अछुतो रहन सकेको छैन । जातीय विभेद तथा समाजमा युगौँदेखि रहँदै आएको छुवाछुतको अवस्थाको पर्दाफास गर्नका लागि कवि घिमिरेले थुप्रै कविताहरू रचना गरेकी छिन् । जसअन्तर्गत *स्वतन्त्रता खोसिएको म, पर्खालभित्रका आवाजहरू, विटुलो जात, गाइने दाइ र धर्मयुद्ध,* आएका छन् ।

मान्छे जन्मदा उस्तै अनुहार, हाडछाला, मासुको शरीर, रुवाईको आवाज सबै उस्तै लिएर आउँछ तर धर्तीमा टेक्नासाथ समाजले अछूत, छूतको बिल्ला लगाइदिने कुरालाई *स्वतन्त्रता खोसिएको म* कवितामा देखाइएको यसरी देखाइएको छ :

मानव सभ्यताको यौटा प्रथम पर्याय

जन्मिदा उस्तै अनुहार लिएर आएँथें

उस्तै हाड, छाला, मासुको शरीर

र, उस्तै रुवाईको आवाज लिएर आएँथें

मलाई के थाहा यहाँ छूत र अछूतको भेद छ ?

**(स्वतन्त्रता खोसिएको म, पृ.१)**

मान्छे मान्छेबाटै पीडामा परेको, शोषणमा परेको, सानो जात र ठूलो जातको भुँमरीमा फसेको छ । जातीयताको बन्धनमा बाँधिएको छ । जातीय विभेदमा परेकाहरूको आवाज पर्खाल भित्रभित्रै हराएको छ । भोली आउने सन्तन्तिका लागि आशाको किरण जगाउने कार्यमा मानव लागे पनि त्यसले पूर्णता पाएको छैन् । समाजमा अझैं पनि असमानता र भेदभावका खाडल कायम नै छन् । समतामुलक समाजको निर्माण हुन सकेको छैन भन्ने कुरालाई देखाउन यहाँ *पर्खालभित्रका आवाजहरू* कविताका केही अंशलाई देखाइएको छ :

न्वारान नभएको मेरो छोरो

समयसँग रुवाइको पहिलो मूल्य नमाग्दै

सहीदको दर्जामा उभिएको छ

त्यही रगत पोखिएको भूमिबाट

भोलि आउने पुस्तामा

खुसीको कान्ति छोड्नुछ ।

**(पर्खालभित्रका आवाजहरू, पृ.४)**

समाजमा रहेको जातीय विभेदका कारण मान्छेले मान्छेलाई फरक तरिकाले हेर्ने तथा सोच्ने कुराको पर्दाफास घिमिरेका कवितामा पाइन्छ । एउटा गरिब परिवारमा जन्मिएको निर्दोष व्यक्तिले ठूला भनिनेहरूको घरआगनमा टेक्दैमा उसको घर अशुभ हुने, बिटुलो हुने, अपवित्र हुने कुराको पर्दाफास गरी लेखिएको *बिटुलो जात* शीर्षकको कविताको केही अंशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

आमै ! मेरो एउटा पाइतालाले

तिम्रो सिकुवामा कुल्चँदा

अशुभ हुन्छ रे

बिटुलो हुन्छ रे

तर तिम्रा पाइतालाहरूले मेरो छातीमा

पटक पटक कुल्चँदा

त्यसलाई बिटुलो मानिएन

त्यसलाई अपवित्र ठानिएन

किन मान्छे मान्छेमा पनि यो फाटो ?

किन यो भेद ?

**(बिटुलो जात, पृ.८८)**

समाजमा साना जातका मान्छेले मात्र गाएर हिँड्ने गर्दछन् । समाजले नै जातका आधारमा कामको बाँडफाँड गरिदिएको छ । जसरी गाइनेहरू गीत गाएर हिंड्दछन् । माग्नेहरू मागेर हिँड्दछन् भन्ने कुरालाई देखाउन आएको *गाइने दाइ र धर्मयुद्ध* नामक कविताका केही अंशहरूलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

गाइने दाइ !

तिम्रो सारङ्गीमा,

मैले मेरो माग्ने थाङ्ने गाना गाइरहेछु ।

दाइ तिम्रा स्वरहरूमा

म आफ्नो धर्मयुद्ध लड्दैछु ।

गाइने दाइ !

तिम्रो सारङ्गीका धुनहरूमा,

मैले मेरो सानो निशानी छोडेको छु ।

**(गाइने दाइ र धर्मयुद्ध, पृ.२०१)**

कवि झमक घिमिरेका कविताहरू भिन्न भिन्न परिवेशमा रचित छन् । जातीय विभेदका कारणले सिर्जित विभिन्न समस्याहरूलाई मूल विषयवस्तु बनाएर लेखिएका घिमिरेका कविता सशक्त खालका छन् । जातीय विभेदको अन्त्य गरी समतामुलक समाज निर्माणमा जोड दिने काम उनका कविताहरूमा गरिएको छ । कवि झमक घिमिरेमा फरक फरक विषयवस्तुको समायोजन गरी काव्यकृति रचना गर्ने सामर्थ्य छ । समाजमा मानव मानवका बिचमा रहेको अनमेल अवस्था र त्यसले निम्त्याएको नकारात्मक प्रभावलाई यथार्थ रूपमा प्रस्तुत गर्ने काम उनका कवितामा गरिएको पाइन्छ ।

**(ग) राजनीतिक विकृति**

**झमक घिमिरेका कविताहरू** कविता सङ्ग्रहका केही कविताहरूमा राजनीतिक विकृतिको यथार्थ रूपमा पर्दाफास गरिएको छ । राजनीतिक क्षेत्रमा देखिएका विभिन्न विकृतिजन्य अवस्थालाई काव्यकृतिको मूल विषय बनाइएको छ । यतिमात्र नभएर नेताहरूले राजनीतिक केवल आफ्नो स्वार्थका लागि मात्र गर्ने, राजनीतिक क्षेत्रमा नातावाद र कृपावाद मौलाएको, विकासका हरेक गतिविधिमा भष्टचारले जरो गाडेको छ । राजनीतिक क्षेत्रमा पसेकाहरू कुनै भष्टचारबाट अछुतो रहन सकेको छैन भन्ने कुरा *सर्पहरू र शताब्दी बाँच्नेहरू* कवितामा यसरी देखाइएको छ :

एउटा निर्मम सपना आँखाको नानीसामु

सिङ्गो शताब्दी बाँच्नेहरू

निरीहहरूको रगत

निर्धन पसिनामाथि शैतानी प्रहार गरेर

जीवनको आनन्द नखोज

त्यही रगतको दल्दलमा अङ्कुराएका

परिवर्तनरूपी सपनाहरूका, इन्क्लापी स्वरहरू

दबाउन नखोज सैतानहरू ।

**(सर्पहरू र सताब्दी बाँच्नेहरू, पृ.१२)**

माथिको कवितांशमा लामो समयसम्म चलेको राजनीतिक आन्दोलन र त्यसले नेपाली जनताको दीनचर्यामा पारेको नकारात्मक प्रभावलाई यथार्थ रूपमा देखाइएको छ । यतिमात्र नभएर सोझासाझा जनतालाई दुःख दिएर जीवनको आनन्द नखोज्न कविले आहवान् गरेकी छिन् ।

जनताको घरमा दुःखै दुःख छ । गास, वास र आवासको हाहाकार छ । जनता कुनै न कुनै समस्याबाट पीडित छन भन्ने कुरालाई *जनताको गाउँ* कवितामा यसरी प्रस्तुत गरिएको छ :

जनताको गाउँमा

बिजुली बत्ती निभेको छ ।

हाहाकारमय त्यो ठाउँ

रोदनको वर्षाले भिजेको छ ।

सरकारको अगरबत्ती निभेको छ ।

**(जनताको गाउँ, पृ.२०८)**

माथिको कवितांशमा कविले राजनीति गर्ने मान्छे मोज र मस्ती छ । आफ्नो स्वार्थमा लागेको छ । कसरी धनसम्पत्ति भित्रयाउने भन्ने सोचमा छन भने उता जनता समस्यै समस्याले थलिएका छन भन्ने कुरालाई कवितांशमा मूल रूपमा देखाइएको छ ।

अन्याय, अत्याचार, दमन, शोषण सहने दिन गए । ए सोझासाझा जनताहरू हो अब उठ । आफूमाथि हुने गरेका दमन, शोषण, अन्याय, अत्याचारको विरोध गर भन्ने कुरालाई *यो संग्राममा तँ नडरा* भन्ने कवितामा यसरी देखाइएको छ :

हे परास्त मान्छे उठ, अब त ननिँदा ब्युँझी

अपदस्त खोललाई दश ठाउँ दूर फाल

स्वाभिमानप्रति जाग उठा अस्त्रशस्त्र सारा

जीत छ तेरै किन काँप्छस्, यो संग्राममा तँ नडरा ।

(**यो संग्राममा तँ नडरा, पृ.१८०**)

माथिको कवितांशमा अब अन्याय, अत्याचार, दमन, शोषण सहेर बस्ने दिन गए । अब आफूमाथि हुने शोषणको विरोधमा जुट्नुपर्छ । हातमा हात मिलाएर समानताको लडाइँ लड्नुपर्छ भन्ने भाव माथिको कवितांशमा आएको छ । फरक फरक विषयको समायोजन गरी कविता लेख्ने क्षमता भएकी घिमिरेका कविता शसक्त रूपमा देखा परेका छन् । कवयत्री झकम घिमिरेले यस सङ्ग्रहका कवितामा कुनै एउटा पक्षको मात्र चित्रण नगरेर विविध विषयवस्तुको चयन गरेर काव्य कृतिको रचना गरेकी छिन् ।

**४.५.१.२ सहभागी**

**झमक घिमिरेका कविताहरू** सङ्ग्रहमा मानवीय र मानवेत्तर गरी दुई खालका पात्रहरूको प्रयोग गरिएको छ । यस सङ्ग्रहका कविताहरूमा सहभागीहरूको सहभागिता कतै वक्ता-श्रोताका रूपमा, कतै सम्बोधक-सम्बोधितका रूपमा, कतै प्रेषक-प्रापकका रूपमा भएको छ । *पर्खालभित्रका आवाजहरू, सर्पहरू र शताब्दी बाँच्नेहरू, जालो र आँखाहरू, सडक, पानी, सूर्य, सेता गुलाफका बोटहरू, धरती जिन्दगी र पीडा, बसन्त तिमी फेरि आउनुपर्छ, काकाकुल, पानीको रङ्ग, घर : धरती* लगाएतका

कविताहरूमा मानवेत्तर पात्रहरूको प्रयोग भएका छन भने *पाशविक पाइतालाहरू, उज्यालोका सपनाहरू, सपनाको वीभत्स मृत्यु, बैंशालु लालीगुराँस सुनगाभाहरू, शून्य : निर्जीव ऊ, सन्ननटाभित्रका यात्राहरू, अस्मिता, अतृप्त भोकहरू क्लिष्ट मन, याम सौन्दर्य र रुख, गुइँठे कान्छाका रहरहरू, माया, मध्यस्थ मैदानतिर, शोषित ज्वालामुखी, जीर्ण मस्तिष्कहरू, असन्तुष्टिहरू, धमिराहरू, अवाक् ज्वाला, आकृति, स्वप्ना पुतलीहरू, शेर्पे दाइ बुद्धको कर्मयोगी पुत्र, च्याउँकी जुखुरीका गोठाले दाउरे गीतहरू, रोशनी, समवेदना श्रद्धाञ्जलि, आधुनिक भूत, धुवाँको द्वन्द्ध, एउटा यस्तो स्वतन्त्रता, बिकल्पहीन मान्छे र शुभकामना, मान्छे सार्थक जीवन, शोषणविरुद्ध जनता, अन्धकारमा उज्यालोको खोजी, मेरो स्नानघर, यो संग्राममा तँ नडरा, सङ्गीन र चाहनाहरू, समय* लगायतका कविताहरूमा मानवीय पात्रको प्रयोग गरिएको छ । सहभागीलाई चिनाउन आएका केही कविताका अंशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

गाइने दाइ !

तिम्रो सारङ्गीमा,

मैले मेरो माग्ने थाङ्ने गाना गाइरहेछु ।

दाइ तिम्रा स्वरहरूमा

म आफ्नो धर्मयुद्ध लड्दैछु ।

गाइने दाइ !

तिम्रो सारङ्गीका धुनहरूमा,

मैले मेरो सानो निशानी छोडेको छु ।

**(गाइने दाइ र धर्मयुद्ध, पृ.२०१)**

माथिको कवितांशमा गाइने दाइ, म पात्र आदि मानवीय पात्रका रूपमा आएका छन् । गाइने दाइका पीडालाई कवितामा यथार्थ रूपमा चित्रण गरिएको छ । मानवेत्तर पात्रको प्रयोग गरिएको अर्को कविताको अंशलाई तल उदाहरणका रूपमा देखाइएको छ :

धमिराहरू आफ्नो अस्तित्वको लागि

कालो प्रतिबिम्व देखाउन रुचाउँदैनन्

तर उनीहरू पराश्रितता स्वीकार्दैनन्

तै पनि धमिराहरूमा

कमजोरपन हुन्छ

उनीहरूमा थुप्रै दुर्बलताहरू हुन्छन् ।

**(धमिराहरू, पृ.१५०)**

माथिको कवितांशमा धमिराहरू मानवेत्तर पात्रका रूपमा आएका छन् । कविले धमिरालाई मानवीकरण गरेर उनीहरूका कमजोर पक्षलाई केलाउने पर्यत्न गरेका छन् ।

### ४.५.१.३ परिवेश

यस सङ्ग्रहका कविताहरूले मुख्य गरेर नेपालमा लामो समयसम्म चलेको युद्धजन्य परिवेशको चित्रण, समाजमा धनी र गरिबका बिचमा भएको वर्गीय विभेदका कारणले उत्पन्न परिवेश, वर्तमान समयमा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक क्षेत्रमा उत्पन्न विभिन्न विकृतिजन्य परिवेश तथा वातावरणको चित्रणलाई जोड दिएका छन् । यस कवितामा विभिन्न परिवेश तथा वातावरणलाई दर्शाउन आएका केही कविताका अंशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

सानेको घरको आँगनको डिलमा

मुस्कुराइरहेका सयपत्री, गोदावरीहरू

फुल्नुको एउटा आनन्द

फक्रिनुको एउटा सार्थकता बोकेर

जीवनको उल्लासमय क्षण भोगिरहेछन् ।

**(भाइटीका, पृ.५)**

माथिको कविताांशले नेपालमा विभिन्न समयमा मनाइने चाडपर्वको समयमा घरका आगनमा फुल्ने विभिन्न विषयका फूलहरू र तिनले ल्याउने आनन्दका क्षणहरूलाई कवितामा परिवेशका रूपमा चित्रण गरिएको छ । त्यस्तै वर्तमान समयमा मानव जीवनमा भित्रिएका विभिन्न विकृतिजन्य अवस्थाको चित्रण गरिएको *सत्य* कविताको अंशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

ए मान्छे !

तिम्रा शास्तीहरूसँग निडर म

तिम्रा यातनासँग पनि निर्भीक म

ओ पर्खाल ! तिम्रो सामु

आस्था बलात्कार नभएको

ठोकुवा समेत दिन्छु ।

तिमी मलाई कोर्रा हान

यो जिउँदो शरीरमाथि

पाखण्डीतन्त्रले डाम ।

**(सत्य, पृ.२८)**

माथिको कविताांशमा कविले वर्तमान समयमा आएर मानवीय क्रियाकलाप अनैतिक गतिविधितर्फ सक्रिय भएका र त्यसकै कारणले गर्दा मानव विभिन्न विकृतिजन्य अवस्थामा फसेको छ भन्ने कुरालाई कवितामा मूल रूपमा देखाइएको छ ।

### ४.५.१.४ उद्देश्य

कवयत्री झमक घिमिरेका यस सङ्ग्रहका कविताहरूमा पनि अन्य कविता सङ्ग्रहका जस्तै सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक गतिविधि र त्यसले मानव समाजमा पारेका नकारात्मक

प्रभावलाई यथार्थ रूपमा देखाउने लक्ष्य राखिएको छ । यतिमात्र नभएर समाजमा रहेको जातीय विभेदको अवस्था र त्यसले निम्त्याएका विभिन्न समस्याहरूलाई पनि यस सङ्ग्रहका कविताहरूमा देखाइएको छ । यस सङ्ग्रहमा सङ्कलित केही कविताहरूका अंशलाई उदाहरण लागि तल उल्लेख गरिएको छ :

नव ऋतुस्रावित किशोरी

उसका स्निग्ध स्तनहरू

गिद्धहरूको खेल्ने उद्यान हो,

यसको परिणति

उसको मानवी शरीरको

एउटा दुर्घटना र दुर्भाग्यको विडम्बना ऊ भोग्दैछे ।

**(स्त्री संभोग, पृ.१०६)**

माथिको कवितांशमा नारीलाई हेर्ने पुरुषको दृष्टि र गर्ने व्यवहारप्रति व्यङ्ग्य हानिएको छ । यतिमात्र नभएर पुरुषले नारीलाई खेलौना अर्थात भोग्याको सामानको रूपमा हेर्ने गरेको कुरालाई देखाएर नारीहरू पनि अवसर पाएमा पुरुष सरह बन्न सक्छन् । त्यसैले नारीलाई कुनै पनि कोणबाट कमजोर नठान भन्ने सन्देश दिन खोज्नु नै प्रस्तुत कवितांशको मूल उद्देश्य हो । त्यस्तै मान्छे जहाँ जन्मन्छ, हुर्कन्छ, उसलाई सबैभन्दा धेरै माया त्यही ठाउँको लाग्छ भन्ने कुरा उल्लेख गरिएको कवितांशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

च्याउँकी जुखुरी !

तँलाई वन पाखाले जन्म दिएको होइन

मान्छेको कोखले तँलाई जन्माएको हो

तैपनि तँ किन गाउँछेस्

खोलानालाका गीतहरू ?

**(च्याउँकी, जुखुरीका गोठाले, दाउरे गीतहरू, पृ.१५७)**

माथिको कविताांशमा आफ्नो जन्मभूमि सबैलाई प्राणभन्दा पनि प्यारो हुन्छ । मान्छे जुन परिवेशमा जन्मियो, हुर्कियो, त्यसैको छाप उसका मानसपटलमा पर्न जान्छन् भन्ने कुरालाई मूल रूपमा देखाइएको छ । यतिमात्र नभएर खोलानाला, वनपाखाको छेउमा जन्मिएका लागि खोलानाला, वनपाखा नै प्यारो हुन्छ भन्ने कुरालाई देखाउनु नै यस कविताांशको मूल उद्देश्य रहेको छ ।

### ४.५.१.५ दृष्टिविन्दु

यस सङ्ग्रहका कविताहरू केही प्रथम पुरुष दृष्टिविन्दुमा आधारित छन् भने केही तृतीय पुरुष दृष्टिविन्दुमा आधारित भएर रचना गरिएका छन् । *स्वतन्त्रता खोसिएको म, सत्य, देश, म र आकांक्षा, युगक्रीडा, सपनाको रङ, सूर्य, प्रलय* लगाएतका कविताहरू प्रथम पुरुष दृष्टिविन्दुमा आधारित भएर रचना गरिएका कविता हुन् भने *पानी, सञ्जीवनी, दृष्टि, जिन्दगी, रात, धरती, जिन्दगी र पीडा* लगाएतका कविताहरूमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । तल केही कविताका अंशलाई उदाहरणका रूपमा उल्लेख गरिएको छ :

मानव सभ्यताको यौटा प्रथम पर्याय

जन्मिदा उस्तै अनुहार लिएर आएँथें

उस्तै हाड, छाला, मासुको शरीर

र, उस्तै रुवाईको आवाज लिएर आएँथें

मलाई के थाहा यहाँ छूत र अछूतको भेद छ ?

**(स्वतन्त्रता खोसिएको म, पृ.१)**

माथिको कविताांशमा समाख्याताले कथा वाचनका लागि रोजेको स्थानमा बसेर 'म' पात्र स्वयम्ले कथा वाचन गरेको हुँनाले यस कविताांशमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । कविताांशमा म पात्रले अन्य पात्रले जस्तै आफूले पनि जन्मदा उही हाड, छाला र मासुको शरीर लिएर

जन्मिएको, अन्य मानिसको भैँ उही आवाज लिएर जन्मिएको तर सबैले अछूत भनेर भेदभाव गरेको कुरालाई व्यक्त गरेको हुँनाले प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । त्यस्तै अर्को कविताको अंशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

रातको जुनेली शीत बनेर खस्छे

ऊ उजेलीमा शीतलहर बनेर देखिन्छे

त्यही प्रभात खुलेको सतहमा उभिएर

उनी नयाँ बिहानीको गीत गाउँछिन्

र मीठो प्रीति लाउँछिन्

अनि यौटा वर्षामय दृष्टि गर्छिन्

त्यही वर्षा धरतीमा वर्षिरहन्छ

अविरल अविरल ................... ।

(**सञ्जीवनी, पृ.५४**)

शीतका रूपमा अविरल अविरल वर्षिरहने वर्षाले नयाँ बिहानीको गीत गाउने, मीठो प्रितीको गीत गाउने गरेको कुरा ऊ पात्रका माध्यमबाट व्यक्त गरिएको छ । यहाँ समाख्याता ऊ पात्रका रूपमा आएर कथा भनिरहेको छ । त्यसैले यस कवितांशमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ ।

### ४.५.४ भाषाशैली

झमक घिमिरेद्वारा लिखित **झमक घिमिरेका कविताहरू** नामक कविता सङ्ग्रहको भाषा क्लिष्ट नभई सरल, सहज तथा स्वाभाविक रहेको छ । प्रायसः गद्य भाषाशैलीको प्रयोग गरिएको यस कवितासङ्ग्रह प्रगीतात्मक संरचनामा आबद्ध भएका छन् भने यसको विषयवस्तुको प्रस्तुति वर्णनात्मक पद्धतिमा प्रस्तुत गरिएको छ । सामाजिक, राजनैतिक, सांस्कृतिक, स्थानिक लगाएतका विभिन्न विषयलाई विषयवस्तु बनाइएको प्रस्तुत कवितासङ्ग्रहमा तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक

शब्दका साथै कहिँकतै अलङ्कारयुक्त भाषा, लोकलय र नगण्य मात्रमा बिम्ब प्रतीकको प्रयोग भएको पाइन्छ । तसर्थ यस कवितासङ्ग्रहको भाषिक शैली विन्यासमा विविधता पाइन्छ ।

यसैगरी यस सङ्ग्रहमा आलङ्कारिक प्रयोग पनि कतै-कतै गरिएको देखिन्छ । अन्त्यानुप्रास अलङ्कारको प्रयोग गरिएको कवितांश :

रगतले नसिञ्चिएको यौटा आफ्नो घर छैन,
त्याग अनि तपस्याले भिजेको यहाँ आफ्नो धरती छैन् ।
सङ्कल्प र उत्साह नभरिएको त्यो त मान्छे होइन,
रगतले नभिजेको त्यो त आफ्नो धरती होइन ।

**(घर : धरती, पृ.९१)**

उक्त कवितांशमा घर छैन, धरती छैन्, मान्छे होइन, धरती होइन जस्ता शब्दको प्रयोगले अन्त्यानुप्रासिक सौन्दर्य सिर्जना भएको देखिन्छ । यसैगरी यस सङ्ग्रहमा अन्त्यानुप्रास अलङ्कारको प्रयोग गरिएको अर्को कवितांशलाई यसरी देखाइएको छ :

कहिलेकाहीं भलाकुसारीमा चल्थे कुराहरू

त्यस्तै ठाउँमा राखिदियौ विश्वासघाती छुराहरू ।

खुल्ला आकाश पाएपछि उडिहाले भुराहरू,

छातीभित्र गडेका छन् तिम्रा अविश्वासी कुराहरू ।

**(विश्वासका कुराहरू, पृ.२७)**

उक्त कवितांशमा चल्थे कुराहरू, विश्वासघाती छुराहरू, उडिहाले भुराहरू, अविश्वासी कुराहरू जस्ता शब्दको प्रयोगले अन्त्यानुप्रासिक सौन्दर्य सिर्जना भएको देखिन्छ ।

अतः हामीले आफ्नोपनलाई बिर्सिनु भनेको आफैलाई बिर्सिनु हो भन्ने जस्ता विषय तथा सुधारको सन्देश यस सङ्ग्रहका कवितामार्फत घिमिरेले व्यक्त गरेकी छिन् । यतिमात्र नभएर झमकका कविताहरूमा आफ्नो जन्मभूमिप्रतिको माया, आफ्नो देशको छहारीमुनि बस्दाको आनन्न र त्यसले दिने

परिचय, मासिनको जीवनमा आइपर्ने अनेकन समस्या र ती समस्याहरूले सिकाएका नयाँ-नयाँ कुराहरू, इतिहासका कुरा, प्रकृतिले मानव जीवनमा निम्त्याउने समस्या, मानव धर्मजस्ता फरक फरक विषयवस्तुको प्रस्तुति उनका कवितामा पाइन्छन् । त्यसैले उनका कविताहरू उत्कृष्ट बन्न पुगेका छन् ।

## ४.६ प्रेमिल आकाश कवितासङ्ग्रहको विश्लेषण

### ४.६.१ विषयपरिचय

वि.सं. २०७३ सालमा कवि झमक घिमिरेको **प्रेमिल आकाश** नामक कवितासङ्ग्रह प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र जम्मा ४९ वटा कविता सङ्गृहीत छन् । ११४ पृष्ठमा तयार भएको प्रस्तुत कवितासङ्ग्रह झमक घिमिरे साहित्य कला प्रतिष्ठानले प्रकाशन गरेको हो । अनुहार, प्रश्न मान्छेलाई, अनुमति, आमा, मार्चपास र सपना, उत्सव, त्यतिबेला रात हराउँछ, विलय, एउटा मुद्धा, विनिर्माण र निर्माण, छोराछोरीभित्र रात, आगतभित्र विगत, बूढो सपना, विचार, देशलाई कहाँ पोल्यो ?, सिर्जन, निर्शत स्पेश, वीर्य, प्रेमिल आकाश, नारी दिवसको पोट्रेट, तिहार, फूल, प्रियतमा, नारी, शलयक्रिया, भ्यागुतो, आभा, यस्तो कविता, निर्ममता, अराजकता, आनन्द, सुहागरात, उन्मुक्ति, विद्रोह, भँगेराहरू काठमाडौँ ठुङ्दैछन्, घर, प्रेम दिवस र म, मनकामनालाई ऋतुधर्म, जिसस, बाइबल र चुम्बन, समय र रहर, न्यू सृष्टि, वाइन र सेक्स, प्रश्न कमरेडलाई, पुरुषतत्वमाथि नृत्य, जूनको देश र सपना, प्रेम बूढो फेदाङ्बा, निलो नदीसँग बग्ने जिन्दगी, जनवरी, आगत र गणतन्त्रको जुवा घर जस्ता कविताहरू यस सङ्ग्रहभित्र सङ्गृहीत छन् । संरचनाका दृष्टिले हेर्दा आवरण र भूमिकाखण्ड बाहेक जम्मा ११४ पृष्ठमा बिस्तारित **प्रेमिल आकाश** शीर्षकको कविता सङ्ग्रहमा आदि, मध्य र अन्त्यको संरचना विधानका आधारमा संरचित ९५ वटा फुटकर कविताहरू समावेश गरिएका छन् । पृष्ठभूमिमा कवि परिचय राखिएको छ । यसको आन्तरिक संरचनाका दृष्टिले हेर्दा पनि यस कृतिको आन्तरिक संरचना सुसन्तुलित र सुसङ्गठित रहेको देखिन्छ ।

### ४.६.१.२ विषयवस्तु

**प्रेमिल आकाश** सङ्ग्रहभित्र झमकको बैंस उन्मुक्त बनेर फुलेका भाव र समसामयिक धारभित्र लेखिएका कविताहरू छन् । केही बिद्रोही कविता पनि छन् । जसरी “ढुङ्गाको काप फोरेर पनि उम्रन्छ पीपल, सिर्जना शक्ति संसारमा कहिल्यै हुँदैन् विफल” भने जस्तै घिमिरेमा पनि यस्तै अनौठो काव्यप्रतिभा रहेको छ । उनका यस सङ्ग्रहका कविताहरूमा अस्थिर राजनीतिक र राजनीतिमा

सल्बलाइरहने अनेक छालहरूले पारेको प्रभावलाई पनि प्रस्तुत गरिएको छ । यतिमात्र नभएर यस सङ्ग्रहभित्रका कवितालाई घिमिरेले जीवन हेर्ने झ्यालका रुपमा बाहिर ल्याएकी छिन् । मौलाउँदै गएको राजनीतिक विकृति र त्यसले आजको समाजमा निम्त्याएका विकृतिहरूको पर्दाफास यस सङ्ग्रहभित्रका कविताले गरेका छन् । समाजमा परम्परादेखि चलनचल्तीमा रहँदै आएका सामाजिक कुसंस्कारजन्य गतिविधि र त्यसले लैङ्गिक रुपमा नारीमाथि पारेको नकारात्मक प्रभावलाई समेत यस सङ्ग्रहभित्रका कविताहरूले सशक्त रुपमा देखाएका छन् ।

जीवन विशाल, महान्, जटिल र बहुआयामिक छ । त्यसैले जीवन कहिल्यै पूर्ण हुन सक्दैन् । आकाशकै जस्तै शून्यता र खुलापनमा मात्र जीवनको सार्थकता पाउँन सकिन्छ । जसरी आकाशको कुनै रङ छैन् । आकार छैन् । त्यसरी नै जीवनको पनि कुनै आकार र रङ छैन् । जीवन रङहीन अर्थात विनाआकारको छ । त्यसैले जीवनमा जतिखेर जे पनि हुन सक्छ । त्यसैले जीवन, जगत्लाई लिएर घमण्ड गर्नु मान्छेको घमण्ड मात्र हो । नारी विद्रोह, मातृत्व प्रेम तथा करुणाजन्य पीडाबोध यस सङग्रहभित्रका कविताको मूल भाव हो । यस सङ्ग्रहमा सङ्कलित कविताहरू विभिन्न विषयवस्तुलाई लिएर लेखिएका छन् । जसमा सामाजिक, राजनीतिक, नारीवादी, देशप्रेम, प्रकृतिप्रेम, जातीय विभेद, वर्गीय विभेदको पर्दाफास गरिएको छ । विभिन्न विषयवस्तु वा भाव बोकेका कविताहरूलाई विभिन्न उपशीर्षक लिएर तल चर्चा गरिएको छ :

**(क) युद्धजन्य अवस्थाको पीडाबोध**

**प्रेमिल आकाश** सङ्ग्रहभित्र राजनीतिक विषयवस्तु बनाएर लेखिएका केही कविताहरू छन् । ती कविताहरूमा *प्रश्न मान्छेलाई, आमा, मार्चपास र सपना, छोरीभित्रको आग्रह* लाई लिन सकिन्छ । यी कविताहरूमा कविले मूल रूपमा नेपालमा दश वर्षसम्म चलेको जनयुद्ध र त्यसले जनतामा पारेको नकारात्मक प्रभावलाई मूल रूपमा देखाएकी छन् । यतिमात्र नभएर युद्धका कारण मान्छेले भोग्नुपरेका विविध समस्याहरूलाई कवितामा देखाइएको छ । नेपालमा लामो समयसम्म चलेको द्वन्द्वका समयमा जनताहरू सबै कुराबाट बञ्चित थिए । स्वतन्त्र भएर हिँड्ने, डुल्ने तथा आफ्नो विचार स्वतन्त्र रूपमा राख्न पाउने अवस्था थिएन । जनता कुनै न कुनै पक्षबाट त्रसित थिए । भन्ने कुरालाई व्यक्त गर्न कवि घिमिरेले *प्रश्न मान्छेलाई* कविताका माध्यमबाट युद्धजन्य अवस्थाप्रति यस्तो व्यङ्ग्य भाव व्यक्त गर्दछिन् :

स्वयं लुटिने डर छ उसलाई

पृथ्वी उकुसमुकुस बनेर बोल्छे
मेरो बर्बरतामाथि किन संगीन तेर्स्यान्छ ?
किन लाठीचार्ज गरिदैंन मेरो काखमाथि ?
यो प्रश्न मेरो स्वयं मान्छेलाई ।

**(प्रश्न मान्छेलाई, पृ.१८)**

माथिको कवितांशमा समग्र देश नै विभिन्न विभिन्न विकृतिमा फसेको छ । मान्छे त्रासैत्रासमा बाँचेको छ । जब समाजमा दमन, शोषण, अन्याय, अत्याचारले चरम सीमा पार गर्छ तब अनेक खालका विद्रोहका स्वरहरू गुञ्जन पुग्दछन् । रगतका खोला बग्न थाल्दछन् । मान्छे मान्छेका बिचमा युद्धको अवस्था सिर्जना भएको छ भन्ने कुरालाई कवितामा मूल रूपमा देखाउन खोजिएको छ ।

नेपालमा लामो समयसम्म जनतामाथि हुने गरेका दमनको प्रतिकार स्वरूप अब जनता आ-आफ्नो स्थानबाट लड्न तयार छन भन्ने कुरालाई कवि घिमिरेले *आमा, मार्चपास र सपना* कवितामा यसरी आक्रोश पोख्दछिन् :

कुनै आमाको आलो सपनामाथि
जिन्दगीका अनाम नदीहरू तर्न
एक हुल छोराहरू मार्चपास गरिरहेका छन्
कुनै युद्धको मोर्चामा
हारेको सिपाहीजस्तो
त्यही लतपतिएर बगेको रगतजस्तो
वर्तमानसँग गुहार माग्दै बग्छ
एनको सपना ।

**(आमा, मार्चपास र सपना, पृ.२०)**

माथिको कवितांशमा कविले नेपाल आमाको सपनामाथि आफ्नै छोराहरूले विश्वास घात गरेका, आमाको छातीमा मार्चपास गरेर युद्धको बिउ रोपिरहेको कुरा कवितामा मूल रूपमा आएको छ ।

यतिमात्र नभएर सबैँ छोराछोरी मिलेर बसेको हेर्न चाहने आमाको सपना सबै चकनाचुर भएको छ । एकै आमाका कोखबाट जन्मिएका भाइ-भाइ युद्ध छेड्ने दाउँमा लागिपरेका छन् । यसले सिङ्गो नेपाल राज्यभित्र नै युद्धको सिर्जना गरिदिएको छ भन्ने कुरालाई मूल रूपमा देखाउन खोजिएको छ ।

नेपालमा लामो समयसम्म चलेको युद्धको समयलाई आधार बनाएर कवि घिमिरेले *छोरीभित्रको रात* कवितामा युद्धजन्य पीडाको बोध यसरी गराएकी छिन् :

मेरी सानी छोरीले सोधी -

एउटा कालो रातलाई हेर्दै

मामु ! उज्यालो कहिले खस्छ ?

उसले आफू रहनु र नरहनुको अर्थ भेटिनँ

रातसँग डराएर प्रश्न गरी -

रात किन आएको मामु ?

शयद उसले जीवनको अर्थ भेटाइन्न ।

**(छोरीभित्रको रात, पृ३२)**

माथिको कवितांशमा कवि घिमिरेले युद्धले बालबालिकाको कलिलो बाल मस्तिष्कमा पुऱ्याएको नकारात्मक असरलाई मूल रूपमा देखाउन खोजेकी छिन् । युद्धकै कारण कतिले आफ्नो परिवार, आफन्त, नातागोता, छरछिमेक तथा बालबालिका नै गुमाएका छन् । त्यही युद्धजन्य अवस्थाको कारणले केटाकेटीमा उब्जाउने भिन्न भिन्न प्रकृतिका प्रश्नहरूलाई मूल रूपमा देखाइएको छ ।

**(ख) राजनीतिक विकृतिप्रति व्यङ्ग्य भाव**

झमक घिमिरेको यस **प्रेमिल आकाश** कविता सङ्ग्रहमा कविले राजनीतिक विषयवस्तुलाई समेटेर पनि विभिन्न शीर्षकमा कविताहरूको रचना गरेकी छन् । त्यस मध्ये पनि वर्तमान समयमा नेपालको राजनीतिक क्षेत्रमा देखापरेका भष्टचारका विभिन्न गतिविधि र त्यसले आम जनताको रगत र पसिनाको शोषण भएको कुरालाई मूल रूपमा देखाउने प्रर्यत्न गरिएको छ । यस सङ्ग्रहमा राजनीतिक विषयवस्तुलाई आधार बनाएर रचना गरिएका कविता अर्न्तगत *विलय, विचार, एउटा मुद्धा, गणतन्त्रको*

*जुवा घर* जस्ता कविताहरू आएका छन् । तल केही कविताका कवितांशहरूलाई उदाहरणका रूपमा यसरी देखाइएको छ :

तिमीले सलक्क निलेर

ओकलिदियौ लासहरू

त्यही क्षतविक्षत लासहरू देखेर

ऊ माथि खाइरहेका छन् गिद्धहरू

आफैसँग बात मार्दैछन् -

वर्षौं भो सिनु खान नपाएको ।

**(विलय, पृ.२६)**

माथिको कवितांशमा कविले नेपालहरू जनताका सेवाका लागि होइन कति बेला जनतालाई छल्न र ढाँट्न पाइन्छ भन्ने बाटो कुरेर बसिरहेका हुन्छन् भन्ने कुरालाई मूल रूपमा देखाइएको छ । यसका साथै राजनीति राज्य मूल नीति भए पनि नेताहरूले त्यसमाथि विथिति गरिहेका छन् । जसले गर्दा नेता र जनताका बिचमा गहिरो खाडल देखापरेको छ भन्ने कुरालाई पनि कवितांशमा मूल रूपमा देखाइएको छ ।

चुनावका बेला म यस्तो गर्छु । उस्तो गर्छु भनेर भाषण गर्ने नेताहरू चुनाव जितेपछि आफ्नो स्वार्थसिद्धिमा मात्र लाग्छन् भन्ने कुरालाई देखाउन आएको अर्को कविताको अंशलाई तल उल्लेख गरिएको छ :

भन्छन् - तिम्रो सृष्टि उर्वर छ रे

त्यही सृष्टिमा तिमी

काल बनेर भित्रियौ किन ?

तिम्रो आस्थाको मन्दिर त्यतिबेला ढल्यो

रोए तिमै भक्तजनहरू

जीवनको गुहार माग्दै

खोइ तिनका मनोकांक्षाहरू पूरा गरेको ?

तीनका आँसुहरू

निस्तब्ध बनेर थापिरह्यौ ।

**(एउटा मुद्दा, पृ.२७)**

माथिको कवितांशमा सुरुमा विभिन्न आश्वासन देखाएर राजनीतिमा लाग्ने र चुनाव जितिसकेपछि त्यही निरीह जनताको काल बनेर झुपडी झुपडीमा पसेर दुःख दिने, चन्दा आतङ्क फैलाउने जस्ता क्रियाकलाप गर्दा जनताको आशा भरोसा नै हराएर जान्छ भन्ने कुरालाई कवितामा मूल रूपमा देखाइएको छ ।

**(ग) प्रकृति चित्रण**

घिमिरेका यस सङ्ग्रहका *अनुमति, फूल, अराजकता, भ्यागुतो* जस्ता कविताहरूमा प्रकृतिको चित्रण गरिएको छ । प्राकृतिक सौन्दर्य र त्यसले मानव जीवनमा पार्ने नकारात्मक प्रभावलाई कवितामा मूल रूपमा देखाइएकोछ । विभिन्न विषयवस्तु वा भाव बोकेका कविताहरूलाई विभिन्न उपशीर्षक दिएर तल चर्चा गरिएको छ :

हिउँदले निर्बस्त्र बनाएर छाडेको एक नग्न रूख

वसन्तको हरियो वस्त्र माग्दैछ

र, खोज्दैछ आफ्नो लाज छोप्न

नग्नता छोप्न ।

**(अनुमति, पृ.१९)**

माथिको कवितांशमा प्रकृतिमा आउने वसन्तको आगमनसँगै नग्न रूखहरूले हरियो वस्त्र पहिरन थाल्दछन् । कोइली गीत गाउन नपाएर वसन्तको आगमनका लागि प्रतिक्षा गर्दछ । कुहिरोले धर्तीसँग वर्षा हुने अनुमति माग्दछ । यसरी नै प्रकृतिको सिङ्गो जीवनचक्र चलिरहन्छ भन्ने कुरालाई कवितामा मूल रूपमा देखाइएको छ ।

#### ४.६.१.३ सहभागी

यस सङ्ग्रहका कवितामा कविले सहभागीका रूपमा मानवीय र मानवेत्तर पात्रहरू आएका छन् । *प्रश्न मान्छेलाई, आमा, मार्चपास र सपना, छोरीभित्रको रात, नारी दिवसको पोट्रेट, नारी, पुरुषत्वमाथि नृत्य, प्रेम र बूढो फेदाङ्बा* लगाएतका कवितामा मानवीय पात्रको प्रयोग गरिएको छ भने अन्य कविताहरूमा मानवेत्तर पात्रका रूपमा देखाइएको छ । यस कवितामा सहभागीका रूपमा आएका केही कविताका अंशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

तिमीले सलक्क निलेर

ओकलिदियौ लासहरू

त्यही क्षतविक्षत लासहरू देखेर

ऊ माथि खाइरहेका छन् गिद्धहरू

आफैसँग बात मार्दैछन् -

वर्षौं भो सिनु खान नपाएको ।

**(विलय, पृ.२६)**

माथिको कवितांशमा मानवेत्तर सहभागीका रूपमा गिद्ध आएको छ । यहाँ मानवेत्तर पात्र गिद्धका माध्यमबाट कविले मानवीय विकृतिका कारणले मानवले मानवलाई नै समाप्त पार्ने खेलमा लागेको कुरा कवितामा मूल रूपमा आएको छ । यस्तै मानवीय पात्रलाई देखाउन आएको कवितांशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

बाबा तिम्रो घर

मलाई घर जस्तो लागेन

जहाँ मैले बोल्ने प्रत्येक शब्दमा

कसैको अधिनको साङ्लो बाँधिन्छ ।

अनि कसैको अभिमानले

मेरो स्वाभिमानको बलात्कार गर्छ ।

(घर, पृ.८२)

माथिको कवितांशमा म पात्रले आफूलाई जन्मदिने मूल घर नै घरजस्तो नलागेको कुरा व्यक्त गरेकी छिन् । आफूले बोल्ने प्रत्येक शब्दमा कसैको अधिनको साङ्लो बाँधिएको महसुस उनमा भएको छ । यहाँ मानवीय पात्रका रूपमा म पात्र, उसलाई जन्मदिने बाबा आएका छन् ।

**४.६.१.४ परिवेश**

जीवन जतिकै बहु-आयामिक छ कवि झमक भित्रको संसार । र यी कविताहरूमा विभिन्न विषयवस्तुमा जोडिएका काव्यकृतिहरूको परिवेशको सीमा पर्नि फरक फरक तरिकाले प्रस्तुत भएको छ । यस सङ्ग्रहभित्र जे जति कविताहरू आएका छन, ती सबै कृतिहरूले झमक भित्र भएका स्वत्व भावलाई देखाएका छन् । जीवनमा भोगेका पीडाहरू, दुःखका क्षणहरू, हर्ष र खुसीका क्षणहरू नै यस सङ्ग्रहका कवितामा विभिन्न परिवेश तथा वातावरणलाई दर्शाएका छन् । यस सङ्ग्रहका कविताहरूमा परिवेशका रूपमा सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक क्षेत्रमा भएका विभिन्न क्रियाकलापका माध्यमबाट परिवेशको निर्माण गरिएको छ । तल परिवेशलाई दर्शाउने केही कविताका अंशलाई उदाहरणका रूपमा प्रस्तुत गरिएको छ :

बाबा तिम्रो घर

मलाई घर जस्तो लागेन

जहाँ मैले बोल्ने प्रत्येक शब्दमा

कसैको अधिनको साङ्लो बाँधिन्छ ।

अनि कसैको अभिमानले

मेरो स्वाभिमानको बलात्कार गर्छ ।

(घर, पृ.८२)

माथिको कवितांशमा नेपालमा लामो समयसम्म चलेको राणाकालीन समयलाई परिवेशका रूपमा चिनाइएको छ । राणाकालीन समयमा नेपाली जनताले कुनै कुरा पनि स्वतन्त्र भएर गर्न नपाउने, राणाहरूकै अधिनमा रहेर बस्नुपर्ने अवस्थाको चित्रण कवितामा गरिएको छ । प्राकृतिक परिवेशलाई देखाउन आएको अर्को कवितांशलाई उदाहरणका रूपमा तल उल्लेख गरिएको छ :

हिउँदले निर्बस्त्र बनाएर छाडेको एक नग्न रूख

वसन्तको हरियो वस्त्र माग्दैछ

र, खोज्दैछ आफ्नो लाज छोप्न

नग्नता छोप्न ।

**(अनुमति, पृ.१९)**

वसन्त ऋतुको आगमनसँगै प्रकृतिमा अनेकन खालका परिवर्तनहरू देखा पर्दछन् । जसको कारणले गर्दा प्रकृति नै रमणीय हुन्छ । सबैको मन खुसीले प्रशन्न हुन्छ । प्रकृति पुरै रूप फेरेर नयाँ दुलही जस्ती भएर देखिन्छ भन्ने कुरासँगै कविले प्रकृतिसँग सम्बन्धित परिवेशलाई माथिको कवितांशमा मूल रूपमा देखाउने काम गरेकी छिन् ।

### ४.६.१.५ उद्देश्य

साहित्यको रचना गर्नुको प्रयोजन र उद्देश्यका सन्दर्भमा पूर्वमा भरतमुनिदेखि पश्चिममा प्लेटोसम्मका विद्वान् समेतले विशेष महत्वका साथ चर्चा गरिएको पनि पाइन्छ । काव्य तथा साहित्य आनन्दप्राप्ति, नीतिसापेक्ष, लोकमङ्गल, मनोरञ्जन, शिक्षा तथा यथार्थको प्रकटीकरणको प्रयोजनका लागि लेखिदै आएकाले र आधुनिक कविता लेखनको सर्वप्रमुख उद्देश्य यथार्थको प्रकटीकरण रहेकाले पनि उद्देश्य कविताको अनिवार्य घटक हो (लुइटेल, २०६७ : २३) ।

कवि घिमिरेका कविताहरूमा मुख्य गरेर प्राकृतिक स्रोतसाधनको महत्व, तिनको संरक्षण र सम्बद्धन गर्नुपर्ने सन्देश, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा देखिएका विभिन्न विकृतिजन्य अवस्थाको चित्रण, नेपाली समाजमा आधुनिकताका नाममा भित्रिएका विभिन्न विकृतिहरूको पर्दाफास, विभिन्न चाडपर्व, मेलापर्व, रीतिरिवाज आदिको महिमागान गर्नु नै यस सङ्ग्रहका कविताहरूको मूल उद्देश्य हो । उद्देश्यलाई दर्शाउने केही कविताका अंशहरूलाई उदाहरणका रूपमा तल देखाइएको छ :

भन्छन् - तिम्रो सृष्टि उर्वर छ रे

त्यही सृष्टिमा तिमी

काल बनेर भित्रियौ किन ?

तिम्रो आस्थाको मन्दिर त्यतिबेला ढल्यो

रोए तिमै भक्तजनहरू

जीवनको गुहार माग्दै

खोइ तिनका मनोकांक्षाहरू पूरा गरेको ?

तीनका आँसुहरू

निस्तब्ध बनेर थापिरह्यौ ।

**(एउटा मुद्धा, पृ.२७)**

माथिको कवितांशमा कविले समयक्रममा आउने प्राकृतिक विपत्ति र त्यसले निम्त्याएका विभिन्न समस्यालाई कवितामा मूल विषयवस्तुका रूपमा देखाएकी छिन् । यतिमात्र नभएर प्रकृतिले आफ्ना सन्तानहरूलाई माया पनि गर्छ । अति भएपछि विनाश पनि गर्छ भन्ने कुरालाई देखाउनु नै माथिको कवितांशको मूल उद्देश्य बनेर आएको छ । त्यस्तै युद्धजन्य अवस्था र त्यसले मानव जीवनमा पारेको नकारात्मक प्रभावलाई उदाहरणका रूपमा यसरी देखाइको छ :

पृथ्वी उकुसमुकुस बनेर बोल्छे

मेरो बर्बरतामाथि किन संगीन तेर्स्यान्छ ?

किन लाठीचार्ज गरिदैंन मेरो काखमाथि ?

यो प्रश्न मेरो स्वयं मान्छेलाई ।

**(प्रश्न मान्छेलाई, पृ.१८)**

माथिको कवितांशमा युद्धको कारणले नेपालीहरूको जनजीवनमा पारेको प्रभाव तथा असर, युद्धकै कारण कयौँको अनाहकमा ज्यान गएको, कयौँले आफन्त तथा परिवार गुमाएका, कयौँ जीवनभर नै अपाङ्ग भएर बाँच्नु परेको, कयौँले आमाबाबु गुमाएर टुहुरो हुनुपरेको लगायतका विभिन्न युद्धजन्य पीडालाई देखाउनु नै प्रस्तुत कवितांशको मूल उद्देश्य बनेर आएको छ ।

### ४.६.१.७ दृष्टिविन्दु

यस सङ्ग्रहका कविताहरू केही प्रथम पुरुष दृष्टिविन्दुमा आधारित छन् भने केही तृतीय पुरुष दृष्टिविन्दुमा आधारित भएर रचना गरिएका छन् । *प्रश्न मान्छेलाई, आमा, उत्सव, त्यतिबेला रात*

*हराउँछ, विर्निमाण र निर्माण, तिहार, आभा, छोरीभित्रको रात, आगतभित्र विगत* लगाएतका कविताहरू प्रथम पुरुष दृष्टिविन्दुमा छन भने *बूढो सपना, मार्चपास र सपना, एउटा मुद्धा, प्रेमिल आकाश, नारी,* लगाएतका कविताहरू तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । तल केही कविताका अंशलाई उदाहरणका रूपमा उल्लेख गरिएको छ :

बाबा तिम्रो घर

मलाई घर जस्तो लागेन

जहाँ मैले बोल्ने प्रत्येक शब्दमा

कसैको अधिनको साङ्लो बाँधिन्छ ।

अनि कसैको अभिमानले

मेरो स्वाभिमानको बलात्कार गर्छ ।

**(घर, पृ.८२)**

माथिको कवितांशमा समाख्याता स्वयम् म पात्रका रूपमा आएर कथा भनिरहेको छ । छारी घर होस् या घर बाहिर जाततै बन्धनमा छे । उसले खुलेर वा स्वतन्त्र भएर आफ्ना कुरा राख्न सक्दिन् । यसमा समाजका कुसंस्कारले बन्देज गरेका छन् भन्ने कुरालाई म पात्रका माध्यमबाट देखाइएको हुँनाले यहाँ प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । त्यस्तै युद्धजन्य अवस्थाको चित्रण गर्दै कवि अर्को कवितामा तृतीय पुरुष दृष्टिविन्दुलाई यसरी प्रस्तुत गर्दछिन् :

ऊ माथि खाइरहेका छन् गिद्धहरू

आफैसँग बात मार्दैछन् -

वर्षौं भो सिनु खान नपाएको ।

**(विलय, पृ.२६)**

माथिको कवितांशमा समाख्याता स्वयम् कथा वाचकका रूपमा नआएर ऊ पात्रलाई माध्यम बनाएर कथा वाचन गरिहेको छ । युद्धजन्य अवस्थाले आम मानव जीवनमा पार्ने प्रभावका बारेमा बताइरहेको छ । त्यसैले यहाँ तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग हुन आएको छ ।

### ४.६.१.८ भाषाशैली

प्रस्तुत कवितासङ्ग्रहका कविताहरू मुक्त लयमा रचिएका छन् । मुक्त लयात्मक ढाँचामा रचिएका कविता भएपनि सफल रूपमा लयात्मकता सिर्जना गर्न सक्नु कवि घिमिरेको विशेषता मान्न सकिन्छ । लयात्मकताले गर्दा उनका कविताहरू गेयात्मक, साङ्गीतिक र श्रुतिमधुर बन्न पुगेका छन् । कवितांशका हरफहरूको अन्त्यमा कहीँ शब्दको प्रयोगमा समानान्तरता रहेको पाइन्छ भने कहीँ अनुप्रासयुक्त भाषिक शैलीको प्रस्तुति गरिएको छ । घिमिरेका कवितामा पाइने समानान्तरता तथा अनुप्रायसयुक्त शैलीका कविताका केही कवितांशहरूलाई सप्रमाणका रूपमा यसरी प्रस्तुत गरिएको छ :

ऊ त्यो रातो गुलाब

भुईं टेकेर फुल्न सक्दैन

उसको जरा भुईं टेकेर फैलिन सक्दैन

उसको फुल्ने र फैलिने सीमा रेखा

मान्छे-मान्छेमा

श्वास-श्वासमा

सीमारेखा कोरिएका छन् ।

(**भँगेराहरू काठमाडौं ठुङ्दैछन्, पृ.८०**)

माथिका कवितांशहरूमा रहेका फुल्न सक्दैन, फैलिन सक्दैन, मान्छे-मान्छेमा, श्वास-श्वासमा जस्ता शब्दको प्रयोगले अन्त्यानुप्रासयीय चमत्कार रहेको छ भने ऊ त्यो रातो गुलाब भुईं टेकेर फुल्न सक्दैन, उसको जरा भुईं टेकेर फैलिन सक्दैन, उसको फुल्ने र फैलिने सीमा रेखा कोरिएको छैन भन्ने वाक्यमा रातो गुलाफ बिम्बका रूपमा आएको छ । यसले नेपाली समाजमा रहेको जातीय विभेदका कारण सानो जात वा बिटुलो जातमा पर्नेहरू कुनै न कुनै कराबाट पछाडी पारिएका छन् भन्ने कुरालाई सातो गुलाफको बिम्ब दिएर प्रष्ट पारिएको छ । बिम्बात्मक शैलीको प्रयोग गरिएको अर्को कवितांलाई उदाहरणका रूपमा तल यसरी देखाउन सकिन्छ :

मेरी सानी छोरीले सोधी -

एउटा कालो रातलाई हेर्दै

मामु ! उज्यालो कहिले खस्छ ?

उसले आफू रहनु र नरहनुको अर्थ भेटिनँ

रातसँग डराएर प्रश्न गरी -

रात किन आएको मामु ?

शयद उसले जीवनको अर्थ भेटाइन्न ।

**(छोरीभित्रको रात, पृ३२)**

माथिको कवितांशमा मेरी सानी छोरीले सोधी - एउटा कालो रातलाई हेर्दै मामु ! उज्यालो कहिले खस्छ ? भन्ने वाक्यमा कालो रात र उज्यालो बिम्ब बनेर आएको छ । यहाँ कालो रातले युद्धको समयलाई दर्शाएको छ । त्यस्तै उज्यालो कहिले खस्छ ? भन्ने वाक्यले शान्ति कहिले हुन्छ भन्ने कुरालाई दर्शाएको छ ।

अस्थिर राजनीतिक र राजनीतिमा सल्बलाइरहने अनेक छालहरूले पारेको प्रभावलाई पनि प्रस्तुत गरिएको छ । यतिमात्र नभएर यस सङ्ग्रहभित्रका कवितालाई घिमिरेले जीवन हेर्ने झ्यालका रुपमा बाहिर ल्याएकी छिन् । मौलाउँदै गएको राजनीतिक विकृति र त्यसले आजको समाजमा निम्त्याएका विकृतिहरूको पर्दाफास यस सङ्ग्रहभित्रका कविताले गरेका छन् । समाजमा परम्परादेखि चलनचल्तीमा रहँदै आएका सामाजिक कुसंस्कारजन्य गतिविधिको यथार्थ प्रस्तुति यस सङ्ग्रहका कवितामा पाइन्छ ।

## ४.७ : निष्कर्ष

समसामयीक विषयवस्तुलाई यथार्थताका साथ आफ्ना कविताहरूमा पस्कन सिपालु घिमिरेका कविताहरूले समकालीन नेपाली समाजको बहुआयामिक पक्षलाई उजागर गर्नुका साथै कविको व्यक्तिगत जीवन भोगाइको अनुभूति पारिवारिक र सामाजिक पीडा, मुलुकमा दसवर्ष लामो जनयुद्धले पारेको नकारात्मक प्रभाव, युद्धको अन्त्य र शान्तिको संस्थागत विकास, चरम गरिबीको चपेटामा

पिल्सिएको नेपाली समाजको यथार्थ प्रस्तुति र राजनीतिक विकृति र विसङ्गतिलाई उत्खनन् गर्ने काम गरेका छन् । यतिमात्र नभएर झमक घिमिरेले सामाजिक घटना तथा व्यक्तिको मनोभाव, आत्मानुभूतिको प्रकटीकरण, राजनैतिक विकृतिविसङ्गतिप्रति विद्रोहप्रतिको अनुभूति तथा सभ्य चेतनायुक्त समाजको पुनर्स्थापना गर्नुपर्ने कुराप्रति सङ्केत गरेकी छिन् ।

# पाँचौ परिच्छेद

# झमक घिमिरेको कथाको विश्लेषण

## ५.१. विषयपरिचय

**पर्दा, समय र मान्छेहरू** कथासङ्ग्रह मानवीय मूल्य, मान्यता र जनजीवनका विविध विषयलाई लिएर तयार गरिएको कथासङ्ग्रह हो । यस कथासङ्ग्रहका कथाहरू परम्परागत चेतनाभन्दा माथि उठेर लेखिएका छन् । समसामयिक विविध विषयलाई मूल आधार बनाएर लेखिएका यस कथासङ्ग्रहका कथामा सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक पक्षमा दिनप्रतिदिन बढ्दै गइरहेको विकृतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । यस कथासङ्ग्रहमा खै ! मेरो स्वतन्त्रता, वेश्याहरूको आन्दोलन, परिवर्तन र सङ्घर्ष, ऐनामा देखिएका प्रतिबिम्बहरू, मनबहादुर विश्वकर्मा, रेष्टुराँ, २१ औँ शताब्दीको सर्बोकृष्ट फिल्म, पर्दा, समय र मान्छेहरू, लालबहादुर, जुत्ता र प्रजातन्त्र, दरिद्रताभित्रको मान्छे र प्रजातन्त्रको सहिद गरी जम्मा एघार ओटा कथाहरू सङ्गृहीत छन् । ती कथाहरूको विश्लेषण तल गरिएको छ -

## ५.२. खै ! मेरो स्वतन्त्रता ? कथाको विश्लेषण

### ५.२.१. कथावस्तु

हाम्रो समाजमा नारीमात्र होइन पुरुष पनि नारीबाट पीडित छन् । बलात्कृत भएका छन् भने कुरा कथामा ऊ पात्रलाई फूलकुमारी, सुनकुमारी, राजकुमारी र खानदानियाकुमारीले देखाएको क्रियाकलापबाट थाहा पाउन सकिन्छ । समाजमा पुरुषहरू जतिसुकै पीडामा परे पनि पीडा बाहिर पोख्न चाहदैनन् । बरु पुरुषत्वको वा मर्दको धाक लगाउँछन् भन्ने कुरा कथामा ऊ पात्रका माध्यमबाट देखाउँदै नारीहरू पुरुषलाई सर्वस्व ठान्छन् भन्ने कुरा कथामा आएको छ । यसका साथै अहिलेका मान्छेको जीवन भोगाइ समयसँगै खोकिँदै जान्छन् । यो प्राकृतिक नियम नै हो । मानिसलाई लोभ, माया, मोहको भावले घेरेको हुन्छ । त्यसैको फन्दामा परेर उसको जीवन अगाडि बढिरहेको हुन्छ । अन्तमा नारी होस् वा पुरुष दुवैले आ-आफ्नो स्वतन्त्रताका लागि लागिपरेको कुरालाई कथाको अन्तमा ऊ पात्र तथा विभिन्न स्वरुप भएका फूलकुमारीको माध्यमबाट देखाइएको छ । यिनै विभिन्न कुरा नै कथामा मूल कथानकका रुपमा आएका छन् ।

### ५.२.२ पात्र वा चरित्र

पात्र वा चरित्रको प्रयोगका हिसाबले यो कथा उत्कृष्ट छ । कथामा नारी पात्रको प्रतिनिधित्व गर्ने काम फूलकुमारी, सुनकुमारी, राजकुमारी तथा खानदानियाकुमारीले गरेका छन् भने पुरुष पात्रको प्रतिनिधित्व गर्ने काम ऊ पात्रले गरेको छ । कथामा कथाकारले मूल रुपमा पुरुषहरूबाट नारी होइन नारीबाट पुरुषहरू दमित भएको वा पीडामा परेको कुरालाई देखाइएको छ । यसका साथै पुरुष जति नै पीडामा परे पनि बाहिर प्रकट गर्न सक्दैनन् । नारीको अगाडि आफूलाई मर्दको रुपमा चिनाउन चाहान्छन् भन्ने कुरा ऊ पात्रले कुमारीहरूका अगाडि गरेको व्यवहारबाट थाहा पाउन सकिन्छ भने नारीहरूका लागि पति नै सर्वस्व हुन् भन्ने कुरा फूलकुमारी, सुनकुमारी, राजकुमारी तथा खानदानियाकुमारीले ऊ पात्रप्रति गरेको व्यवहारबाट थाहा पाउन सकिन्छ ।

### ५.२.३ परिवेश

आख्यानात्मक विधाको लागि चाहिने अत्यावश्यक तत्त्वहरूमध्ये परिवेश पनि एक महत्त्वपूर्ण तत्त्व मानिन्छ । यसलाई देशकाल वातावरण तथा पर्यावरण पनि भन्ने गरेको पाइन्छ । "कथाका सन्दर्भमा भन्दा यसले घटना घट्ने स्थान, समय तथा पाठकको मनोभाव वा वातावरणलाई बुझाउँने गर्छ" (बराल, २०६९ : ८५) । परिवेशले पात्रको कार्यव्यापारको निर्माणमा गहन जिम्मेवारी निर्वाह गर्दछ । कथामा परिवेशलाई दर्शाउनका लागि कुनै घरभित्रको वातावरण र त्यहाँ भित्र रहेर गरिने क्रियाकलाप नै मूल रुपमा आएको हुनाले आन्तरिक परिवेशको प्रयोग यहाँ पाइन्छ ।

### ५.२.४ उद्देश्य

वर्तमान समयमा नारी र पुरुषका बिचमा दिनप्रतिदिन बढ्दै गरेको आरोप तथा पत्यारोपको विषयलाई देखाउनु नै यस कथाको मुख्य उद्देश्य हो । यतिमात्र नभएर पुरुषबाट नारी होइन नारीबाट नै पुरुष दिनानुदिन पीडामा पर्दै आएका छन् भन्ने कुरा ऊ पात्र फूलकुमारी, सुनकुमारी, राजकुमारी तथा खानदानियाकुमारीको फन्दामा परेको कुराले प्रष्ट पारेको छ ।

**अतः खै ! मेरो स्वतन्त्रता ?** कथा समसामयिक विषयवस्तु तथा घटनामा आधारित भएर लेखिएको कथा हो । कथामा कथाकारले मूल रुपमा नारी र पुरुषका बिचमा दिनप्रतिदिन बढ्दै गएको बैमष्यतालाई देखाउने पर्यत्न गरिएको छ । वर्तमान समयमा नारीबाट पुरुष शोषित छन् । पीडित छन् ।

बलात्कृत छन् भन्ने कुरा कथामा ऊ पात्रलाई विभिन्न रुप गरेका कुमारीहरूले गरेको व्यवहारबाट थाहा पाउन सकिन्छ ।

## ५.३ वेश्याहरूको आन्दोलन कथाको विश्लेषण

### ५.३.१ कथानक

आफ्नै पतिबाट बेचिन पुगेकी अश्मीले आफ्ना विगतका कुराहरू स्मरण गरेसँगै कथानक अगाडि बढेको छ । अश्मीले भित्तामा झुन्डिएको ऐनासामु हेरेर आफूलाई अझ सुन्दर देख्नु, अर्को भित्तामा गएर नयाँ क्यालेन्डर हेर्दा उसमा आफू पुरानिएको आभास हुनु, समयप्रति उसलाई घृणा लाग्नु, त्यही समयमा नै बाहिरबाट कसैले अश्मीलाई बोलाएसँगै कथाको आदि भाग समाप्त भएको छ ।

बाहिर बोलिरहेको मानिसलाई अश्मीले भित्र बोलाएकी र उसका मनमा विगत वा त्यो मान्छेको आचरण सम्झेर ज्वाला दन्किरहेको र त्यो ज्वाला त्यही पुरुषलाई दन्काउन चाहेको छे । अश्मी त्यस पुरुषलाई आफ्नो जालमा फसाउने दाउमा लोगेकी छ । समय समयमा ऊ मनमनै खित्का छाडेर हाँस्छे तर बाहिर भने ओठमा मन्द मुस्कानको हाँसो छर्दै साहेबलाई कति समय चाहियो भनेसँगै ऊ झस्कन पुग्दछ । आफ्नो स्वतन्त्रता गुमेको आभास उसमा हुँदा हुँदै पनि ऊ बाध्य भएर तीन घण्टाको समय तोकेर दश हजार पैसा तिरेर क्षणिक यौन प्यास मेटाएर बेढङ्गी पारामा लखतरान भएर आफ्नो रश्मीको कोठातिर लाग्छ । त्यहाँ पुगेर ढोका ढकढक्याउँदा रश्मीले ढोका खोलेर स्वागत गर्छे । रश्मीलाई उसले अश्मीभन्दा अझ सुन्दरताले भरिपूर्ण देख्छ । समयको घेरामा रहेर उसले रश्मीसँग पनि क्षणिक यौन सम्बन्धलाई पुरा गरेसँगै कथाको मध्य भाग सकिएको छ ।

ऊ पात्रले आफूलाई भोलिपल्ट आफ्नै कोठामा एक्लै पाउनु र अघिल्लो दिन गरेका घटनाहरू सम्झिएसँगै कथानक अन्त्य भागमा प्रवेश गरेको छ ।  ती को थिए त भनेर सम्झन्छ र अन्तमा ती कोही नभएर आफैले बेचेका आफ्नी श्रीमती, बहिनी र छोरी भएको थाहा पाउँछ । त्यसको प्रतिरोध स्वरुप ऊ त्यहाँबाट उठ्न सकेन, आफूलाई निकै कमजोर देख्यो । नजिकै टेबुलमा रहेको कागज हेर्दा लेखिएको थियो एड्स । ऊ त्यहाँबाट जुरुक्क उठ्यो । यताउती हेऱ्यो तर त्यहाँ कोही पाएन । उसमा पाँच हजार तिरेर क्षणिक आनन्द लिएको हिँजोको कुरा स्मरण भयो । यो सम्झेर उसलाई समयको मूल्य सस्तो लाग्यो तर आफू स्वयंम् सस्तो मुल्यमा बिक्दै छु भन्ने हेक्का उसमा आएन । समयले आफूलाई

खेदेको हेक्का उसमा जागेन । केवल उसले समयले आफूलाई दमन गरिरहेको, बन्धनमा पारिरहेको स्मरण गरेसँगै अन्त्य भाग सकिएको छ ।

### ५.३.२ पात्र वा चरित्र

पात्र प्रयोगका दृष्टिले प्रस्तुत कथा बहुपात्रीय कथा हो । यस कथामा सहभागीका कार्य भूमिकाका आधारमा प्रमुख, सहायक र गौण गरी विभाजन गर्न सकिन्छ । उकथामा प्रमुख पात्रको भूमिकामा अश्मीलाई मात्र देख्न सकिन्छ । प्रस्तुत कथामा कथाकारले अन्तर मनमा भएका दुःख र पीडा अर्थात् अन्तर्वेदनाले कुनै पनि व्यक्तिलाई कसरी सताउँछ भन्ने कुरा कथामा अश्मीलाई पात्रका रूपमा उभ्याएर देखाएका छन् । कथामा अश्मी, ऊ पात्र, सश्मी र रश्मी पनि पात्रका रूपमा उपस्थित गराएका छन् । यस कथामा आएका केही मुख्य मुख्य पात्रको चर्चा तल गरिएको छ :

**अश्मी**

प्रस्तुत कथामा अश्मी भूमिकाको आधारमा प्रमुख, लिङ्गका आधारमा स्त्री र  स्वभावको आधारमा गतिशील पात्रका रूपमा देखापरेकी छ । कथाले उसैको अन्तर्वेदनालाई पाठकसामु पस्कने काम गरेको छ । कथामा अश्मी सुरुदेखि अन्त्यसम्म निरन्तर उपस्थित भएकी छ र कथा उसैको चरित्रचित्रणमा केन्द्रित भएको छ । आफ्नै पतिबाट बेचिन पुगेकी अश्मीले आफ्ना विगतका कुराहरू स्मरण गरेकी छ । जसका लागि अश्मीले भित्तामा झुन्डिएको ऐनासामु हेरेर आफूलाई अझ सुन्दर देख्नु र अर्को भित्तामा गएर नयाँ क्यालेन्डर हेर्दा उसमा आफू पुरानिएको आभास गरेकी छ । आफू पुरानिएकोमा समयप्रति उसलाई घृणा लागेको छ । कथामा अश्मी पुरुषवादी व्यवस्थाको खुलेरै विरोध गरेकी छ । पुरुषलाई खेलौना जस्ता साधनका रूपमा चिनाएकी छ । ऊ कथामा प्रकृतिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चिय पात्रका रूपमा कथामा आएकी छ । त्यस्तै पुरुषका आधारमा तृतीय पुरुष पात्रका रूपमा देखापरेकी छ । उसको र कथानकका बीच प्रत्यक्ष सम्बन्ध रहेको छ । ऊ कथाको प्रमुख पात्र भएकाले पनि उसलाई कथाबाट हटाउन सकिदैन र हटाएमा कथाले नयाँ मोड लिन पुग्दछ । अतः ऊ कथाको बद्ध पात्र हो ।

**ऊ पात्र**

प्रस्तुत कथामा ऊ पात्र भूमिकाका आधारमा सहायक, लिङ्गका आधारमा पुरुष र स्वभावका आधारमा गतिशील पात्र हो । ऊ कथामा आफ्नै छोरी चेलीको बेचबिखन गर्दै हिड्ने पात्रका रूपमा आएको छ । कथामा आफैले गरेको नराम्रो कामको परिणाम उसले पछि आफ्नै श्रीमतीहरू अश्मी, सश्मी, रश्मीले गरेको व्यवहारबाट प्रष्ट हुन आएको छ ।

प्रस्तुत कथामा ऊ पात्र प्रवृत्तिका आधारमा अनुकूल र आसन्नताका आधारमा मञ्चीय पात्रका रूपमा देखापरेको छ । ऊ पात्र कथाको सहायक पात्र भए पनि कथामा उसको उपस्थिति अनिवार्य देखिन्छ । कथा अश्मी, सश्मी, रश्मी र ऊ पात्रका बीच भएका संवादबाटै अगाडि बढेको छ । प्रस्तुत कथामा ऊ पात्र आबद्धताका आधारमा बद्ध, जीवनचेतनाका आधारमा व्यक्तिगत, वचनका आधारमा एकवचन र पुरुषका आधारमा तृतीय पुरुष पात्र हो । कथानक र ऊ पात्रका बीचमा प्रत्यक्ष सम्बन्ध रहेको छ । ऊ पात्रलाई कथाबाट हटाएमा कथाले गति लिन सक्दैन । त्यसकारण ऊ पात्र कथाको बद्ध पात्र हो ।

**अन्य पात्र**

यस कथामा अन्य पात्रका रूपमा सश्मी र रश्मी रहेका छन् । उनीहरू पनि यस कथामा गतिशील पात्रका रूपमा आएका छन् । प्रस्तुत कथामा आएका प्रमुख र सहायक पात्र बाहेकका अन्य पात्रहरू गौण पात्रको रूपमा आएका छन् । ऊ पात्र, सश्मी र रश्मी आदि पात्रहरू गौण पात्रका रूपमा आएका छन् । यस कथामा आएका अधिकांश नारीपात्र बलात्कारका शिकार बनेका छन् । आफ्नै श्रीमानबाट बेचिएका छन् । यौन क्रियाकलापमा लाग्न बाध्यभएका छन् । कथामा नारीलाई बेचबिखन गर्ने, यौन शोषण गर्ने, मोजमस्तीमा रमाउने पात्रका रूपमा ऊ पात्र कथामा आएको छ । कथामा यी पात्रहरूको भूमिका गौण भए तापनि पुरुष पात्रका रूपमा आएको ऊ पात्र प्रवृत्तिका आधारमा प्रतिकूल पात्रका रूपमा कथामा आएको छ । बहुपात्रिय यस कथाले धेरै पात्रको प्रयोग गरेको भएपनि कथाको कथावस्तु सरल छ । सम्पूर्ण पात्रको उपयुक्त वातावरण तय गरी प्रस्तुत गरिएको छ ।

### ५.३.३ परिवेश

यस कथामा आएका पात्रहरूको क्रियाकलाप तथा विषयवस्तुलाई हेर्दा ग्रामीण तथा शहरी दुवै खालको परिवेशको चित्रण कथामा गरिएको छ । ऊ पात्रले रश्मी, सश्मी र अश्मी जस्ता आफ्नै स्वास्नी, छोरी तथा सोझासाझा नारीको बेचबिखन गर्ने, यौन पेशामा लाग्न बाध्य गराउने र आफू समय समयमा तिनै बेचिएका नारीलाई यौन शोषण गर्न गएको विषयवस्तु कथामा आएको छ । यसले शहरीया परिवेश तथा वातावरणलाई दर्शाएको छ ।

### ५.३.४ उद्देश्य

**वेश्याहरूको आन्दोलन** कथा मुख्य गरेर शहरीया मानिसहरूको क्रियाकलाप तथा जीवनशैलीलाई मूल रूपमा देखाउने कोसिस गरिएको छ । यतिमात्र नभएर धन सम्पत्तिका लागि मानिसहरूले आफ्नै श्रीमती तथा छोरीहरूलाई बेचबिखन गर्ने प्रवृत्ति माथि व्यङ्ग्य गरिएको छ । बेरोजगारीको समस्याले मानिस जीवन चलाउन जे काम गर्न पनि बाध्य छन् भन्ने कुरालाई देखाउनु नै यस कथाको मूल उद्देश्य हो ।

**वेश्याहरूको आन्दोलन** कथा एक सामाजिक समस्यामा आधारित कथा हो । यस कथामा कथाकारले पुरुषबाट हेपिएका तथा बेचिएका नारीहरू कतिसम्म भन्ने कुरालाई मूल रूपमा देखाइएको छ । त्यतिमात्र नभएर पुरुषवादी व्यवहारको खुलेरै विद्रोह गर्ने नारी प्रवृत्तिलाई पनि रोचकताका साथ देखाइएको छ ।

## ५.४. परिवर्तन र सङ्घर्ष कथाको विश्लेषण

### ५.४.१ कथानक

कथाकारले यस कथामा कुखुरालाई समयको सूचक र खाद्यान्नको लागि आह्वान गर्ने पँक्षीका रूपमा चिनाएसँगै कथानकले आदि भागमा प्रवेश गरेको छ । मान्छेलाई समय र खाद्यान्नको आह्वान गर्नु कुखुराको दैनिकी हो । तर वर्तमान समयमा आएर अनेकौं रङ र आकार लिएर जन्मिएका चल्लाहरूप्रति आमा कुखुरीहरूको नै आशंका बढ्दै गएको छ । उनीहरूमा आफ्नै रगतप्रति सन्देह छ । उनीहरू आफ्नै अस्तित्व बचावटमा लागेका छन् । कुराका माध्यमबाट चेतनाशुन्य बन्न पुगेको आजको

मानवलाई पशु मानव होइन असल मानव बन्न उत्प्रेरणा दिएसँगै कथानकले मध्य भागमा प्रवेश गरेको छ ।

कुखुराको खैलाबैलाबाट मान्छे ब्यूँझियो तर उसले कुखुराको आह्वान बुझ्न सकिरहेको छैन् । आफ्नो पहिचान वा चिनारी खोज्नमा नै लागिरहेको छ । उसले आफ्नो वास्तविक अस्तित्व खोजिरहेको छ । रङको विभेदले गर्दा नै आजको मान्छे मान्छेबाटै अलग्याइएको छ । रङको विभेदले गर्दा नै मान्छेका विभिन्न रङहरू छुटि्एका हुन् । मान्छेलाई आफ्नै रगतप्रति विश्वास नलागेको र समयले पुनः मान्छेलाई प्रश्न गरेसँगै कथानक अन्त्य भागमा प्रवेश गरेको छ ।

समय मौन छ र त निरुत्तरित छ । वर्णशङ्कर पुरुष सेता, काला, राता, हरिया रङका सन्तानहरू कसका हुन् त्यो समाजलाई पनि थाहा छैन् । समयले आफ्नो पहिचान दिन नसकेकोमा कुखुरारुपि मानिसका सन्तानहरू रुष्ट छन् । बन्द समयको गल्लीमा उभिएर उनीहरूले समानताका लागि परिवर्तनको गुहार मागिरहेका छन् । समयको विरोधमा आन्दोलन गरेका छन् । रत्तहीन युद्धको सुरु भएको छ । माउहरूले सन्तानमाथि र सन्ताहरूले माउहरूमाथि आक्रमण गरिहेका छन् । आजको २१ शताब्दीको सङ्घर्ष वर्णशङ्कर मान्छेहरूको, वर्णशङ्कर चल्लाहरूको स्वतन्त्रता र समानताको लागि अघोषित सङ्घर्ष निरन्तर चलिरहेसँगै कथानक अन्त्य भएको छ ।

### ५.४.२ पात्र वा चरित्र

यस कथामा कथाकारले कुखुराको बारेमा वर्णन गरेर वर्तमान मानिसप्रति व्यङ्ग्य हानेका छन् । यहाँ कुखुरालाई मान्छेका रूपमा मानवीकरण गरेर कथानक अगाडि बढाइएको छ । यस कथामा ‘ऊ’ पात्र मुख्य पात्रको रूपमा आएको छ भने ‘ऊ’ पात्रका आमा र बाबु सहायक पात्रका रूपमा आएका छन् । यस कथामा आएका केही मुख्य मुख्य पात्रहरूको चर्चा तल गरिएको छ :

**‘ऊ’ पात्र**

‘ऊ’ पात्र यस कथाको प्रमुख पात्र हो । कथाका विषयवस्तु सुरुदेखि अन्त्यसम्म नै उसका क्रियाकलापमा नै केन्द्रित छन् । ‘ऊ’ पात्रलाई कथामा अछूत आमाबाबुबाट जन्मिएको एउटा वर्णशङ्खर पुरुष पात्रका रूपमा चिनाइएको छ । यसले एकातिर आजको २१ औं शताब्दीमा पनि नेपाली समाज जातभातकै कुरामा अल्झिरहेकोप्रति वाण हानेको छ भने अर्कोतिर मान्छेले मान्छेलाई पशुवत व्यवहार

गर्ने, घरभित्र पस्न नदिने, तँ सानो जानतको, म ठूलो जातको भन्ने अहंकारवादी सोचाइप्रति व्यङ्ग्य प्रहार गरेको छ ।

समाजमा रहेको जातीय असमानतालाई पाखा लगाएर समानताको खोजी गर्ने कार्यमा 'ऊ' पात्र लागिपरेको छ । 'ऊ' पात्र समाजमा रहेको जातीय विभेदको अन्त्य गर्न चाहान्छ । प्रस्तुत कथामा 'ऊ' पात्र प्रवृत्तिका आधारमा अनुकूल र आसन्नताका आधारमा मञ्चीय पात्रका रूपमा देखापरेको छ । प्रस्तुत कथामा 'ऊ' पात्र आबद्धताका आधारमा बद्ध, जीवनचेतनाका आधारमा वर्गीय, वचनका आधारमा एकवचन र पुरुषका आधारमा तृतीय पुरुष पात्र हो । कथानक र ऊ पात्रका बीचमा प्रत्यक्ष सम्बन्ध रहेको छ । ऊ पात्रलाई कथाबाट हटाएमा कथाले गति लिन सक्दैन । त्यसकारण 'ऊ' पात्र कथाको बद्ध पात्र हो ।

**अन्य पात्र**

यस कथामा अन्य पात्रका रूपमा 'ऊ' पात्रका आमाबाबु लगायतका अन्य पात्रहरू आएका छन् । यिनीहरूले पनि कथानकलाई केही मात्रामा भएपनि अगाडि बढाउने काम गरेका छन् । एउटा गरिब र सामाजिक रूपमा पछाडि पारिएको वा तल्लो वर्गको परिवारमा जन्मिएको 'ऊ' पात्रलाई एउटा गोरेटो प्रदान गर्ने काम उनीहरूले गरेका छन् । कथामा उनीहरूको उपस्थिति अन्य पात्रका रूपमा भए तापनि कथानकलाई गतिशीलता प्रदान गर्ने काममा उनीहरूको पनि अहम भूमिका रहेको छ । यस कथाको सुरूदेखि अन्त्यसम्मका बिचबिचका भागमा उनीहरूको उपस्थिति कमै मात्रामा देखिएकाले कार्यका आधारमा गौण, प्रकृतिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवन चेतनाका आधारमा वर्गगत, आसन्नताका आधारमा नेपथ्य, आवद्धताका आधारमा बद्ध पात्रका रूपमा कथामा आएका छन् ।

### ५.४.३ परिवेश

**परिवर्तन र सङ्घर्ष** कथा एक समस्याप्रधान कथा हो । यस कथामा कथाकारले नेपाली समाजमा युगौंदेखि चलनचल्तीमा रहँदै आएको वर्गीय तथा जातीय विभेदलाई मूल रूपमा देखाउन खोजेका छन् । **परिवर्तन र सङ्घर्ष** नामक यस कथाको शीर्षक तथा विषयवस्तु तथा कथानकलाई हेर्दा कथाले नेपालमा १० वर्षसम्म निरन्तर रूपमा चलेको सरकार र विद्रोहीबिचको आन्दोलन तथा नेपाली समाजमा जातीय रूपमा रहँदै आएको असमान व्यवहार तथा मानिसले मानिसलाई गर्ने अमानवीय

व्यवहारको निम्त्याएको समस्या नै मूल रूपमा परिवेश बनेर आएको छ । कथाले मूल रूपमा २०५२ देखि २०६२ सम्मको समय तथा परिवेशलाई मूल विषय बनाएको छ ।

### ५.४.४ उद्देश्य

**परिवर्तन र सङ्घर्ष** कथा एक सामाजिक विषयवस्तुमा आधारित कथा हो । यस कथामा कथाकारले जात-जातका बिचमा रहेको असमानता र त्यसले मानवीय सोचमा पारेको नकारात्मक असरलाई मूल रूपमा देखाएका छन् । यी र यस्तै खाले जातीय विभेद, युद्धजन्य अवस्था र त्यसले मानवमा पार्ने प्रभावलाई केलाउनु नै यस कथाको उद्देश्य हो । नेपालमा लामो समयसम्म चलेको जनयुद्ध र त्यसले नेपाली जनतामा पारेको असरलाई कथामा मूल रूपमा देखाइएको छ ।

**परिवर्तन र सङ्घर्ष** कथा एक सामाजिक विषयवस्तुमा आधारित भएर रचना गरिएको कथा हो । यस कथामा कथाकार घिमिरेले नेपाली समाजमा युगौँदेखि रहँदै आएको जातीय विभेदको समस्या र त्यसले मान्छे मान्छेका बिचमा सिर्जना गरेको विभेदको अवस्थाको चित्रण गरेकी छन् । यतिमात्र नभएर हर समय परिवर्तनशील छ । मान्छेले समयको परिवर्तशीलतालाई चिनेर चल्न सिक्नुपर्छ भन्ने सन्देश पनि **परिवर्तन र सङ्घर्ष** कथाले दिएको छ ।

## ५.५. ऐनामा देखिएका प्रतिबिम्बहरू कथाको विश्लेषण

### ५.५.१ कथानक

पहिलो पटक शारदाले ऐनामा आफ्नै अनुहार कटोलाएर हेरिरहँदा आँखाभरि आफ्नै प्रतिबिम्ब, पोटिला गाला, रसिला आँखाहरू, पुष्ट पाखुराहरू र सर्लक्क मिलेको शरीर देखेसँगै कथानक आदि भागमा प्रवेश गरेको छ । ऊ विधवा हुँदा पनि यौवनले पछ्याइरहेको थियो । शारदाले मनमनै स्वास्नीमान्छेले लोग्ने मरेपछि आफ्ना सारा खुसीहरू मार्नुपर्ने, मरेको लोग्नेको स्वर्गवासका लागि विवाह गर्न नमिल्ने सामाजिक बन्धन, अवला वा विधवा आइमाईहरूको मानसिकतामा भूत बनेर बसिरहेका हुन्छन्, केवल अस्तित्व बचावटका लागि यी र यस्तै यस्तै प्रश्नप्रतिप्रश्न शारदाले आफैले आफैसँग गर्दागर्दै बाहिरबाट कसैले ढोका ढकढक गरेको आवाज सुनिन्छ । ढोकाको ढकढकावटसँगै शारदाले बाहिर आफ्नो स्कूल जीवनको एउटा असल साथी सामुन्ने उभिएको पाई । सुवर्ण शारदाको मृतक लोग्नेप्रति समवेदना दिन र शारदालाई सहानुभूति दिन आउनु, उसलाई देख्नासाथ शारदाका

सासुससुराले विभिन्न तर्कवितर्क गर्नु, शारदाको मन पीडाले भारी हुनु, लोग्ने मरेकी नारीलाई समाजले सुरक्षा दिनुको सट्टा विभिन्न कुसंस्कारजन्य परम्परावादी नियममा बाँधेको महसुस गर्नु, एउटा लोग्ने मान्छेको मृत्युसँगै विवाहित नारीका सम्पूर्ण अधिकार खोसिएको महसुस गर्नु र आइमाईको कवजको रक्षा बाँचेका मान्छेले पनि गर्न सक्दैन्थ्ये र ? भन्ने प्रश्नसँगै कथानक मध्य भागमा प्रवेश गरेको छ ।

दोस्रो दिन शारदाले आफूजस्तै विधुवी आईमाई कृष्णाको फरक आकृति देखेसँगै कथानक मध्य भागमा प्रवेश गरेको छ । मध्य भागमा कृष्णाले आफ्नो जीवनमा विगतमा भएका वाचाबन्धन तथा क्रियाकलापको स्मरण गर्नु, कालीमाईसँग उसको आयु लामो होस् भनेर गुहार माग्नु, नारी रूप भएकी कालीमाई एउटा ढुङ्गामा कुँदिएको मानव आकृति भएको हुँनाले त्यसले कहिल्यै मानवको हारगुहार सुन्न नसक्ने कृपाको मनोभाव, तेस्रो दिन विधुवी कृष्णाको छोरोले नलिना, निशा, अशेष, राजेशको मम्मीले जस्तो रातो सारी लाउन गरेको आग्रह, रातो सारीमा आफ्नी आमा पनि अरूका आमाजस्तै राम्री हुने सोच गर्नु तर आफ्नी आमा कहिल्यै मुक्त नहुने सामाजिक बन्धन परेको कुरा कृष्णाको छोराले थाहा नपाउनु, आफ्नो जँड्याहा लोग्नेको मृत्युसँगै कृष्णाको बैंसको पनि मृत्यु भएको, मानवरूपी शैतानहरूले कृष्णा जस्ता अवोध नारीहरूको विनाकारण हत्या गरिरहेका तर अहिलेसम्म तिनको गिरफ्तार हुन नसकेका तर कृष्णा जस्ता सोझासाझा नारीभने मानवरूपी शैतानहरूको गिरफ्तारीको पर्खाइमा समय बिताइरहेसँगै कथानक अन्त्य भागमा प्रवेश गरेको छ ।

कथाको अन्त्य भागमा अर्की विधुवी आइमाई माया देखापरेकी छ । ऊ आफ्नो अनुहार ऐनामा हेरेर दङ्ग पर्छे । मनमा अनेक कुरा खेलाउँदै आफ्नी सधुवी सासुको पहिरन खोसेर लाउन मन हुनु तर चारैतिरको बन्धनबाट मुक्त हुन नसक्नु र आफूलाई संयमित राख्न नसकेर चिच्याउनु, आँखाबाट आँसुहरू बगीरहको प्रसङ्गलाई कथामा मूल रूपमा देखाइएको छ । त्यस्तै पाँचौ दिनमा भर्खरै बैंस फुलेकी साधना विधुवी बन्नु, ऊ कसैबाट बलात्कृत हुनु, मान्छेहरूको आँखामा एउटी वेश्या आइमाईका रूपमा चिनिनु, उसलाई देखेर समाजले घृणा गर्नु र त्यसैको प्रतिरोध स्वरूप प्रत्येक बिहानीको उदयसँगै नयाँ समय र संस्कारको निर्माण हुनुपर्ने विधुवी नारीहरूको मनोकांक्षासँगै कथानक अन्त्य भएको छ ।

### ५.५.२ पात्र वा चरित्र

प्रस्तुत **ऐनामा देखिएका प्रतिबिम्बहरू** कथा एक सामाजिक समस्यामा आधारित कथा हो । यस कथामा कथाकारले लोग्ने मरेको स्वास्नी मान्छेले अर्को विवाह गर्नु हुँदैन् । सिन्दुर लगाउनु हुँदैन् । जीवनभरी सेताम्य कपडा लगाउनुपर्छ भन्ने कुसंस्कारजन्य सामाजिक समस्यामा कथा तयार भएको छ । यस कथामा कथाकार घिमिरेले सुवर्ण जस्ता समाजमा रहेका पुरुषले महिलालाई खेलौना र भोग्याको साधनको रूपमा लिएको कुरालाई सुवर्णले शारदा, कृष्णा र मायालाई देखावटी माया गरेर उनीहरूको शरीरसँग खेलेको कुराबाट थाहा हुन आएको छ । पात्र वा चरित्र प्रयोगका हिसाबले प्रस्तुत कथा बहुलपात्र प्रयोग भएको कथाका रूपमा आएको छ । यस कथामा आएका मुख्य मुख्य पात्रहरूमा सुवर्ण, शारदा, कृष्णा, माया, नलिशा, निशा, अशेष र राजेश आएका छन् । यस कथामा आएका मुख्य मुख्य पात्रको मात्र चर्चा तल गरिएको छ :

#### शारदा

शारदा यस कथामा लिङ्गका आधारमा स्त्री तथा कार्यका आधारमा प्रमुख पात्रका रूपमा देखापरेकी छ । यस कथाको सुरुदेखि अन्तसम्म कुनै न कुनै रूपमा उसको उपस्थि रहेको हुँनाले कथामा उसको प्रमुख भूमिका रहन आएको छ । उमेर नै नपुगी विवाह भएकी शारदा सानै उमेरमा लाऊँलाऊँ खाऊँखाऊँ भन्ने उमेरमा विधवा भएकी छ । विधवा भएसँगै उसका सम्पूर्ण सपनाहरू हराएर गएका छन् । यतिमात्र नभएर विधवा भएसँगै ऊ सामाजिक बन्धनमा बाँधिन पुगेकी छ ।

#### सुवर्ण

सुवर्ण प्रस्तुत कथामा लिङ्गका आधारमा पुरुष तथा कार्यका आधारमा सहायक पात्रका रूपमा आएको छ । कथाको मध्य भागमा देखिएको सुवर्ण यस कथामा नारीको शरीरमाथि खेलवाड गर्ने, नारीलाई यौन शोषणको साधन ठान्ने पात्रका रूपमा आएको छ । कथामा उसले गरेका क्रियाकलाप तथा प्रकृतिका आधारमा प्रतिकूल पात्र, स्वभावका आधारमा गतिशील पात्र, जीवन चेतनाका आधारमा वर्गीय पात्र, आसन्नताका आधारमा मञ्चीय तथा आबद्धताका आधारमा बद्ध पात्रका रूपमा आएको छ ।

**अन्य पात्र**

प्रस्तुत **ऐनामा देखिएका प्रतिबिम्बहरू** कथामा कृष्णा, माया, नलिशा, निशा, अशेष र राजेश लगाएतका पात्रहरू अन्य पात्रका रूपमा आएका छन् । यिनीहरूको पनि कथामा कुनै न कुनै स्थान रहेको पाइन्छ । कथाको विषयवस्तु तथा कथानकलाई अगाडि बढाउने भूमिका यी पात्रले पनि गरेका छन् ।

**५.५.३ परिवेश**

प्रस्तुत **ऐनामा देखिएका प्रतिबिम्बहरू** कथामा परिवेश किटान गरिएको छैन् । कथामा आएका विभिन्न पात्रको गतिविधि तथा क्रियाकलापलाई हेर्ने हो भने कतै कतै ग्रामीण परिवेशको छनक पाइन्छ भने कतै कतै कतै शहरिया परिवेशको छनक पाउन सकिन्छ । कथामा आएका नारी पात्रहरू यौन क्रियाकलापमा लाग्नुले शहरिया परिवेश चित्रित भएको छ भने केही नारी पात्रहरू उमेरै नपुगी विधवा भएका र आफ्ना इच्छा चाहना पुराना गर्न नपाउँदै सामाजिक बन्धनमा फसेको, विधवा भएकै कारण अर्को विवाह गर्न नपाएका जस्ता विभिन्न क्रियाकलापले ग्रामीण परिवेशलाई सङ्केत गरेको छ ।

**५.५.४ उद्देश्य**

**ऐनामा देखिएका प्रतिबिम्बहरू** एक सामाजिक समस्यामा आधारित कथा हो । यस कथामा कथाकारले मुख्य गरेर नेपाली समाजमा युगौं देखि चलनचल्तीमा रहँदै आएका सामाजिक मान्यताहरू र तिनले पुरुषलाई भन्दा नारीलाई हेर्ने दृष्टिकोण, गर्ने व्यवहार, सोच्ने सोचाइ फरक फरक रहेको कुरा कथामा आएको छ । यिनै सामाजिक मूल्यमान्यताको मारमा परेका महिलाहरूलाई स्वतन्त्रता दिनुपर्छ । परम्परादेखि चलनचल्तीमा रहेका कुसंस्कारजन्य नीतिनियमलाई निमिट्यान्न पारेमा मात्र पुरुषसरह नारी पनि स्वतन्त्र हुन सक्छन् भन्ने कुरालाई देखाउनु नै यस मुल उद्देश्य हो ।

**ऐनामा देखिएका प्रतिबिम्बहरू** कथामा कथाकार घिमिरेले नेपाली समाजमा लोग्ने मरेपछि श्रीमतीले सेतै कपडा लगाउनुपर्ने, अर्को पुरुषसँग विवाह गर्न नहुने जस्ता विभिन्न समस्याले नारीहरू पीडित भएको कुरालाई मुख्य रूपमा देखाएकी छिन् । यसका साथै नेपाली समाजमा विधवा नारीप्रति गरिने व्यवहार, हेरिने दृष्टिकोणले उनीहरूको मानसिकतामा पारेको नकारात्मक प्रभावलाई कथामा मुख्य रूपमा देखाइएको छ ।

## ५.६. मनबहादुर विश्वकर्मा कथाको विश्लेषण

### ५.६.१ कथानक

'ऊ' पात्रले आफ्नो दैलोको अगाडि मूर्ति जस्तै उभिरहेकी सानी बच्चीलाई भित्र आउन आग्रह गरेको तर सानी बच्चीले सुने पनि नसुनेझैं गरेर अन्तै गएसँगै कथानक कथानक आदि भागमा प्रवेश भएको छ । बाबुआमाको इज्जत र केही सपना बोकेर शहर आएको 'ऊ' पात्र विद्यार्थी भएकाले स्कूल आउने र जाने काम गर्दछ । कलेजमा भर्ना भएपछि सानो जातकै भएकै कारण विद्यालयका अरु विद्यार्थीले हेप्ने र होच्याउने गरेको, प्रोफेसरहरूले रटाएको समानताको पाठ एकादेशको कथा भएको, सानी बच्ची पटक-पटक आफ्नो कोठाअगाडि आएकोमा 'ऊ' अनभिज्ञ भएको कुरासँगै कथानक मध्य भागमा प्रवेश गरेको छ ।

धेरै दिनपछि एकदिन सानी बच्ची 'ऊ' पात्रको कोठाअगाडि देखिएकी, 'ऊ' पात्रलाई अङ्कल तपाईं सानो जातको रे, फोहोरी हुनुहुन्छ हो ? भन्ने प्रश्नसँगै कथानक मध्य भागमा प्रवेश गरेको छ । सानी बच्चीको प्रश्न सोधाइसँगै 'ऊ' पात्रका मनमा प्रोफेसर भनिने विद्वान वर्गप्रति घृणा जागेर आउनु, ती सानी बच्चीलाई समाजले पुरानै संस्कार र सोच सिकाएको र आजको २१ औं शताब्दीमा पनि एउटी बच्ची यथार्थभन्दा टाढै रहेको र उही अबुझ कुचेतनाको शिकार भएको नेपाली समाजको यथार्थताको चित्रण कथानकका रूपमा आएको छ । कथामा सानी बच्चीको तपाईंलाई छोयो भने अछूत भइन्छ भन्ने प्रश्न सानी बच्चीको आफ्नो आग्रह नभएर समाजको कुसंस्कारले सिकाएको नकारात्मक सोचसँगै कथानक अन्त्य भागमा प्रवेश गरेको छ ।

'ऊ' पात्रले ढोकामा उभिएकी सानी बच्चीलाई भित्र तान्नु, त्यससँगै कहाँबाट तिमी अछूत भयौ भन्ने प्रश्न सोध्नु, एकछिन पछिको मौनतापछि सानी बच्चीले 'ऊ' पात्रलाई उसो भए म अछूतो भइनँ त अङ्कल भनेर प्रश्न सोधेकी र 'ऊ' पात्रले मान्छेले मान्छेलाई छुँदा कोही अछूतो नहुने कुरा बताउनु र सानी बच्चलि पनि आफूलाई स्कूलमा सरले सबै मानिसहरूलाई समान व्यवहार गर्नुपर्छ भनेर पढाएको तर तल्लो घरको प्रदीप र माथिल्लो घरको अजयलाई त्यसको उल्टो व्यवहार गर्ने कुराले अनामिका जस्ता आधुनिक वातावरणमा हुर्किएका बालबालिका पनि सरमिसहरूको अन्यायपूर्ण व्यवहारबाट अपरिचित भएको र समाजलाई उज्यालोतर्फ मोड्ने शक्तिको रूपमा सम्मान पाएका

शिक्षकशिक्षिकाहरूको आँखा बन्द भएकै कारण साना-साना बालबालिकाहरू यथार्थताबाट टाढा रहेको कुरासँगै कथानक सकिएको छ ।

### ५.६.२ पात्र वा चरित्र

साहित्यिक कृति वा सङकथनमा संलग्न वा प्रयुक्त व्यक्ति, पात्र वा चरित्रलाई सहभागी भनिन्छ । सहभागी वा पात्रहरू मानवका अतिरिक्त, अमानव, जनावर तथा निर्जीव वस्तुहरू पनि हुन सक्दछन् । साहित्यिक कृतिमा प्रयुक्त सहभागीहरूको वैयक्तिक गुण र कार्यव्यापार तिनले घटनावलीमा गर्ने कार्यका आधारमा निर्धारित हुन्छ । कृतिमा सहभागीहरूको सहभागिता वक्ता-श्रोता, सम्बोधक-सम्बोधित, प्रेषक-प्रापक आदिका रूपमा हुन्छ । **मनबहादुर विश्वकर्मा** कथा एक सामाजिक समस्यामा आधारित कथा हो । यस कथामा कथाकारले मनबहादुर विश्वकर्मालाई प्रमुख पात्रका रूपमा देखाएर नेपाली समाजमा रहँदै आएको जातीय भेदभाव र त्यसले मानव मानवका बिचमा ल्याएको एक किसिमको फाटोलाई मूल रूपमा देखाउने प्रयत्न गरिएको छ । यस कथामा आएका केही पात्रहरूको चर्चा तल गरिएको छ :

#### मनबहादुर विश्वकर्मा

मनबहादुर विश्वकर्मा वा 'ऊ' पात्र लिङ्गका आधारमा पुरुष तथा कार्यका आधारमा प्रमुख पात्रका रूपमा कथामा कथामा आएको छ । ऊ जातीय तथा वर्गीय रूपमा निम्न वर्गीय पात्र हो । यस कथाको विषयवस्तु नै 'ऊ' पात्रका वरिपरि घुमेको छ । कथाको सुरुदेखि अन्त्यसम्म नै 'ऊ' पात्रको उपस्थिति देखिएको छ । कथाको सुरूदेखि अन्त्यसम्म कथामा 'ऊ' पात्रको उपस्थिति कुनै न कुनै भएको र उसको क्रियाकलाप तथा व्यवहार पनि परिवर्तन भएकाले प्रकृतिक आधारमा अनुकूल र स्वभावका आधारमा गतिशील पात्रका रूपमा उसलाई राख्न सकिन्छ । त्यस्तै कथामा उसले आफ्नो पक्षमा आवाज नउठाएर सम्रग जातीय तथा वर्गीय विभेदको अन्याय, अत्याचार, दमन, शोषणमा परेका निम्न वर्गको प्रतिनिधित्व गरेकाले जीवन चेतनाका आधारमा वर्गीय पात्रका रूपमा राख्न सकिन्छ । कथाबाट 'ऊ' पात्रलाई बाहिर निकाल्ने हो कथानक नै अगाडि बढ्न सक्दैन त्यसैले आबद्धताका आधारमा बद्ध र आसन्नताका आधारमा मञ्चिय पात्रका रूपमा राख्न सकिन्छ ।

**अन्य पात्र**

यस कथामा अन्य पात्रका रूपमा 'ऊ' पात्रका आमाबाबु, अनामिका शर्मा, स्कूलका शिक्षकशिक्षिका तथा प्रोफेसर, प्रदीप, अजय आएका छन् । 'ऊ' पात्रकी आमा, अनामिका, शिक्षिका लगाएका अन्य पात्रहरू लिङ्गका आधारमा स्त्री, कार्यका आधारमा गौण पात्रका रूपमा आएका छन् भने 'ऊ' पात्रको बाबु, प्रोफेसर, प्रदीप, अजय जस्ता अन्य पात्रहरू लिङ्गका आधारमा पुरुष तथा कार्यका आधारमा गौण पात्रका रूपमा आएका छन् । अतः यी पात्रले पनि कथानकभित्र कुनै न कुनै रूपमा आफ्नो स्थान गराएका छन् ।

**५.६.३ परिवेश**

प्रस्तुत **मनबहादुर विश्वकर्मा** कथा एक सामाजिक समस्यामा आधारित कथा हो । यस कथामा मनबहादुर विश्वकर्मा अध्ययनको क्रममा गाउँ छाडेर शहर प्रवेश गरेको, शहरमा आएर विभिन्न समस्यामाका माझमा पनि जीवन चलाएको कुराले कथामा ग्रामीण तथा शहरीया परिवेशको चित्रण कथामा आएको छ । यतिमात्र नभएर 'ऊ' पात्र भाडामा बस्ने घरवरिपरिको वातावरण, 'ऊ' पात्र अध्ययन गर्ने कलेज तथा यहाँ वरिपरिको वातावरण पनि परिवेश चित्रणका रूपमा आएका छन् ।

**५.६.४ उद्देश्य**

जुन प्रयोजनका लागि कृति लेखिएको हुन्छ त्यस प्रयोजनलाई उद्देश्य भनिन्छ । कृति सिर्जनाको प्रयोजनमूलकता नै उद्देश्य हो । विना उद्देश्य कुनै पनि कृतिको रचना गरिदैन र हरेक कृति कुनै न कुनै प्रयोजन पूर्तिकै लागि लेखिन्छ । समाजमा रहेको जातीय विभेदको अन्तयको चाहना राख्नु तथा परम्परादेखि चलनचल्तीमा चल्दै आएका कुसंस्कारजन्य गतिविधिलाई निमिट्यान्न पारेर समानतामुलक समाजको निर्माणमा जोड दिनु नै प्रस्तुत **मनबहादुर विश्वकर्मा** कथाको मूल उद्देश्य हो ।

प्रस्तुत **मनबहादुर विश्वकर्मा** कथाले मुख्य गरेर नेपाली समाजमा रहेको जातीय विभेद, त्यसले निम्न वर्गका मानिसको जीवनशैली तथा मानसिकतामा पारेको नकारात्मक प्रभाव, जातीय विभेदले निम्त्याएको वर्गीय असमानताका कुरालाई मूल रूपमा देखाएको छ । यतिमात्र नभएर समाजका प्रोफेसर भनिनेहरूमा पनि अझैँ पनि जातीयताको भूत बाँकी नै रहेको कुरालाई कथामा प्रोफेसरकी

सानी छोरीले यस कथाको मूल पात्र मनबहादुर विश्वकर्मालाई तपाईं त सानो जातको हो रे ?, तपाईं फोहोरी हुनुहुन्छ रे ?, तपाईं त अछूत हो रे ? भनेबाट प्रष्ट हुन आएको छ ।

## ५.७. रेष्टुराँ कथाको विश्लेषण

### ५.७.१ कथानक

सहरबाट बाहिर रहेको तर अत्याधिक व्यस्त रहने सोनी रेष्टुराँमा सधैँ ग्राहकहरूको खोचाखोच हुने, डान्स र विभिन्न सङ्गीतका धूनहरूले रेष्टुराँको वातावरणलाई सङ्गीतमय बनाउने गरेको, ग्राहकहरू कोही रक्सीको बियरमा, कोही ह्विस्कीका बोतलहरूका साथमा भर्खर जवानी फुलेका युवतीहरूका जापानिज, चाइनिज, इङ्ग्लिस डान्सहरूको मज्जा लिइरहेका युवायुवतीको क्रियाकलापसँगै प्रस्तुत कथाको कथानक आदि भागमा प्रवेश गरेको छ । यस रेष्टुराँमा गीत सङ्गीत तथा डान्सको आनन्द मात्र नभएर आफ्नो इच्छा अनुसारका बेश्याहरूको भोग गर्न पाइने हुँनाले सरकारी कर्मचारी देखि पुलिसका अफिरसमेत आउने गर्दछन् । जीवनको आनन्द लिएर जाने गर्दछन् । भित्रभित्रै सबैको इज्जत र इमान गिरेपनि सबै बाहिर आफू चोखो भएको रवाफ देखाउँछन् । रेष्टुराँमा काम गर्ने वेश्याहरू पनि बाहिर हिँड्दा आफू चोखो भएको अभिनयले मानव सभ्यताको विकासले चरमचुली नाघिसकेको कुरालाई दर्शाएको छ । आजको मान्छेले कुनै बन्धनमा रहेर होइन पँक्षी जस्तै स्वतन्त्र भएर जीवन जिउन चाहान्छ । मोजमस्ती र आनन्दमा रमाउन चाहान्छ भन्ने कुरा उल्लेख गरेसँगै कथानक मध्य भागमा प्रवेश गरेको छ ।

रेष्टुराँमा आउने पुरुष ग्राहकरूको उद्देश्य भनेकै भर्खरका यौवनले उन्मत्त केटीहरूको वक्षस्थल, स्तन, नितम्ब तलको संवेदनशील भागसम्म हात पुऱ्याएर आनन्द लिनु हो । जिन्दगीको मज्जा भोग्ने लालसा सबै व्यक्तिहरूमा हुन्छ । यहाँ बच्चा भएका महिलाहरू पनि आफ्नो संस्कार र संस्कृति भुलेर परसंस्कृतिमा विलिन भएका छन् । आफ्नो भन्ने हर कुरालाई विर्सेर अर्काको रहनसहनमा फसेका छन् । यसले आधुनिकताको नाममा विकृतिलाई मात्र निम्त्याएको छ भन्ने कुरालाई कथामा मूल रूपमा देखाइएको छ । महिला मुक्ति र समानताका कुराहरू उठिरहेको बेलामा यी आधुनिक महिलाहरू भने जीवनलाई भोग्ने साधनका रूपमा लिएर अगाडि बढीरहेका छन् ।  यही आधुनिकताभित्र मातृवात्सल्य किचिएको छ । एउटा नवजात शिशुले आमाको दूध चुस्न पाएको छैन् । सौन्दर्यमा कमि आउने सन्त्रासले आजका नारीहरू चिन्तित रहेको कुरा कथामा आएको छ । आजका आमाहरू मात्र नभएर

बाबुहरू पनि आधुनिकताको मोजमस्तीमा फसेका छन् । घरमा स्वास्नी छोराछोरी भएको कहिल्यै बताउन चाहादैनन् । घर बाहिर बाहिर राम्री राम्री केटीहरू पछि लाग्दैनन् की भन्ने डर उनीहरूमा रहेको छ । केटीहरू पनि ऱ्याल चुहाएर केटाहरूको पैसा लुट्ने काममा लागेका हुन्छन् । माया प्रेमका कुरा गरेर पैसा लुट्न जानेका छन् । रेष्टुराँमा काम गर्ने वेश्याहरू आफ्नो जीवनयापनका लागि रातमा सँगै सुत्ने ग्राहकहरूको खोजीमा हुन्छन् । उनीहरूलाई गास, वास र कपासकै चिन्ता छ । यहाँ मान्छे बाँच्नका लागि जे काम गर्न पनि बाध्य बनेको छ । साना-साना गल्तीमा पनि साहुले गर्ने अमानवीय व्यवहार उनीहरूका लागि सामान्य बनिसकेको छ । एकारिको बेरोजगारी समस्या त अर्कोतिरको भोको पेट र नाङ्गो जिउ छोप्नकै लागि भएपनि उनीहरू यो काम गर्न बाध्य छन् भन्ने ऊ पात्रको मनोभावसँगै कथानक अन्त्य भागमा प्रवेश गरेको छ ।

रेष्टुराँमा काम गर्ने कामदारहरूले बिहान देखि बेलुकासम्म खटिदा पनि कम ज्याला पाएका दुःख व्यक्त गरेका छन् । बाहिर सडकमा श्रम शोषणका कुरा उठिरहेका बेला उनीहरू भने बिहान बेलुकाको छाक टार्नकै लागि भएपनि कम ज्यालामा काम गर्न बाध्य छन् । त्यसैले यस रेष्टुराँमा काम गर्ने कामदारहरू कामको बोझबाट केही क्षण मुक्त भएर रेष्टुराँ बाहिर पाइला हाल्नासाथ कालकोठरीको उकुसमुकुस वातावरणबाट फुत्केको आभास गर्दछन् । रेष्टुराँभित्र पस्नासाथ नर्कमा पसेको आभास उनीहरू गर्दछन् । जसरी भएपनि ग्राहकलाई आन्नद दिन लागि पर्दछन् । यसबाट नै कथामा कामदार, मालिक र ग्राहकले बाँच्ने जीवनशैलीका बारेमा फरक छुट्याउन सकिन्छ । यस्ता समस्याहरूलाई देखाउन आएको सोनी रेष्टुराँ त उदाहरण मात्र बनेको प्रसङ्गसँगै कथानकको अन्त्य भएको छ ।

### ५.७.२ पात्र वा चरित्र

**रेष्टुराँ** कथा आधुनिकताका नाममा देखिएका विभिन्न विकृतिलाई यथार्थताका साथ प्रस्तुत गर्न सफल कथा हो । यस कथामा कथाकारले बहुल पात्रको प्रयोग गरेर कथानकलाई अगाडि बढाएका छन् । आधुनिकताका नाममा भित्रिएका चालचलन, रीतिरिवाज, मूल्यमान्यता आदिका कारणले आजको मान्छेले आफ्नो पहिचान समेत ओझेलमा पारेको छ । बहुल पात्रको प्रयोग गरिएको यस कथामा स्वदेशी तथा विदेशी पात्रहरूको बाहुल्यता रहेको छ । समाख्याताले कथाभित्र बसेर कथा भनिरहेकाले यस कथामा पात्रको स्तर समेत पहिचान गर्न जटिल भएको छ । कथामा मुख्य गरेर सोनी रेष्टुराँको मालिक, चाइनिक, जापानिक, अमेरिकन तथा नेपाली युवायुवतीको सहभागीता रहेको छ । प्रवृत्तिका आधारमा

कुनै पात्र प्रतिकूल छन् भने कुनै अनुकूल बनेर आएका छन् । स्वभावका आधारमा गतिशील र स्थिर दुवै खालका पात्रको प्रयोग यस कथामा पाइन्छ । जीवन चेतनाका आधारमा वर्गीय तथा व्यक्तिगत दुवै खालका पात्रहरू रहेका छन् । आसन्नताका आधारमा नेपथ्य तथा आबद्धताका आधारमा बद्ध तथा मुक्त दुवै खालका पात्रहरू यस कथामा देख्न सकिन्छ ।

### ५.७.३ परिवेश

**रेष्टुराँ** कथाले सहरिया परिवेश तथा वातावरणलाई चित्रित गरेको छ । शहरको होहल्लाबाट टाढा रहेको सोनी रेष्टुराँमा काम गर्ने कामदार, स्वदेशी तथा विदेशी पात्रहरूको क्रियाकलापले शहरिया परिवेशलाई दर्शाएको छ । यसका साथसाथै कथाकारले नेपालमा काम अनुसारको उचित ज्याला नपाइने तर एक पेट खान, एक धर्को लगाउनका लागि भए पनि काम गर्न बाध्य भएको कुरालाई मुख्य रूपमा देखाइएको छ ।

### ५.७.४ उद्देश्य

वर्तमान समयमा होटेल तथा लजहरूमा आधुनिकताका नाममा देखिएका विभिन्न विकृतिलाई देखाएउनु नै प्रस्तुत **रेष्टुराँ** कथाको मूल उद्देश्य हो । यतिमात्र नभएर हामीले कहिल्यै पनि आफ्ना संस्कार, संस्कृति, रहनसहन तथा रीतिरिवाजलाई बिर्सनु हुँदैन् । आफ्नै संस्कार र संस्कृतिमा रमाउन सक्नुपर्छ भन्ने कुरालाई देखाउनु पनि यस कथाको उद्देश्य बनेर आएको छ । बेरोजगारीको समस्याका कारणले मानिस जे काम पनि गर्न बाध्य छ । यसका लागि राज्य पक्षले विशेष ध्यान दिनुपर्छ भन्ने कुरालाई देखाउनु पनि यस कथाको मूल उद्देश्य बनेर आएको छ ।

प्रस्तुत **रेष्टुराँ** कथाले बेरोजगारी समस्याकै कारण आजका मानिस वेश्यावृत्ति जस्ता समाजमा अपच हुने खालका काम गर्न बाध्य छन् । कम श्रम र ज्यालामा धेरै समयसम्म काम गर्नुपर्ने बाध्यात्मक अवस्थाको चित्रण यस कथामा गरिएको छ । यतिमात्र नभएर मानिस गास, वास र कपासकै कारण जस्तोसुकै काम गर्न पनि बाध्य भएको कुरालाई कथाले मूल रूपमा प्रस्तुत गरेको छ ।

## ५.८. २१ औँ शताब्दीको सर्बोत्कृष्ट फिल्म कथाको विश्लेषण

### ५.८.१ कथानक

दिमाग सन्किएकी कान्छीमाई धरानको बस स्ट्याण्डमा देखापरेसँगै यस कथाको कथानक आदि भागमा प्रवेश गरेको छ । उसका हातमा केही थोत्रा कागजका पानाहरू र एउटा गलास छ । ऊ त्यस ग्लासलाई केटाकेटीले गट्टी खेलेको तालमा तलमाथि उफार्दै डान्स गर्छे । उसका सम्पूर्ण क्रियाकलापलाई म पात्रले हेरिरहन्छ । उसको सस्तो डान्सप्रति कसैले पनि वास्ता नगरे पछि उसको डान्स निरर्थक लाग्छ । अर्कोतिर फर्कदा दुईवटा कुस्तीवाजहरू कुस्ती खेलिरहेका हुन्छन् । त्यसमा पनि कोही कसैले वास्ता गरेको हुँदैन् । त्यसमा पनि मान्छेका आँखाबाट उनीहरू ओभ्रेलमा परेको महसुस उसले गर्दछ । म पात्र अर्कोतिर फर्कदा सङ्गीतको संयोजन विनाको धुन सुन्छ । त्यो पनि मान्छेहरूका आँखाबाट ओभ्रेलिएको उसले पाउँछ । त्यस्तै म पात्र फेरि अर्कोपट्टि फर्कदा भारी बोक्ने कुल्लीहरूले 'यो भारी कता लाने हो दाइ ?' भनेर सोध्दा भ्रस्किएको र उनीहरू पनि सस्ता कलकारखानाहरूको अभिनय अवलोकन गर्ने दर्शन बनिरहेको महसुस म पात्रले गरेसँगै कथानक मध्य भागमा प्रवेश गरेको छ ।

भारी बोकेर जिविको पार्जन गर्ने कुनै भरियाले म पात्रलाई यो त देशीजस्तो छ नसोध भनेसँगै कथानक मध्य भागमा प्रवेश गरेको छ । यस सँगै म पात्रका मनमा अनेकन कुरा खेल्न थाल्छ । उसले आफैले आफैमा प्रश्न गर्छ, के म नेपाली जस्तो छैन र ? यहाँका प्रत्येक मान्छेसँग पूर्व परिचय नभएकै कारण म पात्रले सन्तोष प्रकट गर्दछ किनकी म पात्रसँग महङ्गा मान्छेलाई असुल्ने कुनै मूल्य थिएन । थिए त सस्ता मान्छेहरूलाई नजिकैबाट हेर्ने सस्ता उल्लास र उमङ्गहरू । म पात्रका पात्रको मनले खिचिरहेको थियो त केवल सन्किएकी आइमाईका अश्लील भनिएका तस्बिरहरू, कुस्तीवाजका नाङ्गा तस्बिरहरू, अनि सुरिला गीति एल्बमहरू र भरियाहरूको 'त्यो भारी कता लाने दाजु'का आवाजहरूसँगै कथानक अन्त्य भागमा प्रवेश गरेको छ ।

यस कथाको अन्त्य भागमा म पात्रको फरक फरक चरित्र वा सोच भएका पात्रहरूले आजको युगलाई नङ्ग्याएका छन् वा छैनन् भन्ने धारणासँगै कथानक अन्त्य भागमा प्रवेश गरेको छ । समयसँगै कुनै मानिस नाङ्गा हुनु र नहुनुमा केही फरक नभएको कुरा कथामा मुख्य रूपमा उल्लेख गरिएको छ । समयलाई मान्छेले नाङ्गो पारेपछि मान्छे आफै नाङ्गो हुँदै गएको हो । यी सबै कुरा म पालाई २१ औँ शताब्दीको कुनै पर्दा विनाको फिल्मभ्रैँ लागेसँगै कथानक सकिएको छ ।

### ५.८.२ पात्र वा चरित्र

प्रस्तुत कथामा म पात्र नै मुख्य पात्रका रूपमा आएको छ । उसले नै कथा वाचन गरेको छ । यस कथामा आएका अन्य पात्रहरूमा कान्छीमाई, कुस्तीबाज, गीतकार, भरियाहरू आएका छन् । यिनै पात्रहरूले नै कथालाई अगाडि बढाउने काम गरेका छन् । कथाका केही मुख्य मुख्य पात्रको चर्चा तल गरिएको छ :

**म पात्र**

म पात्र यस कथामा लिङ्गका आधारमा पुरुष तथा कार्यका आधारमा प्रमुख पात्रका रूपमा कथामा आएको छ । कथाको सुरुदेखि अन्त्यसम्म नै उसको सहभागीता पाइन्छ । यस कथामा म पात्र वर्तमान मानवले गर्ने विभिन्न कार्यहरूबाट पीडित बनेको छ । आजको मान्छेको कुनै पनि अस्तित्व नरहेको महसुस म पात्रले गरेको छ । कथामा आएका अन्य पात्रहरूका क्रियाकलाप र त्यसले म पात्रमा निम्त्याएको जीवनप्रतिको शून्यताको भावलाई कथामा मूल रूपमा देखाइएको छ । त्यसैले म पात्रलाई यस कथामा प्रकृतिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवन चेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय तथा आवद्धताका आधारमा बद्ध पात्रका रूपमा कथामा राख्न सकिन्छ ।

**अन्य पात्र**

यस कथामा अन्य पात्रका रूपमा कान्छीमाई, कुस्तीबाज, गीतकार, भरियाहरू आएका छन् । यिनीहरूको पनि कथामा कुनै न कुनै भूमिका रहेको छ । म पात्रद्धारा यी पात्रहरू घुमाइएका छन् । कथामा आ-आफ्नो स्थान कायम गरेर बसेका छन् । यतिमात्र नभएर कथानकलाई गतिप्रदान गर्ने काममा यिनीहरूको भूमिका रहेको छ । यस कथामा आएकी अन्य पात्र कान्छीमाई लिङ्गका आधारमा स्त्री, कार्यका आधारमा गौण, प्रकृतिका आधारमा प्रतिकुल, स्वभावका आधारमा स्थिर, जीवन चेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा नेपथ्य तथा आसन्नताका आधारमा मुक्त पात्रका रूपमा कथामा आएकी छ भने अन्य पात्रहरूले पनि यस कथामा कुनै न कुनै स्थान र भूमिका बोकेको देखिन्छ ।

### ५.८.३ परिवेश

प्रस्तुत कथामा परिवेशका रूपमा कथाको सुरुमा नै धरानको बसपार्क आएको छ । यसले यस कथामा घटीत घटनाहरू धरान वरिपरिकै परिवेश तथा वातावरणमा घटेको छ । यसका साथै कान्छीमाई कुस्तीबाज, गीतकार, भरियाहरूको क्रियाकलापले शहरिया परिवेश तथा वातावरणलाई चित्रित गरेको पाइन्छ ।

### ५.८.४ उद्देश्य

वर्तमान समयमा मान्छेका मनमा उत्पन्न विभिन्न नकारात्मक बिचार, एक गास खान, एक धर्को लगाउन तथा सुत्नकै लागि भएपनि मान्छे जस्तोसुकै काम गर्न पनि बाध्य छ भन्ने कुरालाई देखाउनु नै यस कथाको मूल उद्देश्य हो । यतिमात्र नभएर समयको परिवर्तनसँगै मान्छेमा मानवता भन्ने कुरा हराउँदै गएको तथा दया, माया भन्ने कुरा आजका मानवमा पटक्कै नरहेको कुरालाई यस कथामा आएका कान्छीमाई, कुस्तीबाज, गीतकार, भरिया जस्ता पात्रलाई अन्य मानवले गरेको अमानवीय व्यवहारबाट स्पष्ट हुन आएको छ । अतः बदलिदो सामाजिकता र त्यसले मानव जीवनमा निम्त्याएको विकराल समस्यालाइ देखाउनु नै यस कथाको मूल ध्येय बनेर आएको छ ।

**२१ औं शताब्दीको सर्बोत्कृष्ट फिल्म** कथा शहरिया परिवेशमा देखिएका विभिन्न समस्यालाई यथार्थ रूपमा देखाउन सफल कथा हो । यस कथामा कथाकार घिमिरेले समयसँगै हरेक कुरा परिवर्तन हुँदै गएको कुरामा सङ्केत गरेकी छन् । यही परिवर्तनको भुँमरीमा आजको मान्छे फसिरहेको छ । मान्छेमा मानवता भन्ने कुरा हराउँदै गएको छ । मान्छेमा दया, माया भन्ने भाव होइन, घृणा र पापका भावनाहरू दिनानुदिन बढिरहेका छन् भन्ने कुरालाई कथाले मूल रूपमा देखाएको छ ।

## ५.९. पर्दा, समय र मान्छेहरू कथाको विश्लेषण

### ५.९.१ कथानक

कुनै विनामे हलमा खचाखच दर्शक स्रोतहरूको भीड हुनु, त्यहाँ भएका प्रत्येक मान्छे मौन हुनु, सबैका आँखा अगाडिको अनौठो खालको पर्दामा हुनु र त्यसै बेला पर्दा खुल्नु र त्यहाँबाट मानवाकृति देखिएसँगै **पर्दा, समय र मान्छेहरू** कथाको कथानकको आदि भाग आरम्भ भएको छ । त्यो मानवाकृति राजेशको हुन्छ । टोलाएर एकनाशले हेर्दा उसले भित्ताभरि पुराना समय र उही खलपत्रे क्षणहरू

टाँसिएको देख्नु, केही दिन यता उसलाई मानसपटलमा अटेसमटेस भएर झरेका समयहरू, झरेका पलहरूले सताइरहेका छन् । भित्तामा टाँसिएका क्यालेन्डरसित झस्किन्छ । केही समय त्यसका बारेमा सोच्न पुग्छ र एक्कासी चिच्याउँछ तर उसको चिच्याहटले कसैमाथि पनि असर पार्दैन् । उसको चिच्याहट कसैले पनि सुन्दैन । किन कोही बोल्दैनन् भन्ने प्रश्नसँगै उसले अगाडि गएर हेर्दा त्यहाँ थुप्रै वसन्तहरू बलात्कार, थुप्रै वर्तमानहरू त्यसको शिकार भएका देख्छ । त्यसँगै उसले समय सबैको शासक भएको, प्रत्येक मान्छेहरू उसका आज्ञाकारी पात्र भएको देख्छ । समयसँग कड्किएर 'के समयलाई त्यो स्थानमा स्थानान्तरण गराउनेलाई बिर्स्यौ ?' भन्ने प्रश्न राकेशले सोधेसँगै पर्दा बन्द हुन्छ, यससँगै कथानक मध्य भागमा प्रवेश गरेको छ ।

पर्दा खुलेसँगै मान्छेहरूको कोलाहल, हुङ्कार मिश्रित आवाजसँगै रोकशलाई बाहिर कोही युद्ध लडेर आएको जस्तो लाग्नु, राकेश पनि मानिसको त्यही कोलाहलतिर लाग्नु, गन्तव्यमा पुगेपछि सोचेभन्दा विपरित रोगी मान्छेको मृत्युसँगको सङ्घर्ष देख्नु, त्यो देखेर राकेशमा पुनः समयसँग रिस उठ्नु, केही समयपछि रोगीको मृत्यु पश्चात् डाक्टर नर्सहरूको जीवन बचाउने सङ्घर्षको एउटा पीडादायी मृत्यु भएको महसुस गर्नु, प्रत्येक व्यक्तिको मृत्युपश्चात् पर्दा भित्रबाट जीवनविनाको मृत्युको के अर्थ ? नयाँ सुरुवातविनाको मृत्युको के अर्थ ? भनेर समयसँग कड्किएसँगै कथानक अन्त्य भागमा प्रवेश गरेको छ ।

बाहिर कसैले प्रतिबन्ध ! प्रतिबन्ध ! प्रतिबन्ध ! भनेर चिच्याएसँगै राकेशले आँखा त्यतैतिर जानु, उसले आफ्नै आँखा अगाडि जीवनबाट विरक्तिएर एउटी युवतीले आत्महत्या गर्न लागेको देख्नु, मृत्युको मुखमा परेकी युवतीलाई राकेशले बचाउनु तर केटीले राकेशसित बदलाको भाव लिन खोज्नु, रामो समयसम्म जीवन बचाउने खेलमा लागेको राकेश थकित मुद्रामा लामो सास फेर्दै लम्पसार पर्नु, त्यससँगै नेपथ्यबाट पुरानो समयको आगमन भएको उद्घोषसँगै कथानक अन्त्य भएको छ ।

### ५.९.२ पात्र वा चरित्र

**पर्दा, समय र मान्छेहरू** कथा एक बहुल पात्र प्रयोग भएको पात्र हो । यस कथामा कथाकारले बहुल पात्रको प्रयोग गरेका छन् । यस कथामा आएका केही प्रमुख पात्रहरूको चर्चा तल गरिएको छ :

**राकेश**

राकेश यस कथाको प्रमुख पात्र हो । कथाको सम्पूर्ण विषयवस्तु उसैका केन्द्रियतामा अगाडि बढेको छ । समय परिवर्तनशील छ, यही परिवर्तनशील समयसँगै मानिस चल्न बाध्य छ भन्ने कुरालाई कथामा राकेशका माध्यमबाट देखाइएको छ । समयले दिने जस्तोसुकै पीडा खप्न पनि मानिस बाध्य छ । मानिस चाहेर पनि आफ्नो इच्छा अनुसार जीवन निर्वाह गर्न सक्दैन भन्ने कुरालाई कथाकारले कथाको मूल पात्र राकेशका माध्यमबाट व्यक्त गरेका छन् । यस कथाको सम्पूर्ण विषयवस्तु प्रस्तुत गर्ने काम राकेशले नै गरेको हुनाले ऊ कार्यका आधारमा प्रमुख र लिङ्गका आधारमा पुरुष पात्रका रूपमा कथामा आएको छ । समयले मानिसलाई आफ्नो बन्धनमा बाँधेको, मानिस समयको दास भएको, मानिसले आफूले चाहेको कुरा चाहेर पनि केही गर्न नसक्ने जस्ता कुरालाई मुख्य रूपमा देखाइएको हुनाले ऊ यस कथामा प्रवृत्तिका आधारमा अनुकूल पात्रका रूपमा देखिएको छ भने स्वभावका आधारमा गतिशील पात्रका रूपमा चिनिएको छ । राकेश यस कथामा आफ्नो मात्र समस्या लिएर आएको छैन् । उसले आफू जस्ता समग्र गरिब तथा समयको पीडामा परेकाहरूको आवाज बोलेको छ । त्यसैले उसलाई जीवन चेतनाका आधारमा उसलाई वर्गीय, आसन्नताका आधारमा मञ्चिय र आवद्धताका आधारमा बद्ध पात्रका रूपमा राख्न सकिन्छ ।

**अन्य पात्र**

**पर्दा, समय र मान्छेहरू** कथामा अन्य पात्रका रूपमा युवती, डाक्टर, नर्स, बूढो मान्छे लगाएतका पात्रहरू आएका छन् । यी पात्रले कथानकलाई सहायक पात्रका रूपमा अगाडि बढाएका छन् । युवती र नर्स कार्यका आधारमा गौण पात्र, लिङ्गका आधारमा स्त्री, जीवन चेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा नेपथ्य र आवद्धताका आधारमा बद्ध पात्रका रूपमा आएका छन् । त्यस्तै डाक्टर र बूढो मान्छे यस कथामा कार्यका आधारमा गौण पात्र, जीवन चेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा नेपथ्य तथा आबद्धताका आधारमा बद्ध पात्रका रूपमा कथामा आएका छन् ।

### ५.९.३ परिवेश

**पर्दा, समय र मान्छेहरू** कथामा परिवेशका रूपमा वर्तमानकालीन समय तथा परिवेश आएको छ । कथामा कथाकारले वर्तमान समयमा विभिन्न पीडा र समस्यामा परेका मानवीय समस्याहरूलाई मूल रूपमा देखाइएको छ ।  यस कथाको समय सन्दर्भ तथा परिवेश कथामा प्रष्ट रूपमा आएको छैन ।

### ५.९.४ उद्देश्य

**पर्दा, समय र मान्छेहरू** कथामा कथाकारले समयले आफूसँगै मानिसलाई चल्न सिकाएको, मानिस चाहेर पनि समयको बन्धनबाट मुक्त रहन नसकेको विषयलाई देखाउनु नै यस कथाको मुख्य उद्देश्य हो । कथामा राकेशले वर्तमान समयले मानवलाई दिएको पीडालाई मुख्य रूपमा व्यक्त गरिएको छ । उसले समयप्रति रोष व्यक्त गरेको छ । समयको मारमा परेको मानवलाई स्वतन्त्रता दिने चाहना बोकेर समयको विरोधी पात्रका रूपमा देखिएको छ ।

**पर्दा, समय र मान्छेहरू** कथा एक वर्तमान समयमा मानवले भोग्नुपरेका विविध समस्या तथा पीढालाई यथार्थताका साथ देखाइएको कथा हो । समयले मानिसलाई दिएको समस्या र समयबाट मानिस कहिल्यै टाढा रहन नसक्ने यथार्थताको बोध यस कथाले गराएको छ । यी र यस्तै विविध विषयवस्तुलाई कथामा प्रस्तुत गरिएको छ ।

## ५.१०. लालबहादुर, जुत्ता र प्रजातन्त्र कथाको विश्लेषण

### ५.१०.१ कथानक

'ऊ' पात्रले सडकको कुनामा बसेर बिहान बेलुकाको छाक टार्नका लागि चिच्याई चिच्याई बाटामा हिँडिरहेका मानिसलाई जुत्ता किन्न आग्रह गरेसँगै कथानक आदि भागमा प्रवेश गरेको छ । घाम र पानी नभनी बेलुकाको छाक टार्नकै लागि आफुले बनाएको जुत्ताको विज्ञापन गरिहेको 'ऊ' पात्रले यस कथामा बाँच्नकै लागि सङ्घर्ष गरिरहेको छ । यस्तो अवस्थामा उसलाई जीवन जिउनु पनि पहाड उचाले झैँ लागिरहन्छ तर पनि जीवनसँग नहारेर जीवन जिउने कार्यमा लागिरहन्छ । आफूले बनाएका जुत्ताको सडकका छेउमा बसेर प्रचारप्रसार गरिरहन्छ । यस कुरालाई आफ्नो घरदेखि निहाल्दै आएको 'म' पात्रमा 'ऊ' पात्रले जीवन जिउनकै लागि गरेको सङ्घर्ष देखेर दुःख मान्छ । घरपरिवार, बालबच्चाको पालनपोषण गर्नका लागि 'म' पात्र 'ऊ' पात्रको घरमा गएर एकाबिहानै जुत्ता पोलिष गर्ने काम गरेर आफ्नो कर्तव्य निर्वाह गर्न खोजेसँगै कथानक मध्य भागमा प्रवेश गरेको छ ।

निन्द्राबाट नतङ्ग्रिदै आफ्नो दैनिकी चलाउनका लागि भएपनि 'ऊ' पात्र जस्ता गरिबीको मारमा परेका मानिसहरूको पीडा सुन्न 'म' पात्र बाध्य छ । 'म' पात्रकी श्रीमतीले घरमा आएको 'ऊ' पात्रलाई बाबुसाहेब घरबाहिर जानुभएको छ भनेर ढाँट्न खोज्नु तर त्यतिकैमा 'म' पात्र वा बाबु साहेब ढोकाबाट बाहिर निस्कन्छन् । 'ऊ' पात्रका बारेमा विभिन्न कुरा सोध्न पुग्छन् । त्यतिकैमा 'म' पात्रले 'ऊ' पात्र एक्लैले समग्र नेपालको गरिबीलाई प्रतिनिधित्व गरेको महसुस गर्नु, देशमा प्रजातन्त्र आएको

धेरै वर्ष भए तापनि लालबहादुर जस्ता दुःखीका घर दैलोमा प्रजातन्त्र नआएर प्रजातन्त्र त ठूल्ठुला महलका मानिसहरूको पेवा बेनेको महसुस गर्नु, पृथ्वी सबैको साझा घर हो तर किन लालबहादुर जस्ता मानिसले मान्छे भएर पनि मान्छेको जस्तो जीवन जिउन सकिरहेका छैनन, के यही प्रजातन्त्र, के प्रजातन्त्रको मूल मर्म यही हो भन्ने जस्ता नानाथरीका कुराहरू 'म' पात्र पात्रका मनमा खेल्नु, कहिले संस्कार बनाउनेहरूबाट किचिएको, कहिले ढुङ्गाका देवताहरूले ठगेर किचिएको 'ऊ' पात्र अहिले भने प्रजातन्त्रवादीहरूबाटै किचिएको 'म' पात्रको धारणासँगै कथानक अन्त्य भागमा पुगेको छ ।

प्रजातन्त्र ठूलाठालुको घरमा मात्र आउँछ कि लालबहादुर जस्ताको घरमा पनि आउँछ भन्ने 'म' पात्रको प्रजातन्त्रप्रतिको आक्रोस, प्रजातन्त्र जनतामा आएको होइन ठूलाबडामा मात्र आएको छ, प्रजातन्त्रको नाममा प्रत्येक जनतामाथि ताल्चा मारिएको अवस्था हो । यस्तै अवस्थामा लालबहादुर जस्ता कयौा मानिसहरूले पशुवत जीवन बिताइरहेका छन् । पशुहरूले उसले भन्दा बरु मस्तिको जीवन जिइरहेका छन् । त्यसैले 'म' पात्रले लालबहादुरलाई तिमी पशु होइनौ मान्छे हो । त्यसैले पशुभन्दा पर रहेर मान्छेको जीवन जिउन सिक्नुपर्छ । आफूमाथि प्रजातन्त्रका नाममा भएका विकृतिहरूको खुलेरै विरोध गर्नुपर्छ भनेसँगै कथानक अन्त्य भएको छ ।

### ५.१०.२ पात्र वा चरित्र

**लालबहादुर, जुत्ता र प्रजातन्त्र** कथामा लालबहादुर, 'म' पात्र, 'म' पात्रकी श्रीमती, लालबहादुरका छोराछोरी, लालबहादुर जस्ता निम्न तथा ठूलाठालु वर्गको प्रतिनिधित्व गर्ने पात्रहरू आएका छन् । यस कथामा आएका केही प्रमुख पात्रहरूको चर्चा तल गरिएको छ :

**लालबहादुर**

लालबहादुर यस कथाको प्रमुख पात्र हो । उसैका केन्द्रियतामा कथानक अगाडि बढेको छ । नेपालमा प्रजातन्त्र आएपनि लालबहादुर जस्ता गरिब जनताहरूले त्यसको कहिल्यै स्वाद पाउन नसकेको, उनीहरू मानव भएर पनि पशुसरहको जीवन बिताउन बाध्य भएको विषयलाई कथाले यथार्थका साथ प्रस्तुत गरेको छ । लालबहादुर यस कथामा लिङ्गको आधारमा पुरुष पात्रका रुपमा आएको छ । त्यस्तै कथाको समग्र विषयवस्तु लालबहादुरमा नै केन्द्रित भएकाले ऊ कार्यका आधारमा प्रमुख पात्र हो । कथामा लालबहादुरले आफु जस्ता निम्न वर्गका मानिसहरूको प्रतिनिधित्व गरेर कथानकलाई अगाडि बढाएकाले ऊ यस कथामा प्रवृत्तिका आधारमा अनुकूल पात्रका रूपमा देखिएको छ

भने स्वभावका आधारमा गतिहीन पात्रका रूपमा चिनिएको छ । लालबहादुर यस कथामा आफ्नो मात्र समस्या लिएर आएको छैन् । उसले आफू जस्ता समग्र गरिब तथा पीडामा परेकाहरूको आवाज बोलेको छ । त्यसैले उसलाई जीवन चेतनाका आधारमा उसलाई वर्गीय, आसन्नताका आधारमा मञ्चिय र आवद्धताका आधारमा बद्ध पात्रका रूपमा राख्न सकिन्छ ।

**'म' पात्र**

'म' पात्र यस कथाको एक सरकारी कर्मचारी तथा बौद्धिक पात्र हो । नेपालमा प्रजातन्त्र आएपनि लालबहादुर जस्ता गरिबले मानव भएर बाँच्न नपाएकोमा 'म' पात्र ठूलाबडाहरूप्रति रोष प्रकट गर्दछ । मानव भएर जन्म लिएपछि सबैले समान अधिकार पाउनुपर्छ भन्ने धारणा 'म' पात्रको रहेको छ । 'म' पात्र यस कथामा लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा सहायक, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील, जीवन चेतनाका आधारमा वर्गीय, आसननताका आधारमा मञ्चिय र आवद्धताका आधारमा बद्ध पात्रका रूपमा आएको छ ।

**अन्य पात्र**

यस कथामा अन्य पात्रका रूपमा 'म' पात्रकी श्रीमती, लालबहादुरका छोराछोरी, लालबहादुर जस्ता गरिब र पीडामा परेकाहरू, प्रजातन्त्रको स्वाद लिने ठूलाबडाहरू आएका छन् । यिनीहरूले पनि कुनै न कुनै रूपमा कथानकलाई अगाडि बढाउने काम गरेका छन् ।

### ५.१०.३ परिवेश

**लालबहादुर, जुत्ता र प्रजातन्त्र** कथा वर्गीय तथा आर्थिक विभेदका कारण मानिस मानिसका बिचमा देखिएको विभेदलाई यथार्थताका साथ पस्कन सफल कथा हो । यस कथामा लालबहादुर जातीय रूपमा, आर्थिक रूपमा तथा सामाजिक, सांस्कृतिक रूपमा कमजोर भएकै कारण पशुसरहको जीवन बिताउन बाध्य भएको कुरालाई मुख्य रूपमा देखाइएको छ । यसका साथै नेपालमा राणाशाषनको अन्त्य भएर जति नै प्रजातन्त्र आएपनि त्यो प्रजातन्त्र कहिले पनि लालबहादुर जस्ता गरिबको झुपडीमा आउन नसकेको कुरालाई कथाले देखाएको छ । **लालबहादुर, जुत्ता र प्रजातन्त्र** नामक यस कथामा नेपालमा १०४ वर्षसम्म चलेको राणाशाषन र त्यसको अन्त्यपछि आएको प्रजातन्त्रले पनि लालबहादुर जस्ता गरिबीको मारमा परेका मान्छेहरूको पक्षमा कहिले पनि काम नगरेको कुरा देखाइएको हुनाले

राणाशाषन काल र प्रजातन्त्र आएपछिको समय नै यस कथामा परिवेश बनेर आएको छ । समग्रमा भन्दा कथामा तत्कालीन परिवेश तथा वातावरणलाई मुख्य रूपमा देखाइएको छ ।

### ५.१०.४ उद्देश्य

**लालबहादुर, जुत्ता र प्रजातन्त्र** कथा एक सामाजिक समस्यामा आधारित कथा हो । यस कथामा कथाकारले मुख्य गरेर नेपालको राजनीतिक अवस्था र २००७ सालपछि नेपालमा प्रजातन्त्रको आगमनसँगै देखिएका विविध उधावचढावहरूको चर्चा गरिएको छ । प्रजातन्त्र आउँदा पनि लालबहादुर जस्ता सोझासाझा जनता एक पेट खाना र एक आङ लाउनकै लागि भनेर कतिसम्मको दुःखमा परेका छन भन्ने कुरालाई देखाउनु नै यस कथाको मूल उद्देश्य हो ।

**लालबहादुर, जुत्ता र प्रजातन्त्र** कथा एक सामाजिक समस्यामा आधारित कथा हो । यस कथामा कथाकारले नेपालमा वर्गीय विभेदका कारणले निम्त्याएका विविभन्न समस्याहरूलाई लालबहादुर नामक गरिबले आफ्नो जीवन चलाउनका लागि गरेको सङ्घर्षले देखाएको छ । यतिमात्र नभएर नेपालमा प्रजातन्त्र आएको धेरै समय भइसक्दा पनि त्यसको प्रतिफल लालबहादुर जस्ता गरिब जनताले कहिल्यै पाउन सकेनन् भन्ने मूल मर्मलाई कथाले दर्शाउन खोजेको छ ।

## ५.११ दरिद्रताभित्रको मान्छे कथाको विश्लेषण

### ५.११.१ कथानक

मुसलधारे पानीसँगै खेतमा काम गर्ने खेतलाहरू पानीबाट बच्न घरतिर लाग्नु तर अनिल नाम गरेको पात्र त्यही खेतको हिलोमा निदाउनु र पछि पानी रोकिएर अरु सबै खेतालाहरू काममा फर्कनु तर अनिल भने अवेर उठेर मेलामा गएसँगै कथानक आदि भागमा प्रवेश गरेको छ । लामो समयसम्म पानी नरोकिएपछि 'ऊ' पात्र वा अनिल जमिनमै निदाउनु र सपनामा आफूलाई निकै सुकिलो देख्नु, सपनामै भएपनि आफूले राम्रो हुने अवसर पाएको महसुस गरेसँगै कथानक मध्य भागमा प्रवेश गरेको छ ।

कथाको मध्य भागमा पानीसर्न छाडेपछि अनिल बिँउझनु, खेतमा खेतालाहरूले काम गरेको देख्नु, उठेर त्यतैतिर दौडिनु, तितबेलासम्म खेतमा काइँलाउको आगमन भएसकेकाले अनिल डराउनु, काइँलाउले अनिलको गन्ध पाउनासाथ बाघले झैँ झम्टनु, यो मोराले खाली काम मात्र ठग्छ । काम

गरेर खानेको सन्तान भए पो हुन्छ भनेर नानाथरीका आपोप लगाउनु, अनिलले काइँलाउलाई लक्षित गरी मनको तीतोपनलाई भुईंमा ख्वाक्क खकारेर जोडसँग खोक्नु, गरिब र तल्लो जातकै भएकै कारण काइँलाउ जस्ता शोषकबाट शोषित हुनु परेको आक्रोश अनिलले व्यक्त गर्नु, अनिलले आफूजस्ता गरिबीको सिकार बन्न पुग्नेहरू बिहान बेलुकाको एक छाक टार्नकै लागि भए पनि काइँलाउ जस्ता शोषकको घरमा गएर काम गर्नुपर्ने बाध्यात्मक अवस्थाको सिकार हुनुपरेको पीडा पोख्नु, काइँलाउ जस्ता शोषकले समाजमा रहेका निम्न वर्गमाथिको दमनको प्रतिरोध स्वरूप अनिल ठूलो स्वरमा चिच्यायसँगै कथानक अन्य भागमा प्रवेश गरेको छ ।

अनिलको आक्रोसित स्वरले खेतलाहरूमा खैलाबैला मच्चिनु, भोलिपल्टै अनिल काइँलाउको घरबाट निकालिनु, अनिल खुसीका साथ त्यहाँबाट निक्लनु, उसले आफू पिँजडाबाट बाहिर निस्किएको महसुस गर्नु, काइँलाउले गरेको अपमानपूर्ण व्यवहार र शोषणलाई सम्झिएर भारी मन लिएर त्यस घरबाट अगाडि बढेको र त्यससँगै उसको छायाँ पनि त्यस ठाउँबाट विस्तारै विस्तारै ओझेलमा परेर मधुरो मधुरो देखिएसँगै कथानक अन्त्य भएको छ ।

### ५.११.२ पात्र वा चरित्र

अनिल यस कथाको प्रमुख पात्र हो । उसकै केन्द्रियतामा कथानक अगाडि बढेको छ भने कथानकलाई अप्रत्यक्ष रूपमा खेतलाहरू, काइँलाउ जस्ता पात्रहरूले पनि सहयोग गरेका छन् । यी सबै पात्रहरू सबै तृतीय पुरुष दृष्टिविन्दुमा केन्द्रित छन् । यस कथामा आएका केही मुख्य मुख्य पात्रहरूको चर्चा तल गरिएको छ :

#### अनिल

नेपाली समाजमा रहेको वर्गीय विभेद, आर्थिक विभेद तथा त्यस्ता विभेदले निम्त्याएका विभिन्न विकृतिहरूको पर्दाफास यस कथामा गरिएको छ । समाजमा काइँलाउ जस्ता शोषक वर्गले अनिल जस्ता निम्न वर्गका मानिसहरूमा गरेको दमन, शोषण, अन्याय, अत्याचार आदिको पर्दाफास यस कथाले गरेको छ । कथामा काइँलाउ जस्ता शोषक तथा सामन्तीले गरेको शोषणको विरोधमा अनिल जस्ता गरिब तथा निमुखा वर्गले गरेको प्रतिरोधलाई सफल रूपमा देखाइएको छ । अनिल यस कथामा लिङ्गका आधारमा पुरुष, कार्यका आधारमा प्रमुख, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा

गतिशील, जीवन चेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चिय तथा आवद्धताका आधारमा बद्ध पात्रका रूपमा कथामा आएको छ ।

**काइँलाउ**

काइँलाउ यस कथामा हुनेखाने वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा देखिएको छ । समाजमा गरिब तथा असाहयहरूलाई दमन, शोषण तथा अन्याय, अत्याचार गरेर रमाउने काइँलाउ यस कथाको प्रतिकूल पात्र हो । त्यस्तै समाजमा सदासदा आफ्नो रवाफ कायम राख्न चाहने काइँलाउ अनिल जस्ता गरिबको रगत र पसिनामा पौडी खेलेर आनन्द लिन  चाहान्छ । त्यसैमा नै उसले आनन्द प्राप्त गर्दछ । कार्यका आधारमा सहायक पात्रका रूपमा आएको काइँलाउ स्वभावका आधारमा गतिहीन, जीवन चेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चिय तथा आवद्धताका आधारमा बद्ध पात्रका रूपमा कथामा आएको छ ।

**अन्य पात्रहरू**

यस कथामा खेतबारीमा काम गर्ने खेतालाहरू, अनिल जस्ता काइँलाउका घरमा काम गरेर एक पेट पाल्न दमन र शोषण खपेर बसेका पात्रहरू अन्य पात्रका रूपमा आएका छन् । यी पात्रहरूले पनि कथालाई कुनै न कुनै रूपमा अगाडि बढाउने काम गरेका छन् । कथालाई गति प्रदान गर्ने काम गरेका छन् ।

### ५.११.३ परिवेश

**दरिद्रताभित्रको मान्छे** कथा एक सामाजिक समस्यामा आधारित भएर रचना गरिएको कथा हो । यस कथामा कथाकारले समाजमा रहेको वर्गीय तथा आर्थिक विभेदको खाडल र त्यसले मानिस मानिसका बिचमा उत्पन्न गराएको मनमुटावको अवस्थालाई दर्शाएको छ । यसका साथै नेपाली समाजमा लामो समयसम्म रहेको राणाशाषन व्यवस्था र त्यसले समाजमा पारेको नकारात्मक प्रभावलाई कथामा देखाइएको छ । यस कथामा परिवेशका रूपमा वर्गीय विभेदबाट मुक्त नभएको समाज, आर्थिक असमानताको घेरोमा बेरिएको समाज आएको छ ।

### ५.११.४ उद्देश्य

तत्कालीन समय तथा समाजमा नेपाली जनताहरू काइँलाउ जस्ता सामन्ती चरित्र बोकेका पात्रबाट कतिसम्म पीडित र शोषित थिए भन्ने कुरालाई देखाउनु नै यस कथाको मूल उद्देश्य हो । यतिमात्र नभएर अनिल जस्ता निम्न वर्गका मानिसहरूले पनि अति भएपछि काइँलाउ जस्ता शोषक तथा आफूलाई समाजको हैकमवादी ठान्नेहरूलाई एक न एक दिन पाखा लगाएरै छाड्छन् वा समाजमा लामो समयदेखि कायम रहँदै आएको वर्गीय तथा आर्थिक विभेदको अन्त्य गर्न चाहान्छन् भन्ने सन्देश यस कथाले दिएको छ ।

अतः **दरिद्रताभित्रको मान्छे** कथा सामाजिक समस्या तथा विभेदलाई यथार्थ रूपमा देखाउन सफल कथा हो । कथाकारले यस कथामार्फत लामो समयदेखि नेपाली समाजमा रहेका वर्गीय तथा आर्थिक विभेदकै कारणले मानिस मानिस बिचमा देखिएको असामान्य परिस्थितिलाई मूल रूपमा देखाउने पर्यत्न गरेका छन् ।

## ५.१२.प्रजातन्त्रको सहिद कथाको विश्लेषण

### ५.१२.१ कथानक

'ऊ' पात्र डाँडामाथि घाम आइपुग्दासम्म पनि नउठेसँगै 'ऊ' पात्रका मनमा अनेकन कुरा खेलेसँगै कथानक आदि भागमा प्रवेश गरेको छ । 'म' पात्र 'ऊ' पात्रको कोठामा पुग्दा सामानहरू मिलाएको अवस्थामा हुनु, बिस्तारामा 'ऊ' पात्र नहुनु, 'म' पात्रका मनमा झनझन नानाथरीका कुरा मनमा खेल्नु, प्रजातन्त्रले दिएको कुण्ठाका कारण 'ऊ' पात्रको मनमा जागेको विक्षिप्तता कारण जीवनमा निरासै निरासा जाग्नु, रात ढलेर झमक्क भएपछि 'ऊ' पात्र रक्सीले मात्तिएर घरमा आउनु र प्रजातन्त्रले आफूलाई खाइसकेको र तपाईंहरूलाई पनि खाने अभिव्यक्तिसँगै कथानक मध्य भागमा प्रवेश गरेको छ ।

'म' पात्रलाई छोराले बाबालाई के भएको हो भनेर सोध्नु र 'म' पात्र त्यसको बारेमा केही बोल्न नसक्नु, 'म' पात्रलाई ठूलो छोराले अरूलाई दुःख दिनु प्रजातान्त्रिक व्यवस्था हो भनेर सोध्नु तर आमाले त्यो प्रजातन्त्र नभएर कुतन्त्र भएको बताउनु, ज्वरो आएर अचेत अवस्थामा बर्बराएको 'ऊ' पात्रलाई 'म' पात्रले पानीपट्टी लगाएर लोग्नेप्रति समर्पित हुनु, 'म' पात्रले आफूलाई समयले धेरै पछि पारेको महसुस

गर्नु, नारी धर्ती हो भन्ने पूर्वजहरूको मूल्यमान्यतामा बाँधिनु, 'म' पात्रले लोग्नेको स्याहर गर्न पाउनुलाई सौभाग्य सम्झनु, ठूलो छोराले प्रजातन्त्रको अर्थ बन्दुक र बारुदसँग खेल्नु, मान्छेले मान्छेलाई सताउनु भन्ने बुझ्नु, 'ऊ' पात्र आफ्ना बाबा मारिएको ठाउँमा गएर प्रत्येक दिन गायब हुनु, धेरै समयपछि 'ऊ' पात्र 'म' पात्रसित बोल्नु, निकै आन्दोलित र आक्रोसित देखिएको 'ऊ' पात्रले श्रीमती राधालाई छोराछोरीको ख्याल गर्न आग्रह गरेसँगै कथानम अन्त्य भागमा प्रवेश गरेको छ ।

विहान घरबाट निस्किएको 'ऊ' पात्र अवेरसम्म पनि नफर्किएपछि सधैं जसो जाने ठाउँमा गएर हेर्दा मृत अवस्थामा भेटिएको र मृत शरीरले किचिएका कागजपत्रमा उसकै रगतले आजको प्रजातन्त्र सुषुप्त अवस्थामा छ । मृत अवस्थामा छ । हामी जस्ता निर्दोष मान्छेको स्वतन्त्रताको रक्षा गर्न र वास्तविक प्रजातन्त्र ल्याउन तिम्रो लोग्ने सहिद भएको भन्ने 'ऊ' पात्रको मर्नु अघि व्यक्त गरेको मनोभावसँगै कथानक सकिएको छ ।

### ५.१२.२ पात्र वा चरित्र

कथामा घटनालाई निश्चित कार्यव्यापार प्रदान गरी निष्कर्षसम्म पुऱ्याउन आउने मानवीय तथा मानवेत्तर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । कथालाई गतिशीलता दिने तथा कथानकका उपकरणका रूपमा रहेका द्वन्द्व, क्रियाव्यापार, कुतूहलता आदिलाई चलायमान गराउने प्रमुख अङ्ग पात्र वा चरित्र नै हो । पात्र वा चरित्रविनाको कथानकको कल्पना नै गर्न सकिन्न । यस कथामा पात्रको सङ्ख्या कम छ । 'ऊ' पात्र, उसकी श्रीमती राधा, उनीहरूका छोराछोरी नै कथामा प्रमुख, सहायक र गौण पात्रका रुपमा देखिएका छन् । यस कथामा आएका केही पात्रहरूको सामान्य चर्चा तल गरिएको छ ।

**'ऊ' पात्र**

'ऊ' पात्र यस कथाको प्रमुख पुरुष पात्र हो । उसकै केन्द्रियतामा कथानक आदि, मध्य र अन्त्यको शृङ्खलामा रहेर सकिएको छ । 'ऊ' पात्र नेपालमा लामो समयदेखि चल्दै आएको राणाशाषनको अन्त्य गरी प्रजातन्त्र ल्याउने कार्यमा लागेको छ । लामो समयसम्म प्रजातन्त्रकै लागि लडिरहेको 'ऊ' पात्र नेपालमा प्रजातन्त्र आए पनि सन्तुष्ट हुन सकेको छैन् । उसले सोचेको जस्तो, चाहेको जस्तो प्रजातन्त्र नआउँदा ऊ निकै दुःखी बनेको छ । प्रजातन्त्र आएपछि झन्झन् देशमा हत्याहिंसा, अन्याय, अत्याचार, भष्टाचारी प्रवृत्ति बढेकोमा 'ऊ' पात्र निकै पीडित बनेको छ । त्यसैले

उसलाई जीवन चेतनाका आधारमा वर्गीय पात्रका रूपमा आएको छ भने आसन्नताका आधारमा मञ्चीय, आवद्धताका आधारमा बद्ध र अनुकूल पात्रका रूपमा राख्न सकिन्छ ।

**'म' पात्र**

'म' पात्र यस कथाकी सहायक तथा स्त्री पात्र हो । कथामा 'म' पात्रका रूपमा आएपनि भित्री रूपमा 'ऊ' पात्रकी श्रीमतीका रूपमा आएकी छ । श्रीमानको सेवा गर्न पाउनुलाई सौभाग्य सम्झने 'ऊ' पात्र कथामा परम्परावादी सोचले बाँधिएकी पात्रका रूपमा देखिएकी छ । दैनिक रूपमा घरपरिवार चलाउनु नै उसको दिनचर्या बनेको छ । ठूलो छोराको मानसिकतामा प्रजातन्त्र भनेको अरूलाई दुःख दिनु, गोली हान्नु, अन्याय, अत्याचार, दमन, शोषण गर्नु हो भन्ने छाप परेकोमा 'म' पात्र दुःखीत बनेकी छ । त्यसैले उसलाई प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिहीन, जीवन चेतनाका आधारमा व्यक्तिगत, आसन्नताका आधारमा मञ्चिय तथा आवद्धताका आधारमा बद्ध पात्रका रूपमा राख्न सकिन्छ ।

**अन्य पात्र**

यस कथामा अन्य पात्रका रूपमा 'म' पात्रको छोरो, 'ऊ' पात्रको बाबु आदि रहेका छन् । कथालाई अन्य पात्रले कुनै न कुनै रूपबाट अगाडि बढाउने काम गरेका छन् । त्यसैले यस कथामा अन्य पात्रका रूपमा आएका पात्रलाई कार्यका आधारमा गौण, स्वभावका आधारमा गतिहीन, जीवन चेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा नेपथ्य तथा आबद्धताका आधारमा मुक्त पात्रका रूपमा राख्न सकिन्छ ।

**५.१२.३ परिवेश**

**प्रजातन्त्रको सहिद** कथामा कथाकारले ग्रामीण वा गाउँले वातावरणलाई नै परिवेशका रूपमा देखाएका छन् । नेपालमा १०४ वर्षसम्म चलेको जहाँनिया राणा शाषन र त्यसको अन्त्यका लागि नेपाली जनताले गरेको बलिदान रूवरुप २००७ सालमा आएको प्रजातन्त्रले नेपालको राणाकालीन वा प्रजातन्त्र उन्मुख नेपाली परिवेशको चित्रण कथामा पाइन्छ । यतिमात्र नभएर नेपालमा प्रजातन्त्र आए तापनि जनताका दुःख जस्ताको तस्तै रहेको यथार्थताको बोध कथाले गराएको छ । कथाकारले कथा रचना गरेको समय राणाशाषनको अन्त्य र प्रजातन्त्रको उदय तिरको भए तापनि यस कथाले वर्तमान

नेपालको यथार्थतालाई पनि सङ्केत गर्न भ्याएको छ । त्यसैले वर्तमान परिवेश तथा वातावरणको चित्रण पनि यस कथामा पाइन्छ ।

### ५.१२.४ उद्देश्य

**प्रजातन्त्रको सहिद** कथा प्रजातन्त्र आए पनि नेपाली जनताले भागेका दमन, शोषण, अन्याय, अत्याचार आदिलाई यथार्थ रूपमा देखाउन सफल कथा हो । नेपालमा १०४ वर्षीय जहाँनिया राणाशाषनको अन्त्यसँगै प्रजातन्त्र आएपनि नेपाली जनताको अवस्था भने जस्ताको तस्तै रहेको, गरिब गरिबीकै छायाँमा बाँच्न विवश भएको र धनी भने झन्झन् धनी बन्दै गएको यथार्थतालाई मूल रूपमा देखाउनु नै यस कथाको उद्देश्य रहेको छ ।

**प्रजातन्त्रको सहिद** कथा प्रजातन्त्रका नाममा देखिएका विकृतिहरूको पर्दाफास गर्न सफल एक उत्कृष्ट कथा हो । यस कथामा 'ऊ' पात्र जस्ता सोझासाझा जनताले प्रजातन्त्र आएपछि गरेको आशा र प्रजातन्त्र पछि पाएको निरासालाई मूल रूपमा देखाइएको छ । सानासाना बालबालिका देखि वृद्धवृद्धाहरूमा समेत प्रजातन्त्र भनेको काट्ने, मार्ने, अर्कालाई गोली हान्ने, दुःख दिने कार्य हो भन्ने मानसिकता सबैमा रहेको कुरालाई कथामा देखाइएको छ ।

## ५.१३. निष्कर्ष

समाजका विभिन्न विषयवस्तुलाई यथार्थताका साथ प्रस्तुत गरिएको घिमिरेको यो पहिलो कथासङ्ग्रह हो । यस सङ्ग्रहका कथाहरूमा कथाकारले विशेष गरेर नेपाली समाजमा रहेका विभिन्न सामाजिक रीतिथिति, मूल्यमान्यता, चालचलन, जातीय तथा वर्गीय विभेदका कारण समाजमा उत्पन्न समस्याहरूलाई नै मूल रूपमा देखाएकी छन् । आन्तरिक तथा बाह्य दृष्टिविनदुको प्रयोग भएको यस सङ्ग्रहका कथामा मानवीय र मानवेत्तर, महिला र पुरुष, सत् र असत्, स्थिर र गतिशील पात्रहरूको प्रयोग गरिएको छ । प्रथम, द्वितीय र तृतीय पुरुष दृष्टिविदुको प्रयोग गरी लेखिएका यस सङ्ग्रहका कथाहरूमा मुख्य गरेर नेपालमा १० वर्षसम्म चलेको २०५२ देखि २०६२ सम्मको जनआन्दोल र त्यसले नेपाली जनताको मानसिकतामा पारेको सकारात्मक तथा नकारात्मक प्रभावलाई उल्लेख गरिएको छ ।

# छैटौं परिच्छेद

# झमक घिमिरेका निबन्धको विश्लेषण

## ६.१ बेमौसमका आस्थाहरू निबन्धसङ्ग्रहका निबन्धहरूको विश्लेषण

### ६.१.१ विषयपरिचय

**बेमौसमका आस्थाहरू** (२०६३) निबन्धसङ्ग्रह झमक घिमिरेको पहिलो निबन्धसङ्ग्रह हो । नरेन्द्रबहादुर श्रेष्ठ, सुलोचना मानन्धर, जलेश्वरी श्रेष्ठ र घमक घिमिरेको भूमिका लेखन रहेको यो निबन्धसङ्ग्रह जम्मा बयानब्बे पृष्ठमा संरचित छ । यस निबन्धसङ्ग्रहको बाहिरी आवरण पृष्ठमा विचित्र खालको चित्र उल्लेख गरिएको छ भने अन्तिम बाहिरी पृष्ठमा लेखक परिचय समेत दिइएको छ । प्रस्तुत कृतिमा झमक घिमिरे जुन बेला नेपालीहरू माथि एक किसिमको बर्बरता लादिएको समय र त्यही परिवेशमा घटित विभिन्न घटनाहरू अव्यक्त आवाजका रूपमा लेखिएको छ । निबन्धहरू पाँचदेखि दस पृष्ठसम्ममा विस्तारित रहेका देखिन्छन् । निबन्धहरू पङ्क्ति पुञ्ज विन्यासका दृष्टिले मध्यम किसिमका छन् । यस निबन्धसङ्ग्रहमा झमक घिमिरेले बाह्र ओटा शीर्षकका माध्यमबाट विषयवस्तुलाई प्रस्तुत गरेकी छिन् । यो निबन्धसङ्ग्रहलाई निम्नानुसार विश्लेषण गरिन्छ ।

#### ६.१.१.१ विषयवस्तु

कृतिमा बाह्य्य प्रकाशनको सारभूत अंश वा सार तत्त्व तथा आन्तरिक सत्व वा गुदीलाई वस्तु भनिन्छ । यो जुनसुकै कृतिलाई अस्तित्व प्रदान गर्ने प्रमुख तत्त्व हो । वस्तुविना कृतिको संरचना हुँदैन । यसअन्तर्गत विषय, सत्व, आधारतत्त्व र यथार्थ  पर्दछन् । निबन्धकारले आफ्नै भोगाइलाई निबन्धको विषयवस्तु बनाएको हुन्छ । त्यसरी नै झमक घिमिरेले जुन बेला नेपालीहरू माथि एक किसिमको बर्बरता लादिएको समय र त्यही परिवेशमा घटित विभिन्न घटनाहरू अव्यक्त आवाजहरूलाई विषयवस्तु बनाएर बाह्र ओटा शीर्षकका माध्यमबाट प्रस्तुत गरेकी छिन् ।

**१. गर्भ**

यस निबन्धमा घिमिरेले नेपालमा २०४६ देखि २०६३-६३ सालसम्म चलेको जनयुद्ध र त्यसले नेपाली जनतामा पारेको नकारात्मक प्रभावलाई मुख्य विषयका रूपमा प्रस्तुत गरेकी छन् । यतिमात्र नभएर नेपाली समाजमा नारीको अस्तित्व, पुरुषले नारीमाथि गर्ने विभेदपूर्ण व्यवहार तथा

आधुनिकताका नाममा नेपाली समाजमा भित्रिएका विकृतिहरूको पर्दाफास गर्ने काम निबन्धकारले गरेकी छन् ।

**२. बेमौसमका आस्थाहरू**

यस निबन्धमा निबन्धकारले नेपाली समाजमा आर्थिक असमानताले निम्त्याएको समस्यालाई मुख्य रूपमा देखाएकी छन् । नारीहरू पनि पुरुष सरह आकाशमा स्वतन्त्र रूपमा उड्ने चरासरह उड्न चाहाने मनोभाव तथा नेपालमा लामो समयसम्म चलेको युद्धले गरिब जनतालाई दिनु दुःख दिएको, यस क्रममा कयौँको शिर उडाइएको, कयौँको सिन्दूर पुछिएको, कयौँको अस्मिता लुटिएको, कयौँ शिशुले आमाबाबु गुमाएका, कयौँ किशोरीहरू बलात्कारको सिकार हुनुपरेको विषय नै यस निबन्धको मुख्य विषयवस्तु बनेको छ ।

**३. इतिहासभित्र नपढिएका अक्षरहरू**

यस निबन्धमा निबन्धकारले वर्तमान समयमा नेपाली समाजमा विकृतिका नाममा भित्रिएका विभिन्न क्रियाकलापलाई नै मुख्य विषयका रूपमा उल्लेख गरेका छन् । मानव सभ्यताले चरम आधुनिकतामा प्रवेश गरेको छ । जसले गर्दा आजकालका केटाकेटीहरू विवाह अघि नै यौनसन्तुष्टि लिने कार्यमा आकृष्ट छन् । पुरुषले नारीलाई यौन सन्तुष्टि लिने साधनका रूपमा लिइरहेको छ । आफ्नो गुलामी बनाइरहेको छ । अतः मुख्य रूपमा निबन्धकारले यस निबन्धमा युगौं अघिदेखि नै महिलाहरू पुरुषको अधिनमा रहेर दासी बन्दै आएका छन् । घर सजावटको साधन बनिरहेका छन् । पुरुषका लागि खेलौनाको साधन बनेका छन् भन्ने कुरालाई मुख्य विषयका रूपमा उल्लेख गरिएको छ ।

**४.आइमाई**

यस निबन्धमा निबन्धकारले नेपाली समाजमा छोरा र छोरीलाई गरिने व्यवहार र हेरिने दृष्टिकोण फरक रहेको कुरा उल्लेख गरेकी छन् । निबन्धमा नारी र पुरुषका बिचमा हुने भेदभावपूर्ण अवस्थालाई देखाइएको छ । नेपाली समाजमा नारीले छोरो पाउँदा खसी काट्ने र छोरी पाउँदा फर्सी काट्ने चलनलाई उजागर गरेको छ । निबन्धमा कान्छी जस्ता नेपाली नारीहरूले छोरो जन्माएमा परिवार, आफन्त, छरछिमेक सबैको उनुहार उज्यालो हुने र छोरी जन्माएमा अँध्यारो हुने कुरालाई मुल विषयका रूपमा देखाइएको छ ।

**५.सभ्यताभित्रका पाइलाहरू**

यस निबन्धमा निबन्धकारले काले बुथरे जस्ता गरिबहरूले जतिसुकै सपना र कल्पनामा डुबेपनि ती कहिल्यै साकार हुन पाउँदैनन् भन्ने कुरालाई मूल रूपमा देखाइएको छ । काले बुथरे जस्ता पात्रहरू आफ्नो छोराछोरी, स्वास्नी, घरपरिवार आदिको बारेमा सोच्दा सोच्दै समय बिताउँछन् । तर ती सपनाहरू कहिल्यै पनि पूरा हुँदैनन् । अन्तमा सपनाहरू सपनाकै रूपमा अकालमै मर्छन् भन्ने कुरालाई निबनधले मूल विषय बनाएको छ । निबनधमा निबन्धकारले उहिलेदेखि नै संसारमा सबैको समान हक नरहेको, जातीयताका आधारमा मान्छेले मान्छेलाई दबाउदै आएका, धनीले गरिबलाई दबाउदै आएका, वर्गका आधारमा मान्छेले मान्छेलाई दबाउदै आएका र यही दमन चक्रभित्र काले बुथरे जस्ता लाखौा मान्छेहरू शोषणमा परिरहेको कुरालाई निबन्धले यथार्थताका साथ देखाएको छ ।

**६.अस्तित्वको प्रश्न**

नेपाली समाजमा रहेका विभिन्न संस्कार र संस्कृतिभित्र अटाएका तामाङ, गुरुङ, शेर्पा बस्तीहरूमा ढोल र झ्याम्टामा लुकेको मौलिकपन, नेपाली संस्कृतिको मौलिकपन, वनपाखामा गुञ्जिने सङ्गीतमय आवाजहरू, खोलानालाको कलकल आवाज, कोइलीको सुरिलो स्वरभित्र कोमल र कञ्चन मानिसको हृदय एकातिर देखाइएको छ भने अर्कातिर नेपालीको मौलिक पहिचानका रूपमा रहेका कला संस्कृति, रहनसहन, रीतिरिवाज, मूल्यमान्यताहरू आधुनिकताको नाममा हराउँदै गएकोप्रति निबन्धकारले चिन्ता व्यक्त गरेको कुरा नै निबन्धमा मूल विषयवस्तु बनेर आएको छ ।

**७. जीवनका गीतहरू**

यस निबन्धमा निबन्धकारले जीवन जीउने शैली प्रत्येक व्यक्तिको फरक फरक हुने बताएका छन् । भरियाले भारी बोकेर जीवन बाँच्छ, वकिलले वकालत गरेर जीवन बाँच्छ, दाउरेले दाउरा काटेर जीवन बाँच्छ । यहाँ प्रत्येक मान्छेको जीउने शैली फरक फरक छ । कसले बाँचेको जीवनलाई उत्कृष्ट भन्ने प्रश्न यहाँ छ । जो जीवनप्रति आशावादी छैन् । जो जीवनसँग सन्तुष्ट छैन् । उसलाई जीवन केही होइन जस्तो लाग्छ । वास्तवमा जीवनसँग सङ्घर्ष गरेर बाँच्ने मान्छे नै साँचो अर्थमा मान्छे हो भन्ने कुरालाई यस निबन्धमा मूल विषयवस्तुका रूपमा उल्लेख गरिएको छ ।

### ८. यौन, वासना, सन्तुष्टि र आइमाई

मानिस जन्मनु र मर्नु प्रकृतिको नियम हो । यो निरन्तर रूपमा चलिरहन्छ । मान्छेको जातलाई यौनिक चाहनाहरू जन्मैदेखि नै प्रकृतिले दिएको हुन्छ । यसमा पनि नेपाली समाजले पुरुषलाई मात्र यौन स्वतन्त्रता दिएको छ । महिलाले हरेक पाइलामा समाज र संस्कारको आदेश लिएर हिँड्नुपर्छ । समाजका चालचलन, धर्म। संस्कार सबै महिलाकै लागि बनेका छन् । जसको पालना उसैले मात्र गर्नुपर्छ । महिला केवल समाजमा आदेशपालक यन्त्रका रूपमा रहेका हुन्छन् । जो समाज र संस्कारको आदेशको पालना गर्न हरसमय तम्तयार हुन्छन् भन्ने कुरालाई निबन्धमा मुख्य विषयवस्तुका रूपमा उल्लेख गरिएको छ ।  यतिमात्र नभएर महिला केवल पुरुषका लागि सँगै ओछ्येयानमा सुत्ने र उसको यौनतृष्णा मेट्ने साधन मात्र हुन । महिला पुरुषको घर श्रृङ्गारिने साधन मात्र हुन् भन्ने कुरालाई यहाँ देखाइएको छ ।

### ९. कालोपन, भाग्य र मान्छेहरू

यस निबन्धमा निबन्धकारले भाग्य कसैको कालो वा सेतो नहुने त्यो त उसको काम गराइमा भर पर्ने कुरालाई मुख्य विषय बनाएकी छन् । भाग्य लेख्ने कुरा त आफ्नै कर्ममा भरपर्छ । यस संसारमा प्रत्येक मान्छेलाई आफ्नो भाग्य लेख्ने अधिकार हुनुपर्छ । कालोपन मान्छेको बाहिरीपन होइन यो त मान्छेको गहिराइमा गडेर रहेको खराब बिचार हो । कयौँ मान्छेहरू निरन्तर आफ्नो कर्ममा लागिरहन्छन् तर त्यसको फल अर्कैले भोगीरहेको हुन्छ । त्यही अर्काको श्रमको फल भोग्ने मान्छे नै काला मान्छे हुन् भन्ने कुरालाई निबन्धले मुल विषयवस्तु बनाएको छ ।

### १०. मायाभित्रका अर्थहरू

यस निबन्धमा निबन्धकारले मायालाई एक अनौठो भावनाका रूपमा चिनाएकी छन् । यो त केवल अनुभूत गर्ने कुरा हो । यो मनभित्र उब्जिन्छ र मनले नै अनुभूति गर्दछ । मायाको भोक जोसुकै मान्छेसित पनि हुन्छ । फरक यति हो - कसैमा कम हुन्छ, कसैमा बढी हुन्छ । यो माया भन्ने कुरा माया प्रेम गर्ने जोडीहरूमा मात्र लागु हुँदैन् । यो त प्रत्येक प्राणीहरूमा कुनै न कुनै लागू हुन्छ भन्ने विषयलाई निबन्धले मूल विषय बनाएको छ ।

## ११. सिउँडीको फूल र म

वर्तमान समयमा मान्छेले आफ्नो रूप बदलिरहने प्रवृत्ति बढीरहेकाले निबन्धकार सिउँडी जस्तै रूप परिवर्तन गर्न नचाहाने कुरा व्यक्त गरेकी छन् । आजका मान्छे बाहिरबाट हेर्दा जतिसुकै सुन्दर देखिए पनि भित्र हेर्दा कुरुप हुन्छन् । तर लेखिकामा त्यस्तो चाहना छैन् । निबन्धकार अँध्यारोलाई चिरेर उज्यालोको खोजीमा लागिरहेको, मान्छेमा रहेको मानवता हराउँदै गएकाले आजको मान्छे मान्छे नभएर पशु भएको छ । हत्याहिंसातर्फ उन्मुख भएको छ । विज्ञानका आविष्कारले आजको मान्छे स्वार्थी, लोभी, पापी भएको छ भन्ने जस्ता कुराहरू निबन्धका विषय बनेर आएका छन् ।

## १२. आमा र प्रेम

संसारमा जे जति मान्छेको जन्म भएको छ ती सबै आमाको कोखबाट जन्मेका हुन् । संसारमा आमाले दिने माया सबैभन्दा प्यारो हुन्छ । सन्तानको हकमा आमा कहिल्यै ममताविहनि हुन सक्दिनन् । त्यसैले सन्तानले आमाको गर्भबाट भुँइमा खस्दा-नखस्दै आमाका ममताको माग गर्छ । आमा पनि फरक फरक प्रकारका हुन्छन् । कोही जन्म मात्र दिने आमा हुन्छन् । कोही पालनपोषण गर्ने आमा हुन्छन् । कोही कर्म दिने आमा हुन्छन् र समग्रमा यी आमाहरूलाई एकै साथ सम्झनुपर्छ भन्ने कुरालाई निबन्धमा मूल विषय  बनाएर प्रस्तुत गरिएको छ ।

### ६.१.१.२ उद्देश्य

सामाजिक सांस्कृतिक क्षेत्रमा देखिएका विभिन्न विकृतिजन्य अवस्थाको पर्दाफास, राजनीतिक क्षेत्रमा देखिएका विभिन्न विकृतिहरू, समाजमा जातीयताका नाममा फैलिएका विभिन्न गतिविधि तथा समसामयिक समय सन्दर्भमा भएका विभिन्न गतिविधिलाई यथार्थ रूपमा पस्कन सक्ने सामर्थ्य राख्नु नै प्रस्तुत निबन्ध सङ्ग्रहको उद्देश्य बनेको छ । जुन बेला नेपालीहरू माथि एक किसिमको बर्बरता लादिएको थियो त्यही परिवेशमा घटित विभिन्न घटनाहरूलाई देखाउनु नै प्रस्तुत निबन्ध सङ्ग्रहको मूल उद्देश्य बनेर आएको छ ।

### ६.१.१.३ भाषाशैली

यो निबन्धसङ्ग्रह वर्णनात्मक एवम् विवरणात्मक शैलीमा लेखिएको छ । यस सङ्ग्रहका निबन्धहरूमा वर्तमान समयमा मानव समाजमा देखिंदै गएका विकृतिहरू र तिनले मानव जीवनमा

उत्पन्न गरेको नकारात्मक पक्षलाई मूल रूपमा देखाइएको छ । नेपालको भौगोलिक, रहनसहन, भाषाशैली, आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक स्वरूपको वर्णन निबन्धमा गरिएको छ । निबन्धकारले कतै संवादात्मक र कतै वर्णनात्मक पद्धतिलाई पनि अँगालेकी छन् । सरल, सहज र साहित्यिक भाषाको प्रयोग गरिएका यस सङ्ग्रहका निबन्धहरूले नेपाली समाजको यथार्थतालाई मुल रूपमा प्रस्तुत गरेका छन् । सरल, सहज र साहित्य भाषाको प्रयोग गरिएका यस सङ्ग्रहका केही निबन्धहरू व्यङ्ग्यात्मक भाषामा लेखिएका छन् भने केही निबन्धहरू सरल भाषामा लेखिएका छन् । तत्सम, तद्भव, आन्तुक र अङ्ग्रेजी भाषाको प्रयोग सशक्त रूपमा भएको पाइन्छ । आत्मपरक र वस्तुपरक दुवै शैलीलाई अपनाएर प्रस्तुत निबन्धहरूमा राष्ट्रियता, प्राकृतिक वातावरण, कला, संस्कृति, इतिहास र साहित्यकारहरूका विषयहरूलाई समेटिएको छ । परिष्कृत भाषा शैलीको प्रयोग गरिएका यस सङ्ग्रहका निबन्धमा बौद्धिक पाठकदेखि लिएर सामान्य खालका पाठकका लागि पनि बोधगम्य हुने खालका छन् । यसरी नै यस सङ्ग्रहका निबन्धहरूमा घिमिरेले अलङ्कृत र परिष्कृत भाषाशैलीको प्रयोग गरेकी छन् ।

निष्कर्ष : यस सङ्ग्रहका निबन्धहरूमा निबन्धकारले बहुविषयलाई समेटेर निबन्धहरूको रचना गरेकी छन् । घिमिरेका यस सङ्ग्रहका निबन्धहरूले मुख्य रूपमा नेपाली समाजको यथार्थतालाई देखाउने कोसिस गरेकी छन् । वर्तमान समयमा फेसनका नाममा, संस्कार र संस्कृतिका नाममा भित्रिँदै आएका विकृतिजन्य अवस्थाको चित्रण निबन्धहरूमा गरिएको छ । आफूले देखेका तथा भोगेका विविध विषयहरूको समायोजन गरी निबन्धहरूको निर्माण गरिएको छ ।

## ६.२ सम्झनाका बाछिटाहरू लेख-सङ्ग्रहका लेखहरूको विश्लेषण

### ६.२.१ विषयपरिचय

**सम्झनाका बाछिटाहरू** (२००० डिसेम्बर ३) लेख-सङ्ग्रह झमक घिमिरेको पहिलो लघु लेख-सङ्ग्रह हो । रमेश भट्टराईको भूमिका लेखन रहेको यस लेख-सङ्ग्रह जम्मा २६ पृष्ठमा संरचित छ । यस लेख-सङ्ग्रहको बाहिरी आवरण पृष्ठमा लेखिका स्वयम्को तस्बिर उल्लेख गरिएको छ भने अन्तिम बाहिरी पृष्ठमा लेखकको शारीरिक परिचय, लेखन परिचय समेत दिइएको छ । जम्मा नौओटा लेखहरू समेटेर तयार पारिएको यस लेख-सङ्ग्रहका लघु निबन्धहरू दुई धारमा विभाजित छन् । नौओटा लघु निबन्धमध्ये 'मेरो त्यो गम्भिर दिन', 'एक क्षण', 'बाँदरको हातमा नरिवल', 'को हो ठूलो मान्छे',

'पौराणिक कथाभित्र चलेको तर्क-वितर्क' यस सङ्ग्रहका संस्मरणात्मक निबन्ध हुन् भने 'श्राद्ध कसका लागि गर्ने ?', 'पूजा गर्ने आग्रह', 'कर्मवाली र भाग्यवादीहरू', 'मानवचिन्तन आजको परिप्रेक्षमा', निबन्धहरू चिन्तनशलि निबन्धहरू हुन् । यी संस्मरणात्मक र चिन्तनशील निबन्धहरूमा झमक दुई भिन्न अवस्था र स्थितिमा देखिएकी छिन् । संस्मरणात्मक निबन्धहरूमा उनका मानवीय संवेदनाहरू पोखिएका छन् । आफ्ना पुर्वस्मृतिहरूलाई सम्झँदै उनले आफ्नी हजुरआमाको मृत्युको क्षणलाई गम्भीर दिनका रूपमा लिएकी छन् ।

**६.२.१.१ विषयवस्तु**

विषयवस्तु जुनसुकै कृतिलाई अस्तित्व प्रदान गर्ने प्रमुख तत्त्व हो । वस्तुविना कृतिको संरचना हुँदैन । निबन्धकारले आफ्नै भोगाइलाई निबन्धको विषयवस्तु बनाएको हुन्छ । त्यसरी नै झमक घिमिरेले नौओटा लेखहरू समेटेर दुई धारका निबन्धहरू लेखेकी छन् । जुन बेला नेपालीहरू माथि एक किसिमको बर्बरता लादिएको समय र त्यही परिवेशमा घटित विभिन्न घटनाहरू अव्यक्त आवाजहरूलाई विषयवस्तु बनाएर नौओटा शीर्षकका माध्यमबाट प्रस्तुत गरेकी छिन् ।

**१.मेरो त्यो गम्भिर दिन**

'त्यो मेरो गम्भिर दिन' शीर्षकको यस संस्मरणमा उनले आफ्नी प्यारी हजुरआमाले थाहै नपाई क्षणभरमा मृत्यु वरण गरेको कुरालाई हृदयविदारक रूपमा अभिव्यक्ति मात्र दिएकी छैनन्, बालमनोविज्ञानलाई समेत सहज रुपमा रूतारेको कुरा नै मूल विषयका रूपमा प्रस्तुत गरेकी छिन् ।

**२. एक क्षण** 'एक क्षण'मा पनि बालमनोविज्ञानको प्रयोग छ । केटाकेटीहरूमा प्रतिशोधको भावना कतिसम्म तीव्र हुन्छ भन्ने कुरा यसमा देखाइएको छ । बालबालिकाहरूको चञ्चले र जिज्ञासु प्रवृत्तिलाई यस संस्मरणमा मूल विषयवस्तुका रूपमा उल्लेख गरिएको छ ।

**३. बाँदरको हातमा नरिवल**

'बाँदरको हातमा नरिवल'मा आफूलाई मानवीय व्यवहार नगर्ने एक प्राध्यापकमाथि व्यङ्ग्य गरिएको छ । अपाङ्ग वा केटाकेटी ठानेर बालबालिकालाई अवहेलना गर्नुहुन्न भन्ने सन्देश तथा विषयवस्तु यस संस्मरणमा आउको छ ।

**४. श्राद कसका लागि ?**

‘श्राद कसका लागि’ निबन्धमा उनले आफ्नो तर्कशील व्यक्तित्वको परिचय दिंदै श्राद्ध गर्ने परिपाटिप्रति प्रश्न उठाएकी छिन् । श्राद्ध गर्नुको औचित्यमाथि उनी प्रश्न गर्दछिन् र श्राद्ध उपलब्धिहीन र प्रयोजनहीन रहेको विचार नै मूल विषयका रूपमा उल्लेख गरिउको छ ।

**५. पूजा गर्ने आग्रह**

‘पूजा गर्ने आग्रह’मा उनी निरीश्वरवादी भौतिकवादी संस्मरणकारका रूपमा देखिएकी छिन् । साइबाबालाई पूजा गर्ने अस्तित्वमाथि प्रश्न उठाउँदै उनले अस्तित्वहीन देवताको पूजा नगर्ने सङ्कल्प व्यक्त गरेकी छन् । समाजका ढोङ्गी र आयम्बरीहरूले पागल र धर्मविरोधी भने पनि कुनै सरोकार नराखी भौतिकवादी भइरहने कुराहरू नै मूल विषयवस्तु बनेर आएका छन् ।

**६.को हो ठूलो मान्छे ?**

‘को हो ठूला मान्छे ?’ संस्मरणमा आफ्नै साथीसँगको वार्ता र त्यसै स्मृतिलाई आधार बनाएर लेखिएको निबन्ध हो । यसमा झमकको स्मृति मात्र होइन बौद्धिकता पनि छ । ठुलो भनिने र मानिने परम्परागत सामाजिक मान्यताप्रति झमक विद्रोह गर्न चाहानिछन् र मजदुर, किसान वा शोषितहरूलाई उनी ठूलो मान्छे भन्न चाहान्छिन् । उनका दृष्टिमा लिङ्कन, गान्धी, अरस्तु वा मार्क्स, लेलिन र स्टालिनभन्दा पनि ठूला मान्छे मजदुरहरू हुन् भन्ने जस्ता विषयवस्तु यस संस्मरणमा व्यक्त गरिएको छ ।

**७. पौराणिक कथाभित्र चलेको तर्क-वितर्क**

‘पौराणिक कथाभित्र चलेको तर्क-वितक’मा झमकको नारीवादी चेत व्यक्त भएको छ । पौराणिक कथाको सन्दर्भ दिई नारीलाई होच्याउने कुराप्रति झमकको असहमति छ र पौराणिक कुरा सत्य नै हुन्छ भन्ने कुराप्रति उनको विरोध रहेको देखिन्छ । यस संस्मरणमा उनले नारीलाई समान रूपमा व्यवहार गरिनुपर्ने कुरा नै मूल विषयवस्तुका रूपमा उल्लेख गरेकी छन् ।

**८. कर्मवादीहरू र भाग्यवादीहरू**

‘कर्मवादी र भाग्यवादीहरू’मा पनि उनले भौतिकवादी चिन्तनलाई प्रस्तुत गरेकी छन् । धार्मिक लेख लेखेर मानव चिन्तनलाई अन्धो बनाउने प्रवृत्तिमाथि उनको विरोध छ । तर यस संस्मरणमा उनीभित्रको ईश्वर र निरीश्वर-चेतका बीच द्वन्द्व पनि छ र त्यस द्वन्द्वमा उनले आफूलाई भौतिकवादको

पर्यायका रूपमा रहेको कर्मवादकै रूपमा उभ्याएकी छन् । यी र यस्तै खाले विविध विषयवस्तुलाई यस संस्मरणमा मुख्य रूपमा उल्लेख गरिएको छ ।

### ९. मानव चिन्तन र आजको परिप्रेक्ष्य

'मानव चिन्तन र आजको परिप्रेक्ष्य'मा उनले आजको मान्छेप्रति व्यङ्ग्य गरेकी छिन् । आजका मान्छेका सोचाइले ब्राह्माण्ड नै नष्ट हुने हो कि भन्ने सोच उनमा छ र भविष्यप्रति बेवास्ता राख्ने मान्छेको प्रवृत्तिबाट मुक्त हुन मान्छेलाई संहारक नभई उद्धारक हुने सन्देश दिइएको छ । यस निबन्धमा झमकमा वर्तमानचेतका साथै भविष्यचेत पनि छ र यो चेत  अतीतचेतबाट प्रेरित पनि छ । मान्छेले सन्तान र भविष्यप्रति सचेत हुनुपर्छ भन्ने सन्देश तथा विषयवस्तु यस संस्मरणको मूल विषयवस्तु बनेर आएको छ ।

### ६.२.१.२ उद्देश्य

घिमिरेले यस लेख सङ्ग्रहमा आफ्नो बाल्यकालकादेखिका स्मृतिहरुलाई मूल विषय बनाएर प्रस्तुत गरेकी छन् ।  यस लेख सङ्ग्रहमा व्यक्त विचार सामाजिक परिवर्तनका संवाहक बनेर आएका छन् । परिवर्तनको चाहना राखेर लेखहरु तयार पारिएका छन् । उनी समाजमा रहेको जातीय विभेद, कुसंस्कारजन्य क्रियाकलापको अन्त्यको चाह राख्दछिन् । यस्ता नकारात्मक सोचाइले समाजलाई उँधोगतितर्फ लैजाने उनको तर्क छ । आत्मपरक अभिव्यक्तिका रुपमा आएका यी विचार सामाजिक संरचनामा जरो गाडेर बसेको सामन्ती उत्पादन पद्धति र संस्कारका विरुद्ध लक्षित छन् । यिनै विभिन्न विषयवस्तुलाई यथार्थ रुपमा देखाएर समाजमा रहेका अनेकौं विकृतिजन्य अवस्थाको पर्दाफास गर्नु नै यस लेख सङ्ग्रहका लेखहरुको मूल उद्देश्य बनेको छ ।

### ६.२.१.३ भाषाशैली

यस लघु-लेखसङ्ग्रह वर्णनात्मक एवम् विवरणात्मक शैलीमा लेखिएको छ । तर्कशीलता , प्रवाहशीलता र प्रश्नात्मक भाषाको प्रयोग पनि उनका निबनधमा पाइन्छ । यस सङ्ग्रहका संस्मरणहरूमा वर्तमान समयमा मानव समाजमा देखिंदै गएका विकृतिहरू मूल रूपमा देखाइएको छ । नेपालको भौगोलिक, रहनसहन, भाषाशैली, आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक स्वरूपको वर्णन निबन्धमा गरिएको छ । निबन्धमा संवादात्मक र वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । सरल, सहज र साहित्यिक भाषाको प्रयोग गरिएका यस सङ्ग्रहका संस्मरणहरूले नेपाली समाजको

यथार्थतालाई प्रस्तुत गरेका छन् । सरल, सहज र साहित्य भाषाको प्रयोग गरिएका यस सङ्ग्रहका केही संस्मरणहरू व्यङ्ग्यात्मक भाषामा लेखिएका छन् भने केही संस्मरणहरू सरल भाषामा लेखिएका छन् । तत्सम, तद्भव, आन्तुक र अङ्ग्रेजी भाषाको प्रयोग सशक्त रूपमा भएको पाइन्छ । परिष्कृत भाषा शैलीको प्रयोग गरिएका यस सङ्ग्रहका निबन्धमा बौद्धिक पाठकदेखि लिएर सामान्य खालका पाठकका लागि पनि बोधगम्य हुने खालका छन् । यसरी नै यस सङ्ग्रहका संस्मरणहरूमा घिमिरेले अलङ्कृत र परिष्कृत भाषाशैलीको प्रयोग गरेकी छन् ।

यस सङ्ग्रहका निबन्धहरू आकारका दृष्टिले लघु आकारका छन् । यहाँका निबन्धहरूमा पाठकलाई तान्ने क्षमता छ । लेखन कौशलका दृष्टिले झमकका निबन्धहरू परिष्कृत र परिमार्जित खालका छन् । अनुभूतिको सहज र सरल प्रस्तुति झमकका विशेषता बनेर आएका छन् भने त्यसलाई व्यक्त गर्ने भाषा पनि सहज र सरल खालका छन् । झमकका विचार नै यी संस्मरणका केन्द्रीय वस्तु हुन् । झमकमा व्यक्त विचार सामाजिक परिवर्तनका संवाहक छन् र यिनले नवीन चिन्तनलाई प्रस्तुत गरेका छन् ।

## ६.३. जीवन काँडा कि फूल आत्मजीवनीपरक निबन्ध सङ्ग्रहको विश्लेषण

### ६.३.१ विषयपरिचय

**जीवन काँडा कि फूल** (आत्मजीवनीपरक निबन्ध) सङ्ग्रहको पहिलो प्रकाशन वि.सं. २०६७ सालमा अनलाइन नेपाली साहित्य मञ्चको लागि विश्वासदीप तिगेलाले गरेका हुन् । यस कृतिमा ४७ ओटा आत्मजीवनीपरक निबन्धहरू सङ्कलित छन् । वि.सं. २०६७ को मदन पुरस्कार प्राप्त जीवन काँडा कि फूल कृतिले झमक घिमिरेलाई नेपाली साहित्यको क्षेत्रमा मूलतः परिचित गराउने काम गरेको हो । हाल यही कृतिको माध्यमले झमकलाई राष्ट्रिय तथा अन्तराष्ट्रि क्षेत्रमा साहित्यकारका रुपमा सफल व्यक्तिको रुपमा चिनाएको हो । प्रस्तुत कृति नेपाली, हिन्दी, अङ्ग्रेजी र चिनीया भाषामा समेत अनुवादन भइसकेको छ । नेपाली साहित्यमा झमक घिमिरे सफल कृतिका नामले परिचित यो कृतिलाई नेपाली चलचित्रका क्षेत्रमा चलचित्रीकरण गरेर प्रदर्शन ल्याउने तयारी गरिएको छ । यस चलचित्रको निर्देशन विनोद विष्टले गरेका छन् । शोधकार्य गर्दाको समयावधिसम्मको प्राप्त जानकारी अनुसार २०७५ साल चैत्र २२ गते प्रदर्शनमा आउने भएको छ । यस निबन्ध सङ्ग्रहमा निबन्धकार घिमिरेले आफूले देखेका, भोगेका तथा अनुभव गरेका विभिन्न विषयवस्तुलाई मूल विषय बनाएकी छन् ।

### ६.३.१.१ विषयवस्तु

निबन्धकारले आफ्नै भोगाइलाई निबन्धको विषयवस्तु बनाएको हुन्छ । यस निबन्ध सङ्ग्रमा निबन्धकार घिमिरेले फरक फरक विषयवस्तुको समायोजन गरेर निबन्धहरू रचना गरेकी छन् । जुन आफ्नै आत्मवृतान्तलाई मूल रूपमा निबन्धहरूमा उल्लेख गरिएको छ । यस सङ्ग्रहका निबन्धहरूमा निबन्धकार घिमिरेले आफूले बाल्यकालमा भोगेका विभिन्न पीडाजन्य अवस्थालाई मूल विषयवस्तुका रूपमा देखाएकी छन् । यतिमात्र नभएर हाम्रो समाजमा अपाङ्ग भएका व्यक्तिहरूमाथि समाज तथा त्यहाँका मान्छेले गर्ने अमानवीय व्यहार र त्यस व्यवहारका कारण अपाङ्ग भएका व्यक्तिहरूको मानसिकतामा पर्न जाने नकारात्मक प्रभावलाई समेत विषयवस्तु बनाइएको छ । यस निबन्ध सङ्ग्रहभित्र समावेश गरिएका निबन्धहरूको विषयवस्तुको चर्चा बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

**(क) छोरा र छोरी बिचको विभेद**

निबन्धकारले नेपाली समाजमा कुसंस्कारका रूपमा युगौँदेखि रहँदै आएको नारी र पुरुष वा छोरा र छोरी बिचको विभेदलाई मूल रूपमा देखाएकी छन् । हाम्रो समाजमा छोरा जन्मदा हर्ष मनाउने र छोरी जन्मदा दु:ख मनाउने प्रवृत्तिलाई यथार्थ रूपमा उल्लेख गरेकी छन् । यतिमात्र नभएर अधिकांश नेपाली आइमाई त्यही संस्कार र संस्कृतिमा जन्मन्छन्, हुर्किन्छन् र मर्छन् । उनीहरूमा यो दमनात्मक संस्कृति र संस्कारको विरोध गर्ने क्षमता छैन् । जसको कारण नेपालमा मात्र नभएर संसारमा नै आइमाईलाई दोस्रो दर्जाको रूपमा हेर्ने गरिन्छ । एउटै परिवारमा जन्मेका छोरा र छोरीबिचमा गरिने विभेदले छोरीको मनोवल कमजोर बनाइदिन्छ । छोरी पाउनु नारीको दोष होइन त्यो त पुरुषको दोष हो भन्ने कुरा बुझेर पनि बुझ पचाएकै कारण नारी समाजमा तल्ला दर्जाका नागरिक भएर जीवन बिताइरहेका छन् ।

**(ख) सामाजिक कुसंस्कार**

निबन्धकार घिमिरेले आफ्नी हजुरआमाको मृत्युपछि केही समयसम्म समस्यामा परेको र विस्तारै विस्तारै समस्यासँग लड्न थालेपनि जीवन सहज बन्दै गएको कुरा उल्लेख गरेकी छिन् । नेपाली समाजमा श्रीमान मरेपछि श्रीमती सेतै कपडा लगाएर जीवनभर अविवाहित रहेर बस्नुपर्ने, खुसी भोग्न नपाउने तर श्रीमती मरेपछि भने श्रीमानले सबै थोक लाउन र भोग्न पाउने सामाजिक नियमको बिरोध गरेकी छन् । यतिमात्र नभएर निबन्धकारले हिन्दु संस्कारले नेपाली नारीलाई दासी बनाएको, संस्कार,

संस्कृति, चालचलन, रीतिरिवाज, मूल्यमान्यता तथा रहनसहनका आधारमा पुरुषका तुलनामा केही न केही रूपमा दबाएर राखेको र यी र यस्ता कुराको अन्त्य हुनुपर्ने विषयवस्तु निबन्धमा आएको छ ।

**(ग) समाजले अपाङ्ग व्यक्तिलाई गर्ने व्यवहार**

बालबालिकाहरू चाहे अपाङ्ग हुन् चाहे सपाङ्ग हुन् दुवैका बालसुलभ गुणहरू समान प्रकृतिका हुन्छन् । तर झमकको बाल्यकाल भने ज्यादै कठिन किसिमले बितेको पाइन्छ । उनीसँग भोक थियो तर भोग लाग्यो भन्ने आवाज थिएन, प्यास थियो, त्यसको अनुभूति थियो, त्यसलाई व्यक्त गर्ने कुनै माध्यम थिएन् । त्यही शून्यताभित्र उनको जीवन जसोतसो चलिरहेको थियो । अरू सपाङ्ग बालबालिकाहरूमा जस्तै उनमा पनि बालसुलभ व्यवहार, चञ्चलेपन थियो । त्यसलाई उनले घिस्रिएर, वरपर गरेर पूरा गर्थिन् । यस्तो अपाङ्ग जीवन बाँच्ने क्रममा उनले आफ्नै घरपरिवार, आफन्त तथा छरछिमेकीबाट कयौँ पटक अपमान र तिरस्कार सहनुपऱ्यो । तर पनि उनी शून्यता भित्रको जीवन बाँचिरहिन् । जीवनलाई अगाडि दौडाइरहिन् ।

**(घ) युद्धजन्य अवस्थाको चित्रण**

निबन्धकारले आफू सानो छँदा रेडियोमा "आज यस्तो ठाउँमा पर्दशन भयो, राजाको सालिक भत्काउन खोज्नेलाई प्रहरीले गोली हान्यो । लाठ्ठीचार्ज गऱ्यो ।" यी र यस्तै खाले सनसनीपूर्ण खबरले मान्छे त्रसित थिए । उनी पनि डरले पानीपानी हुन्थिन् । पर्दशनकारी भनेका निकै मापाका हुन्छन् जस्तो उनलाई लाग्थ्यो । हजुरआमाले कथामा सुनाएको राक्षस र ती आन्दोलन गर्ने आन्दोलनकारीहरू उनलाई उस्तै उस्तै लाग्थ्यो । दिनमा एक्लै घरमा बसेको दिन उनलाई निकै डरले सताउथ्यो । हावाले ढोका चलाउँदा तथा पातहरू बज्दा पनि उनलाई निकै डर लाग्थ्यो । आफू अपाङ्ग भएकै कारण विद्यालय जान नपाएको, शिक्षाको ज्याति लिन नपाएकोमा उनी भित्रभित्रै रून्थिन्, कराउँथिन्, आफ्नो भाग्यलाई दोष दिन्थिन् । यस्तै पीडाका माझमा पनि समाजले अपाङ्ग व्यक्तिलाई हेर्ने दृष्टि र गर्ने फरक व्यवहारका कारणले उनी थिचिएकी थिइन् । आफ्नो स्वअध्ययनलाई निरन्तरता दिइरहेको र त्यसैको फल आज आफूले पाइरहेको विषयवस्तुलाई निबन्धमा मूल रूपमा प्रस्तुत गरिएको छ ।

घिमिरेले मुख्य गरेर बाल्यकालिन अवस्थामा आफूले पाएको दुःखका क्षणहरूलाई मूल रूपमा देखाएकी छन् । सानो छँदा निबन्धकारमा पनि बहिनीले जस्तै पढ्ने रहर पलाएको तर परिवारले आफूलाई कुनै चासो नदिएको, यसले पढ्न सक्दिन भन्ने सोच राखेको, त्यसका अलवा पनि आफूले

सङ्घर्ष गर्न नछाडेकै कारण आज यो अवस्थामा आइपुगेको, जीवन जिउने क्रममा अनेकौं समस्याहरू झेल्नुपरेको कुरालाई नै यस निबन्धमा मूल विषयवस्तु बनाइएको छ ।

**(ङ) सामाजिक कुसंस्कामा विश्वास गर्ने परम्परा**

अघिल्लो जन्ममा धेरै पाप गर्ने मान्छे पछिल्लो जन्ममा अपाङ्ग भएर जन्म लिन्छन् भन्ने हाम्रो सामाजिक सोचका कारण आफू समाजका मानिसका नजरमा महापापी भएको महसुस गरेको, प्रत्येक सास, प्रत्येक पलमा, नेपालीहरूले धर्म, संस्कार र परम्पराको विश्वास गर्ने गरेको, धामी झाँक्रीकै कारण यसलाई यस्तो हुन गएको हो । धामी झाँक्री गर्दा निको हुन्छ भन्ने सामाजिक विश्वासका कारण आफ्नो घरमा समय समयमा धामी झाँक्री बस्ने गरेका, त्यतिबेला आफूलाई धेरै डर र त्रास लाग्ने गरेका कुराहरू नै मूल विषयवस्तु बनेर आएका छन् ।

**(च) सौन्दर्यको पहिचान**

निबन्धकार घिमिरेले समाजले बुझेको सौन्दर्य र आफूले बुझेको सौन्दर्यमा फरक रहेको कुरा बताएकी छन् । समाजले केवल बाहिरी रूपलाई हेरेर मान्छेको नापतौल गर्ने गरेको कुरा उनलाई स्वीकार्य छैन् । मानिस जातीय रूपमा तल्लो जातिको नै किन नहोस्, हामीले उसको बाहिरी रूपलाई हेर्ने होइन, उसका आचरण, बानी व्यहोरालाई हेर्नुपर्छ भन्ने भाव उनमा छ । मानिस मानसिक रूपमा सबल हुनुपर्छ भन्ने धारणा उनको छ । बलियाले निर्धालाई सधैं दबाउने प्रवृत्ति पृथ्वीका हरेक प्राणी जातीका लागि लागु हुन्छन् भन्ने विभिन्न विषयलाई निबन्धको मूल विषयवस्तु बनाइएको छ ।

अतः घिमिरेका यस आत्मपरक निबन्धमा समाजमा रहेको जातीय विभेदका विभिन्न समस्याहरू, समाजमा लामो समयदेखि चलनचल्तीमा रहँदै आएको आर्थिक विभेद र त्यसले मानव मानवका बिचमा निम्त्याएको खाडल, मान्छेको भूत, प्रेतप्रतिको विश्वास, समाजमा मान्छे मान्छेका बिचमा देखिएका विभेदजन्य अवस्थाको चित्रण, किशोरावस्थामा देखापर्ने विभिन्न परिवर्तहरू, प्रकृतिमा समयक्रममा आउने अनेक परिवर्तन र त्यसले मानव मनमा उत्पन्न गराउने आनन्दभाव, जीवनमा नयाँ नयाँ सम्भावनाहरूको खोजी, ज्ञानको भोकले मनमा उत्पन्न भएका विभिन्न मनोभावहरू, मान्छेको धर्मप्रतिको आस्था र विचार, हरेक मान्छेमा जस्तै निबन्धकार स्वयम्मा स्वतन्त्रता भोग्ने वा स्वतन्त्र भएर जीवन जीउने चाहना, देशमा दसवर्षसम्म चलेको लामो जनयुद्ध र त्यसले मानसपटलमा उत्पन्न गराएका विभिन्न समस्याहरू, अँध्यारोलाई चिरेर उज्यालोको खोजी, लामो समयसम्म चलेको

राजनीतिक द्वन्द्वको अन्त्यसँगै आम जनमानसमा मुस्कुराएको हाँसो र त्यसले ल्याएका खुसी र अन्तमा जीवनलाई कस्तो तरिकाले चलाउने भन्ने कुरा आफूमा नै निर्भर हुने जस्ता भिन्न भिन्न प्रकृतिका विषयवस्तुको समायोजन गरी प्रस्तुत **जीवन काँडा कि फूल** आत्मपरक निबन्धको रचना भएको छ ।

### ६.३.१.२ उद्देश्य

झमकको यो कृति सबै भन्दा भिन्न प्रकृतिको आत्मजीवनीपरक संस्मरण हो । यस भित्र साहित्य छ तर त्यस साहित्यले भिन्न प्रकृतिको शरीर विज्ञानलाई देखाएको छ । थाहा पाउँदा आफ्ना धेरै अङ्गहरू, नचल्ने छन्, चेतना तीक्ष्ण छ , हात चल्दैन्, सम्झना दुरुस्त छ, ओठ चल्दैनन्, श्रवण यथावत छन्, सबै अङ्ग छन् तर तिनले काम गर्दैनन् । यस्तो अवस्थामा भएको थाहा पाएपछि परिवार, समाज र आफन्तहरूले राखेको धारणा बिल्कुलै फरक त हुने नै भयो । त्यस क्रममा घिमिरेमा घरपरिवार, आफन्त र समाजप्रति घृणा जागेर आयो । अन्धविश्वास, अभाव, गरिबी र कुरीतिले बेरेको परिवेशमा हुर्केकी घिमिरेमा अनौठो शक्ति छ भन्ने कुराको पहिचान गर्न कसैले सकेनन् । सके त केवल उनलाई पापीको संज्ञा दिन । यस्तो साँघुरो सोचमा जेलिएको समाजमा हुर्किएकी घिमिरेले विभिन्न समस्याहरूलाई छल्दै आफ्नो गन्तव्यमा लागिरहिन् । साहित्य लेखनका माध्यमबाट समाजमा लामो समयसम्म जरो गाडेर बसेको जातीय विभेद, सामाजिक सांस्कृतिक गतिविधि, राजनीतिक विकृति, नेपालमा लामो समयसम्म चलेको जनयुद्धका कारणले निम्त्याएका समस्याहरूलाई यथार्थ रूपमा उजागर गर्ने सामर्थ्य राख्नु नै निबन्धकार घिमिरेको यस **जीवन काँडा कि फूल** आत्मपरक निबन्ध सङ्ग्रहको मूल उद्देश्य बनेर आएको छ ।

### ६.३.१.३ भाषाशैली

यस **जीवन काँडा कि फूल** आत्मपरक निबन्ध सङ्ग्रहमा निबन्धकार स्वयम्ले भोगेका समस्याहरू, वर्तमान समयमा मानव समाजमा देखिंदै गएका विकृतिहरूलाई मूल रूपमा देखाइएको छ । नेपालको भूगोल, रहनसहन, भाषाशैली, आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक स्वरूपको वर्णन सङ्ग्रहमा निबन्धमा गरिएको छ । निबन्धमा संवादात्मक र वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । सरल, सहज र साहित्यिक भाषाको प्रयोग गरिएका यस सङ्ग्रहका निबन्धहरूले नेपाली समाजको यथार्थतालाई प्रस्तुत गरेका छन् । सरल, सहज र साहित्यिक भाषाको प्रयोग गरिएका यस सङ्ग्रहका केही निबन्धहरू व्यङ्ग्यात्मक भाषामा पनि लेखिएका छन् । तत्सम, तद्भव, आन्तुक र अङ्ग्रेजी

भाषाको प्रयोग पनि निबन्धहरूमा कही न कही पाइन्छ । परिष्कृत भाषा शैलीको प्रयोग गरिएका यस सङ्ग्रहका निबन्ध बौद्धिक पाठकदेखि लिएर सामान्य खालका पाठकका लागि पनि बोधगम्य हुने खालका छन् ।

घिमिरेद्धारा लिखित यस **जीवन काँडा कि फूल** निबन्ध सङ्ग्रह एक जीवित कथा हो । यो एक असक्षम महिलाको कथा हो । यहाँ मुख्य गरे एक अपाङ्ग अवस्थामा जन्म लिएकी नारीलाई धर्म, कर्म, संस्कृति र कर्मका आधारमा भेदभावको मिसाइलले आक्रमण गरिएको छ । नेपाली समाजमा महिलाहको भूमिका रहँदा रहँदै पनि समाजले अपाङ्ग भएकी एक नारीप्रति सान्त्वना भाव राख्नुपर्ने अवस्थामा उल्टै विभिन्न तरिकाले होच्याएको छ । जसका कारण उनका आमाबाबुले समेत निबन्धकारको मृत्युको कामना गर्दथ्ये । यसरी विभिन्न पीडा र दुःखमा हुर्किएकी घिमिरेले समाजमा रहेको जातीय विभेदका विभिन्न समस्याहरू, समाजमा लामो समयदेखि चलनचल्तीमा रहँदै आएको आर्थिक विभेद र त्यसले मानव मानवका बिचमा निम्त्याएको खाडल, मान्छेको भूत, प्रेतप्रतिको विश्वास, समाजमा मान्छे मान्छेका बिचमा देखिएका विभेदजन्य अवस्थाको चित्रण, किशोरावस्थामा देखापर्ने विभिन्न परिवर्तहरू, प्रकृतिमा समयक्रममा आउने अनेक परिवर्तन र त्यसले मानव मनमा उत्पन्न गराउने आनन्दभाव, जीवनमा नयाँ नयाँ सम्भावनाहरूको खोजी, ज्ञानको भोकले मनमा उत्पन्न भएका विभिन्न मनोभावहरू, मान्छेको धर्मप्रतिको आस्था र विचार, हरेक मान्छेमा जस्तै निबन्धकार स्वयम्‌मा स्वतन्त्रता भोग्ने वा स्वतन्त्र भएर जीवन जीउने चाहना, देशमा दसवर्षसम्म चलेको लामो जनयुद्ध र त्यसले मानसपटलमा उत्पन्न गराएका विभिन्न समस्याहरू, अँध्यारोलाई चिरेर उज्यालोको खोजी, लामो समयसम्म चलेको राजनीतिक द्वन्द्वको अन्त्यसँगै आम जनमानसमा मुस्कुराएको हाँसो र त्यसले ल्याएका खुसीसँसँगै जीवन काँडा होइन फूल हो भन्ने दृष्टान्तलाई सफल रूपमा परिक्षण गरेर देखाइदिएकी छिन् ।

## ६.४. रात र भूतप्रेतहरुको सन्त्रास लेख-सङ्ग्रहका लेखहरूको विश्लेषण

### ६.४.१ विषयपरिचय

**रात र भूतप्रेतहरुको सन्त्रास** (पौष २०६७) लेख-सङ्ग्रह झमक घिमिरेको दोस्रो लेख-सङ्ग्रह हो । यस लेख-सङ्ग्रह जम्मा १४३ पृष्ठमा संरचित छ । साझा प्रकाशनद्वारा प्रकाशित यस लेख-सङ्ग्रहको बाहिरी आवरण पृष्ठमा लेखिका स्वंयमले बनाएको विचित्रको त्रसित मानवको छ भने अन्तिम बाहिरी पृष्ठमा लेखिकाको  परिचय दिइएको छ । जम्मा ६९ ओटा लेखहरू समेटेर तयार पारिएको यस लेख-

सङ्ग्रहको भूमिका साझा प्रकाशनले नै तयार पारेको छ । २०६७ सालसम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित विभिन्न समय र सन्दर्भका लेखहरुलाई समेटेर तयार पारिएको यस कृतिमा विविध क्षेत्रका विषयवस्तुलाई समेटिएको छ । यो लेखसङ्ग्रहलाई निम्नानुसार विश्लेषण गरिन्छ ।

### ६.४.२ विषयवस्तु

रात र भूतप्रेतहरुको सन्त्रास लेखसङ्ग्रहको शीर्षक नै प्रतिकात्मक रहेको छ । समकालिन विषयवस्तुको जगमा रहेर समाजमा रहेका राजनीतिक अस्थिरताले सिर्जित विषयवस्तु, जातीय, वर्गीय, लैङ्गिक विभेदका आलेचनात्मक तथा समालोचनात्मक विचारको समन्वय गरी राज्य व्यवस्थाका नीति नियम र तिनले सिर्जना गरेका असन्तुलित व्यवहारको चिरफार गर्ने ध्येय यस लेखसङ्ग्रहको मूल वैशिष्ट्य रहेको छ। वर्तमान समयका मानव जीवनले भोग्नुपरेका पीडा,व्यथा, सङ्कटले आम सर्वसाधरण मानिसमा सुखद भविष्यको भाग्यरेखाको ढोका खोल्ने आशका बाबजुद उल्टो भय, त्रास र सङ्कटको चपेटामा रहेर अन्योलग्रस्त जीवनको चित्रणले गर्दा सिङ्गो कृतिको विषयवस्तुमा अस्थिर मानवीय जीवनशैली अनि लक्ष्य तथा उद्देश्यविहिन जीवनको चित्रण गरिएको पाइन्छ । यस लेखसङ्ग्रहभित्र समावेश गरिएका लेखहरुको विषयवस्तुको चर्चा बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ ।

### क. राजनैतिक अस्थिरता

समसामयिक विषयवस्तुलाई लिएर लेखिएको रात र भूतप्रेतहरुको सन्त्रास लेखसङ्ग्रहमा राजनैतिक अस्थिरताले निम्त्याएको परिणामलाई प्रस्तुत गरिएको छ । नेपाल आमाले विभिन्न समय र कालखण्डमा विभिन्न तरिकाले सङ्कट बेहोरेको छ । राणकालिन समयमा सर्वसाधरणको वाक स्वतन्त्रता र नैसर्गिक अधिकारमाथि कुठराघात भएको र प्रजातन्त्रको स्थपनासँगै जनतामा आउने भविष्यको सुनौलो मार्ग नदेखिएको कुरा चर्चा गरिएको छ । राजनैतिक अस्थिरताका कारण जनतामा भय, त्रास, डर सिर्जना भई व्याप्त बेरोजगारीले अन्योलग्रस्त मानवीय जीवनको चित्रण गर्दै नैसर्गिक अधिकार प्राप्त भएको आशमा बसेका सर्वसाधरणमा खुसीभन्दा दःख मात्र बेहोर्नु परेको तितो यथार्थजन्य विषय स्मृति,कठघरा र प्रजातन्त्र, नयाँ समयसँग संसर्ग, जनताको सङ्गीत, नयाँ घरको कल्पना , निरङ्कुशताभित्रको कलम, स्तन्त्रताको पक्ष्यमा, देश दुखेको बेला, जस्ता शीर्षकका लेखहरुले प्रतिनिधित्व गरेका छन् ।

## ख. सामाजिक विकृति विसङ्गतिको चित्रण

प्रस्तुत रात र भूतप्रेतहरुको सन्त्रास लेखसङ्ग्रहमा समाजमा व्याप्त सामाजिक विकृति, विसङ्गतिको चित्रण गरिएको छ । समाजमा सकरात्मक सोचभन्दा नकरात्मक सोच बढि व्याप्त भएको र समाज तथा राष्ट्रको उन्नति प्रगतिका लागि सकरात्मक सोच आवश्यक रहेको कुरा यस सङ्ग्रहमा गरिएको छ । मानिसमा एकले अर्कालाई विभेद शोषण र डाहा गर्ने प्रवृति मौलाएको विचारधारा प्रस्तुत भएको छ । समाजमा आउने नराम्रा मानसिकता परम्परात्मक सामाजिक संरचनाले निर्माण गरेका हुन भन्ने स्पष्ट आधारहरु प्रस्तुत गरिएको छ । यस्ता विषयवस्तु समावेश गरिएका लेखहरुमा नयाँ समयसँग संसर्ग, नयाँ घरको कल्पना, कर्मशील श्रमण, कलम पैसा र जनमत, डाह, भ्रमको खेती, शान्तिवीर जन्माउने कि क्रान्तिवीर ?, शोषित वर्गका गुरु, बेरोजगारीका सवालमाथि विचार गर्दा, कामप्रतिको हीनताबोध जस्ता शीर्षकका लेखहरु पर्दछन् ।

## ग. नारीवादी चिन्तन

नारी र पुरुष बराबरी हुन् । पितृसत्तात्मक समाजमा पुरुष सरह नारी अधिकार सुनिश्चित हुनुपर्छ भन्ने विचारधारा नारीवादी चिन्तन हो । यस लेखसङ्ग्रहमा नारीमाथि हुने विभेदको अन्त्य गर्दै नारी अधिकारको चर्चा गरिएको छ । नारीहरु समाज, राष्ट्रको परिवर्तनमा पुरुषसरह सक्षम भएर पनि विभिन्न कारणले नारी शोषण हुनुपरेको तीतो यथार्थ यस सङ्ग्रहमा समावेश गरिएको छ । लिङ्ग तथा जातीय आधारमा अशिक्षा, अन्धविश्वास, कुप्रथा, पितृसत्ता, राजनैतिक, प्रशासनिक तथा आर्थिक कारणले नारीहरु पीडित भएको कुरा यस लेखसङग्रहका लेखहरुमा चर्चा गरिएको छ । यस्ता विषयहरुको प्रतिनिधित्व गर्ने लेखहरुमा शिक्षामा भेदनीति, कहिले हुन्छ हामीबीचको छुवाछूतको अन्त्य ?, स्वतन्त्रताको पक्षमा, मानवधर्म, महिलामाथि किन अत्याचार ?, विवाहका बारेमा केहि कुरा, नारी सुरक्षामा कति संवेदनशील छन् फेशन डिजाइनहरु ?, घरायसी कामप्रति साँघुरो मानसिकता, लिङ्गभेदको असर, महिला आन्दोलन के हो ?, छोरा जन्मिँदा सौभाग्यवती र छोरी जन्मिँदा कुलच्छिनी !, नारीमाथिको अत्याचार र धर्म, आइमाई मान्छे, विवाह गर्दा दाइजो र तिलक आवश्यक छ ? आदि हुन् ।

## घ. अन्धविश्वास, धर्म र जातीय छुवाछुत

पुर्खाहरुले राम्रा भनेर ल्याएका मानवीय जीवनशैली तथा संस्कृतिहरु समयसापेक्ष विचार परिवर्तन हुन नसकी युगीन जीवनशैली धारण गर्ने मानिसहरु परम्परागत जीवनशैलीलाई आत्मसाथ

गरी मानसिक रुपमा परिवर्तन नहुने अवस्था अन्धविश्वास हो । अर्थात् यथार्थ र विज्ञानसम्मत ज्ञानको अभावमा छुवाछूत, भूतप्रेत, दाइजोप्रथा, महिलामा देखिने महिनावारी चक्र र त्यसले निम्त्याएको छाउपडी प्रथा, शारीरिक अशक्तताको जन्म, तल्लो जात र माथिल्लो जात, धर्मका वैचारिक द्वन्द्व तथा संकृतिमा देखिएका विकृतिहरु नै अन्धविश्वास हुन् । यस्ता विषयलाई पनि समिक्षक घिमिरेले तार्किक रुपमा विभिन्न घटना सन्दर्भलाई लेखहरुमा प्रस्तुत गरेकी छिन् । समाजमा अन्धविश्वास, जातीय, लैङ्गिक, धार्मिक र सांस्कृतिक पक्षमा मानिसहरुको विचारधारा परिवर्तन नहुदाँ अझै पनि समाजमा अन्धविश्वास, छुवाछुत र जातीय विभेदको अन्त्य नहुनु दुःखद कुरा भएको चर्चा गरेकी छिन् । यस्ता विषय समेटिएका लेखहरुमा युगसुहाउँदो शिक्षा, मानवधर्म, अशक्त हुनुको दोष, धर्म र विज्ञान, रात र भूतप्रेतहरुको सन्त्रास, मान्छे की जात ?, लिङ्गभेदको असर, के महिनावारी हुनु अपवित्र हो ?, संस्कृतिका राम्रा पक्ष, धर्मसंस्कृतिका कुरा, धर्मका नाममा बन्धन, दर्शनका राम्रा पक्ष, विवाह गर्दा दाइजो र तिलक आवश्यक छ ? जस्ता लेखहरु पर्दछन् ।

**ङ. मानवतावाद**

मान्छेले मान्छेलाई गरिने भ्रातृत्वसँग सम्बन्धित व्यवहार नै मानवतावाद हो । अथवा मान्छेले मान्छेलाई गरिने असल व्यवहार नै मानवतावाद हो । झमक घिमिरेद्वरा लिखित प्रायशः लेखहरु कुनै न कुनै तरिकाले विषयवस्तुको निष्कर्ष उल्लेख गर्दा मानवतावादी स्वरलाई अगाडि ल्याएको पाइन्छ । परम्परादेखि वर्तमान समयसम्म हत्या, हिंसा तथा मानवता विरोधी कार्य भइरहनु आश्चर्य र दुःखको कुरा हो भन्ने विचार लेखकको रहेको छ । समाजमा रहने मानववर्ग सृष्टि जगतका वैचारिक रुपले अन्य प्राणीभन्दा सर्वश्रेष्ठ भएर पनि यस्ता अमानवीय क्रियाकलापमा अग्रसर भएको देख्दा लेखक नेपालमा मात्र नभएर विश्व मानवतावाद विरुद्ध रहेको होकी भन्ने भान लेखकीय विचारमा प्रकट भएको छ । सम्पूर्ण मानव जाति कै उज्वल भविष्यतर्फ लाग्न सचेत गरिएका यस सङ्ग्रहका प्रायशः लेखहरुको उद्देश्य मानवतावादी रहेको छ । मूलतः मानवतावादी विषयसँग सम्बन्धित लेखहरुको प्रतिनिधित्व गर्ने रचनामा बुद्ध खोज्ने की बुद्धि ?, मानवताको पक्षमा, आधुनिकता र मानव, मानवधर्म आदि हुन् ।

**च. साहित्य सिर्जनाः समाज सुधारका पक्षमा**

साहित्य सिर्जनाका विषय बढि प्रेमप्रणयमा आधारित नभई समाज सुधारका लागि लेखिनु पर्ने विचारधारा यस लेखसङ्ग्रहको अर्को विषयवस्तु हो । सिर्जना प्रेमप्रणय भावमा लेख्नै नहुने भने होइन । समाजको विचारधारा परिवर्तन गर्न, अन्धविश्वास हटाउन, सामाजिक विकृति विसङ्गतिको चित्रण गर्न,

जनअधिकार सुनिश्चित गर्नका लागि स्रष्टाका विचारहरु आउनु पर्ने विचार लेखकको छ । अन्धविश्वास, शोषण, दमन, अत्याचार, छुवाछूत, कुप्रथा जस्ता कुराहरु हटाउनका लागि नेपालमा साहित्य सर्जकहरु अग्रसर हुनुपर्ने विचार यस लेखसङ्ग्रहमा आएका छन् । मूलतः यस विषयसँग सम्बन्धित लेखहरुको प्रतिनिधित्व गर्ने रचनामा प्रेमको गलत बुझाइ, प्रेमप्रसङ्गमा कुरा चल्दा, प्रेमको सन्दर्भमा धारणा आदि हुन् ।

अतः यस लेखसङ्ग्रहमा आएका मुख्य विषयवस्तु राजनैतिक अस्थिरता, सामाजिक विकृति विसङ्गतिको चित्रण, नारीवादी चिन्तन, अन्धविश्वास, धर्म र जातीय छुवाछुत, मानवतावाद, साहित्य सिर्जनाः समाज सुधारका पक्षमा आदि हुन् ।

### ६.४.३ उद्देश्य

रात र भूतप्रेतहरुको सन्त्रास लेखसङ्ग्रह वैचारिक दृष्टिले एक उत्कृष्ट कृति हो । वैविध्य विषय क्षेत्रका राम्रा नराम्रा कुराको तार्किक, विश्लेषणात्मक तथा मूल्याङ्कनात्मक तवरबाट विषयवस्तुको समीक्षा गरिएको छ । यस दृष्टिबाट हेर्दा लेखक घिमिरे एक उत्कृष्ट समीक्षक व्यक्तित्वका रुपमा लिन सकिन्छ । सामाजिक विकृतिविसङ्गतिको चित्रण, राजनीतिक अस्थिरता र त्यसले निर्माण गरेका भयावह वस्तुस्थितिको चित्रण, नारी हिंसा, अन्धविश्वासका कारण नारीमाथि हुने विभेद जस्ता विषय यस लेखसङ्ग्रहका वैचारिक पक्ष हुन् ।

राष्ट्रप्रेमप्रति लेखकमा रहेका विचारहरु नै यस कृतिको मुख्य उद्देश्य हो । धार्मिक, सांस्कृतिक पक्षबाट आदिमकालदेखि जरा गाडेर बसेका अन्धविश्वास, कूप्रथाको त्याग गर्दै परम्परागत असल मूल्यमान्यताको अनुशरण गर्दै समय सापेक्ष मानिसहरुले विचार पनि परिस्कृत गर्दै लैजानुपर्ने सन्देश तथा मर्म यस कृतिको रहेको छ । परम्परित शिक्षाले २१ औं शताब्दिमा आइपुग्दा असफल भइसकेर वेरोजगारीको सङ्कट देखापर्दा सम्म राज्यव्यवस्था, जनप्रतिनिधि, शिक्षाविद्हरु तथा शैक्षिक संस्थाहरु व्यवहारिक शिक्षाको नीति नियमको खोजीमा लाग्न सचेत हुनुपर्ने विचारपनि सन्देशको रुपमा मुखरित भएको छ । वर्गीय असमानतालाई समाजमा शोषण दमन र वेरोजगार बढ्दै जानाले अशान्ति फैलिएको कुरा लेखकले यस सङ्ग्रहमा गरेकाले देशमा बुद्धको शान्ति, अहिंसा, सदाचार, भ्रातृत्वप्रेम जस्ता विषय अङ्गिकार गर्न सम्पूर्ण नागरिकलाई आह्वान गर्दै सचेत रहन समेत आग्रह गरिएको छ । साहित्य सर्जकहरु साहित्य रचना गर्दा बढी प्रेमप्रणयका विषयलाई भन्दा पनि समाज सुधारका आवश्यक पक्षलाई लिएर साहित्य रचना गर्न अग्रसर रहनुपर्ने विचार पनि यहाँ उद्देश्यका रुपमा आएको छ ।

समग्रमा देशमा बढ्दो हत्याहिंसा, बेरोजगारी समस्या, अन्धविश्वास, जातीय, वर्गीय, तथा लैङ्गिक विभेदको अन्त्य गरी सामाजिक, राजनैतिक, प्रशानिक, आर्थिक क्षेत्रमा महिला र पुरुषको समान अधिकार प्रयोग गर्नुपर्छ । जीवन निवार्ह गर्न सक्षम शिक्षाको प्रदान गर्नु राज्यको दायित्व हो । त्यस्तैगरी देशमा शान्ति सुव्यवस्था कायम गर्न हरेक नागरिक राष्ट्रको समृद्धिका लागि सचेत रहनु पर्ने विषय नै यस कृतिको मुख्य उद्देश्य हो ।

### ६.४.४ भाषाशैली

**रात र भूतप्रेतहरुको सन्त्रास** समीक्षात्मक लेखसङ्ग्रह हो । यो सङ्ग्रहका लेखहरुका विषयलाई वर्णनात्मक तथा मूल्याङ्कनात्मक शैलीमा लेखिएको छ । मूलत : गद्यभाषाको प्रयोग गरिएको यस कृतिमा मानक भाषा लेखनलाई अङ्गिकार गरिएको छ । गद्य भाषा शैलीले पठनमा सरल, सुस्पष्टता र बोधगम्य प्रदान गरेको छ । तर्कशीलता , प्रवाहशीलता र प्रश्नात्मक भाषाको प्रयोगले पाठकमा मानसिक सत्कर्ममा लाग्नलाई घच्घच्याइ रहेको आभाष हुन्छ । वर्तमान समयमा मानव समाजमा देखिँदै गएका विकृतिहरू मूल रूपमा देखाउने क्रममा आलोचना, विद्रोही स्वर तथा समस्याको समाधानका लागि गरिएका तर्कविर्तकहरुले समस्यालाई निष्कर्षमा लैजाने मार्गको स्पष्ट रेखा कोरेको छ । नेपालको भौगोलिक, रहनसहन, भाषाशैली, आर्थिक, सामाजिक, राजनीतिक तथा सांस्कृतिक स्वरूपको वर्णन यस कृतिमा गरिएको छ ।

वर्णनात्मक शैलीको प्रयोग गरिएको यस लेखका कतिपय शीर्षक नै प्रश्नात्मक शैलीमा छन् ( कुन विषय असल ?, भेद किन ?, के महिनावारी हुनु अपवित्र हो ?, मान्छे कि जात ? ) । सरल, सहज र साहित्यिक भाषाको प्रयोग गरिएका यस सङ्ग्रहका संस्मरणहरूले नेपाली समाजको यथार्थतालाई प्रस्तुत गरेका छन् । सरल, सहज र भाषाको प्रयोग गरिएका यस सङ्ग्रहका केही लेखहरु व्यङ्ग्यात्मक शैलीमा लेखिएका छन् । मुख्य रुपमा गद्यभाषा शैलीमा प्रयोग गरिएता पनि लेखकले ठाउँठाउँमा विषयवस्तु अनुकूल काव्यात्मक भाषाको प्रयोग गरेको पाइन्छ । यस शैलीको उदाहरणका रुपमा **निरङ्कुशता भित्रको कलम** लेखको एक अंशलाई यहाँ प्रस्तुत गरिएको छ ।

तिमी समानताको नारा बोकेर
यही दुनियाँमा एकनाससँग दौडिरहेछौ
मुक्तिको एउटा नारा मलाई पनि देऊ सापटी,

यही भूमिबाट मुक्तिको शास्त्र पढाउन मन लागेको छ ।

**(निरङ्कुशता भित्रको कलम : पृ २७)**

प्रस्तुत लेखसङ्ग्रहमा वैचारिक पक्षको प्रस्तुति गर्ने क्रममा तर्कलाई स्पष्ट र बोधगम्य बनाउन छोटाछरिता वाक्य गठनको प्रयोग गरिएको छ भने अल्पविराम, प्रश्न चिन्ह, विस्मयादिबोधक चिन्हहरुको प्रयोगमा आधिक्यता पाइन्छ । विषयवस्तुको व्यवस्थित क्रमको प्रस्तुतिमा सवाल र जवाफजन्य अभिव्यक्तिको अनुशरण गरिएको छ । समग्रमा यस सिङ्गो कृतिभित्रका लेखहरु गद्यात्मक, वर्णनात्मक, विश्लेषणात्मक भाषाशैलीमा लेखिएको छ ।

झमकमा व्यक्त विचार सामाजिक परिवर्तनका संवाहक छन् र यिनले नवीन चिन्तनलाई प्रस्तुत गरेका छन् । समाजमा रहेका विकृति र विसङ्गतिविरुद्धको चेत झल्काउने, सामाजिक असमानता र अन्यायका विरुद्ध सचेत बनाउने जस्ता विषयवस्तुलाई समेटिएको छ । साथै नेपालमा प्रजातन्त्र र लोकतन्त्र  स्थापना भएपनि सामाजिक, आर्थिक, राजनैतिक, शैक्षिक, साहित्यिक, भाषिक आदि विविध क्षेत्रमा सोचे अनुरुप परिवर्तन नभएकोमा आक्रोश व्यक्त भएको पाइन्छ ।

## ६.५. समय-बिम्ब डायरी सङ्ग्रहको विश्लेषण

### ६.५.१ विषयपरिचय

झमक घिमिरेद्धारा लिखित **समय-बिम्ब** नामक दैनिकी सङ्गह २०७१ साल वैशाखम शब्दहार क्रियशन्स, बालकोट भक्तपुरले प्रकाशनमा ल्याएको हो । डिमाइ आकारमा २४० पृष्ठ संङ्ख्यामा संरचित यस दैनिकी सङ्ग्रहमा झमक घिमिरेका २०६० वैशाख १ देखि २०६१ चैत १७ बुधबार सम्मका दैनिकीहरू समावेश गरिएको छ ।

दैनिकी भनेको दिनभरि भएका वा गरेका महत्वपूर्ण कुराहरूलाई सिलसिला मिलाएर तयार पारिएको लेखन हो । दैनिकीमा दिनभर गरिएका महत्वपूर्ण काम, क्रियाकलापहरू, आफ्ना अनुभव, भेटघाट, स्मरण गरिएका कुरा, ज्ञान, विचार आदि कुराहरू समेटिएको हुन्छ । साहित्यिक सन्दर्भमा दैनिकी भन्नाले मान्छेको जीवन भोगाइका कममा घटेका विभिन्न स्मरणीय घटनाहरूको रागात्मक अभिव्यक्तिलाई बुझिन्छ । प्रस्तुत दैनिकी सङ्ग्रहमा पनि झमक घिमिरेले भ्रमण, अध्ययन, अवलोकन, जीवन भोगाइका कममा आएका सुख, दुःखका क्षण, सामाजिक सन्दर्भहरू मुख्य रूपमा यसभित्र

समावेश गरिएको छ । लेखकको विचार प्रस्तुति र यस सङ्ग्रहको लेखकीय भूमिकालाई हेर्दा घिमिरेको साहित्य लेखनको उर्वर क्षेत्रका रूपमा यस विधालाई स्वीकारेको पाइन्छ ।

### ६.५.१.१ विषयवस्तु

झमक घिमिरे मानव जातिको कल्याण, समाजसेवा र मानवतावादको वकालत गर्ने बहुप्रतिभाकी धनी सर्जक हुन् । हरेक कृतिमा उनको लेखन मानवतावाद र समाज सुधारको अपेक्षा उन्मुख हुन्छ । यस **समय-बिम्ब** नामक दैनिकी सङ्गहमा पनि जीवन भोगाइका क्रममा देखेका, अनुभव गरेका विषयहरु, हरेक दिनहरुको तिथी मिति उल्लेख गरेर विषयवस्तुको प्रस्तुति गरिएको छ । हाम्रो नेपाली समाजमा अपाङ्ग्रप्रति गरिने व्यवहार अमानवीय रहेको समाजका विचार धाराका कारणले गर्दा बेला बेलामा आफूमा मृत्यु चेत पैदा हुने, समाजबाट आफूले छि : छि : र दूरदूरको व्यवहार सहनुपरेको तीतो यथार्थ यस **समय-बिम्ब** नामक दैनिकी सङ्गहमा आएका छन् । जो व्यक्ति दुःखको काँडामा हुर्किएको छ, यसलाई मात्र जीवनको यथार्थ कुरा थाहा हुन्छ । यस **समय-बिम्ब** नामक दैनिकी सङ्ग्रहमा उल्लेख हुन आएका विभिन्न विषयहरुलाई उदाहरणका रुपमा तल उल्लेख गरिएको छ :

सम्भावना नभएको देश र क्षमता नभएको मान्छे हुँदैन् । झमक पनि भन्छिन्, “सबै मान्छे क्षमतावान छन् । सक्षम छन् ।” उनले आफ्नो क्षमतालाई अरुको भलाइको लागि खर्च गरेकी छिन् । झमकको सोच्ने दायरा र विषय आफ्ना लागि कम र अरुका लागि बढी छ । आफ्नो पीडा भुलेर अरुको लागि सोच्नु उनको दिनचर्या बनेको छ । तर पनि झमक अरु जस्तै सामान्य मानिस नै हुन् । कहिलेकाहीँ उनी चरम निराशाले ग्रसित हुन्छिन् र भन्छिन् : “............. **कहिलेकाहीँ लाग्छ, यो संसारमा किन जन्मिएको हुँला म ? खाली अर्काको लागि बोझ बन्न । अर्काको अधिनमा बाँधिएर खल्लो अस्तित्वविहिन जिन्दगी बाँच्न । कस्तो जिन्दगी ! सम्झदा रुन मन लाग्छ र रुन पनि कहाँ सक्छु र ..... ! मैले आँसु झार्न सक्तिनँ ..... । के अपाङ्ग हुनु मेरो दोष हो ? समाज भन्छ पापको फल । संस्कार भन्छ, पूर्वजुनीको अपराध । आखिर मैले के पाप गरेँ ? के अपराध गरेँ ? म कस्ती दुःखीया रहेछु ..... ।”**

**(२०६०, बैशाख २४, बुधबार)**

उनी मानवतावादी विचार राख्छिन् । उनले मानव जातिको कल्याणलाई सबै भन्दा ठूलो धर्म मान्छिन् । त्यसैले बाँचुञ्जेल समाजकै सेवा गर्न चाहन्छिन् । र, मृत्यु पश्चात पनि समाजकै लागि

आफूलाई समर्पित गराउन चाहन्छिन्, आफ्नो शरीर दान गरेर । यस कुरालाई यहाँ यसरी प्रस्तुत गरिएको छ :

**“..... मैले संसार छाडेपछि कसैलाई पनि आर्थिक बोझ, शारीरिक कष्ट नहोस् । मेरो शवमाथि कुनै धार्मिक संस्कारको कात्रो नओढाइयोस् । र कुनै पनि धार्मिक संस्कार नगरियोस् । किनभने म कुनै धर्म र सम्प्रदायको खोल ओढ्न मृत्युपछि पनि चाहान्नँ । मेरो शवलाई सम्भव भएसम्म वैज्ञानिक अध्ययनका अनुसन्धानका गर्न कुनै अस्पताललाई हस्तान्तरण गरियोस् । असम्भव भए कुनै सस्तो खालको खर्चमा शवलाई गाड्ने वा जलाउने काम गरियोस् । यही मेरो अन्तिम चाहना हो ......।”**

**(२०६१ आश्विन १०, आइतबार)**

अतः झमकको यो डायरी पुस्तकप्रेमी पाठकहरुका लागि एउटा उत्कृष्ट उपहार बनेको छ । यसमार्फत हामीले उनको दिनचर्या र उनका बिचारहरु बुझ्न सक्छौँ । यो डायरी उनको नितान्त व्यक्तिगत सोचाइ, कल्पना, सपना र समाजको उनैले खोतलेको गोरेटोहरुको चित्रण हो । उनी कहिले पीडाले गदगद हुन्छिन् त कहिले पीडाले छटपटाउँछिन् । यिनै विभिन्न विषयवस्तुको समायोजन गरी प्रस्तुत **समय-बिम्ब** नामक दैनिकी सङ्ग्रहको निर्माण भएको छ ।

### ६.५.१.२ भाषाशैली

**समय-बिम्ब** नामक दैनिकी सङ्गहको भाषा सरल, सहज र बोधगम्य छ । सामान्य पाठकका लागि पनि बोधगम्य रहेको यस सङ्ग्रका दैनिकीहरुमा संवादात्मक भाषाशैलीको प्रयोग गरिएको छ । जातीय विभेद, समाजमा अपाङ्ग भएका व्यक्तिलाई गरिने व्यवहार र हेरिने दृष्टिकोणलाई मूल रुपमा प्रस्तुत गरिएका यस सङ्ग्रहका दैनिकीहरु आफैमा जोजपूर्ण बनेका छन् । दैनिकी लेखनको क्रममा लेखकका हातबाट कहीँ कतै आगन्तुक तथा तत्सम शब्दहरुको पनि प्रयोग पुगेकी छिन् । जसले दैनिकीलाई बोधगम्य बनाएको छ । अतः भाषाशैलीका दृष्टिले **समय-बिम्ब** नामक दैनिकी सङ्गहका दैनिकीहरु उत्कृष्ट बनेका छन् ।

**समय-बिम्ब** नामक दैनिकी सङ्गहमा लेखन विद्या दैनिकी भएपनि यस सङ्ग्रहको जीवन भोगाइका कममा देखिने विभिन्न दुख, कष्ट, मानवीय समस्याहरूलाई यहाँ मूल रूपमा देखाइएको छ । यस क्रममा दुःखलाई धैर्य र शक्तिका रूपमा बदलेर अगाडि बढेको जीवन नै सार्थक जीवन हो भन्ने

कुरा पनि यहाँ आएको छ । समाजमा देखिने अमानवीय प्रवृत्ति, अन्धविश्वास, दैवीप्रकोप, भष्टाचार, संस्कृतिका नाममा देखिएका विभिन्न विकृतिको वास्तविक चित्रण उतारी त्यसको समीक्षात्मक लेखनकला भरी दैनिकी लेखनमा विषयलाई उतार्नु लेखक घिमिरेको मौलिक पहिचाहका रूपमा यहाँ आएकी छिन् । यिनै विभिन्न विषयवस्तुको प्रस्तुति यस सङ्ग्रहका दैनिकीहरुमा देखाइएको छ ।

# सातौँ परिच्छेद

# सारांश तथा निष्कर्ष

## ७.१ सारांश

**झमक घिमिरेको जीवनी, व्यक्तित्व र कृत्तित्व** शीर्षक रहेको यस शोधपत्रमा पहिलो परिच्छेदमा शोधपरिचय रहेको छ । यसभित्र विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, शोधपत्रको सीमाङ्कन, शोधविधि, सामग्री सङ्कलन विधि, विश्लेषण विधि र अन्त्यमा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा झमक घिमिरेको जीवनी पक्षबारे चर्चा गरिएको छ । यस परिच्छेदमा शोधनायिकाको पारिवारिक पृष्ठभूमि, जन्म र जन्मस्थान, बाल्यकाल र स्वभाव, शिक्षादीक्षा, सामाजिक संस्कार, बसोबास र आजीबिका, परिवार र पारिवारिक अवस्था, शैक्षिक अवस्था, आर्थिक अवस्था, विभिन्न कार्यक्षेत्रमा रहेको संलग्नता, व्यक्तिगत रुचि, व्यक्तिगत स्वभाव र बानी व्यवहार, भ्रमण, सुखदुखका क्षण, जीवनदर्शन, साहित्यिक दृष्टिकोण, प्रकाशित पुस्तकाकार कृति, सम्मान तथा पुरस्कार जस्ता शीर्षकहरूमा रहेर घिमिरेको समग्र जीवनीमाथि गहन रूपमा अध्ययन गरिएको छ । यस परिच्छेदमा मूलतः झमक घिमिरेसँग प्रत्यक्ष भेटघाट तथा इमेल अन्तर्वार्तावबाट मूल आधार बनाएर उनको जीवनीको पाटोको अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा झमक घिमिरेको व्यक्तित्व प्रस्तुत गरिएको छ । घिमिरेका व्यक्तिगत विभिन्न पाटाहरूको निर्धारण गरी मूलतः शारीरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्वको मूलशीर्षकमा रहेर विभिन्न उपशीर्षक दिएर उनको व्यक्तित्व पाटोको अध्ययन गरी उक्त परिच्छेदको समग्रमा निष्कर्ष पनि दिएको छ ।

प्रस्तुत शोधपत्रको चौँथो परिच्छेदमा झमक घिमिरेका काव्यकृतिहरूको विश्लेषण प्रस्तुत गरिएको छ । यस परिच्छेदमा  झमक घिमिरेका हालसम्म प्रकाशित भएका **सङ्कल्प** (२०५५) कविता सङ्ग्रह, **आफ्नै चिता अग्निशिखातिर** (२०५७) कविता सङ्ग्रह, **नौलो प्रतिबिम्ब** (२०६२) कविता सङ्ग्रह, **झमक घिमिरेका कविताहरु** (२०६५) कविता सङ्ग्रह, **प्रेमिल आकाश** (२०७३) कवितासङ्ग्रहको विश्लेषण गरिएको छ ।

झमक घिमिरेका सम्पूर्ण कविताहरू समसामयिक विषयवस्तुमा आधारित भएर लेखिएका छन् । मुख्यगरी घिमिरेका कविताहरू अशान्ति, युद्धजन्य परिवेश, जातीय विभेदका कुरा, अपाङ्ग्र भएका मान्छेलाई समाजले गर्ने व्यवहार र हेर्ने दृष्टिको, सामाजिक विकृतिविसङ्गति, आर्थिक विभेद, राष्ट्रप्रेम, स्थानीय परिवेशजन्य विषयवस्तुहरूमा आधारित छन् । उक्त काव्यकृतिहरूको विश्लेषण गर्दा प्रा.डा. खगेन्द्रपसाद लुइटेलको **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) कृतिमा समावेश गरिएका विषयवस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैली जस्ता कविताका संरचक घटकहरूलाई मूल आधार मानिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौं परिच्छेदमा झमक घिमिरेको **पर्दा, समय र मान्छेहरू** कथासङ्ग्रहको विश्लेषण गरिएको छ । उक्त कथासङ्ग्रहको विश्लेषणका लागि विषयवस्तु, सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैली जस्ता कथाका संरचक घटकका आधारमा विश्लेषण गरी समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधपत्रको छैटौं परिच्छेदमा झमक घिमिरेका प्रकाशित निबन्धात्मक कृति **बेमौसमका आस्थाहरू** निबन्धसङ्ग्रह, **सम्झनाका बाछिटाहरू** लेख-सङ्ग्रह, **जीवन काँडा कि फूल** आत्मजीवनीपरक निबन्ध सङ्ग्रह, **रात भूतप्रेतहरूको सन्त्रास** लेख-सङ्ग्रह, **समय-बिम्ब** डायरी सङ्ग्रहलाई विषयवस्तु, उद्देश्य र भाषाशैली जस्ता निबन्धका संरचक घटकका आधारमा विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्रको सातौं परिच्छेदमा सारांश तथा निष्कर्ष रहेको छ । यसमा शोधपत्रको सार प्रस्तुत गरिएको छ ।

### ७.२ निष्कर्ष

नेपाली साहित्यको क्षेत्रमा चर्चाको शिखरमा रहेकी विशिष्ट प्रतिभा झमक घिमिरेको जन्म वि.स. २०३७ आषाढ २१ गते शुक्रबारका दिन धनकुटा नगरपालिका ३ कचिँडेमा भएको हो । बाबु कृष्णबहादुर घिमिरे र आमा आशादेवी घिमिरेकी जेठी छोरीको रुपमा जन्मिएकी झमक नेपाली कला र साहित्यको क्षेत्रमा खुट्टाको माध्यमबाट कलम समाती आफ्नो विचारलाई साहित्यमार्फत प्रस्तुत गरी नेपाली साहित्यमा मात्र नभएर विश्वसाहित्य समक्ष प्रसिद्ध बन्न पुगेकी छन् । मस्तिष्क पक्षघातसँग साक्षतकार गरिरहेकी झमकको बाल्यकाल अति कष्टकर र मृत्यु वचनबाट श्रापित बालिका कालसँग संघर्ष गर्दै बाँच्नुले नै उनको जीवनमा साहित्य सिर्जनाको प्रेरणा स्रोत बन्न पुग्यो । सानैदेखि शिक्षाबाट

वञ्चित भएकी झमकले आफ्नै प्रयासबाट शिक्षा प्राप्त गरी किशोरावस्थाबाटै आफ्ना भावनात्मक अभिव्यक्ति पोख्न सकिने साहित्यलाई आफ्नो जीवनको आधार बनाई अक्षरहरुको माध्यमबाट साहित्य सिर्जनामा समर्पित भएकी झमकले २०५५ सालमा आफ्नो पहिलो कृति **सङ्कल्प** कविता सङ्ग्रह लिएर पाठक सामु देखा परिन् । २०६७ सालमा मदन पुरस्कार प्राप्त गर्न सफल आत्मजीवनीपरक निबन्ध **जीवन काँडा कि फूल** लेखेर विश्व साहित्यसँग परिचित भएकी झमकका विभिन्न बाह्रवटा पुस्तकाकार कृतिहरु प्रकाशित भइसकेका छन् । झमक घिमिरेका मुख्य–मुख्य साहित्यिक कृतिहरूलाई बुँदागत रूपमा तल उल्लेख गरिएको छ :

**संङ्कल्प** कविता सङ्ग्रहमा समाज, जीवनजगत र विशेषतः आत्मानुभूतिको भावनालाई काव्यकृतिमा उतार्ने प्रयास गरिएको छ । समसामयिकताप्रतिको तीखो व्यङ्ग्य यस कविता सङ्ग्रहको थप मौलिक वैशिष्ट्य हो । प्रस्तुत सङ्ग्रहका कविताहरूमा घिमिरेले मनमा उत्पन्न भावनाहरूलाई इमान्दारीपूर्वक प्रस्तुत गर्ने क्रममा उनले समाजमा देखेका, भोगेका र अनुभव गरेका यथार्थ विषयवस्तुलाई सरल भाषा शैलीमा प्रयोग गरेकी छिन् ।

**आफ्नै चिता अग्निशिखातिर** कविता सङ्ग्रहमा सामाजिक, राजनीतिक विसङ्गतिजस्ता विभिन्न तवरबाट मानवीय जीवन र द्वन्द्वको अन्त्यको चाहना, मानवीय जीवनजगतका यावत् राम्रा तथा नराम्रा पक्षहरूको चित्रण, प्राकृतिक घटना तथा परिघटनाले निम्त्याएका समस्याहरू, हराउँदै गएको मानवीय भावनाप्रतिको व्यङ्ग्य, सहरिया परिवेशको दुर्दशा, नेपाली समाज र संस्कृतिमा आएको विकृति, बालबालिकाहरू माथि हुने विभिन्न शोषणप्रतिको व्यङ्ग्य, देशको आर्थिक, भौगोलिक र सांस्कृतिक जनजीवनमा परेको असरलाई विभिन्न विषयवस्तुलाई मूल रूपमा देखाइएको छ ।

**नौलो प्रतिबिम्ब** कविता सङ्ग्रहका कविताहरू विविध विषयवस्तुमा आधारित छन् । सानो जात कवितामा नेपाली समाजमा रहेको जातीय विभेद र त्यसले समाजमा निम्त्याएको समस्यालाई मूल रुपमा देखाइएको छ । वसन्त तिमी आउनुपर्छ कवितामा नराम्रा पक्षलाई त्यागेर राम्रा पक्षलाई आत्मसाथ गरेर वसन्तलाई पुनः आउन आग्रह गरिएको छ । आग्रह कवितामा वीर सन्तानको चाहना राखिएको छ । पोखिएको मान्छे कवितामा मान्छेका सपनाहरू लथालिङ्ग तथा भताभुङ्ग भएको यथार्थतालाई देखाइएको छ । दाम कवितामा आर्थिक विभेदले निम्त्याएको धनी र गरिब बिचको विभेदलाई देखाइएको छ । प्रेमको वाटिका कवितामा प्रेमको वाटिकामा बसेर नयाँ नयाँ फूलहरू

फुलाउन प्रेमिकालाई आग्रह गरिएको छ । उज्यालोका सपनाहरू कवितामा अँध्यारोबाट पीडित बन्न पुगेका वा अँध्यारोको सिकार बन्न पुगेका आजका मान्छेको यथार्थतालाई देखाइएको छ ।

**झमक घिमिरेका कविताहरू** कविता सङ्ग्रहमा समाज, जीवनजगत र विशेषतः आत्मानुभूतिको भावनालाई काव्यकृतिमा उतार्ने प्रयास कविले यहाँ गरेकी छिन् । देशमा राजनीतिक चेतना र जनसंगठन, मानवअधिकार, नारी जागरण, जनजातीय र दलित उद्बोधन, तराई र दुर्गम क्षेत्रको समस्या, सामाजिक रुढिका रुपमा रहेका सामाजिक नीतिनियमहरू, २०६२/०६३ को जनआन्दोलले निम्त्याएका समस्याहरू जस्ता फरक फरक विषय यस सङ्ग्रहका कवितामा आएका छन् । अघिल्ला समयमा प्रकाशनमा आएका सङ्ग्रहहरू भन्दा यस सङ्ग्रहका कविताहरू भाषा, शैली, सोच र अभिव्यक्तिका हिसाबले परिष्कृत र परिमार्जित भएर आएका छन् । पछिल्लो अवधिमा निरंकुश राजतन्त्रबिरुद्ध लोकतान्त्रिक गणतन्त्रको पक्षमा मुक्त रूपले अभिव्यक्त भएकी झमकले जीवन र जगतका यावत् पक्षमा कलम कुदाएकी छिन् ।

**प्रेमिल आकाश** कविता सङ्ग्रहका कविताहरूमा अस्थिर राजनीतिक र राजनीतिमा सल्बलाइरहने अनेक छालहरूले पारेको प्रभावलाई पनि प्रस्तुत गरिएको छ । यतिमात्र नभएर यस सङ्ग्रहभित्रका कवितालाई घिमिरेले जीवन हेर्ने झ्यालका रुपमा बाहिर ल्याएकी छिन् । मौलाउँदै गएको राजनीतिक विकृति र त्यसले आजको समाजमा निम्त्याएका विकृतिहरूको पर्दाफास यस सङ्ग्रहभित्रका कविताले गरेका छन् । समाजमा परम्परादेखि चलनचल्तीमा रहँदै आएका सामाजिक कुसंस्कारजन्य गतिविधि र त्यसले लैङ्गिक रुपमा नारीमाथि पारेको नकारात्मक प्रभावलाई समेत यस सङ्ग्रहभित्रका कविताहरूले सशक्त रुपमा देखाएका छन् ।

**पर्दा, समय र मान्छेहरू** कथा सङ्ग्रहमा **पर्दा, समय र मान्छेहरू** कथासङ्ग्रह मानवीय मूल्य, मान्यता र जनजीवनका विविध विषयलाई लिएर तयार गरिएको कथासङ्ग्रह हो । यस कथासङ्ग्रहका कथाहरू परम्परागत चेतनाभन्दा माथि उठेर लेखिएका छन् । समसामयिक विविध विषयलाई मूल आधार बनाएर लेखिएका यस कथासङ्ग्रहका कथामा सामाजिक, आर्थिक, राजनीतिक तथा सांस्कृतिक पक्षमा दिनप्रतिदिन बढ्दै गइरहेको विकृतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

**बेमौसमका आस्थाहरू** निबन्धसङ्ग्रहमा झमक घिमिरे जुन बेला नेपालीहरू माथि एक किसिमको बर्बरता लादिएको समय र त्यही परिवेशमा घटित विभिन्न घटनाहरू अव्यक्त आवाजहरूलाई देखाइएको छ ।

**सम्झनाका बाछिटाहरू** लेख-सङ्ग्रहका नौ ओटा लघु निबन्धमध्ये 'मेरो त्यो गम्भिर दिन', 'एक क्षण', 'बाँदरको हातमा नरिवल', 'को हो ठूलो मान्छे', 'पौराणिक कथाभित्र चलेको तर्क-वितर्क' यस सङ्ग्रहका संस्मरणात्मक निबन्ध हुन् भने 'श्राद्ध कसका लागि गर्ने ?', 'पूजा गर्ने आग्रह', 'कर्मवाली र भाग्यवादीहरू', 'मानवचिन्तन आजको परिप्रेक्षमा', निबन्धहरू चिन्तनशलि निबन्धहरू हुन् । यी संस्मरणात्मक र चिन्तनशील निबन्धहरूमा झमक दुई भिन्न अवस्था र स्थितिमा देखिएकी छिन् । संस्मरणात्मक निबन्धहरूमा उनका मानवीय संवेदनाहरू पोखिएका छन् । आफ्ना पुर्वस्मृतिहरूलाई सम्झँदै उनले आफ्नी हजुरआमाको मृत्युको क्षणलाई गम्भीर दिनका रूपमा प्रस्तुत गरेकी छिन् ।

**जीवन काँडा कि फूल** आत्मजीवनीपरक निबन्ध सङ्ग्रहमा नेपाली समाजमा महिलाहरूको भूमिका रहँदा रहँदै पनि समाजले अपाङ्ग भएकी एक नारीप्रति सान्त्वना भाव राख्नुपर्ने अवस्थामा उल्टै विभिन्न तरिकाले होच्याएको छ । जसका कारण उनका आमाबाबुले समेत निबन्धकारको मृत्युको कामना गर्दथ्ये । यसरी विभिन्न पीडा र दुःखमा हुर्किएकी घिमिरेले समाजमा रहेको जातीय विभेदका विभिन्न समस्याहरू, समाजमा लामो समयदेखि चलनचल्तीमा रहँदै आएको आर्थिक विभेद र त्यसले मानव मानवका बिचमा निम्त्याएको खाडल, मान्छेको भूत, प्रेतप्रतिको विश्वास, समाजमा मान्छे मान्छेका बिचमा देखिएका विभेदजन्य अवस्थाको चित्रण, किशोरावस्थामा देखापर्ने विभिन्न परिवर्तहरू, प्रकृतिमा समयक्रममा आउने अनेक परिवर्तन र त्यसले मानव मनमा उत्पन्न गराउने आनन्दभाव, जीवनमा नयाँ नयाँ सम्भावनाहरूको खोजी, ज्ञानको भोकले मनमा उत्पन्न भएका विभिन्न मनोभावहरू, मान्छेको धर्मप्रतिको आस्था जस्ता विषयलाई मूल रूपमा प्रस्तुत गरिएको छ ।

**रात भूतप्रेतहरूको सन्त्रास** लेख-सङ्ग्रहमा वर्तमान समयका मानव जीवनले भोग्नुपरेका पीडा,व्यथा, सङ्कटले आम सर्वसाधरण मानिसमा सुखद भविष्यको भाग्यरेखाको ढोका खोल्ने आशका बाबजुद उल्टो भय, त्रास र सङ्कटको चपेटामा रहेर अन्योलग्रस्त जीवनको चित्रणले गर्दा सिङ्गो कृतिको विषयवस्तुमा अस्थिर मानवीय जीवनशैली अनि लक्ष्य तथा उद्देश्यविहिन जीवनको चित्रण गरिएको पाइन्छ । **समय-बिम्ब** दैनिकी सङ्गहमो जीवन भोगाइका कममा देखिने विभिन्न दुख, कष्ट, मानवीय समस्याहरूलाई मूल रूपमा देखाइएको छ । यस क्रममा दुःखलाई धैर्य र शक्तिका रूपमा

बदलेर अगाडि बढेको जीवन नै सार्थक जीवन हो भन्ने कुरा पनि यहाँ आएको छ । समाजमा देखिने अमानवीय प्रवृत्ति, अन्धविश्वास, दैवीप्रकोप, भष्टाचार, संस्कृतिका नाममा देखिएका विभिन्न विकृतिको वास्तविक चित्रण गरि दैनिकी तयार गरिएको छ ।

अतः अशान्ति, हत्या, हिंसा आदिले देश र जनता कसैलाई पनि फाइदा नहुने भएकाले उनका रचनाले शान्तिको कामना गरिरहेका हुन्छन् । नेपाली साहित्यको प्रगतीवादी साहित्यकारको रूपमा उनलाई लिन सकिन्छ । निबन्धकार, कथाकार, कवि र संस्मरणकार व्यक्तित्व निर्माण गर्न सफल घिमिरे विभिन्न व्यक्तित्वभित्र फुलेकी छिन् । नेपाली साहित्यका क्षेत्रमा थप नयाँनयाँ रचनाहरू थपेर नेपाली साहित्यको उत्थानका लागि उनी २०५५ का दशकदेखि हालसम्म  निरन्तर क्रियाशील रहिरहेकी छिन् । उनले नेपाली साहित्यको क्षेत्रमा दिइएका विभिन्न विधाका साहित्यिक कृतिहरूले नेपाली साहित्यको भण्डारमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् ।

# सन्दर्भ सामग्रीसूची


गौतम, देवीप्रसाद, **नेपाली कथा**, काठमाडौं : के. पी. पुस्तक भण्डार, २०५४

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताका प्रवृत्ति, काठमाडौं :** पैरवी प्रकाशन, २०६६ ।

घिमिरे, झमक, **संकल्प**, विराटनगर : हुलाक कर्मचारी कल्याण समिति, २०५५ ।

......., ........, **आफ्नै चिता अग्निशिखातिर**, काठमाडौं : वासुदेव डकाल, २०५७ ।

......., ........, **सम्झनाका बाछिटाहरू,** काठमाडौं : साहित्य - सेवा - सदन, २०५७ ।

......., ........, **नौलो प्रतिबिम्ब**, काठमाडौं : पारुप्रेस डिल्लीबजार २०६० ।

......., ........, **पर्दा समय र मान्छेहरू,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि, २०६२ ।

......., ........, **बेमौसमका आस्थाहरू,** काठमाडौं : जलेश्वरी श्रेष्ठ, २०६३ ।

......., ........, **झमक घिमिरेका कविताहरू,** काठमाडौं : नवयुग सहकारी छापाखाना, २०६५ ।

......., ........, **रात र भूतप्रेतहरूको सन्त्रास,** काठमाडौं : साझा प्रकाशन, २०६७ ।

......., ........, **जीवन काँडा कि फूल,** धनकुटा : झमक घिमिरे साहित्यकला प्रतिष्ठान (तेस्रो संस्करण, २०६८ ।

......., ........, **जीवन काँडा कि फूल,** काठमाडौं : बुक हिल पब्लिकेशन (पच्चिसौं संस्करण), २०७४ ।

......., ........, **समय - बिम्ब,** भक्तपुर : शब्दाहार क्रियशन्स, २०७१ ।

......., ........, **प्रेमिल आकाश**, काठमाडौं : झमक घिमिरे साहित्य प्रतिष्ठान, २०७३ ।

थापा, बिमला, प्रभा भट्टराईको **जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. २०७२ ।

फुयल, नेत्रप्रसाद, **किशनसिंह धामीको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. २०७३ ।

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, **साहित्यकार झमक घिमिरे जीवनवृत्त, कृतित्व र योगदानको संङ्क्षिप्त परिचय,** वीरेन्द्रनगर सुर्खेत, २०७३ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०६० ।

........................, **नेपाली काव्य समालोचना**, काठमाडौं : पैरवी प्रकाशन, २०६७ ।

........................, **शोधविधि**, चौथो संस्क., ललितपुर : साझा प्रकाशन, २०६६ ।

........................, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, तेस्रो संस्क., काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६७ ।

सुवेदी, द्रौपदी, **खगेन्द्रप्रसाद लुइटेलको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. २०७२ ।

सुवेदी राजेन्द्र (सम्पादक), **स्नाकोत्तर नेपाली निबन्ध भाग-३,** काठमाडौं : पाठ्य सामग्री प्रकाशन २०६३ ।

श्रेष्ठ, दयाराम, (सम्पा.) **नेपाली कथा भाग ४,**दो.सं, ललितपुर : साझा प्रकाशन, २०६८ ।